प्रथम २.५ महिने

# प्राथमिक शिक्षण तालिम

## शिक्षक स्वाध्ययन सामाग्री



# नेपाली भाषा-शिक्षण

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर

07

प्रथम २.५ महिनं

## प्राथमिक शिक्षक तालिम

शिक्षक स्वाध्ययन-सामग्री

# नेपाली भाषा-शिक्षण


लेखकहरु :

डा. हेमाङ्गराज अधिकारी

डा. रामचन्द्र लम्साल

केदारप्रसाद शर्मा



श्री ५ को सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

**शैक्षिक जनशक्ति विकास केन्द्र**

सानोठिमी, भक्तपुर

२०५०
पुस्तकालय
6269

प्रथम संस्करण : २०५५ असार
दोश्रो संस्करण : २०५५ पौष
तेश्रो संस्करण : २०५८ मार्ग

# भूमिका

शिक्षाक्षेत्रका विविध पक्षमा तालिमसम्बन्धी नीति निर्धारण गर्न सघाउने, तालिम सञ्चालन, समन्वय, मूल्याङ्कन तथा अनुसन्धानकार्यहरू सम्पादन गर्ने उद्देश्यले स्थापित यस शैक्षिक जनशक्ति विकास केन्द्रको वर्तमान मूलभूत कार्यक्षेत्रमध्ये दस महिने सेवाकालीन प्राथमिक शिक्षक तालिमका लागि सामग्री निर्माण गर्नु र तालिम प्रदान गर्नु प्रमुख कार्य रहेको छ । हाल अधिराज्यभरका ९ ओटा प्राथमिक शिक्षक तालिम केन्द्रहरूमार्फत यस केन्द्रले अधिराज्यका ७५ ओटै जिल्लाका प्राथमिक शिक्षकहरूको लागि सेवाकालीन तालिम कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

शिक्षक तालिमकार्यक्रम सञ्चालन गर्दा प्रशिक्षक र प्रशिक्षार्थीहरूका लागि छुट्टाछुट्टै तालिमसामग्रीको आवश्यकता महसुस भएकोले यो प्रथम प्याकेजको नेपाली भाषा-शिक्षण विषयको शिक्षक स्वाध्ययनसामग्री (प्रशिक्षार्थी पुस्तिका) तयार गरिएको हो । यस पुस्तिकामा प्राथमिक शिक्षक तालिमको प्रथम प्याकेजको नेपाली भाषा-शिक्षण विषयको तालिम-पाठ्यक्रमअनुरूपका विषयवस्तुहरूलाई अत्यन्तै सरल रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । यो पुस्तिका तालिम लिने सेवाकालीन तथा पूर्वसेवाकालीन प्राथमिक शिक्षकहरूका साथै सम्बन्धित विषयबारे चासो राख्ने जिज्ञासुहरूका लागि उपयोगी हुने विश्वास लिइएको छ । प्रशिक्षार्थीहरूले तालिममा प्रस्तुत गरिने विषयवस्तुहरूसँग मिल्दो पाठहरूको गहन अध्ययन गरी तालिमले दिन खोजेका विषयवस्तुहरू राम्ररी सिक्न सकेमा यस पुस्तिकाको सफलता मानिनेछ ।

यस पुस्तिकाको लेखनकार्य डा. श्री हेमाङ्गराज अधिकारी, डा. श्री रामचन्द्र लम्साल र श्री केदारप्रसाद शर्माज्यूहरूले गर्नुभएको हो ।

यो पुस्तिकालाई अझ बढी प्रभावकारी एवं उपयोगी बनाउन सम्बन्धित क्षेत्रका विद्वान्हरूको अमूल्य सुझावहरूको अपेक्षा राखिएको छ ।

२०५८ मार्ग

शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

# विषय-सूची

## एकाइ एक
## भाषा-शिक्षणका सन्दर्भमा नेपाली भाषा-शिक्षण


पाठ १ : भाषाको परिचय १

पाठ २ : मौखिक र लिखित भाषा ३

पाठ ३ : भाषिक सीप ५

पाठ ४ : भाषा-शिक्षण ७

पाठ ५ : प्राथमिक तहमा नेपालीशिक्षणको आवश्यकता र महत्त्व ९

पाठ ६ : पहिलो भाषाको रूपमा नेपालीशिक्षण १२

पाठ ७ : दोस्रो भाषाका रूपमा नेपालीशिक्षण १४

पाठ ८ : भाषिक सीपको आपसी सम्बन्ध र अभ्यास १८

पाठ ९ : नेपालमा बहुभाषिक स्थिति र नेपाली भाषा २१

पाठ १० : बहुभाषिक कक्षामा नेपालीशिक्षण २५


## एकाइ दुई
## प्राथमिक तहका नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकको सिंहावलोकन


पाठ ११ : प्राथमिक तहको नेपाली भाषा-पाठ्यक्रमको परिचय २८

पाठ १२ : नेपाली भाषाको पाठ्यपुस्तक र विषयवस्तुको क्षेत्र र क्रम ३०

पाठ १३ : विधा र त्यसको क्षेत्र ३२

पाठ १४ : पाठ्यभार र अङ्क-विभाजन ३३

पाठ १५ : प्राथमिक तहमा हासिल हुनुपर्ने सिकाइ-उपलब्धिहरू ३५

पाठ १६ : पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध ३७

पाठ १७ : प्राथमिक तहका नेपाली भाषाका वर्तमान पाठ्यपुस्तकहरूको सिंहावलोकन ३९


## एकाइ तीन
## अक्षर-शिक्षण


पाठ १८ : नेपाली वर्णमालाको परिचय ४२

पाठ १९ : सग्ला अक्षर-चिनारी तथा अक्षर-लेखन-शिक्षण ४६
पाठ २० : मात्रासहितका अक्षरचिनारी तथा अक्षरलेखन ५०
पाठ २१ : संयुक्त अक्षर-शिक्षण ५३

## एकाइ चार
## सुनाइ-शिक्षण

पाठ २२ : सुनाइ-शिक्षणको आवश्यकता ५६
पाठ २३ : सुनाइ-शिक्षणका कार्यकलापहरू ध्वनिपहिचान ५८
पाठ २४ : वर्णविभेदीकरण र वाक्यविभेदीकरण ६०
पाठ २५ : श्रुतिबोध ६२
पाठ २६ : श्रुतिरचना र श्रुतिलेख ६४

## एकाइ पाँच
## बोलाइ-शिक्षण

पाठ २७ : बोलाइ-शिक्षणको आवश्यकता ६६
पाठ २८ : बोलाइ-शिक्षणका कार्यकलाप (क) ६८
पाठ २९ : बोलाइ-शिक्षणका कार्यकलाप (ख) ७०
पाठ ३० : बोलाइ-शिक्षणका कार्यकलाप (ग) ७३
पाठ ३१ : बोलाइ-शिक्षणका कार्यकलाप (घ) ७५

## एकाइ ६
## पढाइ-शिक्षण

पाठ ३२ : सस्वर पढाइ र यसको आवश्यकता ७७
पाठ ३३ : सस्वर पढाइमा ध्यान दिनुपर्ने कुराहरू ७९
पाठ ३४ : सस्वर पढाइका कार्यकलाप ८२
पाठ ३५ : उच्चारण-शिक्षणको महत्त्व र आवश्यकता ८४
पाठ ३६ : उच्चारण-शिक्षणका कार्यकलाप (क) ८६
पाठ ३७ : उच्चारण-शिक्षणका कार्यकलाप (ख) ८८
पाठ ३८ : मौन पढाइको आवश्यकता ९०
पाठ ३९ : पठनबोध ९२
पाठ ४० : द्रुतपाठ ९५
पाठ ४१ : शब्दार्थ-शिक्षण ९८

### एकाइ सात
### लेखाइ-शिक्षण


पाठ ४२ : लेखाइ-शिक्षणको आवश्यकता १०१
पाठ ४३ : लेखाइ-शिक्षणका कार्यकलाप (क) १०३
पाठ ४४ : लेखाइ-शिक्षणका कार्यकलाप (ख) १०६
पाठ ४५ : लेखाइ-शिक्षणका कार्यकलाप (ग) १०९
पाठ ४६ : लेखाइ-शिक्षणका कार्यकलाप (घ) ११३
पाठ ४७ : लेखाइ-शिक्षणका कार्यकलाप (ङ) ११६
पाठ ४८ : लेखाइको शुद्धीकरण ११८


### एकाइ आठ
### वर्णविन्यास तथा लेख्य चिह्न-शिक्षण


पाठ ४९ : वर्णविन्यास र लेख्य चिह्न-शिक्षणको आवश्यकता र क्षेत्र १२०
पाठ ५० : वर्णविन्यास र लेख्य चिह्न-शिक्षणका कार्यकलापहरू १२४


### एकाइ नौ
### कविता-शिक्षण


पाठ ५१ : कविता-शिक्षणको प्रयोजन १२७
पाठ ५२ : लयबोध १२९
पाठ ५३ : भावबोध, प्रश्नोत्तर र सारांश १३१


### एकाइ दश
### कथा-शिक्षण


पाठ ५४ : कथा-शिक्षणको प्रयोजन १३४
पाठ ५५ : कथा-शिक्षणका कार्यकलाप १३६


### एकाइ एघार
### प्रबन्ध-शिक्षण


पाठ ५६ : प्रबन्ध शिक्षणको प्रयोजन १३९
पाठ ५७ : मौखिक वर्णन र लिखित वर्णन १४१
पाठ ५८ : प्रश्नोत्तर, अनुच्छेदलेखन र सरल प्रबन्धलेखन १४४

## एकाइ बाह्र
## जीवनी-शिक्षण


पाठ ५९ : जीवनी-शिक्षणको प्रयोजन १४८

पाठ ६० : प्रश्नोत्तर, सारांश र मुख्य घटनाको टिपोट १५०


## एकाइ तेह्र
## रूपक-शिक्षण


पाठ ६१ : रूपक-शिक्षणको प्रयोजन १५४

पाठ ६२ : नाटकीकरण र प्रश्नोत्तर १५६

पाठ ६३ : संवाद १५८

पाठ ६४ : विवाद १६०


## एकाइ चौध
## चिठी-शिक्षण


पाठ ६५ : चिठी-शिक्षणको प्रयोजन १६२

पाठ ६६ : सस्वर पठन, प्रश्नोत्तर र चिठी-लेखन १६४


## एकाइ पन्ध्र
## व्याकरण-शिक्षण


पाठ ६७ : व्याकरण-शिक्षणको आवश्यकता १६७

पाठ ६८ : व्याकरण-शिक्षणका प्रमुख तरिका १६९


## एकाइ सोह्र
## अध्यापन-योजना


पाठ ६९ : अध्यापन-योजनाको परिचय र आवश्यकता १७२

पाठ ७० : कार्ययोजना १७४

पाठ ७१ : एकाइयोजना १७६

पाठ ७२ : पाठयोजना १८०

पाठ ७३ : भाषाशिक्षणमा शिक्षण-सामग्रीको आवश्यकता १८४

पाठ ७४ : शिक्षण-सामग्रीका प्रकार १८६

पाठ ७५ : विभिन्न किसिमका शिक्षण-सामग्री निर्माण तथा प्रयोगविधि १८८

पाठ ७६ : विभिन्न शिक्षण-सामग्री निर्माण तथा प्रयोगविधि (ख) १९१
पाठ ७७ : विभिन्न किसिमका शिक्षण-सामग्री निर्माण तथा प्रयोगविधि (ग) १९५

## एकाइ सत्र
## भाषिक मूल्याङ्कन

पाठ ७८ : भाषिक मूल्याङ्कनको परिचय १९९
पाठ ७९ : भाषिक मूल्याङ्कनका साधनहरू २०१
पाठ ८० : भाषिक मूल्याङ्कनका लागि प्रश्नहरू २०४

एकाइ एक :

# भाषा-शिक्षणका सन्दर्भमा नेपाली भाषा-शिक्षण

पाठ १ :

## भाषाको परिचय

**उद्देश्य**

यस पाठको अध्ययन गरेपछि तपाईं भाषाको परिचय दिन सक्नुहुनेछ ।

**विषयवस्तु**

- भाषा मानवीय वस्तु हो । त्यसैले यो मानवहरूसँग सम्बन्धित हुन्छ । मान्छेलाई समाजबाट भाषा प्राप्त हुन्छ । साथै उसले समाजबाट भाषाको आर्जन गर्न सक्छ र आफ्नो सामाजिक सम्पर्क बढाउन यसको उपयोग गर्छ । मान्छेले घरपरिवार वा छिमेकीसँगको सम्पर्कबाट भाषा स्वतः प्राप्त गर्दै जान्छ अथवा औपचारिक शिक्षाबाट यसको आर्जन गर्न पनि सक्छ । सामाजिक सम्पर्कको विस्तारको फलस्वरूप मानिसमा भाषाको विकास हुँदै जान्छ । यसरी भाषा मान्छेको सामाजिक व्यवहारको अभिन्न अङ्ग भएर रहन्छ ।

- भाषाको महत्त्वपूर्ण कार्य विचार आदान-प्रदानको माध्यम बन्नु हो । अर्काले व्यक्त गरेको विचार एवं भावनालाई ग्रहण गर्नु 'आदान' हो भने आफ्ना विचार एवं भावनालाई अर्कासमक्ष प्रस्तुत गर्नु 'प्रदान' हो । भाषाबाट आदान र प्रदानका यी दुवै कार्य सम्पन्न हुन सक्छन् । यस प्रक्रियालाई 'विचारविनिमय' पनि मानिन्छ । यद्यपि विचारको आदान-प्रदान, हाउभाउ, चेष्टा, सान आदि अन्य सङ्केतहरूबाट पनि हुन सक्छ तर सभ्यताको लामो यात्रामा मान्छेले यसका लागि भाषाको विकास तथा उपयोग गर्दै गएको फलस्वरूप यो माध्यम नै सरल र सुगम हुन गएको छ ।

- वास्तवमा मान्छे जन्मदादेखि नै भाषाले घेरिएको हुन्छ किनभने घरपरिवारमा एक-अर्काका व्यवहारहरू कुनै न कुनै भाषाको प्रयोगबाट नै सञ्चालित भइरहेका हुन्छन्, त्यही वातावरणमा बालक हुर्कंदै बढेको हुन्छ । यस्ता भाषिक गतिविधिहरू सुन्दै जाँदा उसमा पनि त्यसलाई बुझ्ने र बोल्ने क्षमता क्रमशः विकास हुँदै जाने हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने मान्छेका लागि भाषा कुनै नौलो तथा अपरिचित विषय होइन । समाजमा कुनै न कुनै भाषालाई मान्छेले आफ्नो व्यवहारको अभिन्न अङ्ग बनाएको हुन्छ ।

**सारांश**

भाषा मान्छेका लागि अत्यावश्यक वस्तु हो । मान्छेले समाजबाट नै यसलाई प्राप्त गर्छ तथा आर्जनसमेत गर्छ । समाजमा बसेपछि एक-अर्काका सुख-दुःख, ज्ञान-अनुभवको आदान-प्रदान गरिरहनु आवश्यक पर्छ । यसरी समाजमा आपसी सम्पर्क बढाउने माध्यमको रूपमा भाषाको प्रयोगलाई सुगम ठानिन्छ । मान्छेले सानै उमेरमा घर-परिवारदेखि भाषालाई सामाजिक व्यवहारको अभिन्न अङ्ग बनाएको हुन्छ ।

## आत्ममूल्याङ्कन

(१) भाषाको कार्य के हो ?

(२) भाषालाई किन मानवीय वस्तु मानिन्छ ?

(३) विचार आदान-प्रदान कसरी हुन्छ ?

(४) मान्छेका लागि भाषा किन अपरिचित विषय होइन ?

(५) भाषाबाहेक विचार आदान-प्रदानका अन्य माध्यम के हुन सक्छन् ?

(६) विचार-विनिमयको अर्थ के हो ?

(क) विचारको तालमेल, (ख) विचारको लेनदेन,

(ग) विचारको खोजखोज, (घ) विचारको थपघट ।

(७) सामाजिक सम्पर्क भनेको के हो ?

(क) समाजमा रहनु, (ख) समाजमा हिँडडुल गर्नु,

(ग) समाजको रेखदेख गर्नु, (घ) समाजमा बोलचाल गर्नु ।

(८) भाषिक गतिविधि कुन होइन ?

(क) छलफल (ख) वार्ता (ग) भेटघाट (घ) संवाद

## पृष्ठपोषण

प्रश्न १ का लागि हेर्नू : दोस्रो अनुच्छेदको पहिलो हरफ ।

प्रश्न २ का लागि हेर्नू : पहिलो अनुच्छेद ।

प्रश्न ३ का लागि हेर्नू : दोस्रो अनुच्छेदको २–५ हरफ ।

प्रश्न ४ का लागि हेर्नू : तेस्रो अनुच्छेद ।

प्रश्न ५ का लागि हेर्नू : दोस्रो अनुच्छेदको पाँचौं वाक्य ।

प्रश्न ६ को उत्तर– ख

प्रश्न ७ को उत्तर– घ

प्रश्न ८ को उत्तर– ग

पाठ २८

# मौखिक र लिखित भाषा

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

(१) मौखिक र लिखित भाषालाई चिनाउन ।

(२) मौखिक र लिखित भाषामा पाइने भिन्नता औंल्याउन ।

**विषयवस्तु**

- भाषाद्वारा विचारको आदान-प्रदान दुई ढङ्गले गरिन्छ :

  (क) मौखिक ।

  (ख) लिखित ।

उच्चार्य (बोलिने) र श्रव्य (सुनिने) भाषालाई मौखिक भाषा मानिन्छ । वक्ता र श्रोताको आमनेसामनेको स्थितिमा यसको प्रयोग हुन्छ । यो ध्वन्यात्मक हुनाले विचार आदान-प्रदानका लागि सरल मानिन्छ । आफूले जानेका मौखिक ध्वनिहरूको उपयोग गरी अरूसँग विचारको सम्प्रेषण (आदान-प्रदान) गरिने हुँदा यो छिटोछरितो माध्यम हो । मौखिक भाषामा बाल्यकालदेखि नै अभ्यस्त भएका व्यक्तिहरूका लागि सुन्नु, बोल्नुजस्ता भाषिक गतिविधिहरू हिड्नु, बस्नु, उठ्नुजस्तै सहज हुन्छन् ।

- भाषा भन्नाले मूलत: मौखिक नै हुन्छ अथवा भाषाको मूल रूप मौखिक नै हो । संसारमा जे-जति भाषा प्रचलित छन्, तिनको मूल रूप मौखिक भाषालाई मानिन्छ । मानिसहरूले यसैद्वारा आ-आफ्नो समुदायमा दैनिक व्यवहार चलाएका हुन्छन् । सबै भाषामा लेख्य माध्यमको विकास भएको पाइँदैन । संसारका भाषाहरूमध्ये धेरैजसो भाषाहरूमा अहिले पनि लेख्य परम्पराको विकास भइसकेको छैन । यसबाट सम्प्रेषणका लागि मौखिक माध्यमको सर्वाधिक महत्त्व रहेको स्पष्ट हुन्छ ।

- केही भाषाहरूमा लेख्य परम्परा पनि विकसित भइसकेको हुन्छ । यस्ता भाषा बोल्ने समुदायले सम्प्रेषणका लागि मौखिक र लिखित दुवै माध्यमलाई उपयोग गर्दै जान सक्छन् तर लिखित भाषा लेख्य चिह्नहरूद्वारा व्यक्त गरिने हुँदा यो मौखिकजस्तो सरल र छिटोछरितो हुँदैन । यसमा कलम, कागजजस्ता थप सामग्रीको आवश्यकता पर्ने हुँदा मौखिक भाषामन्दा अप्ठयारो हुनु स्वाभाविक छ । त्यसैले यस्तो माध्यम दैनिक व्यवहारका लागि त्यति सहज र सुगम हुँदैन ।

- लिखित भाषा खास अवसर वा विशिष्ट सन्दर्भहरूमा उपयोग हुने गर्छ । शैक्षिक गतिविधि तथा शिक्षितहरूका कामकारवाहीमा लिखित भाषाको विशेष महत्त्व रहन्छ । मौखिक भाषा सम्प्रेषणको आधारभूत माध्यम हो । लिखितचाहिँ त्यसपछि विकसित भएको हो । व्यक्तिमा शिक्षाको विकास हुँदै गएपछि मौखिक माध्यम मात्र अपर्याप्त हुन्छ । उसलाई भाषाको लेख्य माध्यमको अनिवार्यता हुँदै जान्छ । साक्षरता भनेको नै लेखपढ गर्न जान्नु हो । लेखपढ गर्न जान्नु भनेको लिखित भाषालाई उपयोग गर्न सक्षम हुँदै जानुलाई मान्न सकिन्छ । यसकारण शिक्षामा लेख्य भाषाको महत्त्व बढी हुनु स्वाभाविक छ ।

### सारांश

भाषाका दुई रूप हुन्छन् (१) मौखिक र (२) लिखित। मौखिक भाषा मुखबाट उच्चरित ध्वनिहरूद्वारा व्यक्त हुन्छ। बाल्यावस्थादेखि नै स्वाभाविक वातावरणबाट अभ्यस्त भइसक्ने हुँदा यस्तो भाषा विचार आदान-प्रदानका लागि सरल मानिन्छ। भाषाको मूल रूप मौखिक नै हुन्छ। संसारका सबै भाषामा यसको मौखिक रूप पाइन्छ तर लिखित रूपचाहिँ केही भाषाहरूले मात्र विकास गरेका हुन्छन्। लिखित भाषा सिक्न लेख्य चिह्नहरूका साथै कागज, कलम आदि सामग्रीको आवश्यकता पर्ने हुँदा मौखिक भाषामन्दा यो जटिल मानिन्छ। लेखपढ गर्न जान्नका लागि लिखित भाषा सिक्नुपर्ने भएकाले शिक्षामा यसको बढी महत्त्व रहन्छ।

### आत्ममूल्याङ्कन

(१) भाषाको मूल रूप कुन हो ?

(२) मौखिक भाषा किन सरल मानिन्छ ?

(३) लिखित भाषा मौखिक भाषामन्दा किन जटिल मानिन्छ ?

(४) लिखित भाषा किन आवश्यक हुन्छ ?

(५) लेख्य परम्परा भन्नाले के बुझाउँछ ?

(क) लिखित रूपमा भाषाको प्रयोग, (ख) लिखित रूपमा भाषाको प्रचलन,

(ग) भाषाको लेख्य स्वरूप, (घ) भाषाका लेख्य चिह्नहरू।

(६) लिखित भाषा केका लागि अत्यावश्यक छ ?

(क) दैनिक व्यवहार (ख) सम्प्रेषण (ग) साक्षरता (घ) घरायसी काम।

### पृष्ठपोषण

प्रश्न १ का लागि हेर्नू : दोस्रो अनुच्छेदको पहिलो र दोस्रो वाक्य।

प्रश्न २ का लागि हेर्नू : पहिलो अनुच्छेद।

प्रश्न ३ का लागि हेर्नू : तेस्रो अनुच्छेद।

प्रश्न ४ का लागि हेर्नू : चौथो अनुच्छेद।

प्रश्न ५ को उत्तर– ख

प्रश्न ६ को उत्तर– ग

पाठ ३ :

# भाषिक सीप

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं भाषाका चार सीप : सुनाइ, बोलाइ, पढाइ र लेखाइको परिचय दिन सक्नुहुनेछ ।

**विषयवस्तु**

भाषाका चारओटा सीप हुन्छन् : सुनाइ, बोलाइ, पढाइ र लेखाइ । यस्ता भाषिक गतिविधिहरू प्रशस्त अभ्यासद्वारा प्राप्त हुने हुँदा यिनलाई सीप भन्ने गरिन्छ ।

**सुनाइ** : कुनै व्यक्तिले बोलेको वा पाठ्यसामग्रीलाई मौखिक रूपमा प्रस्तुत गरेको (सस्वर वाचन गरेको) सुनेर बुझ्नुलाई सुनाइ भनिन्छ । यसमा मौखिक भाषा सुन्ने र त्यसमा व्यक्त भएका विचार एवं भावलाई ग्रहण गर्नु आवश्यक हुन्छ । जस्तै; कुराकानी सुन्नु, कथा सुन्नु, भाषण सुन्नु ।

**बोलाइ** : आफ्ना मन-मस्तिकमा रहेका भाव एवं विचारहरू अरूसमक्ष मौखिक रूपमा व्यक्त गर्नुलाई बोलाइ भनिन्छ । यसमा विचारको सङ्गठन तथा सिलसिलाको महत्त्व रहन्छ । यस्तै श्रोताको ख्याल गरी शब्दभण्डार, संरचना र शैलीको छनोट आवश्यक हुन्छ । शब्दोच्चारण र बोलाइको गति यसको अर्को महत्त्वपूर्ण पक्ष हो । कुराकानी, छलफल, मौखिक वर्णन आदि बोलाइका गतिविधि हुन् ।

**पढाइ** : लिपिबद्ध गरिएका (लेखिएका) सामग्रीमा व्यक्त विचार एवं भावलाई ग्रहण गर्नुलाई पढाइ भनिन्छ । ध्वनिका माध्यमबाट मौखिक भाषामा व्यक्त गरिने कुरालाई लिखित सामग्रीमा लिपिका माध्यमबाट व्यक्त गरिएको हुन्छ । त्यसैले पढाइमा लिपि-चिह्नहरूद्वारा अभिव्यक्त विचार बुझ्नु आवश्यक हुन्छ । पुस्तक अथवा कथा, लेख-निबन्ध आदि पढ्नु पढाइका गतिविधि हुन् ।

**लेखाइ** : आफ्ना मन-मस्तिष्कमा रहेका भाव एवं विचारलाई लिपिचिह्नहरूको प्रयोगद्वारा सिलसिला मिलाई व्यक्त गर्नुलाई लेखाइ भनिन्छ । लेखाइबाट व्यक्त भएको भाषामा ध्वनिको सट्टा लिपिचिह्नहरूको प्रयोग गरिन्छ । साथै यस्तो भाषा विभिन्न पाठकहरूका लागि पठनीय हुनुपर्ने हुँदा भाषाको लेख्य प्रचलनलाई यसले पछ्याउनुपर्ने हुन्छ । यसकारण प्रचलित वर्णविन्यास (हिज्जे) अनुसार लेखाइ मिलेको हुनुपर्छ । यसमा आफ्नो भाव एवं विचारअनुसार शब्दभण्डार, संरचना-शैली आदिको छनोट गरिनु आवश्यक हुन्छ । चिठ्ठी लेख्नु, कथा लेख्नु, निबन्ध लेख्नु, सूचना लेख्नु आदि लेखाइका गतिविधि हुन् ।

**सारांश**

सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका चार सीप हुन् । सुनाइ भनेको अरूले बोलेको वा अरूले सस्वर वाचन गरेको सुनेर बुझ्नु हो भने बोलाइ भनेको आफ्ना विचार र भावनाहरू मौखिक रूपले (ध्वन्यात्मक माध्यमबाट) अरूलाई भन्नु हो । लिखित सामग्रीलाई पढेर बुझ्नु पढाइ हो भने आफ्ना विचार र भावनाहरू लेखेर प्रकट गर्नु लेखाइ हो । भाषाका यस्ता गतिविधिहरू बानीका रूपमा वा अभ्यासद्वारा प्राप्त हुने हुँदा यिनलाई भाषिक सीप भन्ने गरिन्छ ।

## आत्ममूल्याङ्कन

(१) भाषाका सीपहरू के के हुन् ?
(२) सुनाइ भनेको के हो ?
(३) बोलाइ भनेको के हो ?
(४) बोलाइमा के के कुराको ख्याल गर्नुपर्छ ?
(५) पढाइ भनेको के हो ?
(६) लेखाइमा के के कुराको ख्याल गर्नुपर्छ ?
(७) सुनाइ, बोलाइ, पढाइ र लेखाइका भाषिक गतिविधि के के हुन सक्छन् ?
(८) लेखाइमा केको विशेष महत्व हुन्छ ?
(क) हिज्जे (ख) बुझाइ (ग) उच्चारण (घ) श्रोता ।
(९) बोलाइमा केको विशेष महत्व हुन्छ ?
(क) उच्चारण (ख) पाठक (ग) बुझाइ (घ) लिपिचिह्न ।

## पृष्ठपोषण

प्रश्न १ का लागि हेर्नू : पहिलो अनुच्छेद ।
प्रश्न २ का लागि हेर्नू : दोस्रो अनुच्छेद ।
प्रश्न ३ का लागि हेर्नू : तेस्रो अनुच्छेद ।
प्रश्न ४ का लागि हेर्नू : तेस्रो अनुच्छेद ।
प्रश्न ५ का लागि हेर्नू : चौथो अनुच्छेद ।
प्रश्न ६ का लागि हेर्नू : पाँचौं अनुच्छेद ।
प्रश्न ७ का लागि हेर्नू : दोस्रो, तेस्रो, चौथो र पाँचौं अनुच्छेदका अन्तिम वाक्य ।
प्रश्न ८ को उत्तर– क
प्रश्न ९ को उत्तर– क

पाठ ४ :

# भाषा-शिक्षण

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं भाषा-शिक्षणको परिचय दिन सक्नुहुनेछ ।

**विषयवस्तु**

भाषा-शिक्षण विषयवस्तुको शिक्षण होइन । यो विषयवस्तु बुझ्ने तथा व्यक्त गर्ने माध्यमको शिक्षण हो । एउटै विषयवस्तुलाई विभिन्न भाषाहरूबाट व्यक्त गर्न सकिन्छ । भाषा फरक हुँदैमा विषयवस्तु फरक हुँदैन । जानेको र अनुभव गरेको विषयवस्तु व्यक्त गर्न र अझ बढी जान्न-बुझ्न मानिसलाई भाषाको माध्यम आवश्यक हुन्छ । यसरी भाषा-शिक्षण ज्ञानको शिक्षण होइन । संसारमा ज्ञान त एउटै हुन्छ । त्यसलाई बुझ्ने तथा व्यक्त गर्ने माध्यम अनेक हुन्छन् । संसारमा जे-जति भाषा छन् त्यतिकै माध्यम पनि सोहीअनुसार भिन्नभिन्न हुन्छन् । एउटै ज्ञान नेपाली, नेवारी, मैथिली, अङ्ग्रेजी जुनसुकै भाषामा पनि व्यक्त हुन सक्छ ।

● भाषा-शिक्षण भाषाका सीपहरूको शिक्षण हो । यी सीपहरूअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । त्यसैले यसमा विषयवस्तु र तत्सम्बन्धी ज्ञान गौण (अमुख्य) हुने हुन्छ । जस्तै; निबन्ध सिकाउनु छ भने विद्यार्थीहरूलाई उनीहरूले जानेबुझेको तथा अनुभव गरेको विषय-शीर्षक दिई त्यसमा निबन्ध लेख्ने अभ्यास गराउनु उपयुक्त हुन्छ । यसको विपरीत नजानेको विषयसँग सम्बन्धित शीर्षक दिई त्यसको विषयवस्तुका बारेमा जानकारी दिन लागेमा त्यसले निबन्धको अभ्यासलाई मद्दत गर्दैन । यस्तै घर, रूख आदि वस्तुको वर्णन गर्न सिकाउनु छ भने त्यसको विषयवस्तुको ज्ञान दिनुभन्दा आफूले सिकाउन खोजेको भाषामा विद्यार्थीहरूले त्यसबारे जानेबुझेको कुराको सिलसिलाबद्ध वर्णन गर्न लगाउनु आवश्यक हुन्छ ।

**सारांश**

भाषालाई विषयवस्तु बुझ्ने र व्यक्त गर्ने माध्यम मानिन्छ । एउटै विषयवस्तु वा ज्ञानलाई विभिन्न भाषामा व्यक्त गर्न सकिने हुँदा पनि भाषा र ज्ञान फरकफरक कुरा हुन् भन्ने स्पष्ट हुन्छ । नेपालीमा व्यक्त भएको एउटै कुरा अरू भाषामा पनि व्यक्त गर्न सकिन्छ । यसकारण पनि भाषाशिक्षण भनेको विषयवस्तुको ज्ञान दिनु होइन । यो त सम्बन्धित भाषामा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपहरूको अभ्यास गराउनु हो ।

**आत्ममूल्याङ्कन**

(१) ज्ञान र भाषा कसरी अलग कुरा हुन् ?

(२) भाषा-शिक्षण भनेको के हो ?

(३) भाषा-शिक्षणमा विषयवस्तु किन गौण हुन्छ ?

(४) ज्ञान एउटै हुन्छ, भाषा अनेक हुन्छन् भन्नुको आशय के हो ?

(५) भाषालाई बुझाउने उपयुक्त शब्द कुन हो ?

(क) विषयवस्तु (ख) माध्यम (ग) ज्ञान (घ) कार्यकलाप ।

(६) भाषिक सीपहरूको शिक्षण केबाट हुन्छ ?

(क) व्याकरणका नियमहरूद्वारा, (ख) विषयवस्तुको ज्ञानद्वारा,

(ग) विभिन्न अभ्यासद्वारा, (घ) व्याख्यान र विवेचनाद्वारा ।

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नू : पहिलो अनुच्छेद ।

प्रश्न २ का लागि हेर्नू : दोस्रो अनुच्छेदको १ र २ वाक्य ।

प्रश्न ३ का लागि हेर्नू : दोस्रो अनुच्छेदका अन्य वाक्यहरू ।

प्रश्न ४ का लागि हेर्नू : पहिलो अनुच्छेद ।

**प्रश्न ५ को उत्तर– ख**

**प्रश्न ६ को उत्तर– ग**

# प्राथमिक तहमा नेपाली शिक्षणको आवश्यकता र महत्त्व

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

(१) प्राथमिक तहमा नेपाली भाषा-शिक्षणको परिचय दिन ।

(२) उक्त तहमा यसको आवश्यकता र महत्त्व बताउन ।

**विषयवस्तु**

प्राथमिक तहमा नेपाली भाषाको शिक्षण भनेको यस तहको पाठ्यक्रमले निर्देश गरेका उद्देश्यहरू प्राप्त गर्न विद्यार्थीहरूलाई सक्षम बनाउन विभिन्न कार्यकलाप तथा अभ्यास गराउनु हो । यस तहमा नेपाली भाषामा सुनाइ, बोलाइ, पढाइ र लेखाइका आधारभूत सीप हासिल गराउन जोड दिइएको छ । प्राथमिक शिक्षण पाठ्यक्रम २०४९ ले उक्त उद्देश्यहरूलाई 'सिकाइ उपलब्धि' भनी प्रस्तुत गरेको छ (हेर्नु : एकाइ दुई) । सुनाइ, बोलाइ, पढाइ र लेखाइका अपेक्षित सीपहरूलाई कक्षागत सिकाइ-उपलब्धिका रूपमा क्रमशः कक्षा एकदेखि पाँचसम्म एकपछि अर्को कक्षामा स्तरवृद्धिका साथ उल्लेख गरिएको छ । यसरी प्राथमिक तहमा नेपाली शिक्षण भन्नाले मुख्य रूपमा नेपाली भाषामा निम्नलिखित क्षमताको विकासका लागि कार्यकलाप गराउनु हो :

(क) बालबालिकाको स्तरअनुरूपका विषयवस्तु सुनेर बुझ्ने ।

(ख) आफूले देखेजानेका तथा अनुभव गरेका कुरा मौखिक रूपमा व्यक्त गर्ने ।

(ग) स्तरअनुरूपका पाठ्यसामग्रीहरू पढेर बुझ्ने ।

(घ) आफूले देखेजानेका कुरा लेखेर व्यक्त गर्ने ।

नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाली भाषालाई 'राष्ट्रभाषा' र नेपालका विभिन्न भागमा मातृभाषाका रूपमा बोलिने सबै भाषाहरूलाई 'राष्ट्रिय भाषा' मानेको छ । नेपाली भाषा बहुसङ्ख्यक नेपालीको मातृभाषा र नेपालको राष्ट्रभाषा पनि भएकाले अन्य भाषाका तुलनामा यसको महत्त्व सर्वाधिक हुनु स्वाभाविक छ । वस्तुतः नेपालमा नेपाली भाषाले निम्नलिखित कार्य गर्नुपर्ने हुन्छ :

(क) राष्ट्रका विभिन्न भाषाहरू बोल्ने नेपालीहरूका बीच सम्पर्कको माध्यम हुने ।

(ख) राष्ट्रिय स्तरका गतिविधिहरूको माध्यम हुने ।

(ग) सरकारी कामकाजको माध्यम भाषा हुने ।

(घ) आमसञ्चारका गतिविधिको प्रमुख माध्यम हुने ।

(ङ) शिक्षाको प्रमुख माध्यम हुने ।

नेपालमा विभिन्न भाषा बोल्ने नेपालीहरू बसोबास गर्छन् । तिनीहरूका बीच आ-आफ्ना भाषाबाट सम्पर्क गर्न सक्ने नभएमा अथवा एकअर्काका भाषाबाट सम्पर्क-विच्छेदको स्थिति रहेमा त्यस बेला उक्त कार्य नेपाली भाषाको प्रयोगद्वारा सम्पन्न गरिन्छ । जस्तै; तामाङ भाषा र गुरुङ भाषा बोल्ने व्यक्तिहरूको भेटघाट भएमा उनीहरूका बीच सम्पर्कको सुगम माध्यम नेपाली भाषा हुने गर्छ । यस्तै राष्ट्रिय तहका राजनैतिक, सामाजिक, सांस्कृतिक, साहित्यिक

आदि गतिविधि तथा कार्यकलाप (सभा, समारोह, कार्यशाला, अधिवेशन आदि) को माध्यम भाषा प्रायः नेपाली नै हुने गरेको पाइन्छ । नेपालमा सरकारी अड्डा-अदालतका सबैजसो कामकारवाहीको माध्यमका रूपमा नेपाली भाषाको प्रयोग हुन्छ । रेडियो, टेलिभिजन, समाचारपत्र आदि सञ्चारका गतिविधिमा पनि यस भाषाको अत्यधिक मात्रामा प्रयोग भएको पाइन्छ । यस्तै शिक्षाको माध्यमका रूपमा यसको लोकप्रियता बढ्दै गएको छ । यद्यपि प्राथमिक तहमा नेपालीबाहेक अन्य मातृभाषा (नेवारी, मैथिली, तामाङ, गुरुङ, मगर आदि) का माध्यमबाट पनि शिक्षा दिन सकिने प्रावधान रहेको छ तापनि नेपालका धेरैजसो प्राथमिक विद्यालयमा शिक्षाको माध्यमका रूपमा नेपालीको प्रयोग बढ्दै गएको देखा पर्छ । यसरी उल्लिखित कार्यहरूका लागि नेपाली भाषाले पहिलेदेखि ऐतिहासिक दायित्व निर्वाह गरेको र आफ्नो आवश्यकता प्रमाणित गरिसकेको छ । साथै दिनप्रतिदिन हुँदै गइरहेको प्रयोगको व्यापकता र प्रभावशालिताले गर्दा यसको महत्त्व अफ बढेको छ ।

- उल्लिखित सन्दर्भमा प्राथमिक तहमा नेपाली मातृभाषी बालबालिकाहरूले नेपाली भाषालाई साक्षरताको पहिलो खुड्किलोको रूपमा सिक्छन् भने आफ्नो मातृभाषामा लेख्य परम्परा नभएका अन्य मातृभाषी बालबालिकाहरूले नेपालीलाई साक्षरताको पहिलो खुड्किलाका रूपमा सिक्नुपर्ने हुन्छ । आफ्नो मातृभाषामा लेख्य परम्परा भएका बालबालिकाहरूका लागि पनि यो भाषा छरछिमेक तथा अझ बृहत्तर समुदायको प्रभावशाली भाषा भएकाले तल्ला कक्षादेखि नै सिक्नु उचित हुन्छ । त्यसैले प्राथमिक तहमा नेपाली भाषालाई कक्षा एकदेखि नै समावेश गरिएको छ । प्राथमिक कक्षामा अन्य मातृभाषामा शिक्षा लिएका बालबालिकाहरू भएमा उनीहरूले पनि माध्यमिक शिक्षाचाहिँ नेपाली भाषाको माध्यमबाट नै प्राप्त गर्नुपर्ने हुन्छ । यसकारण माथिल्ला कक्षाका लागि आवश्यक माध्यम भाषाको तयारी गर्न पनि उनीहरूले यथासम्भव तल्लो कक्षादेखि नै नेपाली सिक्नु आवश्यक हुन्छ ।

**सारांश**

बालबालिकाहरूमा नेपाली भाषामा सुन्ने, बोल्ने, पढ्ने र लेख्ने आधारभूत सीपको विकासका लागि सोहीअनुरूपका कार्यकलाप तथा अभ्यास गराउनु नै प्राथमिक तहमा नेपाली भाषा-शिक्षणको अभिप्राय हुन्छ । प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम २०४९ ले सुनाइ, बोलाइ, पढाइ र लेखाइका आधारभूत सीपसम्बन्धी उद्देश्यहरूलाई सिकाइ-उपलब्धिका रूपमा उल्लेख गरेको छ ।

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । नेपालमा अन्य विभिन्न भाषा बोल्ने नेपालीहरूका बीच सम्पर्क बढाउने राष्ट्रिय तहका सभा-समारोह, गोष्ठी आदि गतिविधि सम्पन्न गर्ने, सरकारी कामकाज चलाउने माध्यमका साथै सञ्चार र शिक्षाको प्रमुख माध्यमका रूपमा यस भाषाको प्रयोग व्यापक रूपमा भइरहेको छ । यस सन्दर्भमा प्राथमिक शिक्षा नेपाली बालबालिकाका लागि शैक्षिक गतिविधिको पहिलो सिँढी भएको र उक्त तहको साथै सोभन्दा माथिल्ला तहका कक्षामा नेपाली भाषाको व्यापक प्रयोग हुने हुँदा प्रारम्भिक कक्षादेखि नै नेपाली भाषा सुन्ने, बोल्ने, पढ्ने र लेख्ने आधारभूत सीप प्राप्त गर्नेतर्फ जोड दिनु आवश्यक देखिन्छ ।

**आत्ममूल्याङ्कन**

(१) प्राथमिक तहमा नेपाली भाषा-शिक्षण भन्नाले के बुझिन्छ ?

(२) नेपालमा नेपाली भाषा कुन-कुन कार्यका लागि प्रयोग हुन्छ ?

(३) दुई भिन्न भाषा मातृभाषाका रूपमा बोल्नेहरूले कस्तो स्थितिमा नेपालीको प्रयोग गर्छन् ?

(४) अन्य मातृभाषा भएका बालबालिकाहरूलाई पनि प्राथमिक तहदेखि नै नेपाली सिकाउनु किन आवश्यक छ ?

(५) राष्ट्रभाषा भनेको के हो ?

(क) राष्ट्रमा बोलिने भाषा, (ख) राष्ट्रले तोकेको प्रभावशाली भाषा,

(ग) राष्ट्रभरि सबैले जानेको भाषा, (घ) शिक्षाको माध्यम बनेको भाषा ।

(६) सम्पर्क-विच्छेदको स्थिति भनेको के हो ?

(क) अर्काको भाषा नजान्ने स्थिति,

(ख) आफ्नो भाषा अर्काले नबुझ्ने स्थिति,

(ग) धेरै दिनसम्म भेटघाट नभएको स्थिति,

(घ) एक-अर्काले बोलेको नबुझ्ने स्थिति ।

(७) नेपाली भाषाको प्रयोगको सन्दर्भमा वृहत्तर समुदाय भनेको के हो ?

(क) छिमेक (ख) परिवार (ग) आफ्नो समाज (घ) समुदायभन्दा बाहिर ।

(८) भाषामा साक्षरता केलाई भनिन्छ ?

(क) अक्षर चिन्नु र लेख्नु, (ख) लेखेको वाचन गर्नु,

(ग) लेखपढ गर्न जान्नु, (घ) मनमा लागेका कुरा व्यक्त गर्नु ।

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नू : पहिलो अनुच्छेदको पूर्वार्द्ध भाग ।

प्रश्न २ का लागि हेर्नू : पहिलो अनुच्छेदको उत्तरार्द्धमा दिइएका बुँदाहरू ।

प्रश्न ३ का लागि हेर्नू : तेस्रो अनुच्छेदमा उल्लिखित उदाहरण ।

प्रश्न ४ का लागि हेर्नू : अन्तिम अनुच्छेद ।

प्रश्न ५ को उत्तर– ख

प्रश्न ६ को उत्तर– घ

प्रश्न ७ को उत्तर– घ

प्रश्न ८ को उत्तर– ग

पाठ ६ :

# पहिलो भाषाका रूपमा नेपाली शिक्षण

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

(१) पहिलो भाषाको परिचय दिन,

(२) पहिलो भाषाको सिकाइ-प्रक्रिया र शिक्षणको प्रकृति बताउन ।

**विषयवस्तु**

बालकले सर्वप्रथम सिकेको भाषालाई पहिलो भाषा भनिन्छ । यस्तो भाषालाई मातृभाषा पनि भन्ने गरिन्छ । पहिलो भाषा बालकले आफ्नै घरपरिवारबाट सिकेको अथवा प्राप्त गरेको हुन्छ । बालक जन्मेपछि आफूलाई कुनै भाषाको सेरोफेरोमा पाउँछ । आफूभन्दा अग्रज नातेदार तथा अभिभावकका बोली उसका कानमा गुन्जिन थाल्छन् । बालकको शारीरिक विकासका साथै उसमा भाषाका ध्वनिहरू सुन्ने, छुट्याउने र पहिचान गर्ने क्षमता बढ्दै जान्छ । एक वर्षको लगभगमा ऊ आफ्नो छेउछाउमा प्रयोग भएको भाषाका शब्दहरू टिपी उच्चारण गर्न र क्रमशः त्यसको अर्थलाई निश्चित प्रयोग-सन्दर्भ दिनतिर उन्मुख हुन्छ । यसका लागि अग्रजहरूले उसले बोलेका शब्दको अर्थ निश्चित गर्न प्रोत्साहित गरिरहेको देख्न पाइन्छ । पाँच, छ वर्षको उमेरमा बालक पहिलो भाषाको सुनाइ र बोलाइमा सक्षम भइसकेको हुन्छ । यस चरणमा उसको भाषामा केही जटिल खालका वर्ण, वाक्यगठन र शब्दको प्रयोगमा प्रौढहरूका दृष्टिले हेर्दा केही कमी देखिन सक्छ तर ऊ त्यस बेला उसको उमेरअनुसार घरपरिवार-छरछिमेकका आफ्ना भाषाभाषीहरूको सक्रिय सदस्य भइसकेको हुन्छ । बालकले पहिलो भाषा सिक्दा घरपरिवारको सक्रिय भाषिक वातावरण पाएको हुन्छ । त्यसैले बालकलाई पहिलो भाषा सिक्न सजिलो हुन्छ । उसले पाएको सामाजिक परिवेश तथा पृष्ठभूमिअनुसारको भाषा सिक्ने हुँदा स्तरीय भाषाका दृष्टिले उसको भाषा-प्रयोगमा पनि केही कमी-कमजोरीहरू देखिन सक्छन् । तिनमध्ये कतिपयचाहिँ बालकको परिपक्वता बढ्दै जाँदा हट्दै जान्छन् । यस्ता कमजोरीहरूलाई उसकै शारीरिक-मानसिक क्षमताको विकाससँग सम्बन्धित मानिन्छ । केही कमजोरीहरूचाहिँ परिवार र छरछिमेकको सामाजिक परिवेशसँग सम्बन्धित हुन्छन् । यस्ता कमजोरीहरू स्तरीय भाषाको प्रयोगको सम्पर्क बढ्दै गएमा क्रमशः कम हुन सक्छन् ।

पहिलो भाषाको शिक्षण भनेको मुख्यतः त्यस भाषाको लेख्य-पाठ्यरूप : पढाइ र लेखाइको शिक्षण हो । किनभने बालकले यसको उच्चार्य-श्रव्य रूप : सुनाइ र बोलाइ त घरपरिवारबाटै कामचलाउ रूपमा सिकिसकेको हुन्छ । उसलाई पढाइ र लेखाइमा अग्रसर गराउनाले सुनाइ र बोलाइको परिष्कार गर्न पनि मद्दत मिल्छ । पढाइ र लेखाइको भाषामा अनुभव बढ्दै गएमा बालकको मौखिक भाषामा पाइने स्थानीय र वर्गीय भेदलाई समेत परिष्कार गर्दै लैजान मद्दत मिल्छ । यसरी पहिलो भाषाको शिक्षणलाई साक्षरतासँग गाँस्न सकिन्छ । बालकले पढ्न र लेख्न जानेमा ऊ साक्षर बन्दै जान्छ । पहिलो भाषाको बालकलाई विद्यालयमा आएर सुनाइ र बोलाइका प्रारम्भिक अभ्यासहरू गराइरहनु आवश्यक पर्दैन तर त्यससम्बन्धी परिष्कारका अभ्यासहरू भने गराउनु आवश्यक हुन्छ । पढाइ र लेखाइका अभ्यासका क्रममा पनि सुनाइ र बोलाइका कतिपय परिष्कारका अभ्यासहरू सम्पन्न भइरहेका हुन्छन् ।

## सारांश

पहितो भाषाको सिकाइ आफ्नै घरपरिवारको भाषिक परिवेशबाट सुरु हुन्छ । यस्तो भाषा बालकले आफ्नो शारीरिक विकाससँगै आफ्ना अग्रजहरूबाट असचेत रूपमा नै प्राप्त गर्दै जान्छ । करिब पाँच, छ वर्षमा बालक आफ्नो मातृभाषामा बोलेर काम चलाउन सक्ने भइसकेको हुन्छ । त्यसैले सुनाइ र बोलाइको क्षमता प्राप्त गर्नु कुनै औपचारिक शिक्षणको प्रतिफल होइन । यो स्वतः प्राप्त हुने कुरा हो । पहितो भाषाको शिक्षण भनेको त्यस भाषामा पढाइ र लेखाइको शिक्षण गर्नु हो र स्तरीय भाषाका दृष्टिले बालकको बोलीमा देखिएका स्थानीय र वर्गीय भेदलाई कम गर्दै जानु हो ।

## आत्ममूल्याङ्कन

(१) कस्तो भाषालाई पहितो भाषा भनिन्छ ?

(२) पहितो भाषा बालकलाई कसरी प्राप्त हुन्छ ?

(३) पहितो भाषा सिक्न बालकलाई के-कति वर्ष लाग्छ ?

(४) पहितो भाषा सिकाइका क्रममा बालकमा केकस्ता कमजोरी देखिन्छन् ?

(५) पहितो भाषामा सुनाइ र बोलाइ सिकाउन किन जोड दिनु पर्दैन ?

(६) पढाइ र लेखाइको शिक्षणले सुनाइ र बोलाइमा कसरी परिष्कार ल्याउन सक्छ ?

(७) भाषाको स्थानीय भेद भनेको के हो ?

(क) निम्न वर्गले बोल्ने भेद, (ख) गाउँघरमा बोलिने भेद ।

(ग) मध्यम वर्गले बोल्ने भेद, (घ) किसानहरूद्वारा बोलिने भेद ।

(८) बालकले कति वर्षमा पहितो भाषा बोल्न थाल्छ ?

(क) एक (ख) दुई (ग) तीन (घ) चार ।

## पृष्ठपोषण

प्रश्न १ का लागि हेर्नू : पहितो अनुच्छेदको पहितो र दोस्रो वाक्य ।

प्रश्न २ का लागि हेर्नू : पहितो अनुच्छेदका ३–८ वाक्यहरू ।

प्रश्न ३ का लागि हेर्नू : पहितो अनुच्छेदको नवौं वाक्य ।

प्रश्न ४ का लागि हेर्नू : पहितो अनुच्छेदको उत्तरार्द्ध ।

प्रश्न ५ का लागि हेर्नू : दोस्रो अनुच्छेद ।

प्रश्न ६ का लागि हेर्नू : दोस्रो अनुच्छेद ।

प्रश्न ७ को उत्तर– ख

प्रश्न ८ को उत्तर– क

# दोस्रो भाषाका रूपमा नेपाली शिक्षण

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

(१) दोस्रो भाषाको परिचय दिन ।

(२) नेपाली भाषाका सन्दर्भमा दोस्रो भाषाका विभिन्न स्थिति औंल्याउन ।

(३) दोस्रो भाषा-शिक्षणका तरिकाहरू बताउन ।

**विषयवस्तु**

सामान्यतः पहिलो भाषापछि सिकिने जुनसुकै भाषालाई दोस्रो भाषा भनिन्छ । त्यसैले दोस्रो भाषा सिक्दा बालकमा कुनै एउटा भाषाको अनुभव भइसकेको हुन्छ । यस्तो अनुभव पहिलो भाषा सिक्दा हुँदैन । फलस्वरूप पहिलो र दोस्रो भाषा सिकाइमा केही भिन्नता देखिनु स्वाभाविक छ ।

पहिलो र दोस्रो भाषाको सिकाइको क्रममा भिन्नता त देखिन्छ नै । यस्तै सिकाइको वातावरणले पनि यी दुईमा थोरबहुत भिन्नता ल्याउँछ । पहिलो भाषा घरपरिवारकै सहज वातावरणमा सिकिने हुन्छ भने दोस्रो भाषा सिक्दा त्यस्तो वातावरण प्राप्त नहुन सक्छ । फेरि पहिलो भाषा बालकले आफ्नो शारीरिक तथा गत्यात्मक विकासका साथसाथै प्राप्त गर्न सक्छ भने दोस्रो भाषा उसले पछिल्ला वर्षहरूमा सिक्ने हुन्छ । त्यसकारण बालकमा पहिलो भाषा सिक्दा जे-जस्तो अभिप्रेरणा तथा उत्सुकता रहन्छ, उसलाई दोस्रो भाषा सिक्दा त्यस्तो नहुन सक्छ । यसरी पहिलो र दोस्रो भाषा सिकाइमा निकै भिन्नता देखिन्छ ।

वस्तुतः सर्वप्रथम सिकिएको भाषालाई पहिलो र त्यसपछि सिकिएको भाषालाई 'दोस्रो' भन्ने कुरा व्यवहारमा सधैं स्थापित भएको पाईंदैन । पहिलो र दोस्रोको सम्बन्ध क्रमसँगभन्दा प्रधानता र अप्रधानतासँग सम्बन्धित रहेको पनि देखिन्छ । यसअनुसार जुन भाषालाई बालकले आफ्नो जीवनमा प्रमुखताका साथ प्रयोग गर्दै जान्छ सोही भाषा उसको पहिलो भाषा र जुन भाषा उसको दैनिक गतिविधिका सीमित परिवेश तथा व्यवहारमा प्रयोग हुन्छ, त्यो चाहिँ गौण वा अप्रधान वनी दोस्रो भाषा बन्न जाने हुन्छ । यसकारण बालकको घरपरिवारको वा पहिले सिकेको भाषा नै सधैं पहिलो वा प्रधान भाषा हुन्छ भन्ने छैन । त्यसपछि सिकेको भाषा उसको व्यापक परिवेशको सहज अभिव्यक्तिको माध्यम बन्दै गएको छ भने त्यही भाषाले पहिलो भाषाको स्थान पाउने सम्भावना रहन्छ । यसरी पहिलो भन्नाले प्रधान भाषा र दोस्रो भन्नाले अप्रधान भाषा भन्ने बुझिन्छ । यस किसिमको आधारमा हेर्दा बालकहरूको पहिलो भाषा र दोस्रो भाषा छुट्याउने कुरा सजिलो छैन । सो छुट्याउन उनीहरूले प्रयोग गरेका दुवै भाषाको क्षमताको व्यापक अध्ययन जरुरी हुन्छ ।

दोस्रो भाषा सिकाइको प्रकृति विभिन्न कारणले गर्दा फरकफरक हुन्छ । पहिलो भाषाभन्दा पछि सिकिएको भए पनि यस्तो भाषा बालकको वरिपरिको वातावरणमा प्रभावशाली छ भने सहज रूपमै सिकिने हुन्छ । अझ बालकको घरपरिवारमा नै वा छरछिमेकमा सम्बन्धित दोस्रो भाषासमेत बोलिने, व्यवहार गरिने भएमा र वातावरणमा त्यसको प्रयोग प्रशस्त हुने भएमा उसले त्यस्तो भाषा सजिलै सिक्न सक्छ । उक्त स्थितिमा सिकिएको भाषा पहिलो भाषा वा मातृभाषावत् भएर जाने सम्भावना रहन्छ । दुई वा दुईभन्दा बढी भाषाको व्यवहार गर्ने समुदायमा यस्तो कुरा

स्वाभाविक मानिन्छ। त्यस्तो समाजमा हुर्केबढेका बालकहरू दुवै भाषालाई आफ्ना दैनिक गतिविधिमा उपयोग गर्न जान्ने हुन्छन्। जस्तै : घरपरिवारमा गुरुङ भाषालाई पहिलो भाषाका रूपमा सिकेको बालक पछि क्रमशः नेपाली भाषाको प्रभावकारी वातावरणमा घुलमिल हुँदै गएमा उसले पहिले सिकेको भाषा भए पनि अप्रधान (गौण) हुने सम्भावना रहन्छ।

जब दोस्रो भाषा बालकहरूको घर-परिवार वा निकटवर्ती परिवेशमा बोलिने, व्यवहार गरिने हुँदैन, तब त्यस्तो भाषा सिक्न उनीहरूलाई निकै कठिनाइ हुन्छ। यस्तो स्थितिमा विद्यालय जानुभन्दा पहिले बालकहरूलाई दोस्रो भाषाको अनुभव प्राप्त भएको हुँदैन। छरछिमेक वा समुदायमा नबोलिने भाषा सिक्न उनीहरूले विद्यालयको औपचारिक वातावरणसम्म पर्खनुपर्ने हुन्छ। यसरी विद्यालयको परिवेशमा आएर मात्र अनुभव गर्नुपर्ने दोस्रो भाषा सिक्न उनीहरूले विद्यालयको औपचारिक वातावरणसम्म पर्खनुपर्ने हुन्छ। यस्तो स्थिति नेपालका कतिपय दूरवर्ती ग्रामीण इलाकाहरूमा विशेष गरी भेटिन्छ।

छरछिमेकको भाषिक वातावरण नभेट्ने बालकहरूका लागि दोस्रो भाषा सिकाउँदा सुनाइ र बोलाइको समेत सुनियोजित अभ्यास आवश्यक हुन्छ भने त्यस्तो वातावरण भेट्नेहरूका लागि उक्त अभ्यासको कम आवश्यकता पर्दछ। यसरी विद्यालयभन्दा पहिले नै नेपाली भाषाको अनुभव भएका बालकहरूलाई यस भाषाको सुनाइ र बोलाइका लागि सुनियोजित कार्यकलापको कम जरूरत पर्ने हुँदा यस्ता बालकहरू र नेपाली मातृभाषी बालकहरूलाई एउटा कक्षा वा वर्गमा राखी पठनपाठन गराउन सकिने देखिन्छ। जसको नेपाली भाषाको अनुभव विद्यालय आउनुभन्दा पहिले छैन, त्यस्ता बालकहरूका लागि भने छुट्टै वर्गमा राखी तिनीहरूलाई सर्वप्रथम सुनाइ र बोलाइका प्रारम्भिक अभ्यासहरू व्यवस्थित रूपमा गराउनु आवश्यक हुन्छ। यसरी बालकहरूलाई विद्यालय आउनुभन्दा पहिले नेपाली भाषाको अनुभव भएका र नभएका गरी दुई वर्गमा राख्न सकिन्छ। पहिलो वर्गका बालकहरूमा नेपाली मातृभाषाका साथै विद्यालय आउनुभन्दा पहिले नै घर-परिवार र छरछिमेकबाट नेपाली भाषा बोल्न जान्ने बालकहरू पर्दछन् भने दोस्रो वर्गमा विद्यालय आउँदा नेपाली भाषाको अनुभव नभएका बालकहरू पर्दछन्।

उल्लिखित पहिलो वर्गमा पर्ने र आफ्नो मातृभाषाका साथसाथै विद्यालय आउनुभन्दा पहिले नेपाली भाषाको अनुभव भएका बालकहरूलाई विद्यालयमा नेपाली भाषा सिकाउँदा पहिलो भाषा सिकाएसरह सिकाउन सकिने हुन्छ। किनभने यस्ता बालकहरूमा नेपाली भाषा सुन्ने, बोल्ने केही अनुभव भइसकेकोले उनीहरूलाई लेख्य-पाठ्य भाषातिर प्रवृत्त गराउन सकिन्छ अथवा पढाइ र लेखाइका साथसाथै उनीहरूको सुनाइ र बोलाइमा हुने त्रुटिहरूलाई क्रमशः निराकरण गर्दै लैजान उपयुक्त हुन्छ। फरक यति हो– नेपाली पहिलो भाषा हुनेहरूको मौखिक भाषा स्थानीय तथा पारिवारिक पृष्ठभूमिबाट प्रभावित हुन्छ र स्तरीय नेपालीका दृष्टिले केही त्रुटिपूर्ण मानिन्छ भने नेपाली दोस्रो भाषा हुनेहरूको मौखिक भाषा उनीहरूको मातृभाषाका पृष्ठभूमिबाट समेत प्रभावित रहेको हुन्छ।

दोस्रो वर्गमा पर्ने बालकहरूलाई भने विद्यालयमा आएपछि नेपाली भाषाको अनुभव दिनुपर्ने हुँदा सर्वप्रथम उनीहरूलाई सुनाइ र बोलाइका कार्यकलापमा केन्द्रित गराउनुपर्ने हुन्छ। वस्तुतः यस्ता बालकहरूका लागि नै दोस्रो भाषाका रूपमा नेपाली शिक्षणको आवश्यकता हुन्छ। घरपरिवार र छरछिमेकमा नेपाली भाषाको अनुभव नहुनेहरूलाई त्यस्तो अनुभव दिन विशेष प्रयासको खाँचो पर्छ। उक्त विशेष प्रयास निम्नानुसार गरिनु उपयुक्त हुन्छ:–

(क) बालकको अनुभवको सेरोफेरोका विषयक्षेत्रहरू निश्चित गर्ने,

(ख) यस्ता विषयक्षेत्रसँग सम्बन्धित शब्दभण्डार र वाक्यरचनाको छनोट गर्ने,

(ग) तत्सम्बन्धी शिक्षण-सामग्री (चित्र, वस्तु...) छनोट तथा निर्माण गर्ने,

(घ) स्थानीय वस्तु र वातावरणको परिचय दिने तथा वर्णन गर्न लगाउने। यस्ता कार्यकलाप सर्वप्रथम नाम, कार्य

आदिसँग सम्बन्धित प्रश्नोत्तरबाट सुरु गरिनुपर्छ :

१
यो के हो ? यो टोपी हो ।
त्यो के हो ? त्यो रूख हो ।
यो को हो ? यो राम हो ।
त्यो को हो ? त्यो श्याम हो ।

२ मेरो नाम हरि हो । तिम्रो नाम के हो ? मेरो.........।

३
राम के गर्छ ? राम पुस्तक पढ्छ ।
श्याम के गर्छ ? श्याम...... ।

४
(ढोका लगाएर) रामले ढोका लगायो ।
(ढोका उघारेर) श्यामले ढोका उघार्‍यो ।
(ढोकाबाहिर गएर) राम बाहिर जान्छ ।
(ढोकाभित्र आएर) श्याम भित्र आउँछ ।

(ङ) छनोट भएका शब्द र वाक्यढाँचालाई आधार बनाई बुँदा 'ग' मा उल्लिखित सामग्रीको सहयोगले अनुभवको सेरोफेरोका वस्तु र वातावरणको बारेमा मौखिक वर्णन गर्न लगाउने ।

## सारांश

पहिलो भाषा र दोस्रो भाषाको भिन्नता मुख्यतः तीन कुरामा आधारित हुने देखिन्छ । (१) सिकाइको क्रम (२) सिकाइको प्रभावशालिता (३) प्रयोगको प्रधानता-अप्रधानता । सिकाइको क्रम पछिल्लो भए पनि सिकाइको वातावरण प्रभावशाली हुने र व्यक्तिको दैनिक गतिविधिमा प्रधान रूपमा प्रयोग हुने भएमा त्यस्तो भाषालाई पहिलो भाषा नै मान्न सकिने हुन्छ । सिकाइको प्रभावशाली वातावरण प्राप्त भएको र दैनिक गतिविधिमा सीमित वा गौण रूपमा सिकिने भाषालाई दोस्रो भाषा मानिन्छ । यस्तो भाषा विद्यालयमा आएर मात्र बालकले सिक्नुपर्ने हुन्छ । विद्यालयमा आउनुभन्दा पहिले नै दोस्रो भाषाका रूपमा नेपालीको अनुभव भएका बालकहरूका लागि नेपालीको शिक्षण पहिलो भाषासरह पढाइ र लेखाइको अभ्यासतिर उन्मुख हुन सक्छ । त्यसो भए पनि उनीहरूको आफ्नो मातृभाषाबाट प्रभावित त्रुटिहरूलाई हटाउन मौखिक भाषाका कार्यकलापमा पनि ध्यान दिनुपर्छ । विद्यालय आएपछि मात्र नेपाली भाषाको अनुभव गर्ने बालकहरूका लागि भने दोस्रो भाषाका रूपमा नै नेपालीको शिक्षण आवश्यक हुन्छ । यसमा नेपाली भाषाको सुनाइ र बोलाइको विशेष अभ्यास बालकहरूका लागि जरूरी हुन्छ । यस्तो मौखिक अभ्यास स्थानीय वस्तु र वातावरणसँग सम्बन्धित विषय-क्षेत्र, शब्दभण्डार र वाक्यरचनाको छनोटका आधारमा गराउनु उपयुक्त हुन्छ ।

## आत्ममूल्याङ्कन

१. दोस्रो भाषा-शिक्षण भनेको के हो ?
२. पहिलो भाषा र दोस्रो भाषामा पाइने भिन्नता के हुन् ?
३. प्रधान भाषा र अप्रधान भाषाको अभिप्राय के हो ?
४. प्रभावशाली भाषिक वातावरण भनेको के हो ?

५. कुन स्थितिमा दोस्रो भाषालाई पहिलो भाषाजस्तै भन्न सकिन्छ ?
६. कस्तो स्थितिमा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा शिक्षण गर्नुपर्ने हुन्छ ?
७. दोस्रो भाषा-शिक्षणका तरिकाहरू के-के हुन सक्छन् ?
८. कस्तो दोस्रो भाषा बालकका लागि पहिलो भाषासरह हुन सक्ने सम्भावना रहन्छ ?
(क) सीमित क्षेत्रमा प्रयोगमा आउने,
(ख) विद्यालयमा प्रभावशाली रूपमा प्रयोग हुने,
(ग) छरछिमेकमा व्यापक रूपमा प्रयोगमा आउने,
(घ) बाह्य समाजमा प्रधान रूपमा प्रयोग हुने ।
९. कस्तो पहिलो भाषा दोस्रो भाषासरह हुन जाने सम्भावना रहन्छ ?
(क) छरछिमेकमा सीमित, (ख) घरपरिवारमा सीमित,
(ग) विद्यालयमा सीमित, (घ) हाटबजारमा सीमित ।

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नू : पहिलो अनुच्छेद ।
प्रश्न २ का लागि हेर्नू : दोस्रो अनुच्छेद ।
प्रश्न ३ का लागि हेर्नू : तेस्रो अनुच्छेद ।
प्रश्न ४ का लागि हेर्नू : चौथो अनुच्छेद ।
प्रश्न ५ का लागि हेर्नू : चौथो अनुच्छेद ।
प्रश्न ६ का लागि हेर्नू : पाँचौं र छैटौं अनुच्छेद ।
प्रश्न ७ का लागि हेर्नू : अन्तिम दुई अनुच्छेद ।
प्रश्न ८ को उत्तर– ग
प्रश्न ९ को उत्तर– ख


शैक्षिक जनशक्ति विकास केन्द्र
२०५०
पुस्तकालय


## पाठ ८ :
# भाषिक सीपको आपसी सम्बन्ध र अभ्यास

**उद्देश्य**


**यस पाठको अध्ययन गरिसकेपछि तपाइं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :**
**(क) सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषिक सीपहरूको आपसी सम्बन्ध बनाउन,**
**(ख) उक्त भाषिक सीपहरू प्राप्त गर्नका लागि अभ्यासको भूमिका औंल्याउन ।**

**विषयवस्तु**


भाषाद्वारा व्यक्तिले एक-अर्काका विचार तथा भावनाको आदान-प्रदान गर्छ । यस्तो आदान-प्रदानमा सुनाइ र बोलाइ, पढाइ र लेखाइ संलग्न हुन्छन् । यीमध्ये सुनाइ र पढाइ आदानात्मक प्रकृतिका भाषिक सीप हुन् भने बोलाइ र लेखाइ प्रदानात्मक प्रकृतिका भाषिक सीप हुन् ।




यसरी विचार आदान-प्रदान वा सम्प्रेषणका दुई पक्ष हुन्छन् । अर्काले व्यक्त गरेको कुरा सुनेर वा पढेर ग्रहण गर्नु एउटा पक्ष हो भने आफूले जानेका, अनुभव गरेका कुरा अरूसमक्ष बोलेर वा लेखेर व्यक्त गर्नु अर्को पक्ष हो । प्रारम्भमा सम्प्रेषणका उक्त दुई पक्षका लागि सुनाइ र बोलाइले काम चलाइन्छ । सुनाइले बोध (आदान) र बोलाइले अभिव्यक्ति (प्रदान) को काम गर्छ । सुनाइ र बोलाइ मौखिक भाषाका आधारभूत सीप हुन् । भाषा मूलतः उच्चार्य-श्रव्य हुन्छ । बालकहरूमा सर्वप्रथम अरूले बोलेको भाषा सुन्नेबुझ्ने सीप विकास हुँदै जान्छ । यसै क्रममा उनीहरूले आफ्नो अनुभव व्यक्त गर्नका लागि बोलाइ-सीप हासिल गर्न थाल्छन् । यसकारण उक्त दुई भाषिक सीप मातृभाषामा स्वतः प्राप्त हुँदै जाने सीप हुन् । पढाइ र लेखाइका सीप सुनाइ र बोलाइको जसरी प्राप्त हुन सक्दैनन् । यिनलाई अलग्ग ढङ्गले सिक्नुपर्ने हुन्छ । पढाइ र लेखाइले भाषाको लेख्य-पाठ्य रूपलाई सङ्केत गर्छन् । लेख्यपाठ्य भाषा उच्चार्य-श्रव्य रूपबाट विकास गरिएको भए पनि यो घरपरिवार-छरछिमेकको परिवेशबाट स्वतः सिकिँदैन । बालकहरूलाई यस्तो भाषा पढ्न र लेख्न औपचारिक रूपमा सिकाउनुपर्छ । लिपिको माध्यमबाट व्यक्त हुने लेख्य-पाठ्यभाषा सिक्न बालकहरूले सर्वप्रथम उच्चार्य-श्रव्य भाषा (सुनाइ र बोलाइमा प्रचलित) लाई लिपिबद्ध भाषा (लेख्य-पाठ्य) मा प्रतिस्थापित गर्नुपर्ने हुन्छ ।




भाषाको सिकाइ ध्वन्यात्मक माध्यमबाट सुरु हुन्छ । सर्वप्रथम भाषाका प्रयोक्ताहरूबाट जब सम्बन्धित भाषाको सुनाइ हुन्छ त्यसमा प्रयुक्त ध्वनि, वर्ण, शब्द, वाक्य तथा तिनको संरचनाका साथै तिनका माध्यमबाट व्यक्त अर्थ क्रमशः आत्मसात् हुँदै जान्छ, तब बालक बोल्न थाल्छ । सुनाइ र बोलाइको विकास हुँदै जाँदा बालकलाई भाषाको लेख्य माध्यमसँग परिचित गराइन्छ । यस्तो माध्यममा ध्वनिको सट्टा लिपिचिह्नहरूको प्रयोग भएको हुन्छ । यसमा उच्चार्य रूपमा व्यक्त हुने भाषालाई परम्परागत वर्णमालाका चिह्नहरूको प्रयोग गरी लेखिएको वा मुद्रण गरिएको सामग्री बालकसमक्ष प्रस्तुत गरिन्छ । उसले लिखित/मुद्रित सामग्रीलाई त्यस बेला पढ्नुपर्ने र लेख्न जान्नुपर्ने हुन्छ । यस्तो सामग्रीलाई आवाज निकाली वा उच्चारण गरेर पढ्न वा कसैसमक्ष मौखिक रूपमा प्रस्तुत गर्न सकिन्छ र सो सुनेर कुरा बुझ्न सकिने हुन्छ । यसरी कसैको बोलाइलाई सुन्न सकिन्छ, सुनेको कुरा भन्न सकिन्छ, भनेको कुरा लेख्न र लेखेको कुरा पढेर अरूलाई सुनाउन सकिने हुँदा सुनाइ, बोलाइ, पढाइ र लेखाइको एक-आपसमा सम्बन्ध रहेको स्पष्ट हुन्छ । बोलेको लेख्न र लेखेको पढ्न सकिने र पढेको सुन्न र भन्न सकिने हुँदा यी भाषिक सीपहरूमध्ये कुनै एकको अनुभवले मद्दत गर्न सक्ने कुरा उल्लेखनीय छ । जस्तै;




भाषिक सीपहरू प्राप्त गर्न अभ्यासको भूमिका महत्त्वपूर्ण हुन्छ । मातृभाषामा बालकले सुनाइ र बोलाइजस्ता भाषिक सीप प्राप्त गर्दा एउटै वर्ण, शब्द, पदावली तथा वाक्यहरू विभिन्न सन्दर्भमा पुनरावृत्ति गर्ने वा दोहोऱ्याउने प्रशस्त अवसर पाउँछ । एउटै संरचना भिन्नाभिन्न सन्दर्भहरूमा सुन्दा, बोल्दा सयौँ वा हजारौँपल्ट बालकले दोहोऱ्याउन पाउने हुँदा उसलाई त्यसमा सजिलै बानी पर्ने हुन्छ । यसरी असीमित प्रयोग-सन्दर्भहरूमा मातृभाषामा सुन्ने र बोल्ने गतिविधिको पुनरावृत्ति हुने अवसर मिल्ने हुँदा बालकलाई असचेत रूपमा नै त्यसको अभ्यास भइरहेको हुन्छ । तर यस्तै अवसर पढाइ र लेखाइमा सम्भव हुँदैन । मातृभाषाकै पढाइ र लेखाइमा पनि उसले सचेत प्रयास र विशेष अभ्यास गर्नुपर्ने हुन्छ । पछि बानी बस्दै गएमा चाहिँ पढाइ र लेखाइ पनि केही सहज हुन थाल्छ । यसरी पहिलो भाषा-सिकाइमा पनि भाषिक सीप हासिल गर्न अभ्यासको प्रशस्त महत्त्व रहन्छ भने दोस्रो भाषा-सिकाइमा त झन् विशेष प्रयास आवश्यक हुने हुँदा यसको महत्त्व झन् अत्यधिक हुनु स्वाभाविक छ ।



शैक्षिक जनशक्ति विकास केन्द्र
G269
पुस्तकालय

**सारांश**

सुनाइ, बोलाइ, पढाइ र लेखाइ एक-अर्कासँग सम्बन्धित भाषिक सीप हुन् । यीमध्ये सुनाइ र पढाइले आदान (बोध) पक्ष र बोलाइ र लेखाइले प्रदान (अभिव्यक्ति) पक्षलाई जनाउँछन् । अर्काले व्यक्त गरेको कुरा आफूमा सम्प्रेषण हुन सुनाइ र पढाइ-सीपको आवश्यकता हुन्छ भने आफ्ना कुरा अरूसमक्ष सम्प्रेषण गर्न बोलाइ र लेखाइ-सीपको आवश्यकता हुन्छ । यसमा पनि उच्चार्य-श्रव्य भाषा (मौखिक भाषा) का रूपमा सुनाइ र बोलाइजस्ता भाषाका प्रारम्भिक सीप बालकले आफ्नो मातृभाषामा घरपरिवारको वातावरणबाट स्वतः प्राप्त गर्छ तर मातृभाषामा पनि लेख्य-पाठ्यभाषा (लिखित भाषा) का रूपमा पढाइ र लेखाइका सीप विशेष प्रयासबाट सिक्नुपर्ने हुन्छ ।

भाषाको सिकाइ क्रमशः सुनाइ, बोलाइ हुँदै पढाइ र लेखाइतिर उन्मुख हुन्छ । एकको अनुभवले अर्कोलाई मद्दत गर्छ । बोलेको र पढेको (सस्वर) सुन्न, सुनेको भन्न र लेख्न तथा लेखेको पढ्न सकिने हुँदा यी सीपहरू एक-अर्कासँग सम्बन्धित हुन्छन् । बालकले आफ्नो मातृभाषा वा पहिलो भाषा घरपरिवारको वातावरणमा हुने सुनाइ र बोलाइको बारम्बार पुनरावृत्तिबाट प्राप्त गरिरहेको हुन्छ । पढाइ र लेखाइमा त पहिलो वा दोस्रो जुनसुकै भाषामा सचेत प्रयासको आवश्यकता हुने हुन्छ । उक्त स्थितिमा भाषाका सीपहरूको सिकाइमा अभ्यासको ठूलो महत्त्व रहेको देखिन्छ ।

**आत्ममूल्याङ्कन**

१. भाषामा सुनाइ र पढाइको कार्य के हो ?

२. भाषामा बोलाइ र लेखाइको कार्य के हो ?

३. सुनाइ, बोलाइ, पढाइ र लेखाइका बीच के-कस्तो सम्बन्ध छ ?

४. भाषाका सीप सिक्न अभ्यास किन आवश्यक हुन्छ ?

५. आदानात्मक सीप कुन समूहमा पर्छ ?
   (क) सुनाइ र बोलाइ, (ख) लेखाइ र पढाइ,
   (ग) लेखाइ र बोलाइ, (घ) सुनाइ र पढाइ ।

६. बालकले सर्वप्रथम भाषाको कुन सीप सिक्नुपर्छ ?
   (क) पढाइ (ख) लेखाइ (ग) सुनाइ (घ) बोलाइ ।

७ ध्वन्यात्मक माध्यमको प्रयोग नहुने भाषिक सीप कुन हो ?
   (क) पढाइ (ख) लेखाइ (ग) सुनाइ (घ) बोलाइ ।

# नेपालमा बहुभाषिक स्थिति र नेपाली भाषा

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाइं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

(क) नेपालमा बोलिने भाषाहरूको नाम बताउन ।

(ख) नेपालमा भाषाहरूको भौगोलिक वितरणको सामान्य स्थिति दर्साउन ।

(ग) नेपालको बहुभाषिक स्थितिमा नेपाली भाषाको भूमिका औंल्याउन ।

**विषयवस्तु**

नेपाललाई बहुभाषिक देश मानिन्छ । किनभने यस देशमा सत्तरीभन्दा बढी भाषाहरू बोल्ने मानिसहरू बसोबास गर्दछन् र तीमध्ये सबभन्दा बढी जनसङ्ख्याले बोल्ने भाषा नेपाली हो । यो भाषा नेपालको जनसङ्ख्याको ५० प्रतिशतभन्दा बढीको मातृभाषा हो र अरू धेरैजसोको दोस्रो भाषा पनि यही हो ।

——नेपालमा बोलिने केही भाषाहरूको सूची यसप्रकार छ :

नेपाली
मैथिली
भोजपुरी
थारू
तामाङ
नेवारी
अवधी
मगर
राई भाषाहरू (बान्तवा, थुलुङ, चाम्लिङ
खालिङ, कुलुङ, वाहिङ, साम्पाङ, आठपहरिया आदि)
लिम्बू
गुरुङ
शेर्पा
राजवंशी
चेपाङ
दनुवार
सतार
झाँगड
धिमाल
सुनुवार

थामी
माझी
थकाली
दरै
जिरेल
राजी
कुमाल
व्यासी
मेचे
लाप्चे

यसरी नेपालमा बोलिने भाषाहरूको सूची निकै ठूलो छ। जनगणनामा अझै कतिपय भाषाहरूको उल्लेख भेटिंदैन। कुनै भाषाका वक्ताहरू ज्यादै सीमित छन्। कतिपय भाषाहरूको पहिचान नै भइसकेको छैन। कुसुन्डा, दुराजस्ता केही भाषाहरू लोप भइसकेको अनुमान गरिन्छ। तर यति धेरै भाषाहरू भए पनि यी कतिपय भाषाका वक्ताहरूको सङ्ख्या निकै कम छ। बसाईंसराइ र अन्य कारणले पनि यी भाषा-प्रयोगमा सङ्कट आइपरेको छ।

२०४८ सालको जनगणनाअनुसार नेपाली भाषापछि सबभन्दा बढीले बोल्ने भाषाहरूको अनुक्रममा १० ओटा भाषालाई राख्ने हो भने तिनका वक्ताहरूको प्रतिशतमा निकै अन्तर देखापर्छ। जस्तै;

| | |
|---|---|
| नेपाली | ५०.३ |
| मैथिली | ११.८९ |
| भोजपुरी | ६.६० |
| थारू | ४.८५ |
| तामाङ | ४.६६ |
| नेवारी | ३.४५ |
| मगर | २.२४ |
| राई | १.९४ (राई समूहका सबै भाषाहरू) |
| अवधी | १.७२ |
| लिम्बू | १.३१ |
| गुरुङ | १.१४ |

यसबाट नेपाली भाषाका वक्ताहरूको सङ्ख्या र अन्य भाषाका वक्ताहरूको सङ्ख्यामा निकै ठूलो असमानता रहेको देखिन्छ। उक्त किसिमको असमानताले गर्दा नेपालमा नेपालीको समकक्षमा कुनै अर्को भाषाको प्रयोग हुन सक्ने सम्भावना देखिंदैन। एकातिर नेपाली भाषालाई आधाभन्दा बढी जनसङ्ख्याले मातृभाषाका रूपमा प्रयोग गर्छन् अर्कातिर यो भाषाका वक्ताहरू नेपालका अधिकांश क्षेत्रमा वितरित छन्। नेपालीबाहेकका भाषाहरू भने खास भौगोलिक क्षेत्रमा प्रायः सीमित रहेका देखिन्छन्। जस्तै; मैथिली भाषाका वक्ताहरू पूर्वी तराईतिर र भोजपुरीका वक्ताहरू मध्यतराईतिर केन्द्रित छन्। थारू भाषा पूर्वी तराईदेखि पश्चिम तराईको कछाडमा फैलिए पनि यसमा रहेको विविधताले आफैंमा एकभन्दा बढी भाषिक भेद सृजना गर्ने स्थिति छ। तामाङ भाषा काठमाडौं उपत्यकाका आसपासका जिल्लाहरूमा विशेषतः केन्द्रित छ र नेवारी विशेष गरेर काठमाडौं उपत्यका र यसका आसपासका जिल्लामा केन्द्रित छ। पाल्पा, तनहुँ,

नवलपरासीतिर एक किसिमको र रोल्पा, रुकुमतिर अर्कै किसिमको मगर भाषा बोल्ने गरिएको पाइन्छ । [illegible] एक-अर्काबाट नबुझिने राई जातिका ३५ मन्दा बढी भाषाहरू सगरमाथा, कोशी र मेची [illegible] वितरित छन् । लिम्बू भाषा अरुणपूर्वका कोशी र मेची अञ्चलमा बोलिन्छ भने मातृभाषाका रूपमा गुरुङ भाषा बोल्नेहरू प्रायः गण्डकी अञ्चलमा केन्द्रित देखिन्छन् । यसरी नेपालमा बोलिने केही प्रमुख भाषाहरूको भौगोलिक वितरण हेर्दा ती खास क्षेत्रमा मात्र केन्द्रित रहेका र जनघनत्वका दृष्टिले अन्य भाषाभाषीहरूसँग मिश्रित बसोबास रहेका पाइन्छन् । तिनमध्ये अधिकांश क्षेत्रमा नेपाली भाषीहरूको पनि बसोबास रहेकाले आपसी सम्पर्कका कारण अन्य भाषाभाषीहरूले नेपालीलाई दोस्रो भाषाका रूपमा बुझ्ने-बोल्ने गरेका छन् । यसरी बहुभाषिक देश नेपालका नेपाली भाषाले विभिन्न भाषिक समुदायका बीच आपसी सम्पर्कको कडीका रूपमा जनस्तरमा मान्यता पाइआएको छ । त्यसैले एक-अर्कामा नबुझिने भाषा बोल्ने समुदायहरूका बीच आपसी सम्पर्कको माध्यम सक्षम भएकाले नेपाली भाषाले नेपालको संविधानमा राष्ट्रभाषाको मान्यता पाएको देखिन्छ ।

**सारांश**

सत्तरीमन्दा बढी भाषाहरू बोल्ने मानिसहरूको बसोबास भएकाले नेपाललाई बहुभाषिक देश मानिन्छ । यी भाषाहरूमा नेपालीलाई मातृभाषाका रूपमा बोल्नेहरू देशको समग्र जनसङ्ख्याको आधाभन्दा बढी छन् । त्यसपछिको सबभन्दा बढी सङ्ख्यामा मैथिली बोल्नेहरू करिब १२ प्रतिशत देखिन्छन् । [illegible] समग्र जनसङ्ख्याको ५ प्रतिशतले बोल्ने भाषाहरूमा भोजपुरी, थारू र तामाङ पर्न आउँछन् । यसरी नेपालमा धेरै भाषा बोलिने भए पनि अधिकांश भाषाहरू ज्यादै कम प्रतिशत जनसङ्ख्याले बोल्ने गरेको, त्यसमा पनि खास भाषाका वक्ताहरूको भौगोलिक वितरण खास क्षेत्रमा मात्र सीमित रहेको र देशका धेरैजसो भागमा विभिन्न भाषाभाषीहरूको मिश्रित बसोबास रहेको आदि कारणले गर्दा आफ्ना भाषाबाट आपसी सम्पर्क गर्न नसक्ने स्थितिमा उनीहरूले प्रायः नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने गरेको पाइन्छ ।

**आत्ममूल्याङ्कन**

१. बहुभाषिक भनेको के हो ?
२. नेपाल किन बहुभाषिक देश हो ?
३. नेपालीपछि नेपालमा सबभन्दा बढी जनसङ्ख्याले बोल्ने भाषा कुन हो ?
४. पाँच प्रतिशतसम्म जनसङ्ख्याले बोल्ने नेपालका भाषाहरूमा कुन-कुन पर्छन् ?
५. बहुभाषी समाजमा नेपाली भाषाको महत्त्व किन छ ?
६. भाषाभाषी जनसङ्ख्याका दृष्टिले पाँचौं स्थान ओगट्ने भाषा कुन हो ?
   (क) अवधी (ख) भोजपुरी (ग) तामाङ (घ) नेवारी ।
७. एउटै भाषा मानिए पनि भौगोलिक वितरणले गर्दा धेरै विविधता भएको भाषा कुनलाई मानिन्छ ?
   (क) थारू (ख) गुरुङ (ग) शेर्पा (घ) राजवंशी ।

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नू : पहिलो अनुच्छेद ।
प्रश्न २ का लागि हेर्नू : भाषाहरूको [illegible] सूची ।

प्रश्न ३ का लागि हेर्नू : वक्ताहरूको सङ्ख्या घटेको भाषाहरूको सूची ।

प्रश्न ४ का लागि हेर्नू : वक्ताहरूको सङ्ख्या बढेको भाषाहरूको सूची ।

प्रश्न ५ का लागि हेर्नू : अन्तिम अनुच्छेदको उत्तरार्द्ध ।

प्रश्न ६ को उत्तर– ग

प्रश्न ७ को उत्तर– क

पाठ १० :

# बहुभाषिक कक्षामा नेपाली शिक्षण

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

१) बहुभाषिक कक्षाको परिचय दिन ।

२) द्विभाषिक तथा बहुभाषिक कक्षामा नेपाली शिक्षणका तरिका औंल्याउन ।

३) एकभाषिक, द्विभाषिक र बहुभाषिक कक्षामा पाइने भिन्नता दर्साउन ।

**विषयवस्तु**

बहुभाषिक कक्षा भन्नाले मातृभाषाका रूपमा दुई वा दुईभन्दा बढी भाषाहरू बोल्ने बालकहरू एउटै कक्षामा भएको स्थितिलाई जनाउँछ । नेपाल बहुभाषिक देश भएकाले कतिपय क्षेत्रका विद्यालयमा यस्तो स्थिति पाइन्छ । उक्त स्थितिलाई पनि दुई वर्गमा राखेर हेर्नु उपयुक्त हुन्छ–

(क) द्विभाषिक कक्षा

(ख) बहुभाषिक कक्षा

द्विभाषिक कक्षा भन्नाले कुनै दुई भाषा बोल्ने बालकहरू एउटै कक्षामा भएको स्थितिलाई जनाउँछ । यस्तोमा सामान्यतः नेपाली बोल्ने र कुनै अर्को स्थानीय भाषा बोल्ने बालकहरू एउटै कक्षामा हुन सक्छन् । कक्षामा शिक्षणको माध्यम सामान्यतः नेपाली भए पनि बालकहरूको सुविधाका लागि यस्ता कक्षामा शिक्षकले अर्को भाषा पनि बेलाबखत प्रयोग गर्न सक्छन् । अतः उक्त स्थितिमा दोस्रो भाषा जान्ने शिक्षक हुनु उपयुक्त मानिन्छ । उनले नेपाली भाषाको प्रयोग गर्दा नबुझिएका कुरा बालकहरूलाई बुझाउन अनुवाद-विधिको उपयोग गर्न सक्छन् । कुनै शब्द वा वाक्यमा भनिएको कुरा नबुझिएमा त्यसको स्थानीय भाषामा अनुवाद गरेर बुझाइदिनुलाई यहाँ अनुवाद-विधि भनिएको हो । साथै द्विभाषिक कक्षामा प्रयोग गरिने नेपालीमा बढी सरलता र स्पष्टता आवश्यक त छँदैछ । शिक्षकले नेपाली सिक्ता स्थानीय भाषाभाषी बालकहरूका लागि कठिनाइ हुने क्षेत्र पहिल्याई तिनको निराकरण गर्न विशेष सामग्रीहरूको छनोट तथा निर्माणसमेत गरेर कक्षामा प्रयोग गर्नुपर्छ । उनले स्थानीय भाषाको अनुभव र स्थानीय परिवेशमा प्रयोग हुने नेपाली भाषालाई समेत ध्यानमा राखी यसको शिक्षणकार्य गर्नु उपयुक्त हुन्छ ।

दुईभन्दा बढी मातृभाषाको पृष्ठभूमि भएका बालकहरूको कक्षालाई यहाँ बहुभाषिक कक्षा भनिएको हो । यस्तो स्थिति विशेषगरी सहरी वा सहरका आसपासका क्षेत्रमा फेला पर्न सक्छ जहाँ एउटा भाषाभाषी मात्र नभई विभिन्न भाषिक पृष्ठभूमि भएका बालकहरू एउटै विद्यालयमा पढ्न आउँछन् । जस्तै; काठमाडौं उपत्यकामा कुनै प्राथमिक विद्यालयमा नेपाली, नेवारी र तामाङ भाषा बोल्ने बालकहरू हुन सक्छन् । त्यस्तो स्थितिमा पठनपाठनको सामान्य माध्यम नेपाली हुने गर्छ । नेवारी वा तामाङ भाषाभन्दा समुदायको व्यापक सम्प्रेषणका दृष्टिले नेपाली भाषा साझा हुने सम्भावना रहन्छ तर नेपाली भाषा प्रयोग गर्दा नेवारी र तामाङभाषी बालकहरूलाई कक्षामा पढाएको कुरा सुगमताका साथ बुझ्न कठिनाइ हुनसक्छ । त्यस स्थितिमा शिक्षकले भाषिक पृष्ठभूमिका आधारमा बालकहरूलाई भिन्नाभिन्नै समूह बनाई सिकाउने प्रयास गर्नुपर्ने हुन्छ । साथै कठिनाइका क्षेत्रहरू पहिल्याई तिनको निराकरणका लागि थप शिक्षण-

सामग्रीको प्रयोग गरी शिक्षण गर्नु पनि आवश्यक हुन्छ ।

बालकहरूको मातृभाषाको अनुभवलाई नेपाली भाषा सिकाउँदा आवश्यकताअनुसार उपयोग गर्न सकेमा यसको शिक्षण बढी प्रभावकारी हुन जान्छ । यसका लागि शिक्षकले उनीहरूको मातृभाषा जानेको भए त्यसको अनुभवलाई उपयोग गर्न सक्छन् । यसो गर्दा आ-आफ्ना भाषामा अप्रचलित रहेका विशिष्ट सांस्कृतिक सन्दर्भहरू (जस्तै; चाडपर्व र तिनका लागि प्रयुक्त हुने शब्दहरू) को सन्दर्भपूर्ण व्याख्यासमेत गरिदिनु आवश्यक हुन्छ ।

मातृभाषाका रूपमा नेपाली मात्र बोल्ने बालकहरूको कक्षालाई भने एकभाषिक कक्षा भन्न सकिन्छ । यस्तो कक्षा भाषिक पृष्ठभूमिका आधारमा द्विभाषिक वा बहुभाषिक कक्षाजस्तो जटिल हुँदैन । एउटै भाषाको प्रयोग गरी शिक्षण गरिने हुँदा यो कक्षा साधारण प्रकृतिको हुनु स्वाभाविक छ । यस्तामा नेपालीको शिक्षण पहिलो भाषाका रूपमा गरिन्छ । नेपालीबाहेक अन्य कुनै भाषा मात्र बोल्नेहरूको एकभाषिक कक्षा पनि नेपालका केही सुदूर क्षेत्र वा अन्य भाषाभाषीबहुल क्षेत्रका विद्यालयमा भेट्टाउन सकिन्छ । त्यस्ता विद्यालयका प्रारम्भिक कक्षाहरूमा नेपालीको शिक्षण दोस्रो भाषाका रूपमा गरिनुपर्ने हुन्छ ।

**सारांश**

भाषा बोल्नेहरूको पृष्ठभूमिका आधारमा विद्यालयका कक्षाहरूलाई एकभाषिक, द्विभाषिक वा बहुभाषिक भन्न सकिन्छ । मातृभाषाका रूपमा दुइटा भाषा बोल्ने बालकहरूको कक्षालाई द्विभाषिक कक्षा र सोभन्दा बढी भाषा बोल्नेहरू एउटै कक्षामा रहेमा त्यसलाई बहुभाषिक कक्षा भन्न सकिन्छ । द्विभाषिक वा बहुभाषिक कक्षाको शिक्षणको सामान्यतः माध्यम नेपाली नै हुने गर्छ तर यस्ता कक्षाहरूमा शिक्षणका क्रममा अन्य मातृभाषा भएका बालकहरूका लागि उनीहरूको मातृभाषाको पनि आवश्यकताअनुसार उपयोग गर्न सकिन्छ । यसका लागि अनुवाद-विधिको पनि प्रयोग गर्न सकिन्छ । बालकहरूको मातृभाषाको पृष्ठभूमिअनुसार कठिनाइका क्षेत्रहरूको पहिचान गरी आवश्यकता भएमा समूह विभाजनसमेत गरेर ती कठिनाइ निराकरण गर्न शिक्षण गर्नुपर्ने हुन्छ ।

**आत्ममूल्याङ्कन**

१) बहुभाषिक कक्षा भनेको के हो ?
२) बहुभाषिक कक्षामा शिक्षणको मुख्य माध्यम कुन भाषा हुन्छ ?
३) द्विभाषिक कक्षा कस्तोलाई भनिन्छ ?
४) द्विभाषिक र बहुभाषिक कक्षाका बालकहरूलाई नेपाली सिकाउँदा उनीहरूको मातृभाषाको उपयोग किन गर्नुपर्छ ?
५) द्विभाषिक कक्षाको शिक्षक कस्तो हुनुपर्छ ?
६) बहुभाषिक कक्षामा शिक्षकले कसरी सिकाउनुपर्छ ?
७) द्विभाषिक वा बहुभाषिक कक्षामा अनुवाद-विधिको किन आवश्यकता हुन्छ ?
८) एकभाषिक कक्षा कस्तो हुन्छ ?

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नु : पहिलो र तेस्रो अनुच्छेदको पहिलो वाक्य ।
प्रश्न २ का लागि हेर्नु : तेस्रो अनुच्छेद ।

प्रश्न ३ का लागि हेर्नू : दोस्रो अनुच्छेद ।
प्रश्न ४ लागि हेर्नू : दोस्रो र तेस्रो अनुच्छेद ।
प्रश्न ५ का लागि हेर्नू : दोस्रो अनुच्छेद ।
प्रश्न ६ का लागि हेर्नू : तेस्रो अनुच्छेद ।
प्रश्न ७ का लागि हेर्नू : दोस्रो अनुच्छेद ।
प्रश्न ८ का लागि हेर्नू : अन्तिम अनुच्छेद ।

एकाइ दुई :

# प्राथमिक तहका नेपाली पाठचक्रम र पाठ्यपुस्तकको सिंहावलोकन

पाठ ११ :

## प्राथमिक तहको नेपाली भाषा-पाठ्यक्रमको परिचय

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं प्राथमिक तहको नेपाली भाषा-पाठ्यक्रमको परिचय दिन सक्नुहुनेछ ।

**विषयवस्तु**

शैक्षिक वर्ष २०४९।२०५० देखि प्राथमिक तहमा नयाँ पाठ्यक्रम लागू गरिएको छ । हरेक वर्ष एउटा कक्षा बढाउँदै लागू गरिने सो पाठ्यक्रममा विभिन्न स्तम्भहरू राखिएका छन् । यस पाठ्यक्रममा 'उद्देश्य' लाई सिकाइ-उपलब्धि भनिएको छ । ती सिकाइ-उपलब्धिहरूलाई तालिकामा प्रस्तुत गरिएका छन् । यस पाठ्यक्रममा शिक्षणविधि, पाठ्यभार र अङ्क-विभाजन तथा शिक्षण-सामग्रीको पनि उल्लेख छ । विभिन्न भाषिक सीपको अभ्यासका लागि कार्यकलाप र सहकार्यकलापहरू सुझाइएका छन् । मूल्याङ्कन-प्रक्रियाको संक्षिप्त उल्लेख पाइन्छ ।

यसरी २०३८ को पाठ्यक्रमका तुलनामा यस पाठ्यक्रममा निकै कुरा सुधारिएका छन् । उक्त २०३८ को पाठ्यक्रममा समावेश नभएका केही महत्त्वपूर्ण र अत्यावश्यक शीर्षकहरू यस पाठ्यक्रममा समावेश गरिएका छन् । त्यस्ता केही शीर्षकहरू हुन्– शिक्षण-विधि, सिकाइ कार्यकलाप र सहकार्यकलाप, शैक्षिक सामग्रीको सूची, मूल्याङ्कन र नतिजाको प्रयोग तथा सिकाइ-उपलब्धिको विस्तृतीकरण । यी कुरालाई यस पाठ्यक्रमका सकारात्मक पक्ष मान्नुपर्दछ । यसबाहेक विद्यार्थीहरूले जान्नुपर्ने नयाँ शब्दहरूको सङ्ख्या तोकिनु र वाक्यमा ६ देखि १२ शब्दसम्म प्रयोग गर्न सक्ने बनाउने उद्देश्य पनि राम्रो पक्ष हो । तर 'कार्यमूलक व्याकरण' भनिए पनि यसअन्तर्गत दिइएका विषयवस्तुहरू प्रायः परम्परागत र सैद्धान्तिक प्रकृतिका देखिनु उचित भएन । उमेरअनुसार विद्यार्थीले जान्नैपर्ने शब्दसूची नहुनु पनि यस पाठ्यक्रमको पनि कमजोरी नै मान्नुपर्दछ । त्यसरी नै सिकाइ-उपलब्धिलाई अझ केही सुधार गर्नुपर्ने, अझ विशिष्ट तुल्याउनुपर्ने कुरा पनि देखिन्छन् । परिमार्जनलाई प्रयोगात्मक अनुसन्धानमा आधारित गराउनु पनि वर्तमान आवश्यकता भइसकेको छ ।

**सारांश**

२०३८ को प्राथमिक तहको नेपाली भाषा-पाठ्यक्रमको विकल्पमा ल्याइएको २०४९ को नेपाली भाषा-पाठ्यक्रमका कतिपय सकारात्मक पक्षहरू छन् । २०३८ को पाठ्यक्रममा समावेश नभएका अत्यावश्यक र महत्त्वपूर्ण शीर्षकहरू पनि यस पाठ्यक्रममा समावेश गरिएका छन् । यसमा समावेश गरिएका त्यस्ता शीर्षकहरू हुन्– शिक्षण-विधि, सिकाइ कार्यकलाप र सहकार्यकलाप, शैक्षिक सामग्रीको विवरण, मूल्याङ्कन र नतिजाको प्रयोग तथा सिकाइ-उपलब्धिको विस्तृतीकरण । यसबाहेक यस पाठ्यक्रममा कक्षागत पाठ्यभार र अङ्क-विभाजन पनि समावेश गरिएको छ ।

## आत्ममूल्याङ्कन

१. २०४९ को नेपाली भाषा-पाठ्यक्रमलाई कसरी लागू गर्ने लक्ष्य राखिएको छ ?
२. उक्त पाठ्यक्रममा उद्देश्यलाई के मानिएको छ ?
३. उक्त पाठ्यक्रममा के-के मुख्य कुराको चर्चा गरिएको छ ?
४. २०३८ को नेपाली भाषा-पाठ्यक्रमभन्दा यो पाठ्यक्रम किन राम्रो मान्नुपर्दछ ?
५. यस पाठ्यक्रमका प्रमुख दुई कमजोरी के हुन् ?
६. यस पाठ्यक्रमलाई सुधार्न कुन कुरालाई आधार बनाउनु आवश्यक देखिन्छ ?

## पृष्ठपोषण

प्रश्न १ को उत्तरका लागि विषयवस्तु शीर्षकको दोस्रो र पहिलो अनुच्छेदको दोस्रो वाक्य पढ्नुहोस् ।
प्रश्न २ को उत्तरका लागि उक्त शीर्षकको पहिलो अनुच्छेदको तेस्रो वाक्य पढ्नुहोस् ।
प्रश्न ३ को उत्तरका लागि उक्त शीर्षकको पहिलो अनुच्छेदका पाँचौं वाक्यदेखिका वाक्यहरू पढ्नुहोस् ।
प्रश्न ४ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेदका तेस्रो, चौथो र पाँचौं वाक्य पढ्नुहोस् ।
प्रश्न ५ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेदका छैटौं र सातौं वाक्य पढ्नुहोस् ।
प्रश्न ६ को उत्तरका लागि उक्त अनुच्छेदको अन्तिम वाक्य पढ्नुहोस् ।
द्रष्टव्य : २०४९ सालको नेपाली भाषा-पाठ्यक्रम हेर्नुहोस् ।

पाठ १२ :

# नेपाली भाषाको पाठ्यवस्तु र विषयवस्तुको क्षेत्र र क्रम

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क) पाठ्यवस्तु र विषयवस्तुमा फरक बताउन,

ख) पाठ्यवस्तु र विषयवस्तुको क्षेत्र र क्रम बताउन ।

**विषयवस्तु**

- भाषा-शिक्षणमा पाठ्यवस्तु भन्नाले भाषासँग प्रत्यक्ष रूपमा सम्बन्धित कुराहरूलाई बुझ्नुपर्दछ, जस्तै; सुनाइ, बोलाइ, पढाइ, लेखाइ, बोध, व्याकरण आदि । विषयवस्तुचाहिँ ती सीपहरूको अभ्यासका लागि आवश्यक हुने आधारसामग्री हो । जस्तै; कक्षा दुईको 'रूख रोपौँ' भन्ने पाठ विषयवस्तुको उदाहरण हो भने त्यस पाठका आधारमा अभ्यास गराइने शब्दार्थ, उच्चारण, बोध, रचना आदि सीपहरू पाठ्यवस्तुका उदाहरण हुन् ।

- पाठ्यवस्तुको क्षेत्र भन्नाले उच्चारण, बोध, कार्यमूलक व्याकरण, सग्ला अक्षर, संयुक्त अक्षर, शब्दरचना, वाक्यरचना आदि बुझिन्छ । विषयवस्तुको क्षेत्र भन्नाले चाहिँ पारिवारिक, सामाजिक, प्राकृतिक, वातावरणीय आदिलाई लिइन्छ । त्यस्ता पाठ्यवस्तु र विषयवस्तुलाई मूर्तबाट अमूर्त, ज्ञातबाट अज्ञात, विशिष्टबाट सामान्य, सरलबाट जटिल आदि क्रममा मिलाएर राख्नु नै तिनको क्रम हो । जस्तै; सुनाइपछि बोलाइ, बोलाइपछि पढाइ, पढाइपछि लेखाइ आउनु पाठ्यवस्तुको क्रम हो भने पहिले पारिवारिक विषयवस्तु, त्यसपछि सामाजिक, त्यसपछि प्राकृतिक र त्यसपछि मात्र वातावरणीय विषयवस्तु आउनु विषयवस्तुको क्रम हो ।

**सारांश**

- विभिन्न भाषिक सीपसँग प्रत्यक्ष रूपमा सम्बन्धित कुरा नै पाठ्यवस्तु हो । त्यस्ता भाषिक सीपको अभ्यासका लागि आवश्यक हुने आधारसामग्रीलाई चाहिँ विषयवस्तु भनिन्छ ।

- बोध, उच्चारण, रचनाजस्ता कुराहरू पाठ्यवस्तुको क्षेत्रअन्तर्गत पर्दछन् भने पारिवारिक, सामाजिक, प्राकृतिक, वातावरणीय कुराहरू विषयवस्तुको क्षेत्रअन्तर्गत पर्दछन् ।

- पाठ्यवस्तु र विषयवस्तुलाई सरलबाट जटिल, ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्त आदि क्रममा राखिनु नै पाठ्यवस्तु र विषयवस्तु-क्रम हो ।

**आत्ममूल्याङ्कन**

१. पाठ्यवस्तु र विषयवस्तुमा के फरक छ ?

२. पाठ्यवस्तु र विषयवस्तुको क्षेत्र भन्नाले के बुझिन्छ ?

३. पाठ्यवस्तु र विषयवस्तुको क्रम भनेको के हो ?
उदाहरण दिई स्पष्ट पार्नुहोस् ।

४. पाठ्यवस्तुको उदाहरण कुन होइन ?

क) सुनाइ, बोलाइ
ख) कथा, कविता
ग) उच्चारण, शब्दरचना
घ) शब्दार्थ, वाक्य-प्रयोग ।

५. भाषा-शिक्षणमा विषयवस्तुलाई कस्तो सामग्री मानिन्छ ?

क) मुख्य सामग्री
ख) आधार सामग्री
ग) अतिरिक्त सामग्री
घ) अनावश्यक सामग्री ।

६. पाठ्यवस्तुको क्षेत्रले कुन कुरालाई सङ्केत गर्दछ ?

क) त्यसको सीमा
ख) त्यसको रखाइ
ग) त्यसको छनोट
घ) त्यसको ढाँचा ।

७. पाठ्यवस्तु र विषयवस्तुको क्रमको निर्धारण किन आवश्यक हुन्छ ?

क) भाषिक सीपको राम्ररी अभ्यास गराउन ।
ख) भाषिक विषयवस्तुलाई सरल तुल्याउन ।
ग) अप्ठ्यारा पाठलाई राम्ररी बुझाउन ।
घ) सरल र कठिन पाठलाई च्यासमिस गरी शिक्षण गर्न ।

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तु शीर्षकको पहिलो अनुच्छेद पढ्नुहोस् ।
प्रश्न २ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेद पढ्नुहोस् ।
प्रश्न ३ को उत्तरका लागि उक्त शीर्षकको तेस्रो अनुच्छेद पढ्नुहोस् ।
प्रश्न ४ को उत्तर– ख
प्रश्न ५ को उत्तर– ख
प्रश्न ६ को उत्तर– क
प्रश्न ७ को उत्तर– क

पाठ १२ :

# विधा र त्यसको क्षेत्र

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुराहरूमा समर्थ हुनुहुनेछ :

क) विधाको अर्थ बताउन,

ख) विधाको क्षेत्र बताउन ।

**विषयवस्तु**

- विषयवस्तु प्रस्तुत गर्ने ढाँचालाई विधा भनिन्छ । यसअन्तर्गत कथा, कविता, प्रबन्ध, जीवनी, रूपक, चिट्ठी आदि पर्दछन् । विषयवस्तुलाई यस्ता विभिन्न विधामा प्रस्तुत गर्नाले भाषिक सीपको अभ्यास गर्न विद्यार्थीहरूको रुचि बढ्नुका साथै उनीहरूलाई भाषाका विभिन्न रूपको अनुभव पनि हुँदै जान्छ । फेरि एउटै विधाबाट सबै किसिमका भाषिक सीपहरू सिकाउन पनि सकिँदैन । जस्तै : कविता विधाबाट लयबोध सिकाउन सकिन्छ भने कथाबाट श्रुतिबोध र पठनबोध सिकाउन सजिलो हुन्छ । त्यसैले भाषाका विभिन्न सीपहरू सिकाउन विधालाई माध्यम बनाइएको हुन्छ ।

- विधाको क्षेत्र भन्नाले त्यसले ढाक्नुपर्ने कुरा वा सीमा भन्ने बुझिन्छ । अर्को अर्थमा भन्नुपर्दा कथा, कविता, प्रबन्ध, जीवनी, चिट्ठी, रूपक आदि नै विधाका क्षेत्र हुन् ।

**सारांश**

विधा भनेको विषयवस्तु प्रस्तुत गर्ने ढाँचा हो । कथा, कविता, जीवनी आदि नै विधाका उदाहरण हुन् । यस्ता विधाको उपयोग गरेर विभिन्न भाषिक सीपहरूको अभ्यास गराउन र विभिन्न किसिमका भाषिक अनुभव बढाउन सजिलो हुन्छ ।

विधाले ढाक्ने कुरा वा त्यसको सीमा नै विधाको क्षेत्र हो । कथा, कविता, जीवनी आदि विधाका क्षेत्रका उदाहरण हुन् ।

**आत्ममूल्याङ्कन**

१. विधा भनेको के हो ?

२. विधाअन्तर्गत के-के कुरा पर्दछन् ?

३. विधाको आवश्यकता किन पर्दछ ?

४. विधाको क्षेत्र भन्नाले के बुझिन्छ ? उदाहरण पनि दिनुहोस् ।

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि सुरुका दुई वाक्य पढ्नुहोस् ।

प्रश्न २ को उत्तरका लागि दोस्रो वाक्य पढ्नुहोस् ।

प्रश्न ३ को उत्तरका लागि तेस्रो वाक्यदेखिका वाक्यहरू पढ्नुहोस् ।

प्रश्न ४ को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस् ।

पाठ १४ :

# पाठ्यभार र अङ्क-विभाजन

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क) पाठ्यभार र अङ्क-विभाजनको अर्थ बताउन,

ख) पाठ्यभार र अङ्क-विभाजनको औचित्य बताउन ।

**विषयवस्तु**

● पाठ्यभार भन्नाले कुनै तहमा निर्धारित सम्पूर्ण विषयहरूमध्ये कुन विषयलाई हप्तामा के-कति प्रतिशत समय प्रदान गर्ने वा कति घण्टी उक्त विषयलाई प्रदान गर्ने भन्ने लेखाजोखा बुझिन्छ, जस्तै; नेपाली भाषाले प्रतिहप्ता के-कति घण्टा के-कति प्रतिशतमा पाउँछ त्यो नै पाठ्यभार हो । त्यसरी नै सम्पूर्ण पूर्णाङ्कको कति प्रतिशत अङ्क कुनै विषयलाई छुट्ट्याइएको छ त्यो नै अङ्क-विभाजन हो । यी कुरालाई वर्तमान पाठ्यक्रमका सन्दर्भमा हेर्ने हो भने अझ बढी स्पष्ट हुन्छ । उक्त पाठ्यक्रममा कक्षा १–३ का लागि प्रतिहप्ता ३४ घण्टी पठनपाठन हुनुपर्छ र त्यसमध्ये १० घण्टी अर्थात् २९.४१ प्रतिशत नेपाली विषयलाई दिइनुपर्दछ भन्ने कुरा निर्दिष्ट गरिएको छ । त्यसरी नै जम्मा ६०० पूर्णाङ्कमध्ये नेपाली विषयलाई १५० पूर्णाङ्क अर्थात् २५% अङ्क छुट्ट्याइएको छ ।

● कुनै तहको शिक्षाको उद्देश्य के छ भन्ने आधारमा नै विषयगत पाठ्यभारलाई बढाउने वा घटाउने गरिन्छ । पाठ्यभार र अङ्क-विभाजनकै आधारमा कुनै खास तहमा कुन कुरालाई जोड दिन खोजिएको छ भन्ने कुरा पनि स्पष्ट हुन्छ । तपाईंले प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ को प्राथमिक शिक्षाको उद्देश्य पढ्नुभयो भने तपाईं आफैं यो कुरा खुलस्तसँग बुझ्नुहुनेछ । (हेर्नुहोस् दफा ३ को प्राथमिक शिक्षाको उद्देश्यअन्तर्गत बुँदा ३ र ४ का कुराहरू पृ. ३)

● त्यसरी छुट्ट्याइएको पाठ्यभार र अङ्क-विभाजनले शिक्षणको योजना गर्न, तदनुरूप शिक्षण गर्न, मूल्याङ्कन गर्न र विषयवस्तुलाई प्राथमिकताका आधारमा शिक्षण गर्न मद्दत मिल्दछ । त्यसैले पाठ्यक्रममा पाठ्यभार र अङ्क-विभाजनको औचित्यलाई नकार्न सकिँदैन ।

**सारांश**

सम्पूर्ण विद्यालय-घण्टीमध्ये कुनै खास विषयलाई दिइने घण्टी वा समय-प्रतिशतलाई पाठ्यभार भनिन्छ । त्यसरी नै सम्पूर्ण पूर्णाङ्कमध्ये कुनै विषयविशेषलाई दिइने पूर्णाङ्क नै त्यसको अङ्क-विभाजन हो ।

पाठ्यभार र अङ्क-विभाजनका आधारमा नै पाठ्यक्रममा त्यसको प्राथमिकताको अनुमान गर्न सकिन्छ । त्यही प्राथमिकताका आधारमा शिक्षणको योजना गर्न, त्यसैअनुसार शिक्षण गर्न र मूल्याङ्कन गर्नसमेत मद्दत हुने हुँदा पाठ्यक्रममा पाठ्यभार र अङ्क-विभाजनलाई विशेष महत्त्व दिइन्छ ।

**आत्ममूल्याङ्कन**

१. पाठ्यभार र अङ्क-विभाजन भनेको के हो ?

२. पाठ्यभार र अङ्क-विभाजनको फरक बताउनुहोस् ।

३. पाठ्यभार र अङ्क-विभाजनले कुन कुराको सङ्केत गर्दछन् ?

४. पाठ्यक्रममा पाठ्यभार र अङ्क-विभाजन किन चाहिन्छ ? स्पष्ट गर्नुहोस् ।

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि 'विषयवस्तु' शीर्षकको पहिलो अनुच्छेदमा दिइएका सुरुका तीन वाक्य पढ्नुहोस् ।

प्रश्न २ को उत्तरका लागि उक्त अनुच्छेदका सम्पूर्ण तथ्यहरूलाई केलाउनुहोस् ।

प्रश्न ३ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्रश्न ४ को उत्तरका लागि उक्त शीर्षकको तेस्रो अनुच्छेद पढ्नुहोस् ।

द्रष्टव्य : प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ हेरेर नेपाली भाषाका लागि छुट्याइएको पाठ्यभार र अङ्क-विभाजन पर्याप्त भए-नभएको बारेमा प्रतिवेदन तयार गर्नुहोस् ।

# प्राथमिक तहमा हासिल हुनुपर्ने सिकाइ-उपलब्धिहरू

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईंहरू निम्न कुराहरूमा समर्थ हुनुहुनेछ :

क) सिकाइ-उपलब्धिको अर्थ बताउन,

ख) सिकाइ-उपलब्धिको औचित्य बताउन ।

**विषयवस्तु**

कुनै तह वा कक्षा पूरा गरिसकेपछि विद्यार्थीले हासिल गर्नुपर्ने खास किसिमका ज्ञान, सीप वा अभिवृत्तिलाई सिकाइ-उपलब्धि भन्न सकिन्छ । अर्को शब्दमा भन्ने हो भने पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरूलाई नै सिकाइ-उपलब्धि भनिएको हो । यसरी प्राथमिक तह पूरा गरेपछि विद्यार्थीहरूले नेपाली भाषामा के-कस्ता सीपहरू सिकेको हुनुपर्छ भन्ने विवरण नै नेपाली भाषाका सिकाइ-उपलब्धि हुन् ।

हाम्रो देशमा एउटै पाठ्यक्रम र एउटै पाठ्यपुस्तकका आधारमा विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूलाई नेपाली भाषा सिकाइन्छ । कतै विद्यालय व्यवस्थापनको सक्षमता र सम्पन्नताले गर्दा तथा कतै वातावरणको सुलभताले गर्दा नेपाली भाषाको पठनपाठन धेरै माथि हुन सक्छ । तर कतै तिनै कुराको अभावले गर्दा त्यस्तो पठनपाठन अपेक्षित स्तरभन्दा धेरै तलको हुन सक्छ । यस्तो विषय परिस्थितिलाई समेटेर नेपाली भाषासम्बन्धी शिक्षाका स्तरमा अधिकतम समानता ~~कायम~~ गर्न सकियोस् भनेर नै सिकाइ-उपलब्धि निर्धारण गरिएका हुन् । यसो गर्नाले शिक्षणलाई एउटा निश्चित बिन्दुमा पुऱ्याउन मद्दत मिल्दछ ।

वास्तवमा उद्देश्य र सिकाइ-उपलब्धि दुवैले सिकाइको दिशा निर्देश गर्दछन् । खालि एउटा फरक के छ भने उद्देश्यले सुरुमा नै कता जाने हो भनेर दिशा निर्देश गर्दछ र सिकाइ-उपलब्धिले सिकाइपछि परिणाम खोज्दछ ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ मा कक्षागत र तहगत रूपमा सिकाइ-उपलब्धिलाई प्रस्तुत गरिएको छ । कक्षागत सिकाइ-उपलब्धिअन्तर्गत कुनै खास कक्षा पूरा गरेपछि हासिल गर्नुपर्ने सीपहरूको विवरण प्रस्तुत गरिएको छ भने तहगतमा चाहिँ प्राथमिक तहका अन्त्यमा विद्यार्थीहरूले हासिल गर्नुपर्ने भाषिक सीपसम्बन्धी विवरण प्रस्तुत गरिएको छ । यसरी नेपाली भाषाका लागि प्राथमिक तहको अन्त्यमा हासिल हुने सिकाइ-उपलब्धिहरूको सङ्ख्या १६ तोकिएको छ भने कक्षागत सिकाइ-उपलब्धिहरू कक्षागत रूपमा निर्धारण गरिएका छन् ।

**सारांश**

कुनै तह वा कक्षा पूरा गरिसकेपछि विद्यार्थीले हासिल गर्नुपर्ने भाषिक सीप नै सिकाइ-उपलब्धि हुन् । भाषा-शिक्षणमा एकरूपता ल्याउन र विद्यार्थीको क्षमतालाई एउटा निश्चित बिन्दुमा पुऱ्याउन सिकाइ-उपलब्धिले मद्दत पुऱ्याउँदछ । उद्देश्य र सिकाइ-उपलब्धिमा खास फरक छैन । खालि उद्देश्यले सुरुमा नै शिक्षणलाई दिशा निर्देश गर्दछ भने सिकाइ-उपलब्धिले सिकाइपछिको परिणाम खोज्दछ ।

प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले नेपाली भाषाका कक्षागत र तहगत सिकाइ-उपलब्धि निर्धारण गरेको छ । हरेक कक्षा पूरा गरेपछि विद्यार्थीले हासिल गर्नुपर्ने भाषिक सीप कक्षागत र प्राथमिक तह पूरा गरेपछि हासिल गर्नुपर्ने भाषिक सीप तहगत हुन् ।

**आत्ममूल्याङ्कन**

१. सिकाइ-उपलब्धि भनेको के हो ?
२. सिकाइ-उपलब्धि र उद्देश्यमा के फरक छ ?
३. सिकाइ-उपलब्धि किन आवश्यक हुन्छ ?
४. सिकाइ-उपलब्धिले शिक्षणमा कसरी प्रभाव पार्दछ ?
५. कक्षागत र तहगत सिकाइ-उपलब्धिमा के फरक हुन्छ ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि 'विषयवस्तु' शीर्षकअन्तर्गतको पहिलो अनुच्छेद पढ्नुहोस् ।
प्रश्न २ को उत्तरका लागि उक्त शीर्षकको तेस्रो अनुच्छेद पढ्नुहोस् ।
प्रश्न ३ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेद पढ्नुहोस् ।
प्रश्न ४ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेदको चौथो वाक्यदेखिका वाक्यहरू पढ्नुहोस् ।
प्रश्न ५ को उत्तरका लागि उक्त शीर्षकको अन्तिम अनुच्छेदको दोस्रो वाक्य पढ्नुहोस् ।

# पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध पहिल्याउन सक्नुहुनेछ ।

**विषयवस्तु**

- सम्बन्धित तहको शैक्षिक कार्यकलापको योजना नै पाठ्यक्रम हो । पाठ्यक्रममा कुन कक्षामा के सिकाउने, कति सिकाउने, किन सिकाउने र कसरी सिकाउने आदि कुराको वर्णन हुन्छ । यसरी पाठ्यक्रमले तोकेका के के र कति सिकाउने भन्ने विषयको विस्तृत सङ्कलन पाठ्यपुस्तकमा गरिएको हुन्छ । अर्को शब्दमा भन्ने हो भने पाठ्यक्रम साध्य हो र पाठ्यपुस्तक साधन हो । पाठ्यपुस्तककै माध्यमबाट पाठ्यक्रमका उद्देश्यपूर्ति गरिन्छ । पाठ्यक्रमले तोकेका विधाको क्षेत्र र क्रमका आधारमा पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका पाठ्यवस्तु समावेश गरी विभिन्न भाषिक सीपहरूको अभ्यास गराउन पाठ्यपुस्तकमा पाठ र नमुना अभ्यास समावेश गरिएका हुन्छन् । कक्षामा ती पाठ र नमुना अभ्यासका सहायताले शिक्षकले भाषा-शिक्षण गर्दछन् । पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक तयार गरिन्छ । यसले पनि पाठ्यक्रम र पाठ्यपुस्तकका बीचको सम्बन्ध देखाउँछ ।
- पाठ्यपुस्तक, पाठ्यक्रमभन्दा बाहिर गएर लेखिनु हुँदैन । पाठ्यक्रमले पाठ्यपुस्तकलाई कहिल्यै पछ्याउँदैन वरु पाठ्यपुस्तकले पाठ्यक्रमलाई पछ्याएकै हुनुपर्दछ । कक्षामा प्रस्तुत गरिने कुरा पाठ्यपुस्तकमा दिइने भएकाले पाठ्यक्रमको उद्देश्यपूर्तिका लागि यो महत्त्वपूर्ण साधन मानिएको हो । त्यसैले पाठ्यपुस्तक पाठ्यक्रमअनुसारकै हुनुपर्दछ ।

**सारांश**

पाठ्यक्रमका उद्देश्यपूर्ति गर्न चाहिने साधनमध्ये महत्त्वपूर्ण साधन पाठ्यपुस्तक हो । पाठ्यक्रमले कुन कक्षामा के, कति, किन र कसरी सिकाउने भन्ने कुराको जानकारी दिन्छ । पाठ्यपुस्तकमा पाठ्यक्रमले तोकेका यिनै कुरा समावेश गरिएका हुन्छन् । यसरी पाठ्यपुस्तक, पाठ्यक्रमले तोकेका सीमाभित्र बसेर तयार गरिने हुँदा यी दुवैका बीचमा गहिरो सम्बन्ध हुन्छ ।

**आत्ममूल्याङ्कन**

१. पाठ्यक्रम भनेको के हो ?
२. पाठ्यक्रममा कुन कुराको वर्णन हुन्छ ?
३. पाठ्यपुस्तक केका आधारमा तयार गरिएको हुनुपर्दछ ?
४. पाठ्यक्रम र पाठ्यपुस्तक कसरी सम्बन्धित हुन्छन् ?
५. पाठ्यपुस्तकले पाठ्यक्रमलाई किन पछ्याएको हुनुपर्दछ ?
६. पाठ्यपुस्तकलाई किन पाठ्यक्रमका उद्देश्यपूर्ति गर्ने महत्त्वपूर्ण साधन मान्नुपर्दछ ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तु शीर्षकको पहिलो अनुच्छेदको पहिलो वाक्य पढ्नुहोस् ।

प्रश्न २ को उत्तरका लागि उक्त शीर्षकको पहिलो अनुच्छेदको दोस्रो वाक्य पढ्नुहोस् ।

प्रश्न ३ को उत्तरका लागि उक्त शीर्षकको पहिलो अनुच्छेदको छैटौं वाक्यपछिको अंश पढ्नुहोस् ।

प्रश्न ४ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्रश्न ५ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेदका दोस्रो, तेस्रो र चौथो वाक्य पढ्नुहोस् ।

प्रश्न ६ को उत्तरका लागि उक्त शीर्षकको तेस्रो वाक्य पढ्नुहोस् ।

पाठ १६

# प्राथमिक तहका नेपाली भाषाका वर्तमान पाठ्यपुस्तकहरूको सिंहावलोकन

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं नेपाली भाषाका वर्तमान पाठ्यपुस्तकहरूको समीक्षा गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

- प्राथमिक तहका नेपाली भाषाका वर्तमान पाठ्यपुस्तकहरूलाई सामान्यतः पाठ र तिनमा प्रयुक्त विषयवस्तु, विधा, भाषा, नमुना अभ्यास र साजसज्जाका आधारमा सिंहावलोकन गर्न सकिन्छ ।

- पाठमा आधार-सामग्रीका रूपमा विभिन्न क्षेत्रका विषयवस्तु प्रस्तुत गर्नुपर्दछ । त्यस्ता विषयवस्तु विद्यार्थीको बौद्धिक क्षमतासँग मेल खाने हुनुपर्दछ । ती धेरै कठिन पनि हुनु हुँदैन र धेरै सरल पनि हुनु हुँदैन । पाठ पनि धेरै लामा वा धेरै छोटा हुनु हुँदैन । फेरि कुनै पाठ धेरै छोटो र कुनै पाठ धेरै लामो पनि पार्नु हुँदैन । पाठहरूलाई विषयवस्तुसुहाउँदा विधाका आधारमा प्रस्तुत गर्नुपर्दछ । उल्लिखित दृष्टिले वर्तमान पाठ्यपुस्तकहरूलाई हेर्दा कुनैकुनै कक्षाका पाठ्यपुस्तकहरू केही लामा देखिन्छन्, जस्तै; कक्षा ३ को मेरो नेपाली किताबका पाठहरू । विषयवस्तु भने विभिन्न क्षेत्रबाट लिइएको उचित नै छ । विधामा पनि विविधता नै पाइन्छ ।

- पाठ्यपुस्तकमा प्रयोग गरिने भाषाको पनि महत्त्वपूर्ण स्थान हुन्छ । खास गरी प्राथमिक तहमा सरल भाषाको प्रयोग नै उपयुक्त हुन्छ । पाठमा प्रयुक्त वाक्य र अनुच्छेद पनि छोटा नै हुनु वेस हुन्छ । भाषा शुद्ध हुनुपर्दछ । कक्षा ३ सम्मका मेरो नेपाली किताब हेर्दा सरल भाषाकै प्रयोग भएको पाइन्छ । अक्षर चिनाउने उद्देश्यले भने यदाकदा कठिन शब्दहरूको प्रयोग भएको पनि पाइन्छ । सामान्यतः छोटा वाक्य र अनुच्छेदकै प्रयोग भएको देखिन्छ । कतैकतै भाषिक अशुद्धि भने भेटिन्छन् । अनि शब्द र वाक्यको छनोट र स्तरणमा खास आधार अपनाइएको पाइँदैन ।

- पाठ्यपुस्तकका पाठका अन्त्यमा दिइने नमुना अभ्यासको महत्त्वपूर्ण स्थान हुन्छ । भाषिक सीपहरूको अभ्यास नमुना अभ्यासकै आधारमा गराइन्छ । त्यसैले अभ्यासहरू पाठसँग मिल्दा र सबै सीपसँग सम्बन्धित हुनुपर्दछ । ती विषयवस्तुमा जोड दिने खाले नभई भाषिक सीपको अभ्यासमा जोड दिने खाले हुनुपर्दछ । ती अभ्यास सुनाइ, बोलाइ, पढाइ, लेखाइ, शब्दभण्डार, प्रयोग, उच्चारण, भाषातत्त्व, रचना आदिसँग सम्बन्धित हुनुपर्दछ । केही अभ्यासहरू सृजनात्मक खालका पनि हुनुपर्दछ । अभ्यासमा स्पष्ट निर्देशन पनि हुनुपर्दछ । वर्तमान पाठ्यपुस्तकमा प्रयोग भएका नमुना अभ्यासहरूलाई उपर्युक्त आधारमा हेर्दा केही कमजोरीहरू सुधार्नुपर्ने देखिन्छ । कतैकतै निर्देशनहरू अस्पष्ट छन् । भाषिक सीपमा भन्दा विषयवस्तुमा जोड दिइएको छ । सृजनात्मक खालका अभ्यासहरू कम छन् । भाषाका चारै सीपहरूको सन्तुलित प्रतिनिधित्व देखिँदैन । यी कमी-कमजोरीबाहेक अन्य कुरा ठीकै छन् ।

- पाठ्यपुस्तकमा साजसज्जा पनि महत्त्वपूर्ण हुन्छ । पाठ्यपुस्तक विद्यार्थीहरूको उमेरसुहाउँदो आकार-प्रकारको हुनुपर्दछ । यो बोक्न सजिलो र हेर्दा आकर्षक हुनुपर्दछ । आवरणपृष्ठ दरो हुनुपर्दछ । बँधाइ पनि बलियो हुनुपर्दछ । विद्यार्थीको उमेर हेरी अक्षरको आकारप्रकार प्रयोग गर्नुपर्दछ । छपाइ शुद्ध र कागज सेतो, चिप्लो र बाक्लो हुनुपर्दछ ।

हरेक पाठमा पाठसँग सम्बन्धित चित्रहरू दिनुपर्दछ । ती सफा, स्पष्ट र प्रासङ्गिक हुनुपर्दछ । आवरणपृष्ठको चित्र विषयका दृष्टिले अर्थपूर्ण हुनुपर्दछ । उपर्युक्त आधारमा मेरो नेपाली किताब हेर्दा अक्षर र पुस्तकको आकार उपयुक्त नै देखिन्छ । आवरणपृष्ठ आकर्षक देखिँदैन र त्यसमा प्रयुक्त चित्रले विषयलाई सङ्केत गर्दैन । त्यो धेरै दरो छैन र पानी र ओसले असर गर्ने खालको छ । कागज दुवैतिर छाप्न मिल्ने गरी बाक्लो त छ तर सेतो र चिप्लो छैन । चित्रहरू प्रायः हातले बनाइएका छन् । ती सफा र स्पष्ट देखिँदैनन् । तिनको छपाइमा भद्दापन देखिन्छ । अक्षरहरूको छपाइमा कतैकतै मसीको सन्तुलित वितरण पाईंदैन । सामान्यतः छपाइ-शुद्धि सन्तोषजक नै छ । चित्रहरूको सङ्ख्या भने पर्याप्त नै देखिन्छ ।

**सारांश**

मुख्य रूपमा पाठ्यपुस्तकलाई पाठ, विधा, भाषा, नमुना अभ्यास र साजसज्जाका आधारमा मूल्याङ्कन गर्न सकिन्छ । वर्तमान पाठ्यपुस्तकहरूमा विषयवस्तुको छनोट उपयुक्त नै देखिन्छ तर विद्यार्थीका उमेरका दृष्टिले कुनैकुनै पाठहरू लामा देखिन्छन् । विधाका दृष्टिले भने विविधता नै पाइन्छ । तर कक्षा ३ मा जीवनी पनि प्रस्तुत गर्न सकिन्थ्यो । कतैकतै भेटिने भाषिक अशुद्धिबाहेक सरल र उपयुक्त भाषाकै प्रयोग भएको छ । हरेक पाठका अन्त्यमा दिइएका नमुना अभ्यासहरूमा भने केही कमजोरी पाइन्छन् । त्यस्ता कमजोरीहरूमध्ये निर्देशनमा अस्पष्टता, भाषिक सीपमा असन्तुलन, सीपमा भन्दा विषयवस्तुमा जोड, सृजनात्मक अभ्यासको कमी आदि प्रमुख छन् ।

आकारप्रकारका दृष्टिले उपर्युक्त पाठ्यपुस्तकहरू ठीकै देखिन्छन् । तर चित्र, आवरणपृष्ठ, बँधाइ र कतैकतै छपाइको असन्तुलनलाई सुधार गर्नुपर्ने देखिन्छ । कागज बाक्लो नै छ तर सेतो र चिप्लो भए पुस्तक राम्रो देखिन्थ्यो ।

**आत्ममूल्याङ्कन**

१. पाठ्यपुस्तकलाई कुन-कुन आधारमा सिंहावलोकन गर्न सकिन्छ ?
२. पाठ्यपुस्तकमा पाठहरू कस्ता हुनुपर्दछ ?
३. अहिलेका पाठहरू कस्ता छन् ?
४. पाठमा प्रयोग गरिने विषयवस्तु कस्ता हुनुपर्दछ ?
५. अहिलेका विषयवस्तु कस्ता छन् ?
६. पाठमा प्रयोग गरिने भाषा कस्तो हुनुपर्दछ ?
७. अहिलेको भाषा कस्तो छ ?
८. पाठका अन्त्यमा दिइने नमुना अभ्यास कस्ता हुनुपर्दछ ?
९. अहिलेका अभ्यास कस्ता छन् ?
१०. साजसज्जाका दृष्टिले पाठ्यपुस्तक कस्ता हुनुपर्दछ ?
११. वर्तमान पाठ्यपुस्तकको साजसज्जा कस्तो छ ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तुको पहिलो अनुच्छेद पढ्नुहोस् ।
प्रश्न २ को उत्तरका लागि दोस्रो अनुच्छेदको तेस्रो र चौथो वाक्य पढ्नुहोस् ।

प्रश्न ३ को उत्तरका लागि उक्त अनुच्छेदको सातौँ वाक्य पढ्नुहोस् ।

प्रश्न ४ को उत्तरका लागि उक्त अनुच्छेदका सुरुका तीन वाक्य पढ्नुहोस् ।

प्रश्न ५ को उत्तरका लागि उक्त अनुच्छेदको अन्तिममन्दा पहिलेका वाक्य पढ्नुहोस् ।

प्रश्न ६ को उत्तरका लागि तेस्रो अनुच्छेदका सुरुका तीन वाक्य पढ्नुहोस् ।

प्रश्न ७ को उत्तरका लागि सोही अनुच्छेदका चौथो वाक्यपछिका वाक्यहरू पढ्नुहोस् ।

प्रश्न ८ को उत्तरका लागि चौथो अनुच्छेदका सुरुका सात वाक्यहरू पढ्नुहोस् ।

प्रश्न ९ को उत्तरका लागि चौथो अनुच्छेदका सातौँ वाक्यपछिका वाक्यहरू पढ्नुहोस् ।

प्रश्न १० को उत्तरका लागि पाँचौँ अनुच्छेदका सुरुका नौ वाक्य पढ्नुहोस् ।

प्रश्न ११ को उत्तरका लागि उक्त अनुच्छेदका दसौँ वाक्यपछिका वाक्यहरू पढ्नुहोस् ।

एकाइ तीन

# अक्षर-शिक्षण

पाठ १८

## नेपाली वर्णमालाको परिचय

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाइं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

१. वर्णमालामा रहेका लिपिचिह्नहरूको पहिचान गर्न ।

२. नेपाली भाषाको उच्चारणसँग उक्त लिपिचिह्नहरूको समानता र विभेद ठम्याउन ।

**विषयवस्तु**

बालकहरूलाई लेख्य भाषासँग परिचित गराउन सर्वप्रथम शिक्षक आफैं नेपाली भाषामा प्रचलित परम्परागत वर्णमालामा रहेका लिपिचिह्नहरूको स्थितिसँग परिचित हुनुपर्छ । बालकहरूलाई लेख्य-पाठ्यभाषासँग अभिमुख गराउने कार्यकलाप अक्षर-चिनारीबाट नै सुरु हुन्छ । हाल निम्नानुसारका लिपिचिह्नहरूले परम्परागत वर्णमालाका अक्षरहरूको प्रतिनिधित्व गरेको पाइन्छ :

अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ, अं, अः (१३)

| | | | | | |
|---|---|---|---|---|---|
| क | ख | ग | घ | ङ | |
| च | छ | ज | झ | ञ | |
| ट | ठ | ड | ढ | ण | |
| त | थ | द | ध | न | |
| प | फ | ब | भ | म | |
| य | र | ल | व | श | |
| ष | स | ह | क्ष | त्र | ज्ञ (३६) |

यी वर्णमालामा रहेका उक्त ४९ ओटा लिपिचिह्नहरूको उपयोग गरेर नेपाली भाषा लेख्ने गरिन्छ । बालकहरूलाई लिपिबद्ध भाषा पढ्न सिक्नका लागि यी चिह्नहरूको पहिचान गर्नुपर्ने हुन्छ । अतः पढ्न जान्नुभन्दा पहिले वर्णमालाहरूका अक्षरको चिनारी आवश्यक हुन्छ ।

उल्लिखित वर्णमालामा जे-जति वर्ण वा अक्षरहरू छन् ती उच्चारणका दृष्टिले विभिन्न थरीका छन् :

(क) उच्चारण र लेखाइमा भिन्नता नहुने । जस्तै;

अ, आ, इ, उ, ए, ओ (६)

क, ख, ग, घ, ङ

च, छ, ज, झ

ट, ठ, ड, ढ

त, थ, द, ध, न
प, फ, ब, भ, म
र, ल, स, ह (२७)

यी लिपिचिह्नहरूले नेपाली भाषामा उच्चारण हुने वर्णहरूको प्रतिनिधित्व गर्छन् । त्यसैले यिनको उच्चारण र लेखाइमा मेल देखाउन सकिन्छ । मौखिक नेपाली भाषाका वास्तविक वर्णमालाको प्रतिनिधित्व यिनै वर्णले गरेका हुन्छन् ।

(ख) वैकल्पिक उच्चारण हुने

य, व वर्ण धेरैजसो स्थितिमा आफ्ना अलग पहिचानका साथ उच्चरित हुँदैनन् । कतै यिनको उच्चारण य=ए र व=ओ हुन्छ । जस्तै; यता=एता, सय=सए, ओदान=वदान, ओखल=वखल, वकिल=ओकिल ।

य (अलग पहिचानमा)– यात्रा, युवा, योजना
माया, वायु, गयो
व (अलग पहिचानमा)– वारि, वाना, वाला
डुतुवा, सखुवा, मेवा

यसरी आ, उ, ओ स्वरवर्णसँग आएको 'य' प्रायः अलग पहिचानमा सुनिन्छ भने 'व' चाहिँ प्रायः आ स्वरसँग अलग पहिचानमा सुनिन्छ । अन्यत्र स्वरको उच्चारण नै मुख्य भएको पाइन्छ । जस्तै;
य : यी/इ, यिनी/इनि
व : बभुवी/बुभई

(ग) उच्चारण एक किसिमको हुने र लेख्ता अर्कै किसिमको लेखिने । जस्तै; ञ, ण, ऋ

उल्लिखित लिपिचिह्नहरू उच्चारणअनुसार लेखिएका भेटिँदैनन् । यस्ता लिपिचिह्नहरूले प्रतिनिधित्व गर्ने उच्चारणलाई छुट्टै चिह्नहरूबाट देखाउन सकिनु नै यसको प्रमाण हो । ञ्, ण् लाई हलन्त (खुट्टो काटिएर) लेख्ता ञ्=न् र ण्=न् उच्चारण हुन्छ । जस्तै;
मञ्जन=मन्जन, कण्ठ=कन्ठ

ञ, ण वर्णलाई अजन्त (खुट्टो नकाटी) लेख्ता यिनको उच्चारण संयुक्त जस्तो (ञ=यँ, ण-डँ/अँड) हुन्छ । त्यसैले ञ, णले उच्चारणसँग दुरुस्त नदर्साएको स्पष्ट छ ।

यस्तै वर्णमालामा स्वर ठानिएको लिपिचिह्न 'ऋ' ले नेपाली भाषाको उच्चारणमा मात्रासहितको व्यञ्जन 'रि' को प्रतिनिधित्व गर्ने हुन्छ । जस्तै; ऋतु (लेख्य)=रितु (कथ्य) ।

(घ) एकभन्दा बढी लिपिचिह्नले एउटै उच्चारणको प्रतिनिधित्व गर्ने । जस्तै; श, ष, स

श, ष, स यी तीनओटा लिपिचिह्नहरूले एउटै उच्चारणको प्रतिनिधित्व गर्दछन् अथवा उच्चारण प्रतिनिधित्व 'स' ले गर्छ तर लेख्ता कतै श, कतै ष र कतै स लेखिन्छ । यसरी एउटै उच्चरित ध्वनि लेख्न तीनओटा चिह्नको प्रयोग हुँदा सजिलो हुन्छ । जस्तै;
लेख्य उच्चार्य
शान्त (सान्त)
सानो (सानो)
पोषिलो (पोसिलो)

(ङ) ह्रस्व र दीर्घका लिपिचिह्नले उच्चारणमा फरक नपार्ने इ/ई, उ/ऊ

उल्लिखित ह्रस्व र दीर्घ : इ/ई, उ/ऊ सचेत रूपमा उच्चारण गर्दा भिन्न जस्ता सुनिए पनि शब्दहरूमा यिनको उच्चारण एउटै सुनिन्छ ।

| लेख्य | उच्चार्य | लेख्य | उच्चार्य |
|---|---|---|---|
| पनि | (पनि) | भाइ | (भाइ) |
| पानी | (पानि) | गाई | (गाइ) |
| आलु | (आलु) | ठूलो | (ठुलो) |
| पन्यू | (पन्यु) | हिन्दू | हिन्दु |

(च) संयुक्त उच्चारण हुने

- क्ष=छ्य, त्र=त्र्, ज्ञ=ग्यँ
- ऐ=अइ, औ=अउ, अं=अम्, अः=अह्

यसरी क्ष, त्र, ज्ञ, ऐ, औ, अं, अः ले एकभन्दा बढी वर्णको प्रतिनिधित्व गर्ने र यस्ताका लागि अन्य लिपिचिह्नबाट पनि काम चलाउन सकिने देखिन्छ ।

समग्रमा बुँदा (क) मा उल्लिखित लिपिचिह्नहरू जस्तो उच्चारण हुन्छन् त्यस्तै वर्णका लागि लेखिने हुँदा यस्ता अक्षरहरूको चिनारी गराउन सजिलो हुन्छ । यी वर्णहरूको उच्चारण गर्दै सोहीअनुसारका प्रत्येक लिपिचिह्नसँग ध्वन्यात्मक सम्बन्ध स्थापना गर्न सकिन्छ । यिनमा उच्चारण एक थरी, लिपिचिह्न अर्को थरी हुने सम्भावना कमै रहन्छ । तर बुँदा 'ख' मा उल्लिखित य, व लाई चाहिँ उच्चारणअनुसार सिकाउन त सकिन्छ तर यिनको प्रयोग अन्य स्थितिमा पनि हुने हुँदा छनोटमा केही कठिनाइ रहिरहन्छ । यस्तै ञ, ण ले पनि उच्चारणलाई पछ्याएको पाइँदैन । एउटा 'स' ध्वनिका लागि श, ष चिह्नसमेत हुँदा लेखाइमा अलमल हुनु स्वाभाविक छ । यस्तै स्थिति ह्रस्व र दीर्घ लेख्ने आदि कुरामा औंल्याउन सकिन्छ ।

**सारांश**

नेपाली परम्परागत वर्णमालामा ४९ ओटा लिपिचिह्न छन् । तिनमध्ये ३३ ओटा र कतिपय स्थितिमा उच्चारणको अलग पहिचान लिन सक्ने हुँदा य, व लाई पनि समावेश गर्दा जम्मा ३५ लिपिचिह्नले उच्चारणका दृष्टिमा नेपाली वर्णमालाको वास्तविक प्रतिनिधित्व गरेको पाइन्छ । यीबाहेक ञ, ण, श, ष, ई, ऊ, ऋ, क्ष, त्र, ज्ञ, ऐ, औ, अं, अः जस्ता लिपिचिह्नहरूमध्ये केही अतिरिक्त प्रकृतिका र केहीचाहिँ संयुक्त (एकभन्दा बढी वर्णको प्रतिनिधित्व गर्ने) प्रकृतिका देखिन्छन् । अतः बालकहरूलाई अक्षर-चिनारी र लेखनका क्रममा उक्त कुरामा विशेष ध्यान दिनुपर्ने हुन्छ ।

**आत्ममूल्याङ्कन**

१) परम्परागत नेपाली वर्णमाला स्वरव्यञ्जनका लागि कतिओटा लिपिचिह्न छन् ?
२) मौखिक भाषाको सामान्य उच्चारण-प्रवृत्ति प्रतिनिधित्व गर्ने लिपिचिह्नहरू कुन-कुन हुन् ?
३) य, व वर्णको उच्चारण कुन-कुन स्थितिमा वैकल्पिक हुन्छ ?
४) लेख्ता एकभन्दा बढी लिपिचिह्नहरू कुन-कुन ध्वनिका लागि उपलब्ध छन् ?
५) लिखित भाषा र उच्चार्य भाषालाई फरक पार्न सक्ने लिपिचिह्नहरू कुन-कुन हुन् ?

६) हलन्त हुँदा एक किसिमको र अजन्त हुँदा अर्को किसिमको उच्चारण हुने लिपिचिह्न कुन हो ?

(क) क्ष (ख) त्र (ग) ञ (घ) य

७) कुन लिपिचिह्न व्यञ्जनसहित उच्चारण हुन्छ ?

(क) औ (ख) ऐ (ग) ऊ (घ) ऋ

८) वर्णमाता सिकाउँदा कुन वर्णलाई गल्ती उच्चारण गरेको देखिन्छ ?

(क) ऋ (ख) ष (ग) श (घ) ह

९) कस्तो अक्षर चिनाउन सजिलो हुन्छ ?

(क) उच्चारणअनुसार लेखिने, (ख) सग्लौं आकार भएको,

(ग) एकमन्दा बढी विकल्प भएको, (घ) एकमन्दा बढी वर्ण संयुक्त भएको ।

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नू : परम्परागत वर्णमाला-तालिका ।

प्रश्न २ का लागि हेर्नू : उच्चारण र लेखाइमा भिन्नता नहुने वर्णहरूको तालिका ।

प्रश्न ३ का लागि हेर्नू : वैकल्पिक उच्चारण हुने वर्णहरू ।

प्रश्न ४ का लागि हेर्नू : ग, घ र ङ बुँदा ।

प्रश्न ५ का लागि हेर्नू : 'ख' देखि 'ढ' सम्मका बुँदा ।

प्रश्न ६ को उत्तर– ग

प्रश्न ७ को उत्तर– घ

प्रश्न ८ को उत्तर– ख

प्रश्न ९ को उत्तर– क

## पाठ १९ :

# सग्ला अक्षर चिनारी तथा अक्षर लेखन-शिक्षण

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

१) सग्ला अक्षरहरू चिन्ने तरिकाहरू बताउन,

२) बालकहरूलाई अक्षरहरू चिनाउने तथा लेखाउने विभिन्न तरिकाहरूको वर्णन गर्न ।

**विषयवस्तु**

(क) बालकहरूलाई सग्ला अक्षर चिनाउनुभन्दा पहिले शिक्षकले वर्णमालाका अक्षरहरूको आकार-प्रकारअनुसार तिनको सरल-जटिल क्रम निश्चित गर्नु उपयुक्त हुन्छ । किनभने परम्परागत वर्णमालामा अक्षरहरूलाई तिनको आकार-प्रकारको सरलता-जटिलताअनुसारको क्रममा प्रस्तुत गरिएको हुँदैन । आकारप्रकार चिन्ने कुरामा बालकहरूको प्रवृत्ति सरलबाट जटिल, ज्ञातबाट अज्ञाततिर बढ्दै जाने हुँदा अक्षर चिनारी गराउँदा पनि सो कुरामा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ । यसकारण वर्णमालाको परम्परागत क्रमलाई नबिगारी 'क' देखि वा 'अ' देखि अक्षरहरूको चिनारी गराउनुभन्दा तिनका आकारप्रकारको गहिराइका साथ अध्ययन गरी खास किसिमको क्रम निर्धारण गर्न सकिने देखिन्छ ।

(ख) नेपाली वर्णमालाका अक्षरहरूको आकारप्रकारको अध्ययन गर्दा यिनको बनोटमा सामान्यतः ठाडो : ।, तेर्सो : –, गोलो : ०, आधा गोलो (दायाँ र बायाँ फर्केको) : ( ) र छड्के : \ / धर्काहरूको उपयोग भएको पाइन्छ । सर्वप्रथम बालकहरूलाई यी धर्काहरूको आकारप्रकार चिन्ने अभ्यास गराउनु आवश्यक छ । अक्षर बनाउँदा उक्त धर्काहरू कतै पूरा र कतै आधा वा आंशिक रूपमा उपयोगमा आउने हुन्छन् । यस्ता धर्काहरूलाई ठूल-ठूला आकारमा लेखी देखाउन सकिन्छ । साथै ठूल-ठूला आकारका धर्काहरूलाई मोटो कागज (कार्डबोर्ड पेपर) का टुक्राहरूमा लेखी टुक्रेपत्ती बनाउन सकिन्छ र बालकहरूलाई ती टुक्रेपत्तीमा लेखिएका आकारहरू पाटीमा, श्यामपाटीमा वा अभ्यासकापीमा कोर्ने, लेख्ने, सार्ने अनुकरण अभ्यासहरू प्रशस्त गराउनु आवश्यक छ ।

(ग) अक्षरहरूको बनोटमा संलग्न हुने धर्काहरू चिन्ने र लेख्ने बारम्बार अभ्यास गराइसकेपछि वर्णमालाका अक्षरहरूको आकारप्रकारलाई हेरी बालकहरूलाई अक्षरचिनारी गर्न र अक्षरलेखनसमेत सुगम हुने दृष्टिले सरलताबाट जटिलतातिर जाने मनोवैज्ञानिक सिद्धान्तअनुरूप अक्षरहरूको छुट्टै सूची बनाउन सकिन्छ । किनभने वर्णमालाका अक्षरहरूको आकारप्रकार हेर्दा 'क' बाट अक्षर सिकाउनु मनोवैज्ञानिक क्रमको विरुद्ध पनि देखा पर्छ । 'क' सिकाउनुभन्दा पहिले त, व जस्ता अक्षर सिकाउन सकिएमा 'क' सिकाउन सजिलो हुने देखिन्छ । तसर्थ बालकहरूको सिकाइ-प्रक्रियालाई ध्यानमा राख्ता अक्षरहरूको शिक्षणलाई छिटोछरितो बनाउनका लागि यिनको क्रमलाई पुनर्निर्धारण गर्नु उचित हुन्छ । यस क्रममा वर्णमालाका केही वर्णहरूको बनोटलाई आधार मानी तिनबाट बन्न सक्ने अक्षरहरू (ती वर्णहरूको आकारलाई अनुसरण गरी चिन्न र लेख्न सजिलो हुने अक्षरहरू) लाई राखी शिक्षणीय प्रयोजनका दृष्टिले यहाँ एउटा छुट्टै वर्गीकरण प्रस्तुत गरिएको छ । (हेर्नू : अधिकारी,...)

**आधार-अक्षर र त्यसबाट बन्न सक्ने अक्षरहरू**

| **आधार-अक्षर** | **बन्न सक्ने अक्षरहरू** |
|---|---|
| ग | म, भ, फ |
| | ण, य, थ |
| त | न, ल, ज, ञ |
| | व, ब, च, क |
| ट | ठ, ढ, द, क्ष |
| | ड, ङ, ह, इ, ई |
| र | ए, ऐ |
| | स, श, ख |
| प | ष, फ |
| | घ, ध, छ |
| उ | ऊ, अ, आ, ओ, औ, अं, अः |
| त्र | ज्ञ, ऋ |

(घ) उल्लिखित वर्गीकरण तालिकाका निम्नानुसारका विशेषता छन् :

(१) खास किसिमका अक्षर जान्यो भने तिनका आधारमा अरू अक्षरहरू चिन्न र लेख्न सुगम हुन्छ ।

(२) आधार-अक्षर जानेपछि तिनको बनोटलाई आधार बनाई अरू अक्षर सिक्ता पहिले सिकेको अक्षरको चिनारी र लेखनको पनि पुनः अभ्याससमेत हुने हुँदा यसमा भाषा-शिक्षणको चक्रीय सिद्धान्तअनुरूप सिकाइ हुने देखिन्छ । जस्तै 'ग' सिकेपछि म सिक्ता केही रूपमा 'ग' को आकृति बनाउने अभ्यास हुनुका साथै त्यसलाई 'म' को आकृतिसम्म पुऱ्याउने क्रममा थप नयाँ अभ्यास पनि हुन जान्छ । म पछि भ र त्यसपछि फ बनाउँदा प्रत्येक पहिलो अक्षरको केही आवृत्ति हुनुका साथै नयाँ कुरा केही न केही थपिदै जाने हुँदा यस्तो सिकाइ भाषा-शिक्षण सिद्धान्तको बिलकुलै अनुकूल हुने देखिन्छ ।

(३) उल्लिखित आधार-अक्षरको सर्वप्रथम चिनारी र लेखन गराई क्रमशः अन्य अक्षरमा बालकहरूलाई अभ्यास गर्नतिर प्रवृत्त गराएमा उनीहरूले अक्षर छिटै लेख्न सिकेको कुरा अध्ययन र अनुभवले प्रमाणित भइसकेको छ । यस किसिमको तालिका अनुसरण गरी बालकहरूमा अक्षरलेखनको सामान्य अभ्यास गराइसकेपछि अन्त्यमा परम्परागत वर्णमालाकै क्रममा अक्षरलेखनका पुनरावृत्ति अभ्यासहरू गराउन पनि सकिने हुँदा उल्लिखित तालिकालाई परम्परागत वर्णमालाको सट्टाका रूपमा नमानी सहयोगीका रूपमा ठानेर उपयोग गर्नु व्यावहारिक देखिन्छ । तसर्थ परम्परागत वर्णमालाको तालिका र यहाँ सिकाइएको तालिका परस्पर विरोधी नभई एक-अर्काका पूरक हुन सक्छन् । यस्ता दुवै किसिमका अक्षर तालिकालाई बाक्लो कागजमा ठूला-ठूला लेख र अक्षरमा कक्षाको सामुन्ने टाँगी उपयोग गर्न सकेमा अझ प्रभावकारी हुन्छ । यस क्रममा आधार-अक्षरसँग सम्बन्धित तालिका अक्षरलेखनको अभ्यासका लागि र परम्परागत वर्णमालाको तालिका अक्षरपठनका लागि विशेष उपयोगी हुने देखिन्छन् ।

(ङ) अक्षर-चिनारी र अक्षर-लेखनको अभ्यासका क्रममा शिक्षकले निम्नलिखित तयारी गर्नु आवश्यक हुन्छ :

(१) सग्लो अक्षर भएका शब्दहरू शिक्षकले पाठ्यपुस्तक तथा आफ्नै अनुभवबाट समेत सङ्कलन गर्ने । उक्त शब्दहरू सङ्कलन गर्दा ठोस वस्तुहरू जनाउने र बालकको अनुभवले भेट्टाउने शब्दहरूलाई विशेष महत्त्व दिने । जस्तै; गमला, मकै, भकुन्डो, झन्डा, थपडी, घर, चरो आदि । सङ्कलित शब्दहरूको पहिलो अक्षर

मात्रा नतागेको हुनुपर्ने कुरामा विशेष ध्यान दिनु आवश्यक छ ।

(२) उल्लिखित किसिमका ठोस वस्तु जनाउने शब्दहरूका लागि विभिन्न स्रोतबाट (पत्रपत्रिका, पोस्टर आदिबाट) खोजी चित्र सङ्कलन गर्ने वा बनाउने ।

(३) शिक्षकले बाक्लो कागजलाई उपयुक्त ढङ्गले स-साना टुक्रामा काट्ने र प्रत्येक टुक्रा कागजमा एउटा-एउटा अक्षर लेखी अक्षरपत्तीहरू बनाउने र अक्षरपत्तीलाई उपयुक्त टुक्रामा काटी टुक्रे अक्षर बनाउने ।

(४) टुक्रे अक्षरलाई जोडी सिङ्गो अक्षर बनाई देखाएअनुसार विभिन्न टुक्रे अक्षरबाट सिङ्गो अक्षर बनाउन लगाउने ।

(५) अक्षरहरूको उच्चारण गर्दै जाने र सोअनुसारका अक्षरपत्ती खोजी देखाउन लगाउने ।

(६) अक्षरपत्ती देखाउँदै जाने र उक्त पत्तीमा लेखिएका अक्षर भन्न लगाउने ।

(७) सङ्कलित शब्दहरूलाई उपयोग गरी गमलाको 'ग', मकैको 'म' आरम्भिक अक्षर सग्ला भएका शब्दहरूबाट अक्षर चिनाउँदा शब्दपत्ती र तत्सम्बन्धी वस्तु जनाउने चित्रहरू पनि प्रस्तुत गर्नुपर्ने हुँदा यस्ता चित्रहरू पनि शिक्षकले आफैँ बनाउने वा सङ्कलन गर्ने ।

(८) विभिन्न सग्ला अक्षर प्रयोग भएका शब्दहरू एक-एक गरी श्यामपाटीमा लेखी ती शब्दका अगाडि, बीच वा अन्त्यमा प्रयोग भएका कुनै सग्ला अक्षर उच्चारण गरिदिने र शिक्षण गर्दा उच्चरित अक्षरमा चिनो दिने वा देखाउन लगाउने ।

(९) डिको, ठाडो धर्को, छड्के धर्को दियाइ र गोलाइ आदिका आधारमा सग्ला अक्षरको आपसी भिन्नताका विषयमा छलफल गर्ने ।

(१०) शिक्षकले बिन्दु-बिन्दु वा थोप्लो-थोप्लोद्वारा एक-एक गरी अक्षरहरूको आकृति बनाइदिने र उक्त आकृति विद्यार्थीहरूलाई जोड्न वा भर्न लगाई अक्षरहरूको पूर्ण अक्षर बनाउन लगाउने । जस्तै; अ ज घ ट

(११) कुनै अक्षर लेखाउनुभन्दा पहिले त्यसलाई टुक्राटुक्रामा लेख्न लगाउने । जस्तै; 'म' लेख्नु छ भने म गरी विभिन्न चरणमा अभ्यास गराउँदै लगी पूरा गराउने । उक्त क्रममा अक्षरपत्तीहरू पनि उपयोग गर्ने ।

(१२) अक्षरपत्तीको उपयोग गरी सोहीअनुसारका अक्षरहरू लेखाउने ।

(१३) अक्षरतालिका उपयोग गरी उक्त तालिकामा लेखिएअनुसारका क्रममा अक्षरहरू लेखाउने ।

(१४) हस्तलेख गराउने अर्थात् नमुना अक्षर वा शब्द दिई तिनलाई धेरै पल्ट सार्न लगाउने ।

(१५) अक्षरको श्रुतिलेखन गराउने ।

(१६) सग्ला अक्षरले बनेका शब्दले बुझाउने चित्र वा वस्तु विद्यार्थीहरूलाई देखाई तिनको नाम लेख्न लगाउने ।

(१७) अक्षर लेखाउँदा विद्यार्थीहरूलाई कठिनाइ परेका अक्षरहरूको सूची बनाउने र उक्त अक्षरहरू लेखनमा विशेष अभ्यास गराउने तथा अक्षर चिनारीसम्बन्धी कमजोरीले अक्षर-लेखनमा प्रभाव परेको भए पहिले अक्षर-चिनारीकै विशेष अभ्यास गराएर मात्र लेखनको अभ्यास गराउनुपर्ने तरिका अपनाउने जस्तै; आकारका दृष्टिले मात्र कठिनाइ पर्ने अक्षरहरू : क, फ, ध, क्ष, श आदि र लेखाइको ढङ्गका दृष्टिले सन्देह हुने अक्षरहरू : भ / म, ढ / द, घ / छ आदि ।

(१८) बालबालिकाहरूको हस्त-सञ्चलनात्मक क्षमता तथा हात र आँखाको समन्वय मिलाउने क्षमतास्तर तथा अक्षर-लेखनमा त्यसले पार्ने प्रभावबारे सहभागीहरूका बीच कक्षामा छलफल गराउने ।

(१९) अक्षर डिको दिई लेख्दा र डिको नदिई लेख्दाको स्थिति तथा त्यसको प्रभावका विषयमा विभिन्न उदाहरणका आधारमा छलफल गराउने, जस्तै; भकारी, मकै, घर, धनु आदि ।

(२०) अक्षर-लेखनमा विद्यार्थीहरूले प्राप्त गरेको क्षमता जाँच्न सग्ला वा संयुक्त अक्षरहरूका शब्द भएका

वाक्यहरू शिक्षकले भनिदिने र लेख्न लगाउने वा पाठ्यपुस्तकबाट शब्द वा वाक्यहरू सार्न लगाउने र त्यसको अवलोकन गर्ने ।

**सारांश**

बालकहरूलाई अक्षरचिनारी र अक्षरलेखन गराउने क्रममा सर्वप्रथम शिक्षकले अक्षरहरूको बनोटमा संलग्न ठाडो, तेर्सो, गोलो, आधा गोलो, छड्के आदि धर्काहरू बालकहरूलाई कोर्न, सार्न र लेख्ने अभ्यास गराउनुपर्छ । साथै शिक्षकले परम्परागत वर्णमालाका अक्षरहरूको आकारप्रकारको अध्ययन गरी तिनको सरल-जटिल क्रमअनुसारको तालिका वा सूची तयार गर्नु आवश्यक छ । त्यसपछि उल्लिखित तालिका वा सूचीलाई आधार बनाई क्रमशः अक्षरपत्ती, टुक्रे अक्षरपत्ती, शब्दपत्ती र चित्रहरूको उपयोग गरी अक्षर चिन्ने र लेख्ने अभयास गराउने गर्नुपर्छ । यस क्रममा थोप्ला-थोप्लाहरू (बिन्दु-बिन्दु) दिई अक्षरहरूको आकार भर्न लगाउने, टुक्रा (अपूरा) अक्षरलाई पूरा गर्न लगाउने, हस्तलेखन तथा श्रुतिलेखन आदिका माध्यमबाट अक्षरलेखनको बारम्बार अभ्यास गराउनु आवश्यक हुन्छ ।

**आत्ममूल्याङ्कन**

(१) अक्षरहरूको बनोटमा के-कस्ता धर्काहरू संलग्न रहेका पाइन्छन् ?

(२) परम्परागत वर्णमालाकै क्रमअनुसार अक्षर सिकाउँदा के कठिनाइ आइपर्छ ?

(३) सरल-जटिल क्रमअनुसार अक्षर सिकाउन आधार-अक्षर र त्यसबाट बन्ने अक्षरहरूको तालिकाले के कस्तो मद्दत गर्छ ?

(४) अक्षर चिनाउने प्रमुख तरिकाहरू के हुन सक्छन् ?

(५) अक्षर लेखाउने प्रमुख तरिका के हुन सक्छन् ?

(६) कुन अक्षर पहिले सिकाउनु ठीक हुन्छ ?

(क) द (ख) ढ (ग) इ (घ) ह

(७) अक्षर लेख्ने अभ्यासमा सबभन्दा जटिल अक्षर कुन मानिन्छ ?

(क) म (ख) भ्र (ग) थ (घ) ण

(८) तलका अक्षरहरूमा सरल-जटिलक्रम नमिलेको समूह कुन हो ?

(क) र, ए, ऐ (ख) उ, अ, आ

(ग) ग, म, भ (घ) त, स, व

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नू : दोस्रो अनुच्छेद ।

प्रश्न २ का लागि हेर्नू : तेस्रो अनुच्छेद ।

प्रश्न ३ का लाग हेर्नू : आधारअक्षरहरूको तालिका र त्यसपछिका बुँदाहरू ।

प्रश्न ४ का लागि हेर्नू : 'ङ' अन्तर्गतका १–९ बुँदाहरू ।

प्रश्न ५ का लागि हेर्नू : 'ङ' अन्तर्गतका १०–२० बुँदाहरू ।

प्रश्न ६ को उत्तर– ख

प्रश्न ७ को उत्तर– ग

प्रश्न ८ को उत्तर– घ

# मात्रासहितका अक्षरचिनारी तथा अक्षरलेखन

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

(क) मात्रा लागेका अक्षरहरू चिन्ने तरिकाहरू बताउन,

(ख) बालकहरूलाई उक्त अक्षरहरू चिनाउने तथा लेखाउने तरिकाहरूको वर्णन गर्न ।

**विषयवस्तु**

मात्रासहितका अक्षरहरू बालकलाई चिन्न सिकाउनुभन्दा पहिले वर्णमालाका अक्षरमा मात्रा लागेका अक्षरहरू कसरी बन्दछन्, शिक्षकले सो थाहा पाउनु आवश्यक हुन्छ । किनभने देवनागरी लिपिका वर्णमालामा मात्रा जनाउने चिह्नहरू अलग्गै छन् । तिनमा आ, इ, ई, उ, ऊ, ए, ऐ, ओ, औ जस्ता स्वरका लागि निम्नानुसारका मात्राचिह्नहरूको उपयोग हुन्छ :

| स्वर | मात्राचिह्न | उदाहरण | |
|---|---|---|---|
| आ | = ा | क+ा (आ)=का | काका, मामा, पापा |
| इ | = ि | ट+ि (इ)=टि | टिन, चिल, शिर |
| उ | = ु | म+ ु (उ)=मु | मुख, लुगा, गुफा |
| ऊ | + ू | ज+ ू (ऊ)=जू | जून, दूध, धूप |
| ए | = े | त+ े (ए)=ते | तेल, खेल, केटी |
| ऐ | = ै | क+ ै (ऐ)=कै | मकै, थैली, पैसा |
| ओ | = ो | झ+ो (ओ)=झो | झोला, बोरा, गोडा |
| औ | = ौ | फ+ौ(औ)=फौ | फौज, मौरी, चौतारी |

यसरी विभिन्न अक्षरमा मात्राचिह्नहरू लाग्दा तिनको उच्चारण र आकारमा पनि भिन्नता आउनु स्वाभाविक छ । बालकहरूलाई सग्ला अक्षर चिनाइसकेपछि मात्रा लागेका अक्षरहरू चिन्न प्रवृत्त गराउनुपर्छ । यस क्रममा व्यञ्जनवर्णहरूमा स्वरलाई जनाउने विभिन्न मात्राचिह्नहरू लाग्छन् । तिनमध्ये आ, ओ, औ मा 'अ' स्वर लागेका ा, ो, ौ चिह्नले नै काम गरेका हुन्छन् भने इ, ई, उ, ऊ, ए, ऐ मा चाहिँ अलग्गै चिह्नहरू प्रयोगमा आएको कुरा उल्लिखित तालिकाबाट स्पष्ट हुन्छ । स्वर र त्यसलाई प्रतिनिधित्व गर्ने मात्राचिह्नले एउटै काम गर्ने हुँदा बालकहरूलाई तिनका बीचको सम्बन्ध जनाउने सिकाइका आधारमा अभ्यास गराउनुपर्ने हुन्छ । यसका लागि निम्नानुसारका तरिकाहरू अपनाउन सकिन्छ :

(१) स्वर र मात्राचिह्नले एउटै उच्चारणको प्रतिनिधित्व गरेको देखाई स्वरका ठाउँमा मात्राचिह्न लेख्ने अभ्यास गराउने । जस्तै;

इ = ि, उ =......, ओ =......

(२) मात्राचिह्नहरू मात्रा दिई तिनले प्रतिनिधित्व गर्ने स्वरअनुसार उच्चारण गर्न लगाउने ।

(३) मात्राहरूको टुक्रेपत्ती बनाई तिनलाई सग्ला व्यञ्जनका अक्षरपत्तीसँग एकपल्ट जोडेर उच्चारण गर्न लगाउने र अर्कोपल्ट नजोडी उच्चारण गर्न लगाउने, अनि त्यसबाट देखिने फरक ठम्याउन लगाउने ।

(४) विभिन्न सग्ला व्यञ्जनवर्णहरू दिई तिनमा विभिन्न मात्रा लगाई एउटै ढाँचामा मात्रासहितका अक्षरहरू बनाउन लगाउने । जस्तै;

क=का, कि, की, कु, कू, के, कै, को, कौ

ख=.................................................

ग=.................................................

(५) एउटै मात्रा लगाउँदा पनि अक्षरको आकारअनुसार भिन्नता देखिने ठाउँमा सोहीअनुसारका अक्षरपत्तीका साथ विशेष अभ्यास गराउने । जस्तै;

कु, हु, रु, खु

(६) एउटै मात्रा लागेका शब्दहरू खोजी लेख्ने अभ्यास गराउने । जस्तै;

खाजा, बाजा, राजा

खरी, घरी, दरी

खुरुखुरु, सुरुसुरु, घुरुघुरु

(७) विभिन्न मात्रा लागेका शब्दहरूको श्रुतिलेख गराउने । बालकहरूलाई उनीहरूले देखेजानेका वस्तुहरूको नाम लेख्न लगाउने ।

**सारांश**

बालकहरूलाई मात्रासहितका अक्षरको चिनारी तथा लेखनका क्रममा सग्ला व्यञ्जन अक्षरमा के-कस्ता मात्रा लाग्दछन् भन्ने कुरा शिक्षकलाई थाहा हुनु आवश्यक छ । व्यञ्जनवर्णमा स्वरलाई जनाउने विभिन्न मात्राचिह्नहरू लाग्ने हुँदा तिनका बीचको सम्बन्ध ठम्याउन र सोहीअनुसार मात्राहरूको प्रयोग गर्न समर्थ बनाउन बालकहरूलाई मात्रासहितका अक्षरहरू चिन्ने र लेख्ने अभ्यास गराउनुपर्छ । उक्त अभ्यास गराउँदा स्वर र तिनको प्रतिनिधित्व गर्ने मात्राको पहिचानसम्बन्धी अभ्यासका साथै विभिन्न व्यञ्जन-वर्णमा मात्राहरू लगाउँदा हुने अक्षरको आकार र उच्चारणको अभ्याससमेत गराउनुपर्छ । यस क्रममा मात्रा लागेका अक्षरपत्ती र मात्राका टुक्रेपत्तीहरूको उपयोग गर्नु बेस हुन्छ ।

**आत्ममूल्याङ्कन**

१) देवनागरी लिपिमा कतिओटा मात्राचिह्न छन् ?

२) कुन-कुन मात्राचिह्नहरू स्वरवर्णको आकारसँग मिल्दाजुल्दा छन् ?

३) मात्रासहितका अक्षर सिकाउँदा के-कस्ता तरिकाको उपयोग गर्नुपर्छ ?

४) मात्रासहितका अक्षरहरूको रूपावली-ढाँचा कसरी बनाउन सकिन्छ ?

५) कुन वर्णमा उकार मात्रा लगाउँदा अक्षरको आकार भिन्न हुन्छ ?

(क) प (ख) द (ग) त्र (घ) र

६) स्वरवर्णमालासँग मिल्दो मात्रा कुन हो ?

(क) ि (ख) ी (ग) ो (घ) े

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नू : मात्राचिह्नका तालिका ।

प्रश्न २ का लागि हेर्नू : दोस्रो अनुच्छेद ।

प्रश्न ३ का लागि हेर्नू : बुँदा १–७ ।

प्रश्न ४ का लागि हेर्नू : बुँदा ४ ।

प्रश्न ५ को उत्तर– घ

प्रश्न ६ को उत्तर– ग

पाठ २१ :

# संयुक्त अक्षर-शिक्षण

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाइं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

(१) संयुक्त अक्षरहरूको आकारप्रकार पहिल्याउन,

(२) बालकहरूलाई उक्त अक्षरहरू चिनाउने तथा लेखाउने तरिकाहरूको वर्णन गर्न ।

**विषयवस्तु**

(क) बालकहरूलाई संयुक्त अक्षरहरू सिकाउनुभन्दा पहिले ती अक्षरहरू के कसरी बनेका हुन्छन् भन्ने कुरा शिक्षकले जान्नु आवश्यक छ । तिनको आकारप्रकार ठम्याउने क्रममा शिक्षकले निम्नानुसारका संयुक्त अक्षरहरूको लेखाइको ढाँचा अवलोकन गर्ने र तिनको आकारप्रकारबारे छलफल गर्ने गर्नुपर्छ ।

- अक्षरको अन्त्यमा ठाडो धर्कोमा टुङ्गिने अक्षरसँग जोडिई बन्ने संयुक्त अक्षर :
  प्य (प्याज), ल्ट (बाल्टी), म्व (थम्वा), न्ज (गन्जी), प्प (टुप्पो)
- ठाडो धर्कोमा नटुङ्गिने अक्षरसँग जोडिई बन्ने संयुक्त अक्षर : क्ल (बाक्लो), भ्य (भ्याल), फ्य (फ्याउरो)
- खुट्टा काटेर लेखिने संयुक्त अक्षर :
  ङ्ल (नाङ्लो), पङ्खा, घङ्गा, ट्न (काट्नु)
  यस्तो तरिकाबाट धेरैजसोको संयुक्त अक्षर लेख्न सकिन्छ । त्यसैले यसलाई सामान्य तरिका मान्न सकिन्छ ।
- दुई किसिमले लेखिने संयुक्त अक्षर :
  क्त/क्त (शक्ति/शक्ति), द्य/द्य (विद्या/विद्या), द्द/द्द (भद्दा/भद्दा), त्त/त्त (बत्ती/बत्ती), ट्ट/ट्ट (बट्टा)
- 'र' वर्णको विभिन्न किसिमको संयुक्ति :
  सर्प, पर्व,
  राम्रो, झुप्रो, बाख्रो
  र्‍याल, गर्‍यो
  कृष्ण, कृषक
  श्री, राष्ट्र

(ख) पाठ्यपुस्तक र आफ्नो अनुभवबाट समेत विभिन्न किसिमका संयुक्त अक्षरहरू भएका शब्दहरूको सङ्कलन गरी सूची बनाउने र उल्लिखित विभिन्न आधारमा तिनमा प्रयुक्त संयुक्त अक्षरहरूको वर्गीकरण गर्ने तथा सोबारे छलफल गर्नु उपयुक्त हुन्छ ।

(ग) बालकहरूलाई संयुक्त अक्षरहरूको शिक्षण गराउँदा निम्नानुसारका तरिकाहरू अपनाउनुपर्छ :

- विभिन्न किसिमका संयुक्त अक्षरहरूको सूची बनाई तिनको सरल-जटिलक्रम निर्धारण गर्ने र उक्त संयुक्त अक्षरहरू प्रयोग भएका विभिन्न वस्तु तथा नाम जनाउने शब्दहरूका आधारमा तिनको लेखनको अभ्यास गराउने ।
- अभ्यास गराउँदा अक्षरहरूको टुक्रेपत्ती र अक्षरपत्तीको समेत उपयोग गरी संयुक्त अक्षरको आकारप्रकारको

राम्ररी पहिचान गराउनुपर्छ । यस क्रममा संयुक्त अक्षरलाई पाटी, श्यामपाटी वा कापीमा ठूल-ठूला आकारमा लेखिदिई सोहीअनुसार लेख्ने अनुकरण गराउनु बेस हुन्छ ।

- संयुक्त अक्षरहरू र सो प्रयोग भएका शब्दहरूको उच्चारण गर्न लगाउँदै लेख्ने अभ्यास गराउनु आवश्यक छ ।
- एकभन्दा बढी ढङ्गले लेखिने संयुक्त अक्षरहरूलाई अक्षरपत्ती र शब्दपत्तीको प्रयोग गरी पहिल्याउन लगाउने । दुई किसिमले लेखिने संयुक्त अक्षरमा जुन बढी प्रचलित हुने ढङ्ग छ, बालकहरूलाई त्यसैको अनुसरण गर्न लगाउनु बेस हुन्छ । जस्तै; चङ्गा र चङ्गामध्ये पहिले चङ्गा लेख्न सिकाउनु उपयुक्त मानिन्छ ।
- विभिन्न वस्तुका नाम जनाउने संयुक्त अक्षर भएका शब्दहरू बालकहरूलाई आफ्नो अनुभव र सम्झनाका आधारमा लेख्न लगाउने ।
- पाठ्यपुस्तकका पाठहरूबाट पाठका अंशहरू सार्न लगाउने ।

(घ) संयुक्त अक्षर सिकाउने क्रममा शिरबिन्दु तथा चन्द्रबिन्दु र शब्दको अन्त्यमा लेखिने हलन्तको प्रयोगको समेत अभ्यास गराउनुपर्छ । कतिपय शब्दमा शिरबिन्दु ङ्, ञ्, ण्, न्, म् को सट्टा प्रयोगमा आउँछ तर यसको उच्चारणचाहिँ 'म्' को नजिक हुने हुन्छ । त्यसकारण 'म्' का लागि मात्र यसको प्रयोग प्रायः उचित ठानिन्छ । जस्तै; चम्चा=चंचा तर सन्चैलाई 'संचै', 'कान्छा' लाई कांछा लेखिएमा ठीक मानिँदैन । चन्द्रबिन्दुको उपयोग चाहिँ नाके स्वरका लागि हुन्छ र यसको सट्टा शिरबिन्दुको प्रयोग गरेमा उच्चारण र अर्थमा समेत फरक पर्न सक्छ । तसर्थ चन्द्रबिन्दुको प्रयोगमा विशेष सावधानी आवश्यक छ । जस्तै; काठ/काँठ, गए/गएँ ।

- शिरबिन्दु र चन्द्रबिन्दुको चिनारी र लेखनको अभ्यास गराउँदा पनि 'ग' बुँदामा उल्लिखित तरिकाहरूकै उपयोग गर्न सकिन्छ ।
- उच्चारणअनुसार अन्तिमगा हलन्त (खुट्टो काटेर) लेखिने शब्दहरू कतिपय स्थितिमा सोअनुसार नलेखिएमा अर्थ फरक पर्न जाने हुँदा यिनको पनि छुट्टै अभ्यास गराउनुपर्छ । जस्तै;
  बसिन् / बसिन, पढिन्, / पढिन

**सारांश**

एकभन्दा बढी वर्ण जोडिएर लेखिने संयुक्त अक्षरहरू विभिन्न आकारप्रकारका हुन्छन् । कुनै संयुक्त मूल अक्षरमा रहेको ठाडो धर्को हटाएर कुनै चाहिँ मूल अक्षरको केही अंश मात्र हटाएर लेखिन्छ । यस्तै कुनै खुट्टा काटेर (अथवा अक्षरको अन्त्यमा छड्के चिनो दिएर) लेखिने हुन्छन् । कुनै भने उकभन्दा बढी किसमले लेखिन्छन् । अझ 'र' का संयुक्त अक्षरहरू लेखाइका साथै उच्चारणका आधारमा पनि विभिन्न हुन्छन् । यस्तै शिरबिन्दु, चन्द्रबिन्दु र शब्दान्तमा हलन्तको स्थितिलाई पनि ध्यानमा राखी शिक्षकले संयुक्तहरूलाई सरल-जटिल क्रम निर्धारण गरी चिनाउने तथा लेख्न लगाउने विभिन्न किसिमका अभ्यास गराउनु आवश्यक छ ।

**आत्ममूल्याङ्कन**

(१) संयुक्त अक्षरहरू के कति किसिमले लेखिन्छन् ?

(२) संयुक्त अक्षर कसरी सिकाउनुपर्छ ?

(३) खप्टिएर लेखिएको संयुक्त अक्षर कुन शब्दमा छ ?

(क) पत्ती (ख) कान्छा

(ग) गट्टा (घ) पङ्खा

(४) दुइटा अक्षर नछुट्टिएको संयुक्त अक्षर कुन हो ?

(क) भक्ति (ख) भट्टी

(ग) आँप (घ) रङ्ग

(५) एकैचोटि उच्चारण हुने संयुक्त अक्षर कुन शब्दमा छ ?

(क) स्याल (ख) खन्ती

(ग) बिर्को (घ) मन्दिर

(६) कुन संयुक्त अक्षर चिन्न सबभन्दा सजिलो हुन्छ ?

(क) अक्षर खप्टिएको (ख) खुट्टा काटिएको

(ग) ठाडो धर्को हटाएको (घ) आकार नछुट्टिएको

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नू : पहिलो अनुच्छेदअन्तर्गतका बुँदाहरू ।

प्रश्न २ का लागि हेर्नू : बुँदा 'ग' ।

प्रश्न ३ को उत्तर– ग

प्रश्न ४ को उत्तर– क

प्रश्न ५ को उत्तर– क

प्रश्न ६ को उत्तर– ख

एकाइ चार :

# सुनाइ-शिक्षण

पाठ २२ :

## सुनाइ-शिक्षणको आवश्यकता

**उद्देश्य**

यस पाठका अन्त्यमा तपाईं निम्नलिखित कुरा गर्न समर्थ हुनुहुनेछ :

क) सुनाइलाई भाषाको आधारभूत सीपका रूपमा ठम्याउन,

ख) शैक्षिक दृष्टिले सुनाइ-शिक्षणको आवश्यकता बताउन,

ग) व्यक्तिगत तथा सामाजिक गतिविधिमा सुनाइको महत्त्व बताउन ।

**विषयवस्तु**

सुनाइ भाषाको पहिलो आधारभूत सीप हो । बालक जन्मेपछि ऊ आफ्ना बाबुआमा र घरपरिवारका सदस्यहरू कुरा गरेको सुन्छ । उसको भाषाको पहिलो अनुभव यहीँबाट सुरु हुन्छ । बिस्तारै ऊ पनि त्यही भाषाका ध्वनि, शब्द, वाक्य तथा संरचना सिक्ने कोशिश गर्दै जान्छ । यसरी उसको भाषाको सिकाइको प्रारम्भ सुनाइबाटै हुन्छ ।

कतिपय शिक्षकहरू सुनाइ-शिक्षणको आवश्यकता देख्दैनन् । उनीहरूका विचारमा सुनाइ भाषा-विकासको स्वाभाविक प्रक्रिया हो । त्यसैले बालक आफ्नो उमेरसँगै यो सीपमा पारेपक्व हुँदैजान्छ । तर यो कुरा सत्य होइन । उसले आफै हासिल गरेको सुनाइको दक्षता धेरै नै सीमित हुन्छ र उसको दैनिक जीवनमा यो अपर्याप्त हुन्छ । फेरि व्यक्तिगत, परिवारगत, वातावरणगत, भाषिकागत आदि विभिन्न कारणले सुनाइमा कमीकमजोरीहरू रहिरहेका हुन्छन् । यिनको निराकरण योजनाबद्ध शिक्षणबाटै सम्भव हुन्छ ।

कक्षा-कार्यकलापका दृष्टिले पनि सुनाइ-सीपको महत्त्वपूर्ण भूमिका हुन्छ । विद्यालयमा विद्यार्थीले पढाइको क्षमता विकास नगरुन्जेल सुनाइमा नै निर्भर गर्नुपर्दछ । यस अवस्थामा सिकाइका सम्पूर्ण गतिविधिहरू यसैमा आधारित हुन्छन् । कक्षामा हुने प्रश्नोत्तर, छलफत, कुराकानी, संवाद, वादविवाद आदि कुरामा सहभागी बनेर आफ्नो बौद्धिक विकास गर्ने, मनोरञ्जन गर्ने अवसर सुनाइबाट नै प्राप्त हुन्छ ।

त्यसै गरी रेडियो, टेपरिकर्डर, टेलिभिजनजस्ता श्रव्य, श्रव्य-दृश्य यन्त्रहरूको उपयोग गरेर मनोरञ्जन गर्न, विभिन्न प्रकारका जानकारी लिन पनि सुनाइ नै आवश्यक हुन्छ ।

यसरी भाषिका बुँदाहरूका आधारमा हेर्दा सुनाइ-शिक्षणको आवश्यकता छर्लङ्ग हुन्छ । सुनाइमा दक्ष विद्यार्थीले मात्र भाषाका अन्य सीप र अन्य विषयमा समेत दक्षता हासिल गर्न सक्दछ । त्यसैले नेपाली पहिलो भाषा हुने तथा दोस्रो भाषा हुने दुवैथरी विद्यार्थीका लागि सुनाइ-शिक्षण गर्नुपर्दछ ।

**सारांश**

सुनाइ भाषाको पहिलो महत्त्वपूर्ण सीप हो । बालकले सुनाइबाटै सर्वप्रथम भाषाको अनुभव सुरु गर्दछ । सुनाइको दैनिक जीवनमा ठूलो आवश्यकता छ । भाषिक संरचनाको ग्रहण गरी भाषाका बोलाइ, पढाइ, लेखाइजस्ता सीप-विकासमा पनि सुनाइ-सीपले ठूलो भूमिका खेलिराखेको हुन्छ । अफ छोटकरीमा भन्ने हो भने सुनाइमा उपयुक्त दक्षता हासिल नगरी अन्य सीपमा दक्षता हासिल गर्न सकिँदैन । फेरि चाहे बोध-क्षमताको होस् वा बौद्धिक विकासका लागि होस्, चाहे मनोरञ्जनका लागि वा कक्षा सहभागिताका लागि, सुनाइ-शिक्षणको भूमिका नकार्न सकिँदैन ।

**आत्ममूल्याङ्कन**

१. बालकले भाषाको अनुभव कुन कुराबाट सुरु गर्दछ ? कसरी ?

२. सुनाइ-शिक्षणको आवश्यकता नदेख्नेहरूको धारणा के छ ? तपाईंलाई सो धारणा कस्तो लाग्छ ? किन ?

३. कक्षा-कार्यकलापमा सुनाइको के भूमिका छ ?

४. सुनाइ-शिक्षणबाट बौद्धिक विकास र मनोरञ्जनमा कस्तो मद्दत पुग्दछ ?

५. सञ्चारमाध्यमसँग सुनाइको के सम्बन्ध छ ?

**द्रष्टव्य :** आफ्ना साथीहरूसँग नेपाली भाषा पहिलो हुने र दोस्रो हुने विद्यार्थीका सुनाइसम्बन्धी कठिनाइहरूका बारेमा छलफल गरी एक अनुच्छेदको टिप्पणी तयार गर्नुहोस् ।

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्रश्न २ को उत्तरका लागि दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्रश्न ३ को उत्तरका लागि तेस्रो अनुच्छेदका सुरुका तीन वाक्य हेर्नुहोस् ।

प्रश्न ४ को उत्तरका लागि तेस्रो अनुच्छेदका अन्तिम दुई वाक्य तथा चौथो अनुच्छेद हेर्नुहोस् ।

प्रश्न ५ को उत्तरका लागि चौथो अनुच्छेद हेर्नुहोस् ।

## पाठ २३ :
# सुनाइ-शिक्षणका कार्यकलापहरू
## ध्वनिपहिचान

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्नलिखित कार्य गर्न सक्नुहुनेछ :
- सुनाइ-शिक्षणका मुख्यमुख्य कार्यकलापहरूको नाम बताउन,
- ध्वनिपहिचान-कार्यकलापको परिचय दिन,
- उक्त कार्यकलापका आधारमा सुनाइ-सीपको शिक्षण गर्न ।

**विषयवस्तु**

सुनाइ-शिक्षण गर्दा विभिन्न कार्यकलापहरू गराउन सकिन्छ । तर त्यस्ता कार्यकलाप विद्यार्थीको तह हेरी गराउनुपर्दछ । प्राथमिक तहमा बढी उपयोगी हुने प्रमुख कार्यकलापहरू हुन्- ध्वनिपहिचान, वर्णविभेदीकरण, वाक्यविभेदीकरण, श्रुतिबोध, श्रुतिरचना र श्रुतिलेख । यस पाठमा ध्वनिपहिचान-कार्यकलापको चर्चा गरिएको छ ।

विभिन्न वस्तु, जनावर, चीजबीज, पशुपक्षी, मानिस आदिको अनुकरण गरेर निकालिएको आवाजलाई चिन्न लगाउने कार्य नै ध्वनिपहिचान हो । यो कार्यकलाप सानासाना विद्यार्थीका लागि धेरै उपयोगी र रोचक पनि हुन्छ । यो कार्यकलापबाट विद्यार्थीमा ध्यान दिएर सुन्ने र विभिन्न किसिमका ध्वनिहरू छुट्याएर सुन्ने बानीको विकास हुन्छ । यो कार्यकलाप गराउँदा कक्षाको वातावरण शान्त हुनुपर्दछ । यो कार्यकलाप विभिन्न किसिमले गराउन सकिन्छ । जस्तै;

विद्यार्थीहरूलाई शान्त तुल्याई आँखा चिम्लन लगाउने र शिक्षकले अनेक किसिमका आवाज निकाल्ने । जस्तै; ताली बजाउने, गोठा बजार्ने, किताबका पाना फरफर गरी पल्टाउने, सुसेल्ने आदि । अनि विद्यार्थीलाई आँखा खोल्न लगाई प्रश्नोत्तर गराउने :

- सबभन्दा पहिलो आवाज केको थियो ?
- मैले सुसेल्नुभन्दा पहिले सुनाएको आवाज केको थियो ?
- तिमीहरूले अहिले सुनेको आवाजमध्ये कुनचाहिँ मीठो आवाज थियो ?

कक्षाका विद्यार्थीहरूलाई दुई समूहमा बाँडी एक समूहका विद्यार्थीहरूलाई आँखा चिम्लन लगाउने । अर्को समूहका विद्यार्थीमध्येबाट पालैपालो गरी कुनै वाक्य/वाक्यसमूह भन्न लगाउने । अनि आँखा चिम्लेका समूहकालाई उक्त आवाज कसको हो भनेर सोध्ने ।

अनुप्रास मिल्ने भए ताली बजाऊ, नमिल्ने भए नबजाऊ भन्ने निर्देशन दिई अनुप्रास मिल्ने र नमिल्ने शब्दयुग्म सुनाउने । जस्तै, रहन-सहन, काम-खाम, कृष्ण-मोहन, पात-रूख आदि ।

टाढा र नजिकबाट आएको आवाजको भिन्नता छुट्याउन लगाउने ।

टाढा गएर सुसेल्ने र नजिक आएर सुसेल्ने । अनि दुवैको फरक सोध्ने ।

टाढा गएर सिट्ठी बजाउने र नजिक आएर सिट्ठी बजाउने ।

## सारांश

सुनाइ-शिक्षणका विभिन्न कार्यकलापहरूमध्ये प्रमुख कार्यकलापहरू हुन्– ध्वनिपहिचान, वर्णविभेदीकरण, वाक्यविभेदीकरण, श्रुतिबोध, श्रुतिरचना र श्रुतिलेख ।

ध्वनिपहिचान विभिन्न किसिमका आवाजहरू सुनाइ छुट्याउन लगाउने कार्यकलाप हो । यस कार्यकलापमा कक्षाको वातावरण शान्त चाहिन्छ । यो कार्यकलाप गराउँदा शिक्षकले मानिस, जनावर, पशुपक्षी आदिको नक्कल गरेर र अरू विभिन्न उपायद्वारा आवाज निकाली विद्यार्थीलाइं सुनाउनुपर्दछ र त्यस्ता आवाजका बारेमा छलफत गराएर चिन्न लगाउनुपर्दछ ।

## आत्ममूल्याङ्कन

१. सुनाइ-सीपका मुख्यमुख्य कार्यकलापहरू के-के हुन् ?

२. ध्वनिपहिचान भनेको कस्तो कार्यकलाप हो ?

३. ध्वनिपहिचान-कार्यकलापबाट विद्यार्थीमा कुन कुराको अभ्यास हुन्छ ?

४. ध्वनिपहिचान-कार्यकलाप गराउँदा कक्षाको वातावरण कस्तो चाहिन्छ ?

५. ध्वनिपहिचान-कार्यकलाप कसरी गराउनुपर्दछ ? उदाहरणसहित चर्चा गर्नुहोस् ।

६. आवाज छुट्याउने अभ्यास कसरी गराउनु राम्रो हुन्छ ?

(क) आँखा चिम्लिन लगाएर, (ख) कक्षाको वातावरण शान्त पारेर,

(ग) विभिन्न किसिमका आवाज सुनाएर, (घ) विभिन्न किसिमका आवाज निकाल्न लगाएर ।

७. अनुप्रास मिल्ने र नमिल्ने शब्द छुट्याउन कस्तो अभ्यास उपयोगी हुन्छ ?

(क) उस्तै सुनिने शब्दजोडी सुनाउनु, (ख) टाढा र नजिकबाट आवाज सुनाउनु,

(ग) चर्को र मधुरो स्वर सुनाउनु, (घ) चराचुरुङ्गीको स्वर सुनाउनु ।

## पृष्ठपोषण

प्रश्न १ का लागि पहिलो अनुच्छेदको दोस्रो वाक्य पढ्नुहोस् ।

प्रश्न २ का लागि दोस्रो अनुच्छेदको पहिलो वाक्य पढ्नुहोस् ।

प्रश्न ३ का लागि दोस्रो अनुच्छेदको तेस्रो वाक्य पढ्नुहोस् ।

प्रश्न ४ का लागि दोस्रो अनुच्छेदको चौथो वाक्य पढ्नुहोस् ।

प्रश्न ५ का लागि दोस्रो अनुच्छेदपछिको उदाहरण-खण्ड पढ्नुहोस् ।

प्रश्न ६ को उत्तर– ग

प्रश्न ७ को उत्तर– क

# वर्णविभेदीकरण र वाक्यविभेदीकरण

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्नलिखित कार्य गर्न सक्नुहुनेछ :
वर्णविभेदीकरण र वाक्यविभेदीकरण-कार्यकलापहरूको परिचय दिन,
उक्त कार्यकलापका आधारमा सुनाइ-सीपको शिक्षण गर्न ।

**विषयवस्तु**

**(क) वर्णविभेदीकरण**

सुनेका आधारमा वर्णहरू छुट्याउने कार्यकलाप नै वर्णविभेदीकरण हो । यसमा समानजस्ता ध्वनि भएका वर्णहरूका जोडी सुनाई वर्णविभेदीकरणको अभ्यास गराउनु उपयुक्त हुन्छ । जस्तै; उ/ओ, क/ग, ग/घ, छ/क्ष, ट/त, ठ/थ, ड/द, ढ/ध, प/ब, ब/भ, ए/य, ओ/व आदि ।

यसै गरी पाँच-सातओटा वर्ण श्यामपाटीमा लेखी कुनै दुई-तीन वर्णको उच्चारण गरी सुनाएर उक्त उच्चरित वर्णलाई चिन्न लगाउन पनि सकिन्छ । अक्षरपत्तीहरूको प्रयोग गरी सबैजसो वर्णहरूलाई यसरी चिन्न लगाउनु पनि राम्रो हुन्छ ।

वर्णविभेदीकरणको अभ्यास वर्णतहमा मात्र नभई शब्दतहमा पनि गराउनुपर्छ । शब्दतहमा यस्तो अभ्यास गराउँदा शब्दहरूको जोडीको उपयोग गर्नुपर्दछ । यस्ता शब्दजोडीहरू दिँदा विद्यार्थीहरूलाई उच्चारण गर्न कठिन हुने वा समस्या पर्ने वर्णहरू भएका शब्द छान्नुपर्दछ । शब्दजोडीहरू छान्दा सकेसम्म सार्थक/सार्थक र नभएचाहिँ सार्थक/निरर्थक पारेर छान्न पनि सकिन्छ । जस्तै; काट/काँठ; काम/खाम, खट/खत, टाप/ताप, साठी/साथी, ढक/धक, ढोका/धोका, चरण/चरन, साल/श्याल, बाघा/बाछ्य, माटो/मातो ।

**(ख) वाक्यविभेदीकरण**

सुन्दै उस्तैजस्ता लाग्ने तर अर्थका दृष्टिले फरक किसिमका वाक्यहरूको जोडी छुट्याउने कार्यकलाप नै वाक्यविभेदीकरण हो । यसबाट वाक्यको अर्थ बुझी सुन्ने सीपको विकास हुन्छ र यसले श्रुतिबोधको क्षमता बढाउन पनि मद्दत गर्दछ । जस्तै;

सीता घर गइन् । सीता घर गइन ।
राम घर जान्छ । राम घर जान्छ ?
ऊ घर गयो । ऊ घर गएछ ।
तिमी चाँडै आयौ । तिमी चाँडै आयौ !
तिमी गयौ । हामी गयौं ।

## सारांश

वर्णविभेदीकरण सुनेका आधारमा वर्णहरू छुट्याउने बानीको विकास गर्न गराउने कार्यकलाप हो । यस कार्यकलापमा विद्यार्थीका लागि कठिन हुने विभिन्न वर्णहरूका जोडी बनाई अभ्यास गराइन्छ । प्रायः कठिन हुने वर्ण-जोडी सुनाएर यस्तो अभ्यास गराउनुपर्दछ । वर्णविभेदीकरणको अभ्यास शब्दतहमा पनि गराउनुपर्दछ । समस्यामूलक वा कठिन हुने वर्ण भएका शब्दहरू छानी त्यस्ता शब्दका जोडा बनाउने र विद्यार्थीहरूलाई ती शब्द-जोडी सुनाई चिन्न वा छुट्याउन लगाउनुपर्दछ ।

वाक्यविभेदीकरणमा समानजस्ता सुनिने तर अर्थमा फरक हुने वाक्यका जोडा बनाई सुनाउनुपर्दछ र विद्यार्थीहरूलाई त्यस्ता वाक्यको अर्थगत फरक छुट्याउन लगाउनुपर्दछ ।

## आत्ममूल्याङ्कन

यो पाठ पढेका आधारमा तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।

१. वर्णविभेदीकरण भनेको के हो ?
२. वर्ण-जोडीका दुई उदाहरण दिनुहोस् ।
३. वर्णविभेदीकरण-कार्यकलाप कसरी गराउनुपर्दछ ?
४. शब्द-जोडी भनेको के हो ?
५. वर्णविभेदीकरण शब्द-तहमा गराउँदा कस्ता शब्द छान्नुपर्दछ ?
६. वाक्यविभेदीकरण भनेको के हो ?
७. वाक्य-जोडी भनेको के हो ?
८. वाक्यविभेदीकरणबाट के कुराको मद्दत मिल्दछ ?

## पृष्ठपोषण

प्रश्न १ को लागि विषयवस्तुको 'क' को पहिलो वाक्य पढ्नुहोस् ।
प्रश्न २ को लागि विषयवस्तुको 'क' को अन्तिम वाक्य पढ्नुहोस् ।
प्रश्न ३ को लागि विषयवस्तुको 'क' को दोस्रो अनुच्छेद पढ्नुहोस् ।
प्रश्न ४ को लागि विषयवस्तुको 'क' को तेस्रो अनुच्छेदको दोस्रो वाक्य पढ्नुहोस् ।
प्रश्न ५ को लागि विषयवस्तुको 'क' को तेस्रो अनुच्छेदको अन्तिम वाक्य पढ्नुहोस् ।
प्रश्न ६ को लागि विषयवस्तुको 'ख' को पहिलो वाक्य पढ्नुहोस् ।
प्रश्न ७ को लागि विषयवस्तुको 'ख' को पहिलो वाक्य पढ्नुहोस् ।
प्रश्न ८ को लागि विषयवस्तुको 'ख' को दोस्रो वाक्य पढ्नुहोस् ।

पाठ २५

# श्रुतिबोध

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क) श्रुतिबोधको परिचय दिन,

ख) कक्षामा श्रुतिबोधको अभ्यास गराउन ।

**विषयवस्तु**

सुनेका आधारमा बुझ्नु नै श्रुतिबोध हो । सुनाइको सार्थकता बोधमा नै निहित हुन्छ । बोधबिनाको सुनाइको कल्पना पनि गर्न सकिँदैन । त्यसैले श्रुतिबोध महत्वपूर्ण कार्यकलाप हो । श्रुतिबोधको अभ्यास पाठ्यपुस्तक र अन्य स्रोतबाट विभिन्न किसिमका उपयुक्त श्रव्य अंशहरू, अनुच्छेद, कथा, कथांश, घुट्किला, खास प्रसङ्ग आदि लिई गराउन सकिन्छ । त्यस्ता अभ्यास गराउँदा तल दिइएका जस्ता तरिका उपयोग गर्न सकिन्छ :

- कुनै खास प्रसङ्ग सुनाई त्यसमा भनिएका मुख्यमुख्य घटना वा विषयवस्तुका बारेमा प्रश्नोत्तर गराउने ।
- कुनै कथाको खास अंश सुनाइसकेपछि बीचमा अडिई अब के भयो होला भनी अनुमान गर्न लगाउने ।
- कुनै कथा सुनाई त्यसका मुख्यमुख्य घटना भन्न लगाउने ।
- घटनाक्रम बिगारी कुनै कथा भनिदिने र उक्त कथाको घटनाक्रम मिलाई भन्न लगाउने ।
- कुनै खास उद्धरण सुनाई त्यसका मुख्यमुख्य बुँदा टिप्न लगाउने ।
- विभिन्न पत्रपत्रिकाबाट रोचक अनुच्छेद छानेर सुनाउने र त्यसको शीर्षक भन्न लगाउने ।
- विद्यार्थीले पढिसकेका, जानेका वा सुनेका विषयवस्तुसँग सम्बन्धित विभिन्न ठीक-बेठीक कथनहरू सुनाई उक्त ठीक-बेठीक कथन छुट्याउन लगाउने ।

**सारांश**

सुनेका आधारमा बुझ्नु नै श्रुतिबोध हो । सुनाइ बोधसँग सम्बन्धित सीप भएकाले सुनाइ-सीपको शिक्षणका लागि श्रुतिबोधलाई महत्वपूर्ण कार्यकलाप मानिन्छ । यो कार्यकलाप पठित र अपठित दुवै किसिमका श्रव्य सामग्रीहरू सुनाएर त्यसका आधारमा प्रश्नोत्तर, छलफल, अपूरो कथनलाई पूरा गर्न लगाएर, शीर्षक चयन गर्न लगाएर आदि तरिका अपनाई गराउन सकिन्छ ।

**आत्ममूल्याङ्कन**

१. श्रुतिबोध भनेको के हो ?

२. सुनाइ-शिक्षणमा श्रुतिबोधलाई किन महत्व दिनुपर्दछ ?

३. सुनाइ र बोधमा कसरी घनिष्ठ सम्बन्ध हुन्छ ?

४. श्रुतिबोध-शिक्षण कसरी गराउनु उपयुक्त हुन्छ ?

५. श्रुतिबोधको अभ्यासका लागि कस्ता सामग्री उपयोगी हुन्छन् ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तु शीर्षकको पहिलो वाक्य पढ्नुहोस् ।
प्रश्न २ को उत्तरका लागि उक्त शीर्षकका दोस्रो र तेस्रो वाक्य पढ्नुहोस् ।
प्रश्न ३ को उत्तरका लागि उक्त वाक्यको अर्थ पहिल्याउनुहोस् ।
प्रश्न ४ को उत्तरका लागि शिक्षण तरिकाका बुँदाहरू पढ्नुहोस् ।
प्रश्न ५ को लागि आफ्नो अनुभवका आधारमा र विषयवस्तु शीर्षकमा सुझाइएको आधारमा उत्तर पहिल्याउनुहोस् ।

पाठ २६ :

# श्रुतिरचना र श्रुतिलेख

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क) श्रुतिरचना र श्रुतिलेख-कार्यकलापको परिचय दिन,

ख) कक्षामा श्रुतिरचना र श्रुतिलेख-कार्यकलापका आधारमा सुनाइ-शिक्षण गर्न ।

**विषयवस्तु**

**क) श्रुतिरचना**

कुनै घटना, प्रसङ्ग वा विषयवस्तुका बारेमा सुनिसकेपछि सम्झे-बुझेका आधारमा उक्त सुनेका कुरा सिलसिला मिलाइ भन्न वा लेख्न लगाउने कार्यकलाप श्रुतिरचना हो । यो कार्यकलाप लेखाइ-शिक्षणका लागि पनि उपयोग गर्न सकिन्छ । यो कार्यकलापबाट विद्यार्थीमा ध्यान दिएर सुन्ने बानीका साथै सिर्जनात्मक क्षमताको पनि विकास हुन्छ । यो कार्यकलाप निम्नलिखित तरिका अपनाई गराउन सकिन्छ :

- शिक्षकले विद्यार्थीको स्तरअनुकूलका अपठित ससाना घटना, प्रसङ्ग वा विषयवस्तुका बारेमा सुनाउने ।
- उक्त सुनेका कुराका बारेमा सिलसिला मिलाई एक-दुई अनुच्छेदमा भन्न वा लेख्न लगाउने ।
- उक्त कुरा सुनाउँदा विद्यार्थीलाई कुनै टिपोट गर्न नदिई सुनेका कुरा सम्झिन मात्र प्रोत्साहन गर्ने ।
- विद्यार्थीले आफूले सुनेका कुरा भनिसकेपछि वा लेखिसकेपछि सकेसम्म सबैको र सम्भव नभए समयको ख्याल गरी दुई-चार जनाको श्रुतिरचनाका बारेमा शिक्षकले आवश्यक टिप्पणी गरिदिने ।

**ख) श्रुतिलेख**

शिक्षकले शुद्ध उच्चारण गरी कुनै वर्णयुग्म (वर्णजोडी), शब्दयुग्म (शब्दजोडी), वाक्य, वाक्यसमूह र अनुच्छेद भनिदिनु र सुनेका आधारमा विद्यार्थीलाई लेख्दै जान लगाउनु श्रुतिलेख-कार्यकलाप हो। श्रुतिलेख वर्णविभेदीकरण, उच्चारण, वर्णविन्यास तथा लेखाइ-सीपको अभ्यासका लागि समेत उपयोगी कार्यकलाप हो। श्रुतिलेख गराउँदा यतका जस्ता तरिका अपनाउन सकिन्छ :

- श्रुतिलेख गराउने कुरालाई शिक्षकले कम्तीमा दुई वा तीन पटकसम्म दोहोऱ्याई पढिदिने ।
- श्रुतिलेख गराइसकेपछि श्यामपाटीमा शुद्ध रूप लेखिदिई विद्यार्थीहरूलाई सोहीअनुसार सच्याउन लगाउने ।
- विद्यार्थीहरूसँग छलफल गर्दै शुद्ध रूप श्यामपाटीमा लेख्ने वा उनीहरूलाई नै लेख्न लगाएर सच्याइदिन पनि सकिने ।

**सारांश**

कुनै घटना, प्रसङ्ग वा विषयवस्तुका बारेमा सुनाई सम्झेबुझेका आधारमा उक्त कुराका बारेमा सिलसिला मिलाई भन्न वा लेख्न लगाउने कार्यकलाप श्रुतिरचना हो । यो कार्यकलाप गराउँदा विद्यार्थीमा ध्यान दिएर सुन्ने बानीको र सृजनात्मक क्षमताको विकास हुन्छ । शिक्षकले सुनाउने क्रममा विद्यार्थीलाई कुनै टिपोट गर्न नदिई सम्झिन मात्र प्रोत्साहित गर्नुपर्दछ । सुनाइसकेपछि ती कुराका बारेमा भन्न वा लेख्न लगाउनुपर्दछ ।

श्रुतिलेख-कार्यकलापमा चाहिँ शिक्षकले शुद्ध उच्चारण गरी कुनै अंश भनिदिने र सुनेका आधारमा लेख्दै जान लगाउने कार्य हुन्छ । श्रुतिलेख गराइसकेपछि उपयुक्त उपाय अपनाई शुद्धाशुद्धिको प्रबन्ध मिलाइदिनुपर्दछ ।

**आत्ममूल्याङ्कन**

१. श्रुतिरचना भनेको के हो ?
२. श्रुतिलेख कसरी गराउनुपर्दछ ?
३. श्रुतिलेख भनेको के हो ?
४. श्रुतिलेख कसरी गराउनुपर्दछ ?
५. श्रुतिलेखको शुद्धाशुद्धि कसरी गर्नु उपयुक्त हुन्छ ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि 'क' खण्डको पहिलो वाक्य पढ्नुहोस् ।
प्रश्न २ को उत्तरका लागि 'क' खण्डमा दिइएका दोस्रो दफाका बुँदाहरू पढ्नुहोस् ।
प्रश्न ३ को उत्तरका लागि 'ख' खण्डको पहिलो वाक्य पढ्नुहोस् ।
प्रश्न ४ को उत्तरका लागि उक्त खण्डको दोस्रो दफाका बुँदाहरू पढ्नुहोस् ।
प्रश्न ५ को उत्तरका लागि दोस्रो दफाका अन्तिम दुई बुँदा पढ्नुहोस् र तपाइंका अनुभवका अन्य कुनै उपाय भए टिपोट गर्नुहोस् ।

# एकाइ पाँच :

# बोलाइ-शिक्षण

## पाठ २७ :

## बोलाइ-शिक्षणको आवश्यकता

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाइं बोलाइ-शिक्षणको आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

मानिस स्वभावैले सामाजिक प्राणी हो । उसलाई आफ्ना वरिपरि हुने विभिन्न घटनाहरूले उत्तेजित गरिरहन्छन् । फलत: ऊ तिनका प्रतिक्रिया जनाउन उत्सुक भइरहन्छ । मानिसले त्यस्तो प्रतिक्रिया जनाउने सजिलो र प्रभावकारी माध्यम भाषाका रूपमा पाएकाले भन्‌ ऊ राम्ररी तृप्त हुन सक्दछ ।

भाषा-सिकाइको सुरुवात पहिले र त्यसपछि बोलाइबाट नै सम्पन्न हुन्छ । यी दुवै सीपको उपयोगबाट निरक्षर व्यक्तिले समेत भाषिक सम्पादन गर्न सक्दछ । फेरि कथ्य भाषा लेख्य भाषाका तुलनामा धेरै दृष्टिले ग्राह्य हुन्छ । यसमा उपयोग हुने भाषिकेतर पक्षहरूले यसलाई सटीक बनाएका हुन्छन् । यो सुविधा लेख्य अभिव्यक्तिमा पाइँदैन । छोटकरीमा भन्ने हो भने भाषाको सजीव रूप सुनाइ र बोलाइमा नै खोज्न सकिन्छ ।

बोलाइ आफैंमा एउटा कला हो । यसले व्यक्तित्वको पहिचान प्रस्तुत गर्दछ । वक्ता स्वयंलाई सन्तुष्टि मिल्दछ । वक्ताले आफ्नो विचारलाई एकसाथ हजारौं, लाखौंको समूहमा प्रस्तुत गर्न सक्दछ । उसको सन्देशबाट एकैचोटि त्यति नै मानिसले फाइदा उठाउन सक्छन् । समग्रमा भन्दा भाषा बोलीमा बाँचिराख्न पाउँदछ ।

शैक्षिक आदानप्रदानका दृष्टिले पनि यसको ठूलो भूमिका छ । यसबाट प्रश्नोत्तरकार्य, छलफल, विद्यार्थी-विद्यार्थीबीच ज्ञानको आदानप्रदान भई कक्षा गतिशील र सजीव हुन्छ । सहपाठीहरू लाभान्वित हुन पाउँछन् । सङ्कोच हट्ने, अस्पष्ट र गलत अभिव्यक्तिमा सुधार हुने, आत्मविश्वासमा वृद्धि भई उत्सुकता जाग्ने, ज्ञान र उत्प्रेरणामा उत्तरोत्तर विकास हुने, विरोध, अनुमोदन, तर्क-प्रस्तुतिको बढोत्तरी हुने आदि कार्य पनि बोलाइकै माध्यमबाट सम्भव हुन्छ ।

व्यक्तिका जीवनमा विभिन्न सामाजिक तथा औपचारिक गतिविधिमा संलग्न भइराख्नुपर्ने हुन्छ । यसरी संलग्न हुन मौखिक अभिव्यक्तिको नै आवश्यकता पर्दछ । अनेकौं प्रकारका गोष्ठी, कार्यशाला, अभिमुखीकरण, छलफल, भेटवार्ता आदि गतिविधिमा आफूलाई मौखिक अभिव्यक्तिकै आधारमा प्रस्तुत गरिन्छ ।

**सारांश**

भाषा मानिसले प्रकृतिबाट पाएको ठूलो उपहार हो । भाषालाई जीवन्तता प्रदान गर्ने प्रमुख माध्यम सुनाइ र बोलाइ हुन् । व्यक्तिले समाजमा आफ्नो पहिचान कायम गर्न भाषाको नै उपयोग गर्नुपर्दछ । राम्रो वक्ता नै राम्रो

व्यक्ति मानिन्छ। लेख्य भाषामन्दा कथ्य भाषा धेरै सशक्त हुन्छ। कथ्य भाषामा लेख्य भाषामा नहुने अनेकौं विशेषताहरू हुन्छन् जसले गर्दा अभिव्यक्ति सटीक र आसययुक्त बन्न पुग्दछ। फेरि बोलाइको उपयोग एकैचोटि हजारौं, लाखौं श्रोतासामु गरेर वक्ताले आफ्नो प्रभाव छोड्न सक्दछ। त्यसरी नै शैक्षिक दृष्टिले हेर्दा कक्षामा छलफल, प्रश्नोत्तर, स्पष्टीकरण आदि गर्न र औपचारिक तथा अनौपचारिक समारोहमा संलग्न हुन पनि बोलाइको राम्रो सीप अपेक्षित हुन्छ। त्यसैले यसको शिक्षण अत्यावश्यक देखिन्छ।

## आत्ममूल्याङ्कन

१. मानिसलाई बोलाइ किन आवश्यक हुन्छ ?
२. सुनाइ र बोलाइको मुख्य समानता के हो ?
३. लेखाइभन्दा बोलाइ किन प्रभावशाली हुन्छ ?
४. तपाईंका विचारमा बोलाइ किन एउटा कला हो भन्ने ठान्नुहुन्छ ?
५. नराम्रो वक्ता कलाकार हुन सक्ला ?
६. शैक्षिक दृष्टिले बोलाइको के महत्त्व छ ?
७. सामाजिक तथा औपचारिक गतिविधिका लागि बोलाइको के आवश्यकता छ ?

## पृष्ठपोषण

प्रश्न १ को लागि विषयवस्तु शीर्षकको पहिलो अनुच्छेद पढ्नुहोस्।
प्रश्न २ का लागि विषयवस्तु शीर्षकको दोस्रो अनुच्छेदका सुरुका दुई वाक्य पढ्नुहोस्।
प्रश्न ३ को लागि विषयवस्तु शीर्षकको दोस्रो अन्तिम चार वाक्य पढ्नुहोस्।
प्रश्न ४ को लागि विषयवस्तु शीर्षकको तेस्रो अनुच्छेद पढ्नुहोस्।
प्रश्न ५ को लागि विषयवस्तु शीर्षकको तेस्रो अनुच्छेद पढ्नुहोस्।
प्रश्न ६ को लागि विषयवस्तु शीर्षकको चौथो अनुच्छेद पढ्नुहोस्।
प्रश्न ७ को लागि विषयवस्तु शीर्षकको पाँचौं अनुच्छेद पढ्नुहोस्।

# बोलाइ-शिक्षणका कार्यकलाप (क)

## उद्देश्य

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क) बोलाइ-शिक्षणका कार्यकलाप बताउन,

ख) बोलाइ-शिक्षणमा कुराकानीको उपयोग गर्न ।

## विषयवस्तु

बोलाइ-शिक्षणका प्रमुख कार्यकलाप हुन्– कुराकानी चित्र तथा वस्तुवर्णन, अनुभव तथा घटनावर्णन, नाटकीकरण र मौखिक प्रतिवेदन ।

कुराकानी बोलाइ-शिक्षणको प्रारम्भिक कार्यकलाप हो । यसमा दुई पक्षको सहभागिता रहन्छ र सामान्यतः निष्कर्षको अपेक्षा गरिँदैन । कुराकानीको विषयवस्तु संवादको जस्तो व्यवस्थित नभएर अलि विशृङ्खलित हुन्छ । कुराकानी परिवेशअनुसार औपचारिक र अनौपचारिक तथा शीर्षकयुक्त र शीर्षकहीन दुवै हुन सक्छ । प्राथमिक तहमा कुराकानी गराउनाको प्रमुख उद्देश्यचाहिँ वातवातिकामा बुँदाबद्ध भएर आफ्नो धारणा घरपरिवारभन्दा भिन्न वातावरणमा बोल्ने सीपको विकास होस् भन्ने हो ।

कुराकानीको विषयवस्तु तहअनुसार रुचिकर हुनुपर्छ । सहभागीहरू त्यसप्रति उत्सुक हुनाका साथै त्यो उनीहरूको अनुभवक्षेत्रभन्दा बाहिरको हुनु हुँदैन ।

प्राथमिक तहमा कुराकानी, संवाद र वादविवादलाई समग्ररूपमा कुराकानीकै परिप्रेक्ष्यमा अभ्यास गराउनु उचित हुन्छ । माथिल्ला तहमा कुराकानीलाई सल्लाहका रूपमा मात्र लिन सकिन्छ भने संवादले खास समस्याको निष्कर्षमा पुग्न छलफल गर्ने उपक्रम र वादविवादले चाहिँ आफ्नो पक्षको समर्थनको अभिव्यक्तितिर मात्र सङ्केत गर्दछ ।

## सारांश

बोलाइ मौखिक अभिव्यक्ति-सीप हो । घरपरिवारमा प्रयोग हुने भाषा नितान्त अनौपचारिक हुन्छ । विद्यालय प्रवेश गरेपछि वातबातिका विभिन्न कार्यमा संलग्न हुनुपर्दछ । फेरि मौखिक अभिव्यक्तिको सम्पादन आफैँमा पनि व्यक्तित्व-निर्माणसँग सम्बन्धित हुन्छ । हुन त संवाद र वादविवादलाई पनि कुराकानीकै हाराहारीमा लिन सकिन्छ । तर कुराकानी ती दुईभन्दा बढी अनौपचारिक, विशृङ्खलित र निष्कर्षरहित हुने हुँदा त्यसलाई पृथक् र प्रारम्भिक कार्यकलापका रूपमा लिनु वाञ्छनीय हुन्छ ।

## आत्ममूल्याङ्कन

१. बोलाइ-शिक्षणका प्रमुख कार्यकलाप के के हुन् ?

२. कुराकानी भनेको के हो ?

३. बोलाइ-शिक्षणमा कुराकानीको के महत्त्व छ ?
४. अनौपचारिक र औपचारिक कुराकानीमा के फरक छ ?
५. प्राथमिक तहमा कुराकानी गराउने उद्देश्य के हो ?
६. कुराकानीको विषयवस्तु कसरी छान्नु राम्रो हुन्छ ?
७. कुराकानी, संवाद र वादविवादमा के फरक हुन्छ ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तु शीर्षकका सुरुका दुई वाक्य पढ्नुहोस् ।
प्रश्न २ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेदको अन्तिम वाक्य पढ्नुहोस् ।
प्रश्न ३ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेदको चौथो वाक्य पढ्नुहोस् ।
प्रश्न ४ को उत्तरका लागि उक्त शीर्षकको अन्तिम वाक्य पढ्नुहोस् ।
प्रश्न ५ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेदको अन्तिम वाक्य नै पढ्नुहोस् ।
प्रश्न ६ को उत्तरका लागि उक्त शीर्षकको तेस्रो अनुच्छेद पढ्नुहोस् ।
प्रश्न ७ को उत्तरका लागि उक्त शीर्षकको अन्तिम अनुच्छेद पढ्नुहोस् ।

पाठ २९ :

# बोलाइ-शिक्षणका कार्यकलाप (ख)

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं बोलाइ-शिक्षण गर्दा निम्नलिखित कार्यकलापको उपयोग गर्न सक्नुहुनेछ :

क) चित्र तथा वस्तुवर्णन,

ख) अनुभव तथा घटनावर्णन ।

**विषयवस्तु**

**क) चित्र तथा वस्तुवर्णन**

बोलाइ-शिक्षणको उच्चतम अपेक्षा सिलसिलाबद्ध मौखिक अभिव्यक्ति हो । बालबालिकाहरूलाई त्यस्तो अभ्यास गराउन उनीहरूको अनुभव-क्षेत्रका विभिन्न दृश्य झल्किने चित्रहरू देखाई तिनको मौखिक वर्णन गराउनु पनि उपयोगी हुन्छ । केटाकेटीहरू स्वभावैले चित्र मन पराउने हुन्छन् । झन् त्यस्ता चित्रहरू कुनै कथामा आधारित भए उनीहरूका लागि रुचिपूर्ण हुन्छन् । शिक्षक-शिक्षिकाले यही कुरा ख्याल गरेर चित्रहरू सङ्कलन गरेर वा आफैं बनाएर कक्षामा बोलाइ-सीपको अभ्यास गराउनुपर्दछ । त्यस्ता चित्रहरू स्पष्ट र कक्षाका सबै विद्यार्थीले राम्ररी देख्न सक्ने हुनुपर्दछ । अनि त्यस्ता चित्रहरूलाई फलाटिनपाटी, श्यामपाटी वा गोजी तालिकाका सहायताले कक्षामा प्रस्तुत गरी सकेसम्म सबै विद्यार्थीले अवसर पाउने गरी वर्णन गर्न लगाउनुपर्दछ ।

चित्रवर्णन गर्न लगाएझैं नै विद्यार्थीहरूले देखे-सुनेका वा जानेका वस्तु देखाई तिनको वर्णन गर्न लगाउनु पनि बोलाइ-सीपको अभ्यासका लागि उपयोगी हुन्छ । वस्तुवर्णन-कार्यकलाप कक्षाभित्र र कक्षाबाहिर पनि गराउन सकिन्छ । कक्षामा ल्याउन सम्भव नहुने वस्तुको वर्णन गराउनुपर्दा विद्यार्थीहरूलाई नै त्यस्तो ठाउँमा लगी सो कार्यकलाप गराउन सकिन्छ ।

**ख) अनुभव तथा घटनावर्णन**

विद्यार्थीले आफ्ना दैनिक जीवनका देखेका र अनुभव गरेका कुराको मौखिक रूपमा वर्णन गर्न लगाउनु बोलाइ-शिक्षणको अर्को उपयोगी कार्यकलाप हो । यस्ता विषयहरू शिक्षकले तोक्नुभन्दा विद्यार्थी आफैंलाई रोज्न लगाई वर्णन गराउनुपर्दछ । जस्तै : चिप्लेटी खेल, रोपाइँ, विद्यालयको सुरुका दिन, औंसीको रात आदि ।

विद्यार्थीले देखे-सुनेका वा पढेका घटनाहरूका बारेमा मौखिक रूपमा विवरण दिन लगाउनु घटनावर्णन हो । घटनावर्णन गराउँदा पनि विद्यार्थी आफैंलाई शीर्षक छान्न लगाउनुपर्दछ । घटनाहरू प्रायः बाघले झम्टिँदा, बाँदरले लखेट्दा, खोलामा चिप्लिँदा जस्ता शीर्षकमा हुन सक्छन् । यीबाहेक चाडपर्व, मेला, सभा, समारोह आदिसँग सम्बन्धित विषय पनि हुन सक्छन् ।

उपर्युक्त खालका वर्णनहरू गराउँदा विद्यार्थीहरूलाई सकेसम्म सिलसिलाबद्ध किसिमले बोल्न सचेत गराउनुपर्दछ । यस प्रकारका वर्णनपछि शिक्षकले स्याबासी दिने, टिप्पणी गरिदिने आदि काम गर्न बिर्सिनु हुँदैन ।

**सारांश**

चित्र, वस्तु, अनुभव, घटना आदिको वर्णन गराउनाले पनि बोलाइ-सीपको विकास हुन्छ । यस्ता कार्यकलापबाट विद्यार्थीमा हिचकिचाहट, लाज र सङ्कोच हट्न गई आत्मविश्वासमा वृद्धि गर्न सकिन्छ । त्यति मात्र नभएर आफ्ना रीतिरिवाज, आदर्श र परम्पराको अनुसरण गर्दै त्यस्ता अवसरमा सहभागी हुनसमेत यस्ता कार्यकलापले सहयोग पुऱ्याउँदछन् ।

चित्रहरू सकेसम्म शृङ्खलाबद्ध, वस्तुहरू विद्यार्थीका अनुभवक्षेत्रका, अनुभव र घटना उनीहरूले देखेसुनेका र भोगिसकेका हुनु वाञ्छनीय हुन्छ । शिक्षकले यस्ता वर्णनगराइ सिलसिलेवार बनाउन विद्यार्थीलाई प्रोत्साहित गर्नुपर्दछ । चित्रहरू कक्षाको आकार हेरेर साना-ठूला प्रयोग गर्ने र पाएसम्म कुनै कथासँग सम्बन्धित भए अझ उपयुक्त हुने हुन्छ ।

**आत्ममूल्याङ्कन**

१. चित्र तथा वस्तुवर्णन भनेको के हो ?
२. चित्रवर्णन गराउँदा कस्ता चित्र बढी उपयोगी हुन्छन् ?
३. कक्षामा लैजान नमिल्ने वस्तुको वर्णन कसरी गराउन सकिन्छ ?
४. चित्र तथा वस्तुवर्णन गराउन कस्ता शैक्षिक सामग्री प्रयोग गर्नुपर्ला ?
५. अनुभव तथा घटनावर्णन भनेको के हो ?
६. अनुभव तथा घटनावर्णनमा के फरक छ ?
७. अनुभव तथा घटनावर्णनका लागि शीर्षक छान्न कुन कुरा बढी महत्त्वको हुन्छ ?
८. उपयुक्त खालका वर्णन कस्ता हुनुपर्दछ ?
९. वर्णनसम्बन्धी कार्यकलाप सकिएपछि शिक्षकले के गर्दा जाती होला ?
१०. चित्रवर्णनका लागि कस्ता चित्र उपयोगी हुन्छन् ?
(क) रङ्गीन (ख) सृजनात्मक (ग) सादा (घ) शृङ्खलित
११. चित्रको आकार निर्धारण गर्ने उपाय के हो ?
क) विद्यार्थीको सङ्ख्या ख) कोठाको बनावट
ग) प्रकाशको प्रबन्ध घ) हावाको सुलभता
१२. कक्षामा लैजान नसकिने वस्तुको वर्णन गर्न लगाउनुपरेमा के गर्न सकिन्छ ?
क) शिक्षकद्वारा चित्रसहितको प्रस्तुति,
ख) स्थलगत भ्रमणको आयोजना,
ग) वस्तुसम्बन्धी अध्ययनको गृहकार्य,
घ) त्यस्ता वस्तुको विकल्पको खोजी ।

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तु शीर्षकको पहिलो अनुच्छेदको दोस्रो वाक्य र उक्त शीर्षकको दोस्रो अनुच्छेदको पहिलो वाक्य पढ्नुहोस् ।

प्रश्न २ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो वाक्यपछिका चार वाक्यहरू पढ्नुहोस् ।
प्रश्न ३ को उत्तरका लागि दोस्रो अनुच्छेदको दोस्रो वाक्यको दोस्रो अंशपछिको अंश पढ्नुहोस् ।
प्रश्न ४ को उत्तरका लागि पहिलो अनुच्छेदको अन्तिम वाक्य र दोस्रो अनुच्छेदको पहिलो वाक्य पढ्नुहोस् ।
प्रश्न ५ को उत्तरका लागि 'ख' अन्तर्गतको पहिलो र दोस्रो अनुच्छेदका सुरुको वाक्य पढ्नुहोस् ।
प्रश्न ६ को उत्तरका लागि 'ख' अन्तर्गतका कुराहरू पढी निष्कर्ष निकाल्नुहोस् ।
प्रश्न ७ को उत्तरका लागि 'ख' को पहिलो र दोस्रो अनुच्छेदका दोस्रा वाक्य पढ्नुहोस् ।
प्रश्न ८ को उत्तरका लागि अन्तिम अनुच्छेदको सुरुको वाक्य पढ्नुहोस् ।
प्रश्न ९ को उत्तरका लागि अन्तिम अनुच्छेदको अन्तिम वाक्य पढ्नुहोस् ।
प्रश्न १० को उत्तर– घ
प्रश्न ११ को उत्तर– क
प्रश्न १२ को उत्तर– ख

# बोलाइ-शिक्षणका कार्यकलाप (ग)

## उद्देश्य

यो पाठ पढिसकेपछि तपाईं बोलाइ-शिक्षण गर्दा नाटकीकरण-कार्यकलापको उपयोग गर्न सक्नुहुनेछ ।

## विषयवस्तु

नाटकीकरणको मौखिक अभिव्यक्तिसँग घनिष्ठ सम्बन्ध हुन्छ । भाषिक सम्पादनमा ध्वन्यात्मक पक्षको संलग्नताका अतिरिक्त भाषिकेतर पक्षको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । विभिन्न प्रकारका शारीरिक चेष्टा, आघात, स्वरप्रसारण आदि कुरा कथ्य भाषाका पूरक हुन्छन् ।

कुनै व्यक्ति, परिस्थिति वा प्रसङ्गको विशेषता ठीक, दुरुस्तसँग झल्किने गरी प्रस्तुत गरिने अनुकरण नै नाटकीकरण हो । यसमा अभिनय वा भूमिका-निर्वाहलाई प्रमुखता दिइन्छ । यस्तो अभिनयको अभ्यासले कथ्य भाषाको सम्पादन प्रभावकारी हुन्छ र वक्ताको वैचारिक प्रस्तुति पनि स्तरीय हुन जान्छ ।

अभिनय आत्माभिव्यक्तिको उत्कृष्ट माध्यम हो । मानिसले आफ्नो विचार ध्वन्यात्मक र शारीरिक सङ्केतद्वारा दुई किसिमले प्रस्तुत गर्दछ । कतिपय कुराहरू भाषाको उपयोगद्वारा भन्दा शारीरिक सङ्केतद्वारा राम्ररी प्रकट गर्न सकिन्छ । शारीरिक र ध्वन्यात्मक दुवै सङ्केतको सम्मिलनद्वारा प्रस्तुत विचार अझ राम्ररी प्रकट हुन सक्दछ । त्यसैले मौखिक अभिव्यक्ति वा बोलाइका क्रममा नाटकीकरणलाई महत्त्व दिनु आवश्यक हुन्छ । यो कार्यकलाप विद्यार्थीहरूले सुने-जानेका पात्रको अभिनय गराएर गराउन सकिन्छ । जस्तै; डाक्टर र बिरामी, बूढो मान्छे, गुरु र शिष्य आदि ।

## सारांश

विचार-प्रस्तुतिका लागि ध्वन्यात्मक र शारीरिक दुवै सङ्केतको उपयोग गर्नुपर्दछ । कतिपय कुराहरू ध्वन्यात्मक माध्यमबाट भन्दा शारीरिक सङ्केतका माध्यमबाट प्रभावकारी किसिमले प्रकट गर्न सकिन्छ । नाटकीकरणले अभिनयपक्षलाई जोड दिने हुँदा बोलाइ-शिक्षणका लागि यसको उपयोग आवश्यक मानिन्छ । यो कार्यकलापको सहायताले कुनै व्यक्तिविशेष, परिस्थिति वा प्रसङ्गको ठीक-ठीक ढङ्गले प्रस्तुत गर्न वक्तालाई अभ्यस्त तुल्याउँदछ ।

## आत्ममूल्याङ्कन

१. भाषिकेतर पक्ष भन्नाले के बुझिन्छ ?
२. नाटकीकरणको अर्थ के हो ?
३. नाटकीकरणमा कुन कुरालाई जोड दिइन्छ ?
४. मौखिक अभिव्यक्तिमा कुन दुई कुराको प्रमुख भूमिका हुन्छ ?
५. नाटकीकरणका लागि उपयोगी हुने कुनै दुई उदाहरण दिनुहोस् ।

**पृष्ठपोषण**

प्रश्न १ का लागि पहिलो अनुच्छेदका अन्तिम दुई वाक्य ।

प्रश्न २ का लागि दोस्रो अनुच्छेदका सुरुको वाक्य ।

प्रश्न ३ का लागि दोस्रो अनुच्छेदको दोस्रो वाक्य ।

प्रश्न ४ का लागि तेस्रो अनुच्छेदका दोस्रो, तेस्रो र चौथो वाक्य ।

प्रश्न ५ का लागि तेस्रो अनुच्छेदका अन्तिम दुई वाक्य ।

पाठ ३१ :

# बोलाइ–शिक्षणका कार्यकलाप (घ)

## उद्देश्य

यो पाठ पढिसकेपछि तपाइँ बोलाइ-शिक्षण गर्दा मौखिक प्रतिवेदन-कार्यकलापको उपयोग गर्न सक्नुहुनेछ ।

## विषयवस्तु

विद्यार्थीहरू आफ्ना दैनिक जीवनमा विभिन्न किसिमका मेला, चाडपर्व, जात्रा, वनभोज, सभा, समारोह आदिमा सहभागी भइराख्दछन् । उनीहरूले त्यस्ता अवसरमा देखेका-बुझेका तथ्यहरूलाई सिलसिलेवार किसिमले मौखिक रूपमा प्रस्तुत गर्नु नै मौखिक प्रतिवेदन हो । मौखिक प्रतिवेदन चित्र, वस्तु, अनुभव तथा घटना-वर्णनभन्दा किन भिन्न हुन्छ भने यसमा तथ्यको सघनता हुनाका साथै प्रस्तुति पनि अपेक्षाकृत योजनाबद्ध हुन्छ ।

प्रतिवेदनको तयारी गर्दा सोचविचार गर्नुपर्ने हुँदा यस्तो अभ्यासबाट बालबालिकामा स्पष्ट चिन्तन गर्ने बानीको विकास हुन्छ । यसबाट आफ्नो तर्कलाई पुष्ट्याइँ गर्ने दायित्वको बोध हुन्छ र निष्कर्षसम्म पुग्ने बानीको विकास गर्ने पनि प्रोत्साहन मिल्दछ । यसरी मौखिक अभिव्यक्तिलाई तर्कपूर्ण र खँदिलो बनाउन यो कार्यकलाप महत्त्वपूर्ण हुन्छ ।

मौखिक प्रतिवेदन व्यक्तिगत रूपमा प्रस्तुत गर्न लगाउनु राम्रो हुन्छ । विद्यार्थी-सङ्ख्या बढी हुनाले त्यसो गर्न सम्भव नभएमा सामूहिक रूपमा प्रोजेक्ट कार्य दिएर प्रतिवेदन तयार गराई प्रस्तुत गर्न लगाउन पनि सकिन्छ । त्यसबाहेक एक पटक एक थरीलाई र अर्को पटक अर्को थरीलाई गरी आलोपालोसँग पनि प्रस्तुत गर्न लगाए पनि हुन्छ । प्रतिवेदन-प्रस्तुतिपछि शिक्षकले टिप्पणी गरिदिनु भने आवश्यक हुन्छ ।

## सारांश

आफू सहभागी भएका विभिन्न मेला, चाडपर्व, जात्रा, वनभोज, सभा, समारोह आदिमा देखे-बुझेका तथ्यहरूलाई सिलसिलेवार किसिमले मौखिक रूपमा प्रस्तुत गर्नु नै मौखिक प्रतिवेदन हो । यस प्रकारको कार्यकलापबाट चिन्तन गर्ने, आफ्नो पक्षको पुष्ट्याइँ गर्ने र निष्कर्षसम्म पुग्ने बानीको विकास हुन्छ । मौखिक प्रतिवेदन सकेसम्म व्यक्तिगत रूपमा, सम्भव नभए आलोपालो गरी र त्यो पनि सम्भव नभएमा सामूहिक रूपमा प्रस्तुत गर्न लगाउनुपर्दछ । प्रस्तुत गरिसकेपछि शिक्षकले टिप्पणी गरिदिनु भने आवश्यक हुन्छ ।

## आत्ममूल्याङ्कन

१. मौखिक प्रतिवेदन भनेको के हो ?
२. मौखिक प्रतिवेदन चित्र, वस्तु, घटना वा अनुभववर्णनभन्दा किन भिन्न हुन्छ ?
३. बोलाइ-सीपका लागि मौखिक प्रतिवेदनको के महत्त्व हुन्छ ?
४. मौखिक प्रतिवेदन कसरी प्रस्तुत गर्न लगाउनुपर्दछ ?
५. प्रतिवेदन-प्रस्तुतिपछि के गर्नु आवश्यक हुन्छ ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तुका सुरुका दुई वाक्य ।

प्रश्न २ को उत्तरका लागि अन्तिम वाक्य ।

प्रश्न ३ को उत्तरका लागि दोस्रो अनुच्छेद ।

प्रश्न ४ को उत्तरका लागि तेस्रो अनुच्छेदको सुरुका तीन वाक्य ।

प्रश्न ५ को उत्तरका लागि उक्त अनुच्छेदको अन्तिम वाक्य ।

एकाइ ६ :

# पढाइ-शिक्षण

## पाठ ३२ :

## सस्वर पढाइ र यसको आवश्यकता

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं सस्वर पढाइको परिचय दिई पढाइ-शिक्षणमा त्यसको आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

लिखित सामग्रीलाई आवाज निकाली पढ्नु नै सस्वर पढाइ हो । यसमा लिखित सामग्रीको बोधका साथै श्रोता र शब्दोच्चारणको महत्त्वपूर्ण स्थान हुन्छ । भाषाशिक्षणमा सस्वर पढाइद्वारा लिपिचिह्नहरूलाई सस्वरता दिनुका साथै उच्चारणमा हुने गल्तीहरूको परिष्कार गर्न एवम् बोलाइका अन्य विभिन्न सीपहरूको विकास गर्नमा समेत मद्दत मिल्छ । लिखित सामग्रीलाई बोलीमा परिणत गरेर उक्त सामग्रीमा रहेको कृत्रिमतालाई कथ्य भाषाको स्वाभाविकताको नजिक पुऱ्याउनु पनि सस्वर पठनको महत्त्वपूर्ण विशेषता हो ।

पढाइ दुई किसिमको हुन्छ (१) सस्वर र मौन । सस्वर पठन पढाइसीपविकासको प्रारम्भिक चरण हो । मौन पठन सस्वर पठनका आधारभूत कुराहरू अभ्यस्त भएपछि अपनाइने पढाइसीप हो । यसबाट के स्पष्ट हुन्छ भने मौन पढाइको पूर्वाधार सस्वर पढाइ हो । जब विद्यार्थीहरू बिस्तार-बिस्तार वर्णोच्चारण, शब्दोच्चारण गर्दै विभिन्न वाक्य, अनुच्छेद वा समग्र पाठलाई सस्वर पढी लिपिबद्ध सामग्रीमा व्यक्त विषयवस्तुसँग परिचित हुने एवम् बोध गर्ने दक्षता हासिल गर्न प्रारम्भ गर्छन् अनि मात्र मौन पढाइको सुरुआत गर्नु उपयुक्त मानिन्छ । यसै गरी सस्वर पठन सामूहिक र व्यक्तिगत दुवै रूपमा हुन सक्छ तर मौन पठन व्यक्तिगत रूपमा मात्र हुन्छ । यसरी नै सस्वर पढाइमा लिपिबद्ध सामग्रीलाई गति, यति मिलाई शुद्धता र स्पष्टताका साथ एवम् विचारअनुरूप हाउभाउ तथा उपयुक्त चेष्टामा प्रभावपूर्ण ढङ्गले स्वर निकाली पढिन्छ भने मौन पढाइमा पाठक ओठ, जिब्रो नचलाई आँखाको सहायताद्वारा मस्तिष्कले पाठ्यसामग्रीमा व्यक्त भएको अर्थ ग्रहण गर्छ । सामान्य रूपमा सस्वर पढाइ र मौन पढाइमा यिनै भिन्नता भेटिन्छन् ।

उपयोगिताका दृष्टिले हेर्दा सस्वर पढाइ दैनिक प्रयोग तथा व्यवहारमा आइरहन्छ । यसबाट गाउँघरका अशिक्षित व्यक्तिहरूले समेत फाइदा उठाउन सक्छन् । सस्वर पढाइले विद्यार्थीहरूमा पढाइप्रति आत्मविश्वासको वृद्धि गर्ने, शारीरिक अवयव धेरै सक्रिय भई तिनको विकासमा बल पुऱ्याउने, मौन पढाइको आधार तयार गर्ने, मनोरञ्जन प्रदान गर्ने र सबभन्दा मुख्य रूपमा उच्चारणमा सुधार ल्याउनेजस्ता कुरामा मद्दत गर्छ । यिनै कारणहरूले गर्दा सस्वर पढाइको आवश्यकता भएको हो । अर्को कुरा, सस्वर पठनबाट अक्षर उल्टोपाल्टो गरी पढ्ने, ठाउँठाउँमा शब्द वा अक्षर छोडेर पढ्ने, एक किसिमको अक्षरमा अर्कै किसिमले पढ्नेजस्ता त्रुटिहरू निराकरण गर्न सकिने र वर्णको उच्चारण, शब्दको उच्चारणका साथै विभिन्न वाक्य, अनुच्छेद वा समग्र पठनमा नै सुधार ल्याउने भएकाले पढाइ-शिक्षणमा सस्वर पठनको ज्यादै आवश्यकता साबित हुन्छ ।

## सारांश

कुनै लिखित सामग्रीलाई आवाज निकाली पढ्नु सस्वर पढाइ हो। पढाइका दुई किसिममध्ये सस्वर पढाइ प्राथमिक चरणदेखि नै उपयोगी हुन्छ र यसले उच्चारणमा सुधार र प्रभावकारी पढाइमा मद्दत गर्छ। तर लिखित सामग्रीलाई गहन रूपमा पढ्न र शान्तिपूर्वक पढ्न मौन पठनले सहयोग गर्छ। सस्वर पठनबाट अक्षर उल्टोपाल्टो गरी पढ्ने, अक्षर छोडेर पढ्ने आदि त्रुटिनिराकरण हुनाका साथै भाषाको उपयुक्त उच्चारणमा मद्दत पुग्ने भएकाले यसको शिक्षण नितान्त आवश्यक छ।

## आत्ममूल्याङ्कन

(१) सस्वर पढाइ कस्तो किसिमको क्रियाकलाप हो ?

(२) सस्वर पढाइ र मौन पढाइमा मुख्यमुख्य फरक के के छन् ?

(३) सस्वर पढाइबाट हुने मुख्यमुख्य फाइदाहरू के के हुन् ?

(४) कुन पढाइबाट शुद्ध उच्चारण सिकाउन सकिन्छ ?

(५) सस्वर पढाइको आवश्यकता किन पर्दछ ?

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गतको पहिलो अनुच्छेद पढ्नुहोस्।

प्र. नं. २ को उत्तरका लागि दोस्रो अनुच्छेद हेर्नुहोस्।

प्र. नं. ३ को उत्तरका लागि तेस्रो अनुच्छेद हेर्नुहोस्।

प्र. नं. ४ को उत्तरका लागि उक्त तेस्रो अनुच्छेदको अन्तिम भाग हेर्नुहोस्।

प्र. नं. ५ को उत्तरका लागि उक्त तेस्रो अनुच्छेद पढ्नुहोस्।

पाठ ३३ :

# सस्वर पढाइमा ध्यान दिनुपर्ने कुराहरू

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं सस्वर पढाइमा ध्यान दिनुपर्ने कुराहरू बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

भाषाशिक्षणका सन्दर्भमा सस्वर पढाइबाट हुने फाइदाहरू प्राप्त गर्न तलका कुरामा ध्यान दिनुपर्छ-

**(क) क्रमिक रूपले अभ्यास गराउँदै लैजानु**

सस्वर पढाइबाट प्राप्त हुने विशेषताहरू हासिल गराउन विद्यार्थीहरूलाई क्रमशः सस्वर पढाइमा अभ्यास गराउँदै दक्ष बनाउनुपर्छ । उदाहरणार्थ, पहिलो भाषाका रूपमा नेपाली बोल्ने विद्यार्थीहरूलाई बोलाइका विशेषता सस्वर पढाइमा टिप्न गाह्रो पर्दैन, तर दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूलाई भने यसमा केही कठिनाइ पर्छ किनभने दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूमा बोलिने नेपालीको समुचित अभ्यास भइसकेको हुँदैन । नेपाली भाषाका शिक्षकहरूले यस्ता कुरामा सचेत भई त्यस किसिमका स्थितिमा त्यस्ता विद्यार्थीहरूलाई सस्वर पढाइमा सरलबाट जटिल भाषाका पाठ्यांशतिर अभ्यास गराउँदै लैजानुपर्छ ।

**(ख) उपयुक्त विधाको उपयोग गर्नु**

सस्वर पढाइका प्रारम्भिक तथा सामान्यका लागि जुनसुकै विधाको पनि उपयोग गर्न सकिन्छ तर पढाइका खासखास विशेषताहरू प्राप्त गर्न विशेष किसिमका विधाहरू उपयोग गर्नु राम्रो हो । उदाहरणार्थ कथ्य भाषामा पाइने हाउभाउ, समुचित बुँदा आदिमा जोड, लयात्मकता आदिमा अभ्यासको क्रमशः संवाद, वादविवाद र कवितांविधा विशेषतः उपयोगी ठहरिन्छ ।

**(ग) गति-यति मिलाउनु**

सस्वर पढाइमा सम्बन्धित अंशमा रहेका शब्द, वाक्य, अनुच्छेद आदिको गति-यति मिलाई पढ्न यस्ता तरिका अपनाउन सकिन्छ:-

(अ) शब्दपतीका आधारमा विभिन्न शब्दहरू पढ्न सकिन्छ । जस्तै- कलम, खरी, गमला, घर, छाता, जरायो, झरना, टप आदि ।

(आ) उक्त किसिमका शब्दहरू वाक्यमा प्रयोग गर्न वाक्यपत्तीका सहायताले प्रथमतः स्पष्ट गरेर त्यसपछि पूरै वाक्य पढ्ने अभ्यास गराउन सकिन्छ ।
राम पढ्छ । कछुवा र खरायो दौडिन थाले ।

(इ) उपर्युक्त किसिमका अभ्यास गराइसकेपछि विस्तारविस्तार सरल वाक्यका अनुच्छेदहरू पढ्ने अभ्यास गराउन सकिन्छ । यसरी जतिजति माथि गयो त्यति अनुच्छेदको स्तर र आकार पनि बढाउँदै लैजानु उपयुक्त हुन्छ ।

**(घ) चिह्नको विचार गर्नु**

विभिन्न चिह्न प्रयोग भएका वाक्यहरू बनाई वा पाठ्यपुस्तकबाट उद्धरण छानी वा पत्रपत्रिकाबाट त्यस्ता उद्धरण लिई चिह्न-प्रयोगको उपयोग गरी सस्वर पढ्ने अभ्यास गराउन सकिन्छ । जस्तै–

राम, हरि र म साथी हौं ।

ए राम ! त्यता नजाऊ ।

अहा ! क्या मीठो रहेछ ।

**(ङ) हाउभाउ प्रदर्शन गर्नु–**

हाउभाउ वा अभिनयका लागि उपयुक्त हुने कथा, संवाद आदिबाट उद्धरण छानी हाउभाउसहित पढ्न लगाउने । साथै सम्बन्धित पाठ्यपुस्तक वा विद्यार्थीहरूको अनुभवस्तरका बाहिरी पत्रपत्रिकाका संवादहरू पढ्न लगाएर पनि अभ्यास गराउनुपर्दछ ।

**(च) लय, सुर वा आघातको प्रयोग गर्नु–**

कहिलेकाहीँ सुर, लय आघात आदिको प्रयोगले पनि अर्थ भिन्न गराउन वा अर्थमा जोड दिनमा भूमिका खेल्दछ, जस्तैः ऊ गएछ । भन्ने वाक्य सुरको आरोह-अवरोह फरकफरक गरी पढ्दा फरक अर्थ पनि लाग्न सक्छ । त्यसैले सस्वर पढाइको शिक्षणका क्रममा यिनको अभ्यास आवश्यक हुन्छ । यस्तो अभ्यास सुरुमा वाक्यमा र पछि पाठ्यपुस्तकबाटै वा अन्य पत्रपत्रिकाबाट उपयुक्त पाठहरू पढ्न लगाई गराउनुपर्दछ ।

**(छ) भावअनुसार पढ्नु**

सस्वररूपमा कुनै पाठ्यसामग्री पढ्दा त्यसको भावलाई पनि ख्याल गर्नुपर्दछ । भाव एकातिर र पढाइको किसिम अर्कोतिर भयो भने त्यस्तो पढाइ प्रभावकारी नहुने मात्र होइन हास्यास्पद पनि हुन्छ । त्यसैले कुनै सामग्री पढ्दा त्यसको भावअनुसार ध्वनि परिवर्तन गरी पढ्ने अभ्यास हुनु आवश्यक छ । शिक्षकले सस्वर पढाइको अभ्यास गराउँदा यस कुराको पनि ख्याल राख्नुपर्दछ ।

**सारांश**

भाषाशिक्षणका सन्दर्भमा सस्वर पढाइलाई समुचित किसिमले प्रयोग गरी वाञ्छनीय उद्देश्य प्राप्त गर्न केही कुराहरूमा विशेष ध्यान दिनु आवश्यक छ । यिनमा क्रमिक रूपले अभ्यास गराउँदै लैजानु, उपयुक्त विधाको उपयोग गर्नु, गति-यति मिलाउनु, चिह्नको विचार गर्नु, हाउभाउ प्रदर्शन गर्नु, लय सुर वा आघातको प्रयोग गर्नु र भावानुसार पढ्नु मुख्य हुन् ।

**आत्ममूल्याङ्कन**

(१) सस्वर पढाइमा विद्यार्थीहरूलाई किन क्रमिक रूपले अभ्यास गराउँदै लैजानुपर्छ ?

(२) सस्वर पढाइमा उपयुक्त विधाको छनोटबाट के कस्तो सहयोग मिल्छ ?

(३) गति-यति मिलाई सस्वर पढ्न सिकाउन के गर्नुपर्छ ?

(४) विद्यार्थीहरूलाई चिह्न-विचार गरी पढ्न सिकाउन कस्तो तरिका अपनाउनु उचित हुन्छ ?

(५) विद्यार्थीहरूलाई हाउभाउसहित पढ्न सिकाउन के गर्नुपर्छ ?

(६) सस्वर पढाइका सन्दर्भमा लय, सुर वा आघातको के भूमिका पाइन्छ ?

(७) भावानुसार पढ्नु भनेको के हो ? पढाइमा यसको के भूमिका छ ?

(८) सस्वर पढाइलाई विशेष उपयोगी बनाउन शिक्षकले के के कुरामा ध्यान दिनुपर्छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत (क) उपशीर्षक पढ्नुहोस् ।

प्र. नं. २ को लागि (ख) उपशीर्षक पढ्नुहोस् ।

प्र. ३ को लागि (ग) उपशीर्षक पढ्नुहोस् ।

प्र. ४ को उत्तरका लागि (घ) उपशीर्षक पढ्नुहोस् ।

प्र. ५ को उत्तरका लागि (ङ) उपशीर्षक पढ्नुहोस् ।

प्र. ६ को उत्तरका लागि (च) उपशीर्षक पढ्नुहोस् ।

प्र. ७ को उत्तरका लागि (छ) उपशीर्षक पढ्नुहोस् ।

प्र. ८ को उत्तरका लागि सारांश खण्ड हेर्नुहोस् ।

## पाठ ३४ :
# सस्वर पढाइका कार्यकलाप

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं सस्वर पढाइको अभ्यासका सम्बन्धमा समर्थ हुनुहुनेछ :
(क) शब्द, वाक्य र अनुच्छेदको प्रयोग गर्न,
(ख) विभिन्न विधाका पाठको उपयोग गर्न ।

**विषयवस्तु**

प्राथमिक तहका कक्षामा विद्यार्थीहरूलाई सस्वर पढाइको अभ्यास गराउन तलका तरिकाहरू उपयोग गर्नु उपयुक्त हुन्छ–

**(क) शब्द, वाक्य र अनुच्छेदको प्रयोग**

प्राथमिक तहका सुरु कक्षामा सस्वर पढाइको अभ्यास गराउँदा कुनै वाक्य तथा अनुच्छेदहरूमा अभ्यास कठिन हुन्छ । हाम्रा विद्यालयहरूको स्तर हेर्दा भर्खरै अक्षर चिनारी गरेका विद्यार्थीहरू हुने हुँदा तिनीहरूलाई सुरुसुरुमा सस्वर पढाइको अभ्यास शब्दहरूको पढाइमा सीमित गर्नुपर्छ । यसरी शब्दहरूमा सस्वर पढाइको अभ्यास दुई किसिमले गर्न सकिन्छ । पहिला विद्यार्थीहरूलाई पाठ्यपुस्तकका शब्दहरूमा कठिन उच्चारण भएका शब्दहरू छानी तिनलाई सस्वर पढ्न लगाउनुपर्छ । यसपछि शिक्षकले विभिन्न किसिमका शब्दपतीहरू प्रयोग गरी विद्यार्थीहरूलाई उक्त शब्दपती समूह र व्यक्तिगत रूपमा सस्वर पढ्न लगाउनुपर्छ ।

यसरी शब्दपठनमा पर्याप्त अभ्यास भएपछि वाक्यांश र वाक्यको अभ्याससतिर क्रमशः अगि बढाउन सकिन्छ । यसपछि विद्यार्थीहरूको कक्षास्तर हेरी वाक्यसमूह तथा अनुच्छेदहरूमा अभ्यास गराउन सकिन्छ । यस किसिमको अभ्यास पनि सामूहिक र व्यक्तिगत रूपमा गराउन सकिन्छ । एउटै पाठमा माथि बताएको शब्द, वाक्य र अनुच्छेदमा सस्वर पढाइको अभ्यास गराउन पनि सकिन्छ । यसरी अभ्यास गराउँदा विद्यार्थीले पहिले सस्वर पढाइ गरेका शब्द र वाक्य भए अनुच्छेदको सस्वर वाचन गराउन सजिलो हुन्छ । वास्तवमा शब्द, वाक्य र अनुच्छेदको उच्चारण वा सस्वर पढाइमा केही फरक विशेषता हुने हुँदा सबै तहमा सस्वर पढाइ गराउनु बेस हुन्छ ।

**(ख) विभिन्न विधाका पाठको उपयोग**

सस्वर पढाइको तरिका पनि विभिन्न विधापिच्छे फरक पर्दछ । उदाहरणार्थ कविताको जसरी सस्वर वाचन गरिन्छ त्यसरी नै प्रबन्धको सस्वर पढाइ गरिँदैन । यसैले सस्वर पढाइमा अभ्यास गराउँदा हरेक किसिमका विधामा गराउनु आवश्यक हुन्छ । एउटै रूपक विधामा पनि संवादको सस्वर वाचन एक किसिमले गरिन्छ भने वादविवादको अर्कै किसिमले गर्नुपर्छ । उदाहरणार्थ संवादमा कुराकानी-शैली अपनाइन्छ भने वादविवादमा आफ्नो पक्ष स्थापनाका निम्ति तर्कका बुँदामा जोड दिएर पढिन्छ ।

यसरी कविता, कथा, संवाद आदि विधामा सस्वर पढाइको अभ्यास गराउँदा पनि विद्यार्थीका क्षमता र स्तर हेरी क्रमशः शब्द, वाक्य र अनुच्छेदमा सस्वर पढाइ गराउनुपर्छ ।

## सारांश

प्राथमिक तहका कक्षामा विद्यार्थीहरूलाई सस्वर पढाइको अभ्यास मुख्यत: दुई किसिमले गराउन सकिन्छ । सामान्य प्रयोजनका लागि कक्षास्तर हेरी शब्द, वाक्य र अनुच्छेदको प्रयोग गरिन्छ र क्रमश: शब्द, वाक्य र अनुच्छेदमा सामूहिक तथा व्यक्तिगत रूपले अभ्यास गराइन्छ । विशेष प्रयोजनका लागि भने प्रयोजनअनुसार कविता, रूपक आदि विधा प्रयोग गरिन्छ र सामूहिक र व्यक्तिगत रूपमा अभ्यास गराइन्छ ।

## आत्ममूल्याङ्कन

(१) शब्दका आधारमा सस्वर पढाइको अभ्यास कसरी गराइन्छ ?

(२) वाक्यका माध्यमबाट सस्वर पढाइ गराउने तरिका बताउनुहोस् ।

(३) अनुच्छेद प्रयोग गरी सस्वर वाचन कसरी गराइन्छ ?

(४) सस्वर पढाइमा विभिन्न विधाहरू कसरी प्रयोग गरिन्छ ?

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि तेस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि 'ख' को अनुच्छेदको पठन गर्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए यो पाठ पुन: पढ्नुहोस् ।

पाठ ३५ :

# उच्चारण-शिक्षणको महत्त्व र आवश्यकता

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं उच्चारण-शिक्षणको महत्त्व र आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

भाषाशिक्षणका सन्दर्भमा कुनै भाषाका वर्ण, शब्द, वाक्य, वाक्यसमूह अनुच्छेद आदिको सही रूपमा उच्चारण गर्न सिकाउनु उच्चारण-शिक्षण हो । वस्तुतः भाषा उच्चारण गरिने ध्वनिप्रतीकहरूको समूह हो । त्यसैले भाषा सिक्नु भनेको नै कुनै भाषाका ध्वनिहरूको उच्चारण गर्न सिक्नु हो । यसरी भाषा र उच्चारणको बीचमा घनिष्ठ सम्बन्ध रहेकाले भाषाशिक्षण गर्दा उच्चारण-शिक्षण नितान्त जरूरी छ । यसबाहेक उच्चारण-शिक्षण भाषाको महत्त्वपूर्ण पक्ष हो । उच्चारणमा हुने अशुद्धिले गर्दा भाषा अस्पष्ट हुने, अर्थको अनर्थ हुने, अभिव्यक्ति कमजोर तथा अप्रभावकारी हुनेजस्ता सम्भावना प्रशस्त रहन्छन् । राम्रो विचार रहेछ भने पनि उच्चारणगत कमजोरीले गर्दा वक्ताले श्रोतामा प्रभाव पार्न नसक्ने हुन्छ । यसै गरी स्तरीय भाषाका वक्ताका लागि शब्दको गलत उच्चारण नसुहाउँदो र हाँसोउठ्दो हुन्छ । यसैले पनि यी माथिका कमजोरीबाट बच्नको लागि सही उच्चारण-शिक्षणको ठूलो महत्त्व छ ।

भाषाको सही उच्चारण-शिक्षणबाट भाषाका शुद्धता, स्पष्टता, सुश्रव्यता, प्रभावशालिता जस्ता विशेषता हासिल हुनाका साथै प्रयोग गरिएको भाषा पनि बुझिने, व्यवहार गरिन स्पष्ट हुन्छ ।

भाषाशिक्षणमा उच्चारण-शिक्षण विभिन्न दृष्टिले उपयोगी हुन्छ । उदाहरणार्थ, नेपाली भाषाको कुनै वक्ताले 'भएको' उच्चारण गर्नुपर्नेमा 'भाको' 'भेको' 'भयाको' जस्ता रूप बोलेमा अर्कोअर्को भेगको वक्ताले नबुझ्न सक्छ । यसैले स्तरीय उच्चारण-शिक्षण आवश्यक हुन्छ । यसैगरी भिन्न मातृभाषा भएका विद्यार्थीहरू आफ्ना-आफ्ना मातृभाषाको उच्चारण-व्यवस्थामा अभ्यस्त भइरहेका हुन्छन् । उनीहरूलाई दोस्रो वा अन्य भाषाको उच्चारण-प्रक्रिया अपनाउन निकै कठिनाइ हुन्छ र उनीहरू कतिपय ध्वनि वा वर्णहरूको सही उच्चारण गर्न नसक्ने स्थितिमा पनि हुन सक्छन् । यसरी विभिन्न मातृभाषाबाट प्रभावित भएका नेपाली भाषाका गलत उच्चारणलाई निराकरण गर्न पनि उच्चारण-शिक्षण आवश्यक ठहरिन्छ ।

विद्यार्थीहरूको उच्चारणमा शुद्धता आउन सकेमा उनीहरूको पढाइ र लेखाइमा पनि त्यसको राम्रो प्रभाव पर्न जान्छ । उच्चारण शुद्ध भएमा लिखित सामग्रीलाई पनि सोहीअनुरूप उपयुक्त ढङ्गले शब्दोच्चारण गरी सस्वर पढ्ने बानी उनीहरूमा बस्न सक्छ । अझ लिखित अभिव्यक्तिमा शब्दोच्चारणले प्रत्यक्षतः प्रभाव पारेको देख्न सकिन्छ । कुनै विद्यार्थी कुनै शब्दको शुद्ध र स्तरीय उच्चारण गर्न सक्छ भने लेख्दा पनि ऊ सोहीअनुरूप लेख्न सक्छ । फेरि उच्चारणमा शुद्धता भएमा विद्यार्थीको सुनाइ पनि तदनुसार विश्लेषणात्मक बन्दै जान्छ । त्यसैले भाषाशिक्षणका सन्दर्भमा उच्चारण-शिक्षणको अपरिहार्य आवश्यकता सिद्ध हुन्छ ।

## सारांश

भाषाशिक्षणका सन्दर्भमा कुनै भाषाको वर्ण, शब्द, वाक्य, अनुच्छेद आदिको सही रूपमा उच्चारण गर्न सिकाउनु उच्चारण-शिक्षण हो । सही उच्चारणमा नै सही भाषाको व्यवहार हुने हुँदा उच्चारण र भाषाका बीच घनिष्ठ सम्बन्ध पाइन्छ । उपयुक्त उच्चारणबाट नै भाषामा प्रभावकारिता हासिल हुने हुँदा भाषाशिक्षणमा उच्चारण-शिक्षण अत्यन्त आवश्यक छ ।

## आत्ममूल्याङ्कन

१) उच्चारण-शिक्षण भन्नाले के बुझिन्छ ?
२) भाषा र उच्चारणका बीचमा कस्तो सम्बन्ध पाइन्छ ?
३) उच्चारणमा हुने अशुद्धिले भाषा-व्यवहारमा के-कस्ता असर पर्छन् ?
४) भाषाशिक्षणका सन्दर्भमा उच्चारण-शिक्षणको के-कस्तो महत्त्व छ ?
५) सही उच्चारणबाट हुने फाइदाहरू के के हुन् ?
६) भाषाशिक्षणमा उच्चारण-शिक्षण किन आवश्यक छ ?

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गतको पहिलो अनुच्छेद पढ्नुहोस् ।
प्र. नं. २ को उत्तरका लागि उक्त पहिलो अनुच्छेदको दोस्रो, तेस्रो र चौथो वाक्य पढ्नुहोस् ।
प्र. नं. ३ को उत्तरका सम्बन्धमा उक्त पहिलो अनुच्छेदको अन्तिम भाग हेर्नुहोस् ।
प्र. नं. ४ को उत्तरका लागि पहिलो र दोस्रो अनुच्छेद पढ्नुहोस् ।
प्र. नं. ५ को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस् ।
प्र. नं. ६ को उत्तरका लागि तेस्रो र चौथो अनुच्छेद हेर्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? उत्तर नमिलेमा यो पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

# उच्चारण-शिक्षणका कार्यकलाप (क)

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं समस्यामूलक वर्ण र शब्दहरूको उच्चारणमा अभ्यास गराउन सक्नुहुनेछ ।

**विषयवस्तु**

नेपाली भाषाको वर्ण र शब्दहरूको उच्चारण-व्यवस्थामा केही समस्यामूलक स्थितिहरू छन् । कुनै वर्ण र शब्दमा उच्चारणको समस्या स्थानीय तथा भौगोलिक विविधताको कारण उत्पन्न भएका छन् भने कुनैमा अन्य मातृभाषा बोल्ने पृष्ठभूमिका कारण उत्पन्न भएका छन् । उदाहरणार्थ तराई भेगका नेपालीहरू धर्म, कर्म, तुरुन्त, राजेन्द्र जस्ता शब्दलाई धर्म्, कर्म्, तुरुन्त् राजेन्दर जस्ता उच्चारण गर्दछन् भने भोटहिमाली परिवारका भाषा मातृभाषा हुनेहरू अब, अहिले, घर जस्ता शब्दहरूलाई आब, आहिले, घार जस्ता उच्चारण गर्दछन् । त्यसैले यस किसिमका नेपाली भाषाको उच्चारणमा नमिल्ने वर्ण र शब्दहरूको उच्चारणगत समस्या पहिल्याई तिनको नेपाली भाषाको उच्चारण-व्यवस्थाअनुसार उपयुक्त उच्चारण सिकाउन शिक्षकले विभिन्न तरिका अपनाउनुपर्छ । यसरी शिक्षण गर्दा शिक्षकले सुरुमा उक्त किसिमका समस्यामूलक वर्णहरू उपयोग भएका शब्दयुग्महरू सङ्कलन गरी सूची तयार पार्ने र उक्त शब्दयुग्महरू लेखिएका शब्दपत्तीहरू तयार पारी कक्षामा त्यस्ता पत्तीहरू उच्चारण गर्न लगाउनुपर्छ । यसरी समस्यामूलक वर्ण सङ्कलन गर्दा उक्त वर्ण शब्दको सुरुमा, बीचमा र अन्तमा भएका शब्दहरू बनाउनु वा सङ्कलन गर्नु आवश्यक हुन्छ । यसरी वर्णहरूको उच्चारण-शिक्षण गर्दा पहिले वर्ण मात्रै उच्चारण गराउन सकिन्छ भने त्यसपछि त्यस्ता वर्ण भएका शब्दहरू प्रयोग गरेर उच्चारणमा अभ्यास गराउनु बेस हुन्छ । उदाहरणार्थ, क्ष– वर्णको उच्चारण-अभ्यास गराउनु छ भने पहिले उक्त वर्ण एक्लै उच्चारण गर्न लगाई पछि सो वर्णलाई क्षत्री, नक्षत्र, कक्षा जस्ता शब्दमा अभ्यास गराउनु उपयुक्त हुन्छ ।

त्यसै गरी उच्चारणका दृष्टिले समस्यामूलक शब्द छन् भने त्यस्ता शब्दहरू खोजी शब्दपत्तीद्वारा उपर्युक्त किसिमले उच्चारणमा अभ्यास गराउनुपर्छ । यसरी शब्दको उच्चारण-अभ्यास गराउँदा पहिले शब्दमा अनि वाक्यमा अभ्यास गराउनु वाञ्छनीय छ । उदाहरणार्थ, प्रजा, ठाडो, तेर्सो, विद्या जस्ता शब्दलाई लिन सकिन्छ ।

यसै सन्दर्भमा अन्य भाषा वा भाषिकागत कारणले उच्चारणमा कठिनाइ हुने वर्ण र शब्दहरूको पनि चर्चा गर्न सकिन्छ । नेपालीकै जुम्ली, डोटचालीजस्ता भाषिकाका विद्यार्थीहरू स्तरीय नेपालीका कतिपय वर्णहरू तथा शब्दहरूको उच्चारणमा कठिनाइ महसुस गर्छन् । त्यस्तै नेपाली भाषा दोस्रो भाषाका रूपमा सिक्न चाहने विद्यार्थीहरूका पनि आ-आफ्ना मातृभाषाको प्रभावका कारणले भिन्नाभिन्नै प्रकृतिका कठिनाइ हुन्छन् । शिक्षकले पहिल्यै त्यस्ता कठिनाइहरू र तिनका कारण पत्ता लगाउने र त्यस्ता कठिनाइको निराकरणका लागि एउटै प्रकृतिका गल्ती गर्ने विद्यार्थीहरूलाई बेग्लाबेग्लै समूहमा विभाजन गरी उच्चारणको अभ्यास गराउनुपर्दछ । जस्तै : नेपालीकै अर्को भाषिका बोल्ने विद्यार्थी एक प्रकारको त्रुटि गर्दछन् भने भोटबर्मेली परिवारका नेवारी भाषाभाषीलाई ट/त जस्ता वर्णको उच्चारण अप्ठयारो हुन सक्छ भने मगराती भाषाभाषीहरूलाई 'अ' को उच्चारण गर्न अप्ठयारो हुन सक्छ । त्यस्ता अप्ठयाराको निराकरणका लागि शिक्षकले उनीहरूको भाषागत प्रकृतिको पहिचान गर्नुपर्दछ र सोहीअनुरूप त्रुटि-निराकरण गर्नुपर्दछ । अभ्यासका लागि भने माथि बताएकै तरिका र क्रम अपनाउनुपर्दछ ।

### सारांश

प्राथमिक कक्षाका विद्यार्थीहरूलाई समस्यामूलक वर्ण र शब्दको उच्चारणमा अभ्यास गराउँदा शिक्षकले त्यस्ता वर्ण र शब्दको सूची बनाई तालिकाका रूपमा कक्षामा प्रस्तुत गर्नु अपेक्षित छ। त्यसपछि ती हरेक वर्ण र शब्दको पहिले शिक्षकले उच्चारण गरी विद्यार्थीहरूलाई सोहीअनुसार उच्चारण गर्ने अभ्यास गराउनुपर्छ। यसरी शिक्षण गर्दा उक्त किसिमको समस्याको निराकरणका लागि एउटै प्रकृतिको गल्ती गर्ने विद्यार्थीहरूलाई एउटै समूहमा राखी सामूहिक र व्यक्तिगत रूपमा उच्चारणको अभ्यास गराउनु उपयुक्त हुन्छ।

### आत्ममूल्याङ्कन

(१) वर्ण र शब्दको उच्चारणमा पाइने प्रमुख समस्यामूलक स्थिति के के हुन् ?

(२) समस्यामूलक वर्णशिक्षणका लागि शब्दयुग्महरू कसरी बनाइन्छन् ?

(३) उक्त किसिमका वर्णहरूलाई कसरी शिक्षण गरिन्छ ?

(४) समस्यामूलक शब्दहरूको शिक्षण कसरी गरिन्छ ?

(५) मातृभाषा वा नेपालीका भाषिका बोल्ने पृष्ठभूमिका विद्यार्थीहरूको वर्णगत र शब्दगत उच्चारण-समस्याको निराकरण कसरी गर्न सकिन्छ ?

### पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत पहिलो अनुच्छेद पढ्नुहोस्।

प्र. नं. २ को उत्तरका लागि पहिलो अनुच्छेदको उत्तरार्द्ध भाग हेर्नुहोस्।

प्र. नं. ३ को लागि उक्त पहिलो अनुच्छेदको उत्तरार्द्ध भागमा विशेष ध्यान दिई पढ्नुहोस्।

प्र. नं. ४ को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस्।

प्र. नं. ५ को उत्तरका लागि तेस्रो अनुच्छेद पढ्नुहोस्।

# उच्चारण-शिक्षणका कार्यकलाप (ख)

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं संयुक्त र मिश्र उच्चारण भएका अक्षरहरूको उच्चारणमा अभ्यास गराउन सक्नुहुनेछ ।

**विषयवस्तु**

प्राथमिक तहको नेपाली भाषाको पाठ्यपुस्तक मेरो नेपाली किताबका पाठहरूमा जोडिएका अक्षरहरू दुई किसिमका छन्– (१) संयुक्त उच्चारण भएका र (२) मिश्र उच्चारण भएका ।

यिनमा सिङ्गो वा सग्लो अक्षरमा लेखिने तर उच्चारण गर्दाचाहिँ अक्षरको आधा भागलाई स्पष्ट रूपमा छुट्याउन सकिने किसिमले उच्चारण हुने खालका दुई अक्षरको मेललाई संयुक्त अक्षर भनिएको छ । जस्तै– चम्चा, अम्बा, तठ्ठी, सर्प, पर्खाल इत्यादि ।

त्यसै गरी सग्ला अक्षरमा जोडिएर लेखिने र उच्चारण गर्दा पनि स्पष्ट रूपमा छुट्याउन नसकिने गरी उच्चारण हुने दुई अक्षरको मेललाई मिश्र उच्चारण मानिएको छ । जस्तै– स्याल, स्वर, ध्वनि, राम्रो, बाँस, ईंट इत्यादि ।

यसरी हेर्दा नेपाली भाषाका जोडिएका अक्षरहरूको उच्चारण दुई भिन्दाभिन्दै किसिमले हुने कुरा स्पष्ट छ । अतः प्राथमिक तहका कक्षामा विशेषतः एक कक्षामा शिक्षण गर्ने शिक्षकहरूले यी उच्चारणको भिन्नतालाई विचार गरी तदनुसार कक्षामा उच्चारण गराउनु आवश्यक छ । यसका लागि निम्नलिखित तरिका अपनाई सम्बन्धित विद्यार्थीहरूलाई यस किसिमका अक्षरहरूको उच्चारणमा अभ्यास गराउनुपर्दछ–

(क) संयुक्त र मिश्र उच्चारणका अक्षरलाई वर्णपत्ती र कालोपाटीको प्रयोग गरी टुक्र्याई देखाइदिने ।

(ख) संयुक्त अक्षर भए छुट्टाछुट्टै उच्चारण गरिदिने र मिश्र उच्चारण भएका अक्षरहरूलाई त्यसरी छुट्टाछुट्टै उच्चारण गर्न नसकिने अवस्थाको जानकारी गराउने ।

(ग) छुट्टाछुट्टै उच्चारण गर्दा र संयुक्त रूपमा उच्चारण गर्दा हुने फरक स्पष्ट पारिदिने ।

(घ) विभिन्न प्रकारका संयुक्त र मिश्र उच्चारण हुने अक्षरहरूको सूची बनाई कक्षामा तालिकाका रूपमा प्रस्तुत गरी शिक्षकले ती हरेक अक्षरको पहिले आफूले उच्चारण गरेर सुनाउने र त्यसपछि विद्यार्थीहरूलाई सोहीअनुसार उच्चारण गर्न लगाउने । शिक्षकले उच्चारण गरेर सुनाउँदा मुखको आकार र अझ सम्भव भए जिब्राको स्थितिसमेत विद्यार्थीहरूलाई देखाउनु बेस हुन्छ ।

(ङ) संयुक्त र मिश्र उच्चारण प्रयोग भएका शब्दहरू वा शब्दयुग्महरूको सूची बनाई तिनको उच्चारण गर्न उपर्युक्त किसिमले नै अभ्यास गराउने । त्यस्ता शब्दहरू छान्दा उक्त संयुक्त र मिश्र उच्चारण हुने अक्षरहरू शब्दको सुरु, बीच र अन्त्यमा भएका शब्दहरू छान्नुपर्छ ।

(च) उक्त प्रकारका शब्दहरू वाक्यमा प्रयोग गरी वा त्यस्ता वाक्य खोजी वाक्य-तहमा पनि तिनको उच्चारणको अभ्यास गराउने ।

(छ) त्यस्तो उच्चारण हुने शब्दहरू बढी भएको पाठ्यपुस्तकको कुनै पाठका अनुच्छेद-तहमा पनि तिनको उच्चारणको अभ्यास गराउने ।

यसरी उच्चारणको अभ्यास गराउँदा शिक्षकले विद्यार्थीहरूलाई सामूहिक र व्यक्तिगत दुवै रूपमा अभ्यास गराउनु उपयुक्त हुन्छ ।

## सारांश

प्राथमिक कक्षाका विद्यार्थीहरूलाई संयुक्त र मिश्र अक्षरको उच्चारणमा अभ्यास गराउँदा शिक्षकले त्यस्ता अक्षरहरूको सूची बनाई तालिकाका रूपमा कक्षामा प्रस्तुत गर्नु आवश्यक छ । त्यसपछि ती हरेक अक्षरको पहिले शिक्षकले उच्चारण गरी विद्यार्थीहरूलाई सोहीअनुसार उच्चारण गर्ने अभ्यास गराउनुपर्छ । यसरी शिक्षण गर्दा उक्त किसिमका अक्षरहरू सुरु, बीच र अन्त्यमा भएका शब्दहरू छानी तिनलाई शब्द, वाक्य र अनुच्छेदका तहमा राखी सम्बन्धित विद्यार्थीहरूलाई सामूहिक र व्यक्तिगत रूपमा अभ्यास गराउनु उपयुक्त हुन्छ ।

## आत्ममूल्याङ्कन

(१) कस्ता अक्षरलाई संयुक्त अक्षर भनिएको छ ?

(२) मिश्र उच्चारण भएको अक्षर केलाई भन्दछन् ?

(३) संयुक्त र मिश्र उच्चारण भएको अक्षरमा के फरक छ ?

(४) उक्त किसिमको अक्षरहरू शिक्षणका लागि शब्दयुग्महरू कसरी बनाइन्छ ?

(५) उक्त किसिमका अक्षरहरूलाई कक्षामा कसरी शिक्षण गरिन्छ ?

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. २ का लागि तेस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि चौथो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि अभ्यासात्मक प्रश्नहरू पढ्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए यो पाठ पुनः पढ्नुहोस् ।

पाठ ३८ :

# मौन पढाइको आवश्यकता

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं मौन पढाइको परिचय दिई पढाइ-शिक्षणमा त्यसको आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

भाषाको लिखित सामग्रीलाई आवाज ननिकाली मनमनै पढ्नु नै मौन पढाइ हो । यसमा थोरैभन्दा थोरै समयमा धेरैभन्दा धेरै कुराको जानकारी प्राप्त गर्ने कोसिसका साथ पढिन्छ । यस्तो पढाइमा अङ्गप्रत्यङ्ग-सञ्चालनको त्यति साह्रो आवश्यकता नपर्ने हुँदा पढ्नेले पूरा ध्यान केन्द्रित गरी पढ्ने अवसर पाउँछ । गम्भीर वा गहन पठनका लागि यो पढाइ अत्यावश्यक हुने हुँदा प्राथमिक तहका सुरु कक्षामा भन्दा माथिल्ला कक्षामा यसको उपयोग गर्नु समुचित हुन्छ ।

मौन पढाइबाट कम समयमा धेरै कुराको जानकारी राख्न सकिने हुँदा यो अत्यन्त महत्त्वपूर्ण पढाइ हो । यसबाट पठित सामग्रीको भाव यथाशीघ्र ग्रहण गर्न सजिलो पर्छ । फेरि यसबाट स्वाध्ययन गर्ने बानीको विकास भई विभिन्न प्रकारका ज्ञान आर्जन गर्न र स्वावलम्बनको भावनाको विकास गर्न पनि मद्दत मिल्छ । यसबाहेक पढाइको द्रुततर छिटोपन बोधको विकासमा मौन पढाइ विशेष उपयोगी ठहर्छ । यसको तुलनामा सस्वर पढाइमा लिखित सामग्रीको बोधका साथै त्यसलाई श्रोताको ख्याल गरी अत्यन्त प्रभावकारी ढङ्गले प्रस्तुत गर्नुपर्ने हुँदा द्रुतबोधको विकास सम्भव हुँदैन । मौन पढाइबाट भने पाठक आफ्नो प्रयोजन र आवश्यकताअनुसार विभिन्न सामग्रीहरू भिन्नाभिन्न ढङ्गले पढ्न सक्छ । अनावश्यक कुरा छाडी आफूलाई चाहिएको कुरा मात्र पढ्ने, मुख्य आशय पढ्ने, सोधिएका प्रश्नको उत्तर दिन पढ्ने आदि विभिन्न प्रयोजनका लागि मौन पढाइलाई उपयोगी बनाउन सकिने हुनाले पढाइमा यसको विशेष महत्त्व र आवश्यकता सिद्ध हुन्छ ।

मौन पढाइ माथिल्ला कक्षाहरूका लागि बढी उपयोगी हुने र माथिल्ला तहको तयारीका लागि पनि सुरुदेखि नै यसको अभ्यास गराउनु आवश्यक छ । फेरि प्राथमिक तहमात्र पूरा गरेर विद्यालय छाड्ने विद्यार्थीहरूका लागि पनि मौन पढाइ दैनिक व्यवहारका पढाइमा आवश्यक हुन्छ । बालकहरूमा स्वाध्ययनको बानी सुरुदेखि नै बसाल्नु र समूहमा बसी आफूलाई आवश्यक हुने कुरा अरूलाई बाधा नपारी पढ्न पनि मौन पढाइ आवश्यक हुन्छ । त्यसैले प्राथमिक तहको पाठ्यक्रमले पनि कक्षा तीनदेखि नै मौन पढाइको अभ्यासको अपेक्षा राखेको छ ।

**सारांश**

आवाज ननिकाली लिपिबद्ध भाषालाई मनमनै पढ्नु मौन पढाइ हो । सस्वर पढाइको तुलनामा यस्तो पढाइमा अङ्गप्रत्यङ्ग-सञ्चालनको त्यति साह्रो आवश्यकता नपर्ने हुँदा पढ्नेले पूरा ध्यान केन्द्रित गरी पढ्ने अवसर पाउँछ । मौन पढाइबाट बोध गर्न सजिलो पर्छ । यसबाट स्वाध्ययन गर्ने बानीको विकास भई विभिन्न प्रकारका ज्ञान आर्जन गर्न र अन्ततः स्वावलम्बनको भावनाको विकास गर्न मद्दत मिल्छ । यसरी मौन पढाइबाट थोरै समयमा धेरै कुराको जानकारी गर्न सकिने हुँदा गहन पढाइ र बोधका लागि यसको ठूलो आवश्यकता पर्दछ ।

**आत्ममूल्याङ्कन**

(१) मौन पढाइ कस्तो क्रियाकलाप हो ?

(२) मौन पढाइ र सस्वर पढाइमा के फरक छ ?

(३) मौन पढाइबाट हुने मुख्यमुख्य फाइदाहरू के के हुन् ?

(४) मौन पढाइबाट किन पढाइमा बढी ध्यान केन्द्रित हुन्छ ?

(५) मौन पढाइको आवश्यकता किन पर्दछ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि पाँचौं र छैटौं वाक्यमा विशेष ध्यान दिई दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि तेस्रो वाक्यमा ध्यान दिई पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए यो पाठ पुनः पढ्नुहोस् ।

पाठ ३९ :

# पठनबोध

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं पठनबोधको परिचय दिई त्यसको शिक्षण गर्न समर्थ हुनुहुनेछ ।

**विषयवस्तु**

पठनबोध भन्नाले पढेर बुझ्ने भन्ने अर्थ लाग्छ । प्राथमिक कक्षाका सन्दर्भमा पठनबोध भनेको विद्यार्थीले आफ्ना सेरोफेरोमा देखेका, सुनेका, अनुभव गरेका विषयवस्तुमा आधारित लिपिबद्ध सामग्री पढी तत्सम्बन्धी कुरा बुझ्नुलाई मानिन्छ । सामान्यतः पठनबोधको अभ्यास मौन पढाइको माध्यमबाट गरिन्छ ।

पठनबोधको अभ्यासबाट विभिन्न किसिमका भाषिक क्षमता र सीपको विकासमा प्रशस्त मद्दत पुग्छ । भिन्नभिन्न प्रयोजनका लागि विभिन्न सामग्री पढ्ने बानी बसाल्दै लैजानाले पढाइको गति र बोधको विकासमा सघाउ प्राप्त हुन्छ । उक्त कुराको जति राम्रो विकास गर्न सकियो उति पढाइको ज्ञानपरक र मनोरञ्जनपरक प्रयोजनका लागि अधिकाधिक सहायता मिल्छ । यसका साथै पढाइद्वारा एकातिर लेख्य भाषाका विभिन्न विधामा पाइने लेखाइका ढाँचासँग परिचय मिल्छ भने अर्कातिर विभिन्न शब्दहरूको उपयुक्त हिज्जे र विरामचिह्न आदिको जानकारी र प्रयोगमा समेत मद्दत मिल्छ । यसवाहेक पठनबोधमा अभ्यास बढ्दै जानाले शब्दभण्डारको विकासमा प्रशस्त मद्दत हुने कुरा पनि निश्चित छ । पठनबोधबाट नै विद्यार्थी नयाँनयाँ शब्दहरू र तिनको प्रसङ्गअनुकूल प्रयोग सिक्छ । यसले भाषाको प्रयोगमा हुने व्याकरणात्मक तथा शब्दप्रयोगगत उपयुक्तता-अनुपयुक्तता ठम्याउने सुझको विकास गर्नमा उसलाई सहयोग गर्छ । उक्त आधारमा भाषाका पढाइबाहेक सुनाइ, बोलाइ र लेखाइ-सीपमा पनि हुने गल्तीहरू ठम्याउने र सुधार्ने क्षमताको विकास हुन्छ ।

प्राथमिक तहमा पठनबोध-शिक्षणका लागि पाठ्यसामग्री छनोट गर्दा पाठ्यपुस्तकबाट ससाना उद्धरण वा अनुच्छेद लिनुपर्छ । त्यस्ता उद्धरण वा अनुच्छेद प्रवन्ध, लेख, कथा-जीवनीबाट लिनु उपयुक्त हुन्छ । पत्र-पत्रिका आदि स्रोतबाट पनि उक्त सामग्रीहरू लिन सकिन्छ तर यसो गर्दा विद्यार्थीहरूको भाषिक क्षमताको ख्याल गर्नुपर्छ । यसरी सामग्री छनोट गरी विद्यार्थीहरूलाई उक्त सामग्री मनमनै पढ्न लगाइनुपर्छ । उदाहरणका लागि पठनबोधको निम्ति छानिएको अनुच्छेद र त्यसमा आधारित बोध-प्रश्नहरूको नमुना यस प्रकार छ :

अनुच्छेदः– नारायणगोपाल गायक मात्र होइनन् सङ्गीतकार पनि थिए । उनी गीतको अर्थलाई उपयुक्त सङ्गीतमा ढाल्थे र मुटु छुने गरी गाउँथे । सङ्गीतप्रति उनको ज्यादै मोह थियो र समर्पण पनि । त्यसैकारणले उनले आफ्ना दुई जना साथीहरूको सहयोग लिई 'बागीना' (बाजा+गीत+नाच) भन्ने तीन महिने पत्रिका प्रकाशित गरेका थिए ।

**प्रश्नहरू**

(क) नारायणगोपाल के थिए ?

(ख) गीतलाई सङ्गीतमा ढाल्ने काम कसले गर्छ ?

(ग) गीत गाउनेलाई के भनिन्छ ?

(घ) 'वागीना' को अर्थ के हो ?

(ङ) यो कस्तो खाले पत्रिका हो ?

प्राथमिक कक्षाका विद्यार्थीहरूलाई पठनबोध गर्न लगाउँदा शिक्षकले निम्नलिखित कुरामा ध्यान दिनुपर्छ :

(१) बसाइको छाँट मिलेको छ-छैन ?

(२) कक्षाको वातावरण शान्त छ-छैन ?

(३) ओंठ चलाएर पढिरहेका छन् कि ?

(४) विद्यार्थीहरू एक-आपसमा चिमोट्ने, घचघच्याउने, इशारा गर्ने गरिरहेका छन् कि ?

(५) औंलाले देखाएर पढिरहेका छन् कि ?

(६) हल्लीहल्ला पढिरहेका छन् कि ?

(७) किताब र आँखाको दूरी पर्याप्त छ-छैन आदि ।

विद्यार्थीहरूले निर्धारित उद्धरणको मौन पढाइ गरिसकेपछि लगत्तै बोधसम्बन्धी प्रश्नोत्तर गराउनुपर्दछ । प्राथमिक तहमा त्यस्ता बोध-प्रश्नहरू प्रायः विषयवस्तुसम्बन्धी र सतही खालका मात्र सोध्नुपर्दछ तर एकाध प्रश्न अनुमानात्मक पनि सोध्न सकिन्छ । प्रश्नहरू भने छोटा र हलुका किसिमका हुनुपर्दछ । बोधका लागि प्रयोग गरिने प्रश्नहरू निम्नलिखित किसिमका हुन सक्छन् :

(क) बहुविकल्पी

(ख) खाली ठाउँ भर्ने

(ग) ठीक-बेठीक

(घ) संक्षिप्त उत्तरात्मक

पठनबोधका क्रममा बोध-प्रश्नका साथै तल दिइएअनुसारका क्रियाकलापहरू पनि गराउनुपर्दछ :

(अ) मुख्य विचार बुझ्न पढ्ने : कुनै अनुच्छेद पढ्न लगाई त्यसको मुख्य विचार बताउन लगाउने ।

(आ) अगाडि वा पछाडि हुने घटना वा विषयवस्तुको अनुमान गर्न लगाउने : पठित अनुच्छेदका आधारमा पहिले वा पछि के कुरा वा घटना हुन सक्छ भनी अनुमान गर्न लगाउने । कुनै कथाको अंश पढ्न दिई त्यसअघि के भयो होला वा त्यसलाई कसरी टुङ्ग्याउने होला भनी अनुमान गर्न लगाउने ।

(इ) पठित विषयवस्तुका आधारमा छलफल गर्ने : कुनै अनुच्छेद वा पाठ पढ्न लगाई ससाना समूहका बीच छलफल गराउने ।

(ई) पहिले नै प्रश्न दिई उत्तर खोज्न लगाउने : कुनै अनुच्छेदबाट पहिले नै प्रश्न तयार गरी श्यामपाटीमा लेखी ती प्रश्नको उत्तर सम्बन्धित अनुच्छेदमा खोज्न लगाउने ।

(उ) पठित उद्धरणबाट प्रश्नहरू बनाउन लगाउने : कुनै उद्धरण पढ्न लगाई त्यसमा आधारित विभिन्न प्रश्नहरू बनाउन लगाउने ।

**सारांश**

भाषाको लिपिबद्ध सामग्री पढी तत्सम्बन्धी कुरा बुझ्नु पठनबोध हो । सामान्यतः यसको अभ्यास मौन पढाइबाट गरिन्छ । पठनबोधले विद्यार्थीहरूमा बुझ्ने क्षमताका साथै भाषाको प्रसङ्गअनुसार प्रयोग गर्ने क्षमता-विकासमा मद्दत गर्छ । प्राथमिक तहमा विद्यार्थीहरूलाई पठनबोधको अभ्यास गराउँदा उनीहरूको भाषिक क्षमताको ख्याल गरी सामग्री पढ्न दिनुपर्छ ।

### आत्ममूल्याङ्कन

(१) पठनबोध कस्तो किसिमको क्रियाकलाप हो ?

(२) यसको अभ्यासबाट कुनकुन क्षमता विकास गर्न सहयोग पुग्छ ?

(३) प्राथमिक तहमा पठनबोधका लागि कस्तो सामग्री छनोट गरिन्छ ?

(४) विद्यार्थीहरूलाई पठनबोध गर्न लगाउँदा कुन कुरामा ध्यान दिनुपर्छ ?

(५) कक्षा ५ का लागि पठनबोध-शिक्षणका लागि एउटा नमुना तयार गर्नुहोस् ।

### पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गतको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. २ को उत्तरका सम्बन्धमा दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि तेस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि पाँचौं अनुच्छेदमा दिइएका ध्यान दिनुपर्ने कुराहरू पढ्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि चौथो अनुच्छेदमा प्रस्तुत नमुना उदाहरण हेर्नुहोस् ।

पाठ ४० :

# द्रुतपाठ

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं द्रुतपाठको परिचय दिई त्यसको शिक्षणमा उपयोग हुने क्रियाकलाप बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

थोरैभन्दा थोरै समयमा छिटोछिटो पाठ्यसामग्री पढी बोध गर्नु द्रुतपाठ हो । यसमा पढाइको गति वा द्रुतपाठको विकास गर्ने कुरा भए तापनि बोधलाई बिलकुलै अलग्याउन सकिँदैन । त्यसैले द्रुतपाठमा बोधका साथै पढाइको गतिको विकास पनि आवश्यक हुन्छ । यसका लागि मौनपठन निकै सहयोगी हुन्छ र मौनपठनका क्रियाकलाप पनि अत्यन्त लाभदायक सिद्ध हुन्छ । यसरी पढाइको गति बढाउनाले विद्यार्थीहरूमा भिन्नभिन्न प्रयोजनका लागि भिन्नभिन्न ढङ्गले पढ्ने बानीको विकास गराउनसमेत मद्दत मिल्ने हुँदा पढाइ-शिक्षणमा बोधका साथै द्रुतपाठको शिक्षणका लागि पनि विभिन्न क्रियाकलाप गराउनु आवश्यक हुन्छ । उक्त प्रयोजनका लागि तलका क्रियाकलाप विशेष उपयोगी ठहरिन्छन् ।

(क) खास समय तोकी उक्त समयभित्र पढिसक्नाका लागि कालोपाटीमा पहिले नै लेखेर सबैले देख्ने गरी टाँगिएको कुनै उद्धरण कक्षामा विद्यार्थीहरूलाई पढ्न दिई समय सकिएपछि सो उद्धरण छोपिदिने र त्यसपछि उक्त उद्धरणसँग सम्बन्धित बोध-प्रश्नहरू सोध्नु पनि पढाइको गतिको विकासका लागि प्रारम्भिक क्रियाकलाप हुन सक्छ ।

(ख) यसै गरी दिइएका उद्धरणका हरपमध्ये एकपल्टमा एउटा हरप मात्र देखिने र त्यस हरपभन्दा अगाडि र पछाडिका अरू सबै हरपहरू छोपिने किसिमले हरपको लम्बाइअनुरूप प्वाल पारेको एउटा बाक्लो कागजको उपयोग गरी विद्यार्थीहरूलाई क्रमिक रूपमा प्रत्येक हरप छिटोछिटो गरी पढ्न लगाउने र पूरा पढिसकेपछि उक्त उद्धरणसँग सम्बन्धित प्रश्नहरू सोध्ने गर्नु पनि पढाइको गति बढाउने अभ्यास हुन सक्छ ।

(ग) कुनै उद्धरण वा अनुच्छेदबाट कठिन शब्दहरू मात्र छान्न लगाउन उक्त उद्धरणमा मौनरूपमा आँखा दौडाउन लगाउनु पनि खास प्रयोजनका लागि द्रुतपाठ गराउने कार्यकलाप हुन सक्छ । उद्धरणभित्रका नयाँ वा कठिन शब्दहरू मात्र छान्न लगाउँदा विद्यार्थीहरू उक्त उद्धरणभित्रका प्रत्येक हरप अक्षरशः पढ्ने हुन्छन् । उक्त बानीलाई कम गर्न यस्तो क्रियाकलाप उपयोगी हुन सक्छ । फेरि कुनै अनुच्छेदअन्तर्गत क्रियापद, विशेषण, नाम, सर्वनाम, अव्यय, निपात तथा अन्य किसिमका व्याकरणात्मक तत्वहरू के के कति छन् सो मात्र खोजेर देखाउन लगाउनेजस्ता क्रियाकलापसमेत यसमा गराउन सकिन्छ ।

(घ) खास समय तोकी पाठ्यपुस्तककै कुनै कथा, कविता आदि विधाका सम्पूर्ण पाठ पढ्न लगाई त्यसको सारांश भन्न लगाउनाले पनि द्रुतपाठको विकासमा मद्दत मिल्ने कुरा निश्चित छ ।

(ङ) बालसाहित्यका रचना र बालपत्रिका तथा समाचार-पत्रिकाका उपयुक्त पाठ्यसामग्रीहरू पढ्न प्रोत्साहित गर्नाले द्रुतपाठको विकासमा सहयोग पुग्छ ।

(च) समय निर्धारण गरी द्रुतपाठ गर्न लगाउने र निश्चित समयमा समाप्त गर्नुपर्ने सूचना दिई समय सकिएपछि बन्द गर्न लगाउने । यस सन्दर्भमा पढाइको प्रगति थाहा पाउन तलको जस्तो पठन-प्रगति-तालिकाको उपयोग पनि गर्न सकिन्छ–

पठन-प्रगति-तालिका

| | |
|---|---|
| पाठ्यसामग्रीका शब्दहरू | १०० |
| सुरु समय | १:०५ |
| समाप्ति समय | १:१० |
| जम्मा पठन-समय | ०५ मिनेट |
| पठन-दर | प्रतिमिनेट २० शब्द |

विद्यार्थीहरूलाई द्रुतपाठ गराउने क्रममा पढाइको अभ्यास गराउँदा तलका कुरामा विशेष ध्यान दिनु आवश्यक छ–

(क) द्रुतपाठका लागि विद्यार्थीको सामान्य पठन-क्षमताको स्तरभन्दा केही तल्ला तहका पाठ्यसामग्रीको उपयोग गर्नुपर्छ ।

(ख) जति माथिल्ला कक्षामा गयो उति खास समय तोकी विद्यार्थीहरूलाई दिइएको उद्धरण वा पाठ पढ्न लगाउने र पढिसकेपछि प्रश्नोत्तर गराउने गर्नुपर्छ ।

(ग) विद्यार्थीहरूमा लिखित सामग्रीका प्रत्येक शब्दमा औंला राखी पढ्ने बानी भएमा सो हटाउनुका साथै ओठ र जिब्रो नचलाई मौनवाचन गर्नमा जोड दिनु आवश्यक छ ।

(घ) पढाइमा हुने विभिन्न किसिमका दोषहरू हटाउनुपर्छ । उदाहरणार्थ ठाउँठाउँमा अडिनु, पढ्नु फेरि अड्नु र पठित शब्द वा शब्दावलीहरू बारम्बार दोहोऱ्याउनुजस्ता पढाइका दोषहरू कम गर्नुपर्छ । यसका लागि आँखाको एक पकडमा शब्द-शब्दका सट्टा शब्दावली पढ्ने बानी बसाल्दै लैजानुपर्छ र पढ्दा हुने विश्रामको सङ्ख्यालाई कम पार्नुपर्छ ।

**सारांश**

थोरै समयमा धेरै लिखित सामग्री पढी बोध गर्नु द्रुतपाठ हो । यसका लागि मौनपढाइ विशेष उपयोगी हुन्छ । द्रुतपाठको अभ्यासका लागि प्रयोग गरिने सामग्रीहरू विद्यार्थीहरूको भाषिक क्षमताभन्दा केही तल्लो खालको हुनुपर्छ र अभ्यासका लागि पाठ्यपुस्तकका साथै बाल-साहित्यका विभिन्न विधा प्रयोग गर्नु उपयुक्त हुन्छ ।

**आत्ममूल्याङ्कन**

(१) द्रुतपाठ कस्तो किसिमको क्रियाकलाप हो ?

(२) द्रुतपाठमा कुन किसिमको पढाइ आवश्यक हुन्छ ?

(३) द्रुतपाठबाट हुने फाइदाहरू के के हुन् ?

(४) द्रुतपाठमा अभ्यास गराउन कुन स्तरको सामग्री दिनुपर्छ ?

(५) द्रुतपाठको अभ्यासका लागि कस्ता पाठ्यसामग्री वा विधा उपयोग गर्नुपर्छ ?

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि चारौँ वाक्यमा विशेष ध्यान दिई पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि पहिलो अनुच्छेदको पूर्वार्द्ध भाग पढ्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि द्रुतपाठमा ध्यान दिनुपर्ने कुराहरू पढ्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि बुँदा (क) देखि (च) सम्मको अध्ययन गर्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले वा मिलेनन् ? नमिलेका भए यो पाठ पुनः पढ्नुहोस् ।

पाठ ४१ :

# शब्दार्थ-शिक्षण

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

१) शब्दार्थ-शिक्षणको आवश्यकता बताउन,

२) शब्दार्थ-शिक्षणका तरिकाहरूको वर्णन गर्न ।

**विषयवस्तु**

(क) भाषालाई विचारको वाहक मानिन्छ । यस्तो विचारको वहनमा शब्दको ठूलो भूमिका रहन्छ । वाक्यमा प्रयोग भएका शब्दहरूद्वारा नै अर्थ वा विचार प्रसारित हुने हुँदा शब्दार्थ-शिक्षण भाषाशिक्षणको महत्त्वपूर्ण पक्ष हुन आउँछ । भाषाको बोध (सुनाइ र पढाइ) र अभिव्यक्ति (बोलाइ र लेखाइ) दुवै पक्षमा शब्द र यसको प्रयोगको ठूलो स्थान रहन्छ । उल्लिखित भाषिक सीपहरूमा सक्षम हुन शब्दहरूको अर्थ सही ढङ्गले बुझ्नु र तिनलाई सन्दर्भपूर्ण र युक्तिसङ्गत ढङ्गले प्रयोग गर्ने क्षमता अत्यावश्यक हुन्छ । बालकहरूले शब्दको अर्थ र यसको उपयुक्त प्रयोग गर्न जान्नु भनेको उनीहरूको धारणा एवं संज्ञानको विकासका लागि महत्त्वपूर्ण खुट्किलो हो । शब्दार्थ-शिक्षणका माध्यमले उनीहरूको धारणाको विकासमा तथा शब्दभण्डारको विकासमा ठूलो प्रभाव पार्न सकिन्छ । शब्दको अर्थ जति स्पष्ट हुँदै जान्छ, उति बालकहरूको धारणामा पनि स्पष्टता आउन सक्छ । त्यसकारण पनि शब्दार्थ-शिक्षणमा जोड दिनु आवश्यक छ । शब्दार्थ-शिक्षणमा उपयुक्त सन्दर्भमा शब्दको प्रयोग गर्नुलाई विशेष जोड दिनुपर्छ ।

(ख) शब्दार्थको शिक्षण विभिन्न तरिकाले गराउन सकिन्छ । शिक्षणीय शब्दहरूको प्रकृतिअनुसार उक्त तरिकाहरूको उपयोग गरिनुपर्छ । कुनै शब्दका लागि कुनै तरिका बढी उपयोगी हुन्छ भने कुनैका लागि अर्कै तरिका उपयोगी हुन सक्छ ।

(१) **चित्र वा वस्तुद्वारा शब्दको अर्थ स्पष्ट पार्ने**– कतिपय मूर्त वस्तु जनाउने शब्दहरूको अर्थलाई चित्रद्वारा वा तिनलाई बुझाउने ठोस वस्तु वा निर्मित प्रतिमूर्तिका आधारमा स्पष्ट गर्न सकिन्छ । स-साना बालकहरूका लागि ठोस वस्तुसँग अर्थसम्बन्ध स्थापित गर्ने यो एउटा प्रभावकारी विधि हो । जस्तै; हात्ती, हिमाल, ऊँट, बाघ, धरहरा, घण्टाघरजस्ता शब्दको अर्थ बुझाउन चित्र, फोटो, वस्तु वा प्रतिमूर्ति (मोडेल) देखाउन सकिन्छ ।

(२) **पर्यायवाची शब्द दिने**– केही शब्दहरूको अर्थ स्पष्ट पार्न पर्यायवाची वा समान अर्थ दिने अर्को शब्द दिन सकिन्छ जसबाट बालकहरूलाई शिक्षणीय शब्दको अर्थ बुझ्न मद्दत मिल्न सक्छ । जस्तै; माता=आमा, पिता=बुवा, भय=डर, आश्चर्य=अनौठो, मनुष्य=मान्छे आदि ।

(३) **विपरीतार्थ शब्द दिने**– कतिपय शब्दको अर्थ स्पष्ट पार्न विपरीत अर्थ भएको शब्दको उपयोग गर्न सकिन्छ । शिक्षणीय शब्दको अर्थको उल्टो अर्थ जान्दा बालकलाई सुल्टो अर्थ बुझ्न सहयोग हुन सक्छ । जस्तै; सेतो=कालो, तातो=चिसो, अँध्यारो=उज्यालो, सस्तो=महँगो, रित्तो=भरिलो, सफा=फोहर आदि शब्दले एक-अर्काको अर्थ स्पष्ट गर्न मद्दत गर्न सक्ने देखिन्छ ।

(४) **परिभाषा दिने**– खास सन्दर्भमा प्रयोग हुने केही विशिष्ट शब्दहरूको अर्थका लागि सामान्य पर्याय दिएर मात्र

पुग्दैन । विशिष्ट सन्दर्भअनुसार तिनको परिभाषा दिनु उपयुक्त हुन्छ । जस्तै: परिवार– एउटै घर बस्ने र एउटै भान्सामा खाने मानिसहरूको समूह । विद्यालय–केटाकेटीलाई शिक्षा दिने ठाउँ ।

(५) **आशयको व्याख्या गर्ने–** केही शब्दहरूको अर्थ पर्यायवाची वा विपरीतार्थी दिएर मात्र स्पष्ट हुँदैन, तिनको प्रयोग-सन्दर्भसँग सम्बन्धित अर्थको व्याख्या पनि आवश्यक हुन्छ । जस्तै; दुर्गन्ध=कुहेको, सडेको वस्तुबाट आउने गन्ध, फोहरको दुर्गन्ध, मरेको जनावरको दुर्गन्ध । आत्तिनु=हतार, कष्ट वा डरले हडबडाउनु, गर्मीले आत्तिनु, पानीमा डुब्नाले आत्तिनु आदि ।

(६) **अभिनय वा हाउभाउ प्रदर्शन गर्ने–** केही शब्दहरूको अर्थ बुझाउन हाउभाउ, मुखमुद्रा तथा अभिनयको उपयोग गर्नु बेस हुन्छ । जस्तै; 'नमस्कार' भनेको के हो बुझाउन दुई हात जोडेर कसैप्रति सम्मान जनाउने अभिनय गर्नु उचित ठानिन्छ । यस्तै मुसुक्क, फनफनी शब्दको अर्थ हाउभाउ प्रदर्शन गरेर स्पष्ट पार्न सकिन्छ ।

(७) **वाक्यमा प्रयोग गर्ने–** शब्दहरूको अर्थ स्पष्ट गर्न तिनलाई सन्दर्भपूर्ण वाक्यमा प्रयोग गर्नु आवश्यक हुन्छ । धेरैजसो शब्दको अर्थ वाक्यमा प्रयोग नगरी खुल्न सक्दैन । त्यसैले वाक्यमा प्रयोग शब्दार्थ-शिक्षणको सबभन्दा महत्त्वपूर्ण पक्ष हो । यस्तो प्रयोग शिक्षणीय शब्दको अर्थ र अभिप्रायअनुसार मिल्दो र सन्दर्भ खुल्ने किसिमको हुनु अत्यावश्यक छ । जस्तै; 'आज्ञाकारी' भन्ने शब्दलाई वाक्यमा प्रयोग गर्नुपर्दा 'राम आज्ञाकारी छ' मात्र भनिएमा सन्दर्भ खुलेको वाक्य बन्दैन तर 'राम गुरुले भनेको मान्छ । त्यसैले ऊ आज्ञाकारी छ ।' यस्तो प्रयोगलाई भने सन्दर्भपूर्ण मानिन्छ । यस्तै 'कबड्डी खेलमा पहिलो भएकाले रमेशले पुरस्कार पायो ।' जस्ता वाक्यलाई सन्दर्भपूर्ण प्रयोग भन्न सकिन्छ ।

## सारांश

शब्दार्थ-शिक्षण भाषाशिक्षणको एउटा महत्त्वपूर्ण पक्ष हो । यसको शिक्षणले बालकहरूको धारणा तथा संज्ञानको विकासमा मद्दत पुग्नुका साथै समग्रमा उनीहरूको शब्दभण्डार बढाउन सकिन्छ । यसको शिक्षणमा चित्र वा वस्तुको प्रयोग, पर्यायवाची र विपरीतार्थी शब्दको प्रयोग; परिभाषा दिने, प्रयोग-सन्दर्भको व्याख्या गर्ने, हाउभाउ प्रदर्शन गर्नेजस्ता तरिकाहरूको उपयोग गर्न सकिन्छ । शब्दको प्रकृतिअनुसार यी तरिकाहरूको उपयोग गर्नुका साथै शब्दको सन्दर्भपूर्ण वाक्यमा प्रयोग गर्ने तरिकालाई सबभन्दा बढी महत्त्व दिनु आवश्यक हुन्छ ।

## आत्ममूल्याङ्कन

(१) भाषाशिक्षणमा शब्दार्थ-शिक्षण किन महत्त्वपूर्ण हुन्छ ?

(२) शब्दार्थ-शिक्षणले धारणाको विकासमा के-कस्तो मद्दत गर्छ ?

(३) शब्दार्थ-शिक्षणमा पर्यायवाची र विपरीतार्थी शब्दको उपयोग किन आवश्यक छ ?

(४) शब्दार्थ-शिक्षणमा वाक्यको प्रयोगलाई किन सबभन्दा बढी महत्त्व दिइन्छ ?

(५) चित्रद्वारा कस्ता शब्दको अर्थ शिक्षण गरिनु उपयुक्त हुन्छ ?
(क) भावात्मक (ख) मूर्त (ग) अनुकरणात्मक (घ) विशिष्ट

(६) कुन शब्दको शिक्षणको लागि आशयको व्याख्या गर्ने तरिका उपयोगी हुन्छ ?
(क) विशाल (ख) सज्जन (ग) गैंडा (घ) स्वस्थ

(७) हाउभाउपूर्ण प्रयोगबाट कस्ता शब्दको अर्थ स्पष्ट गर्नु आवश्यक छ ?
(क) माना, पाथी (ख) ताल, नदी (ग) थचक्क, टकटक (घ) बजार, मेला

**पृष्ठपोषण**

प्रश्न १ का लागि हेर्नू : पहिलो अनुच्छेदका १–५ वाक्यहरू ।

प्रश्न २ का लागि हेर्नू : पहिलो अनुच्छेदका ६–८ वाक्यहरू ।

प्रश्न ३ का लागि हेर्नू : चौथो र पाँचौँ अनुच्छेद ।

प्रश्न ४ का लागि हेर्नू : अन्तिम अनुच्छेद ।

प्रश्न ५ को उत्तर– ख

प्रश्न ६ को उत्तर– घ

प्रश्न ७ को उत्तर– ग

एकाइ सात :

# लेखाइ-शिक्षण

पाठ ४२ :

## लेखाइ-शिक्षणको आवश्यकता

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं लेखाइ-सीपको परिचय दिई लेखाइ-शिक्षणको आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

लेखाइ मौनरूपमा मनका विचारलाई व्यक्त गर्ने एउटा महत्त्वपूर्ण माध्यम हो । भाषाका चार सीपमध्ये यो अन्तिम सीप हो । यसैले भाषाका अन्य सीपमा सिपालु भएपछि यो सीप सिक्न सजिलो हुन्छ । मनका विचारको अभिव्यक्ति बोलाइबाट पनि गर्न सकिन्छ तर त्यो चिरस्थायी हुँदैन । फेरि बोलाइका लागि वक्ता र श्रोता दुवै पक्षको उपस्थिति आवश्यक हुन्छ । तर लेखाइका लागि वक्ता वा अभिव्यक्तिकर्ता भए पुग्छ । यसरी लेखाइ एक त चिरस्थायी हुन्छ र अर्को बोलेर विचार पोख्न नसकिने अवस्थामा पनि लेखेर विचार पोख्न सकिन्छ । लेखाइबाट आफूले अनुभव गरेका तथा ज्ञान गरेका कुरालाई सम्झनाका लागि सञ्चित एवम् सुरक्षित, सङ्गठित राखी भविष्यका लागि समेत उपयोग गर्न सकिन्छ । दैनिकी, चिठीपत्र र दैनिक व्यवहारका जग्गाधनी प्रमाणपत्र, बैंक चेक, बिल, भर्पाई जस्ता अनेकौं कागजातहरू लेखेर नै तयार भएका हुन्छन् र त्यसकै कारणले तिनलाई जोगाएर साँचेर राख्न सजिलो हुन्छ ।

लेखाइ व्यक्ति र समाज दुवैका लागि आवश्यक छ । आफूलाई लागेका कुरा समाजसमक्ष राख्न लेख, निबन्ध, टीकाटिप्पणी लेख्न सकिन्छ । लेखाइ अनुभव, ज्ञान र भावना अभिव्यक्त गर्ने र ती अनुभव, ज्ञान र भावना ग्रहण गर्ने पनि माध्यम हो ।

सिकाइ-शिक्षणका लागि पनि लेखाइ महत्त्वपूर्ण छ । कक्षामा शिक्षकले भनेका र आफूले पढेका, बुझेका कुरा टिपोट गरी सञ्चय गर्न तथा कक्षाकार्य तथा गृहकार्य गर्न पनि लेखाइको नै जरुरत हुन्छ । यिनै कारणहरूले गर्दा लेखाइ अत्यन्त महत्त्वपूर्ण भाषिक सीप हो र यसको शिक्षण अत्यावश्यक छ ।

**सारांश**

मौनरूपमा मनका विचारलाई प्रकट गर्ने महत्त्वपूर्ण माध्यम लेखाइ हो । जससँग बोलेर विचार अभिव्यक्त गर्न सकिँदैन त्यससँग लेखाइबाट विचार अभिव्यक्त गर्न सकिने भएकाले यो बोलाइभन्दा निकै उपयोगी छ । यसबाहेक लेखाइबाट प्रकट गरिएको विचार चिरस्थायी हुन्छ । आफूले अनुभव गरेका तथा ज्ञान गरेका कुरालाई सम्झनाका लागि सुरक्षित गर्न तथा सिकाइ-शिक्षणका सन्दर्भमा पढेका, बुझेका कुरा टिप्न र व्यवहारिक, शैक्षिक आदि क्षेत्रमा उपयोग गर्नसमेत लेखाइ नै महत्त्वपूर्ण माध्यम हुने भएकाले यसको शिक्षण अत्यन्त आवश्यक छ ।

## आत्ममूल्याङ्कन

(१) लेखाइ कस्तो किसिमको भाषिक सीप हो ?
(२) बोलाइभन्दा लेखाइ किन महत्त्वपूर्ण सीप मानिन्छ ?
(३) सिकाइ-शिक्षणमा लेखाइको कस्तो उपयोगिता छ ?
(४) लेखाइ अभिव्यक्त गर्ने र ग्रहण गर्ने माध्यम कसरी बन्न सक्छ ?
(५) लेखाइ-शिक्षण किन आवश्यक छ ?

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि विषयवस्तु खण्डको पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. २ को उत्तरका लागि उक्त अनुच्छेदको तेस्रो, चौथो र पाँचौँ वाक्यमा विशेष ध्यान दिनुहोस् ।

प्र. ३ को उत्तरका लागि उक्त खण्डको अन्तिम अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि उक्त खण्डको दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. ५ को उत्तरका लागि पहिलो अनुच्छेदको अन्तिम भागका साथै दोस्रो र तेस्रो अनुच्छेद हेर्नुहोस् ।

पाठ ४३ :

# लेखाइ-शिक्षणका कार्यकलाप (क)

**उद्देश्य**

**यस पाठको अध्ययनपछि तपाइं प्राथमिक तहको लेखाइ-शिक्षणका सन्दर्भमा हस्तलेखन, अनुलेखन र श्रुतिलेखन-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।**

**विषयवस्तु**

प्राथमिक तहका सुरु कक्षामा लेखाइ-शिक्षणका निम्नलिखित क्रियाकलापको प्रयोग गर्नु उपयुक्त हुन्छ–

**(क) हस्तलेखन**

लिखित रूपमा प्रस्तुत नमुना शब्द वा वाक्यलाई धेरैपल्ट लेखिने अभ्यासलाई हस्तलेखन भनिन्छ । प्राथमिक तहका सुरु कक्षामा विद्यार्थीहरूलाई अक्षरको ठाउँ छोडाइ, बान्की, बराबरी आकार, ढिको, हरप मिलाई अक्षर राम्रो पारी लेख्न सिकाउनु आवश्यक हुन्छ । यसैले यस क्रियाकलापको अभ्यास गराउँदा शिक्षकले अक्षरको बान्की, मोटाइ, ठाउँछोडाइ आदिमा विशेष ध्यान दिनुपर्छ ।

यसले विद्यार्थीहरूको अक्षर-लेखाइ राम्रो पार्न विशेष जोड दिने हुँदा कुनै हरप दिएर सार्न लगाउने अनुलेखनभन्दा यो फरक छ । वास्तवमा अनुलेखनमा एकपल्ट मात्र लेखे मात्र पुग्छ भने यसमा धेरै पटक अक्षर राम्रो पार्ने उद्देश्यले लेखाइमा अभ्यास गर्नुपर्छ । यसबाहेक अनुलेखन, हस्तलेखनमा अभ्यास पछि मात्र गराइने हुँदा यो प्रारम्भिक क्रियाकलाप हुनाका साथै विद्यार्थीको अक्षर-लेखाइ सुन्दर पार्न यसको विशेष भूमिका छ ।

अक्षर-लेखाइमा सन्दर्भमा हस्तलेखन प्रभावकारी अभ्यास हो । यसबाट विद्यार्थीको अक्षर राम्रो हुने हुँदा प्राथमिक विद्यालयका विद्यार्थीहरूलाई यसले निकै लाभ पुऱ्याउँछ । यसको अभ्यासले अक्षरको बान्की, मोटाइ, ठाउँछोडाइ, अक्षरको पारस्परिक समानता आदिमा राम्रो प्रभाव पर्ने हुँदा यो निकै महत्त्वपूर्ण क्रियाकलाप हो ।

प्राथमिक कक्षामा विद्यार्थीलाई हस्तलेखनको लागि अभ्यास गराउन शुद्ध, स्पष्ट र आकार-प्रकार मिलेको नमुना दिनुपर्छ । यस्तो नमुना प्रथमतः शब्दमा दिनुपर्छ र पछि वाक्यमा अभ्यास गराउनु समुचित हुन्छ ।

**(ख) अनुलेखन**

यो लिपिबद्ध सामग्री सार्ने अभ्यास हो । आँखा र हातको सन्तुलन मिलाउन, राम्रोसँग लेख्ने बानी बसाल्न, शब्दहरूको शुद्ध हिज्जे लेख्ने अभ्यास गराउन यो निकै उपयोगी छ ।

प्राथमिक कक्षाका विद्यार्थीहरूलाई उनीहरूका पाठ्यपुस्तकबाट नै अनुलेखनका लागि सामग्री लिनु राम्रो हुन्छ । यसरी अनुलेखन गराउँदा विद्यार्थीहरूलाई पाठको तयारीका साथै राम्रो अक्षर लेख्ने बानी, आँखा र हातको सन्तुलन तथा शब्दहरूको शुद्ध हिज्जे लेख्ने अभ्यास हुने हुँदा यो क्रियाकलाप निकै फाइदाजनक हुन पुग्छ । यसलाई कक्षा-क्रियाकलापबाहेक गृहकार्यको रूपमा पनि दिन सकिन्छ । अतः कक्षाकार्यको रूपमा अनुलेखन गराउँदा शिक्षकले पाठ्यपुस्तकको कुनै पाठ तोकी वा आफैँले बान्की परेका अक्षरमा कालोपाटी वा फ्लाटिनपाटीमा लेखेर देखाई तदनुसार सार्न लगाउन सकिन्छ

भने गृहकार्यका रूपमा अनुलेखन गराउँदा कुनै पाठ तोकी पूरै पाठ वा त्यसको केही अंश सारेर ल्याउन निर्देश दिन सकिन्छ ।

(ग) श्रुतिलेखन

सुनेका आधारमा विद्यार्थीहरूलाई शब्द, पदावली, वाक्य, वाक्यसमूह र अनुच्छेद लेख्ने अभ्यास गराउनु श्रुतिलेखन हो । यसमा पाठ्यपुस्तकका कुनै पाठ विशेषतः कथा, प्रबन्ध जस्ता गद्य विधाका पाठबाट श्रुतिलेखनका लागि कुनै अंश सुनाई श्रुतिलेखन गर्न लगाइन्छ । यसो गर्न लगाउँदा शिक्षकले सम्बन्धित पाठका अनुच्छेदबाट कम्तीमा दुई वा तीनपल्ट एक पकडमा आउने शब्द वा पदावली क्रमशः पढेर सुनाउँदै लेख्न लगाउनु उपयुक्त हुन्छ । श्रुतिलेखनपछि श्यामपाटीमा शुद्ध रूप लेखिदिई विद्यार्थीहरूलाई सोहीअनुसार आफूले लेखेको सच्याउन लगाउनुपर्छ ।

यसबाट सम्बन्धित विद्यार्थीहरूमा शुद्ध शब्द, पदावली, वाक्य, वाक्यसमूह, अनुच्छेद लेख्ने क्षमताको विकास हुन्छ । वास्तवमा हिज्जेको नियम पढाउनुभन्दा श्रुतिलेखनको राम्रो अभ्यास गराएमा भाषाको शुद्ध हिज्जे लेख्न विद्यार्थीहरू विशेष सिपालु हुन्छन् । (हेर्नू : पाठ २६)

**सारांश**

प्राथमिक तहका सुरुका कक्षामा लेखाइ-शिक्षण गर्दा हस्तलेखन, अनुलेखन र श्रुतिलेखन-क्रियाकलाप अत्यन्त उपयोगी छन् । यिनमा हस्तलेखनको अभ्यासले विद्यार्थीहरूको अक्षर-लेखाइलाई राम्रो पार्न मद्दत गर्छ । यसै गरी अनुलेखनले आँखा र हातको सन्तुलन मिलाउन, राम्रा अक्षर लेख्ने बानी बसाल्न र शब्दहरूको शुद्ध हिज्जे लेख्न सिकाउँछ भने श्रुतिलेखनले सुनेका आधारमा शुद्ध लेख्ने सीपको विकास गर्न मद्दत गर्छ ।

**आत्ममूल्याङ्कन**

१. हस्तलेखन कस्तो क्रियाकलाप हो ?
२. हस्तलेखन र अनुलेखनमा के फरक पाइन्छ ?
३. हस्तलेखनबाट हुने फाइदाहरू के के हुन् ?
४. प्राथमिक कक्षामा हस्तलेखन कसरी गराउन सकिन्छ ?
५. भाषाशिक्षणमा अनुलेखन कस्तो क्रियाकलाप हो ?
६. अनुलेखनबाट हुने फाइदाहरू के के हुन् ?
७. प्राथमिक तहमा अनुलेखन कसरी गराउन सकिन्छ ?
८. श्रुतिलेखन कस्तो किसिमको क्रियाकलाप हो ?
९. भाषाशिक्षणमा श्रुतिलेखनबाट कस्तो क्षमताको विकास हुन्छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत हस्तलेखन-खण्डको पहिलो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. २ को उत्तरका लागि उक्त हस्तलेखन-खण्डको दोस्रो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ३ को उत्तरका लागि उक्त हस्तलेखन-खण्डको तेस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि उक्त हस्तलेखन-खण्डको चौथो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ५ को उत्तरमा अनुलेखन-खण्डको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ६ को उत्तरका लागि अनुलेखन-खण्डको पहिलो अनुच्छेदको दोस्रो वाक्य हेर्नुहोस् ।

प्र. नं. ७ को उत्तरका लागि उक्त अनुलेखन-खण्डको दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ८ को उत्तरका लागि श्रुतिलेखन-खण्डको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ९ को उत्तरका लागि उक्त श्रुतिलेखन-खण्डको दोस्रो अनुच्छेद हेर्नुहोस् ।

अन्त्यमा सबै प्रश्नको उत्तर मिले-मिलेनन् ? नमिलेका भए यो पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

# लेखाइ-शिक्षणका कार्यकलाप (ख)

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं प्राथमिक तहको लेखाइ-शिक्षणमा चित्र, वस्तु तथा वातावरणवर्णन, घटनावर्णन र अनुभवलेखन-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

प्राथमिक तहका कक्षामा लेखाइ-शिक्षणका सन्दर्भमा उपयोग गरिने क्रियाकलापमध्ये चित्र, वस्तु,वातावरण-वर्णन र घटनावर्णन-क्रियाकलाप यस प्रकार छन्:–

**(क) चित्र, वस्तु, वातावरणवर्णन**

प्राथमिक कक्षाका विद्यार्थीहरूलाई कक्षास्तरअनुसार उनीहरूको अनुभवको सेरोफेरोसँग सम्बन्धित विभिन्न प्रकारका चित्र वस्तु, दृश्य दृश्यावली सङ्कलन गरी वा निर्माण गरी त्यस सम्बन्धमा लिखित वर्णन गर्न लगाउनु यस सन्दर्भमा चित्र, वस्तु तथा वातावरणवर्णन हो ।

यसबाट विद्यार्थीहरूमा वाक्यरचना गर्ने, तिनलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गर्ने र सम्बन्धित विषयवस्तुको आकार-प्रकार, काम, महत्त्व आदिका बारेमा वर्णन गर्ने क्षमता विकास गर्न मद्दत मिल्छ ।

प्राथमिक तहका कक्षामा यो क्रियाकलाप प्रयोग गर्दा विद्यार्थीहरूको अनुभवको सेरोफेरोसँग सम्बन्धित विभिन्न प्रकारका दृश्य, दृश्यावली, वस्तु आदिको चित्र वा चित्रावली सङ्कलन गरी कक्षामा ती चित्रहरू सबैले देख्ने गरी फलाटिनपाटी वा प्रदर्शनपाटीमा राखी तिनको लिखित वर्णन गर्न लगाउनुपर्छ । यसरी वर्णन गर्न लगाउनुभन्दा पहिले कुनै चित्र र त्यससँग सम्बन्धित लिखित वर्णनको नमुना फलाटिनपाटीमा राखी वा कक्षाको कालोपाटीमा लेखी प्रस्तुत गर्नु बेस हुन्छ । यस सन्दर्भमा कुनै चित्र देखाई त्यस सम्बन्धमा प्रश्न सोधी त्यसको जवाफलाई सिलसिला मिलाएर लेखी उक्त किसिमको लिखित वर्णन गर्न लगाउन सकिन्छ । उदाहरणार्थ **मेरो नेपाली किताब**, कक्षा दुईको पृष्ठ १६ मा रहेको गाउँघर शीर्षकको चित्र देखाई तलका जस्ता प्रश्नहरू गरेर त्यसको उत्तरको रूपमा वर्णन गर्ने अभ्यास गराउन सकिन्छ:–

(क) यस चित्रमा के के देख्छौ ?
(ख) चित्रमा कति जना मानिस छन् ?
(ग) चित्रमा चरो कहाँ बसेको छ ?
(घ) चित्रमा कुन जनावरहरू देखिन्छन् ?
(ङ) यो चित्र कुन बेलाको हो ?
(च) यस चित्रमा मान्छेहरू के गर्दैछन् ?

**(ख) घटनावर्णन**

प्राथमिक तहका विद्यार्थीहरूले देखे-जानेका, सुनेका वा पढेका घटनाका विषयमा लिखित वर्णन गर्न लगाएर लेखाइको अभ्यास गराउनु यस सन्दर्भमा घटनावर्णन हो ।

यसबाट विद्यार्थीहरूमा वाक्य-रचना गर्ने, उनीहरूको दैनिक जीवनसग सम्बन्धित समाना घटनाहरूलाई क्रमबद्ध ढङ्गले वर्णन गर्ने, घटनालाई रोचक किसिमले प्रस्तुत गर्ने, शुद्ध हिज्जे लेख्नेजस्ता क्षमता विकास गर्न सहयोग प्राप्त हुन्छ ।

प्राथमिक तहका कक्षामा यो क्रियाकलाप प्रयोग गर्दा सम्बन्धित कक्षाका विद्यार्थीहरूको अनुभवको स्तरोफेरोसग सम्बन्धित विभिन्न प्रकारका घटनाहरू भन्न लगाएर वा भनिदिएर तिनको लिखित बयान गर्न लगाउन सकिन्छ । यसरी बयान गर्न लगाउनुभन्दा पहिले कुनै घटना र त्यससँग सम्बन्धित लिखित बयानको नमुना तालिका वा फलाटिनपाटीमा वा कालोपाटीमा प्रस्तुत गरी देखाएर त्यस्तै बयान लेख्न लगाउनु बेस हुन्छ । यस सन्दर्भमा कुनै घटना बताई वा विद्यार्थीहरूलाई बताउन लगाई त्यस सम्बन्धमा सबैलाई प्रश्न सोधी आएका जवाफ कालोपाटीमा लेखी त्यसलाई क्रमबद्ध रूपमा मिलाई घटनावर्णन तयार पार्न लगाउन सकिन्छ । उदाहरणार्थ मेरो नेपाली किताब, कक्षा–२ मा रहेको छलिएको केटो शीर्षक पाठमा रहेको घटना बताई त्यस सम्बन्धमा तलका जस्ता प्रश्न सोधी वर्णन तयार पार्न सकिन्छ ।

(क) दीपक कसरी छुटिए ?

(ख) दीपकको घर कहाँ हो ?

(ग) दीपकले बाटामा कसलाई भेट्टाए ?

(घ) दीपकलाई कसले घर पुऱ्याइदिन्छ ?

(ङ) तिमी पनि छलियौ भने के गर्छौ ?

यसै गरी कुनै विद्यार्थीलाई खोलो तर्दा, असिना-पानी पर्दा, हुरी-बतास आउँदा, सडकमा हिंड्दा, विद्यालय पहिलो दिन आउँदा केही घटना भएका छन् भने भन्न र त्यसैलाई मिलाई घटनावर्णन गर्न लगाउन सकिन्छ ।

### (ग) अनुभवलेखन

प्राथमिक तहका विद्यार्थीहरूले देखे-सुनेका तथा आफैंले भोगेका कुराका बारेमा उनीहरूको अनुभवलाई सिलसिलाबद्ध गराई लेख्न लगाउनु अनुभवलेखन हो ।

यसबाट विद्यार्थीहरूमा आफ्ना अनुभवलाई सिलसिला मिलाई रोचक बनाएर लिखित रूपमा प्रकट गर्न सक्ने तथा शुद्ध हिज्जे लेख्ने र वाक्यरचना गर्न सक्ने क्षमता विकास गर्नमा मद्दत पुग्छ ।

प्राथमिक तहका कक्षामा यस किसिमको लेखन सिकाउँदा विद्यार्थीहरूले देखे-सुनेका तथा भोगेका विभिन्न कुराका बारेमा उनीहरूका अनुभवहरूलाई सिलसिला मिलाई लेख्न लगाउनुपर्छ । यसका लागि विद्यार्थीहरूले अनुभव गरेका विषय जस्तै– बनभोज, चाडपर्व, शैक्षिक भ्रमण आदिलाई उपयोग गरी त्यसमा भएका अनुभवहरू उपयोग गरिएको अनुभवलेखनको नमुना कक्षाकोठामा शिक्षकले लेखेर देखाई वा कुनै तालिका वा फलाटिनपाटीमा प्रस्तुत गरी तदनुसार कक्षाका विद्यार्थीहरूलाई उनीहरूले गरेको अनुभव लेख्न लगाउन सकिन्छ । आरम्भमा यस किसिमको लेखनमा अभ्यास गराउँदा प्रश्नोत्तरको माध्यम पनि अपनाउनु बेस हुन्छ । विद्यार्थीहरूलाई यसमा विशेष अभ्यास गराउन कक्षाकार्यका साथै गृहकार्य पनि दिन सकिन्छ ।


**सारांश**

प्राथमिक तहका कक्षामा लेखाइ-शिक्षणमा अभ्यास गराउनको लागि चित्र, वस्तु, वातावरणवर्णन, घटनावर्णन र अनुभवलेखन-क्रियाकलाप ज्यादै उपयोगी हुन्छन् । यिनमा पहिलो क्रियाकलापअन्तर्गत विद्यार्थीहरूलाई विभिन्न किसिमका चित्र, वस्तु वातावरणका सम्बन्धमा तिनको परिचय, आकार-प्रकार, काम, उपयोग, महत्त्व उल्लेख गर्न लगाइन्छ । दोस्रोमा विद्यार्थीहरूले देखेका, जानेका, सुनेका वा पढेका घटनाका सम्बन्धमा लिखित बयान गर्न लगाइन्छ । तेस्रोमा चाहिँ चाडपर्व, बिहावारी आदिमा विद्यार्थीले भोगेका अनुभवहरू लेख्न लगाइन्छ ।

**आत्ममूल्याङ्कन**

(१) लेखाइ-शिक्षणमा उपयोग गरिने चित्र, वस्तु, वातावरणवर्णन कस्तो क्रियाकलाप हो ?

(२) उक्त वर्णनबाट लेखाइमा हुने फाइदाहरू के के हुन् ?

(३) प्राथमिक कक्षामा उक्त किसिमको वर्णन कसरी गराउन सकिन्छ ?

(४) घटनावर्णन कस्तो किसिमको लेखन-क्रियाकलाप हो ?

(५) लेखाइ-शिक्षणमा घटना-वर्णनबाट के कस्ता सीप-विकासमा मद्दत मिल्छ ?

(६) प्राथमिक तहका कक्षामा घटना-वर्णन-क्रियाकलाप कसरी गराउन सकिन्छ ?

(७) अनुभवलेखन कस्तो क्रियाकलाप हो ?

(८) अनुभवलेखनबाट शिक्षणमा हुने लाभहरू के के हुन् ?

(९) प्राथमिक कक्षाका विद्यार्थीहरूलाई अनुभवलेखन कसरी सिकाउन सकिन्छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत पहिलो क्रियाकलापको पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि उक्त खण्डको दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि उक्त खण्डको तेस्रो अनुच्छेद र उदाहरण हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि घटनावर्णन-क्रियाकलाप-खण्डको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि उक्त घटनावर्णन-खण्डको दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ६ को उत्तरका लागि उक्त खण्डको तेस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ७ को उत्तरका लागि अनुभवलेखन-खण्डको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ८ को उत्तरका सम्बन्धमा उक्त अनुभवलेखन-खण्डको दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ९ को उत्तरका लागि अनुभवलेखन-खण्डको तेस्रो अनुच्छेद हेर्नुहोस् ।

# लेखाइ-शिक्षणका कार्यकलाप (ग)

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं लेखाइ-शिक्षणका सन्दर्भमा श्रुतिरचना, सारांशलेखन र अनुच्छेदलेखन-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

प्राथमिक कक्षाहरूमा लेखाइ-शिक्षणका सन्दर्भमा उपयोग गरिने क्रियाकलापमध्ये श्रुतिरचना र सारांश-लेखन-क्रियाकलाप यसप्रकार छन्:-

**(क) श्रुतिरचना**

कुनै घटना, प्रसङ्ग वा विषयवस्तुको वर्णन विद्यार्थीहरूलाई सुनाई उक्त सुनेका कुराहरूलाई विद्यार्थीहरूले उनीहरूले सम्झेका आधारमा सिलसिला मिलाई लेख्न लगाउनु श्रुति-रचना हो । यो कुनै कथा, मेलापर्व, जात्रा, भ्रमण, अनुभव, घटना, जीवनी, प्रबन्ध आदि सुनाएर गराउन सकिन्छ ।

यसबाट विद्यार्थीहरूमा शब्द-प्रयोग गर्ने, वाक्यरचना गर्ने, सिलसिला मिलाई लेख्ने, शुद्ध हिज्जे लेख्ने, सुनेर सम्झन सक्ने क्षमताको विकास गर्न मद्दत पुग्छ ।

प्राथमिक तहका कक्षामा विद्यार्थीहरूलाई पाठ्यपुस्तकबाट वा बाहिरबाट कुनै कथा, घटना, प्रसङ्ग, कुराकानी तथा मेला-पर्व, जात्रा, भ्रमण, अनुभवको बयान, जीवनी, प्रबन्ध आदि सुनाएर कक्षास्तरअनुसार लिखित रचना तयार गर्न लगाउन सकिन्छ । यसका निम्ति उपलब्ध भए बाल-साहित्यका पाठहरू उपयोग गर्नु पनि बेस हुन्छ ।

**(ख) सारांश-लेखन**

सुनेका वा पढेका कुराको मुख्य विचारलाई समाती लेख्न लगाउनु सारांश-लेखन हो । शिक्षकले पाठ्यपुस्तक वा बाहिरका रचनाको उपयोग गरी कुनै घटना, विषयवस्तु, कथा, वर्णन आदि सुनाएर वा सम्बन्धित रचना वा पाठ तोकिदिएर त्यसको सारांश लेख्न लगाउन सकिन्छ ।

यसबाट विद्यार्थीहरूमा मुख्यमुख्य बुँदा समात्ने, मुख्य कुरा ठम्याउने, सिलसिला मिलाउने, अनावश्यक विस्तार हटाउने, ज्यादै महत्त्वपूर्ण कुरा नछुटाउने, सुहाउँदो वाक्य बनाउने, शुद्ध हिज्जे लेख्ने, सारांश तयार गर्नेजस्ता क्षमता विकास गर्न मद्दत मिल्छ ।

प्राथमिक तहका कक्षामा विद्यार्थीहरूलाई कुनै घटना, विषयवस्तु वा कथाको वर्णन गरिदिई त्यसको सारांश लेख्न लगाउन वा कुनै पाठ पढ्न लगाई त्यसका मुख्य घटना, बुँदा वा विचारलाई सिलसिला मिलाई सारांश लेख्न लगाउन सकिन्छ । यसका निम्ति सम्बन्धित कक्षाको पाठ्यपुस्तकका विभिन्न विधाका पाठ वा पाठ्यपुस्तकबाहिरका बालसाहित्य वा पत्रपत्रिकाका रचनाका पाठ उपयोग गर्नु उपयुक्त हुन्छ । उदाहरणार्थ **मेरो नेपाली किताब**, कक्षा ५ को "यी अमर

सन्तति" पाठमा आधारित पासाङ ल्हामु सेर्पाको जीवनीको सारांश यस प्रकार उल्लेख गरेर नमुनाको रूपमा प्रयोग गर्न सकिन्छ–

"सगरमाथाको चुचुरामा पाइला टेक्ने पहिलो नेपाली महिलाको नाम पासाङ ल्हामु सेर्पा हो । वि. सं. २०१७ सालमा जन्मेकी यिनी निकै साहसिली र आँटिली महिला थिइन् । सानैदेखि यिनमा पर्वतारोहणको सोख थियो । यिनले यसमा तालिम पनि लिइन् । नेपाली महिला पनि पुरुषजस्तै समर्थ छन् भन्ने देखाउन यिनले सगरमाथा चढ्छाड्ने प्रतिज्ञा गरिन् । यिनले धेरै पटक कोसिस गरेपछि वि. सं. २०५० साल वैशाखमा सगरमाथाको शिखरमा पाइलो टेकिन् । यसरी विजयको झन्डा फहराएर फर्कंदा खराब मौसमको कारण यिनको मृत्यु भए पनि पर्वतारोहणको इतिहासमा यिनी अमर बनेकी छिन् ।"

यसरी सारांश लेख्न सिकाउँदा मूल पाठको एक तृतीयांश (तीन भागको एक भाग) भन्दा बढी हुनु राम्रो हुँदैन भन्ने कुरा पनि विद्यार्थीलाई जानकारी दिनुपर्छ ।

**(ग) अनुच्छेद–लेखन**

कुनै विषय शीर्षकका बारेमा एकै अनुच्छेदमा आफ्नो विचार पोख्नु अनुच्छेद-लेखन हो । प्राथमिक तहका साना-साना विद्यार्थीहरूलाई प्रारम्भमा जुनसुकै वस्तु, घटना, चित्र आदिका बारेमा एकै अनुच्छेदमा सिलसिला मिलाई लेख्न सिकाउनु उपयुक्त हुन्छ ।

यसबाट विद्यार्थीहरूमा विचारलाई सङ्गठित तथा सिलसिलाबद्ध रूपमा प्रकट गर्ने, सुहाउँदो शब्द, वाक्य प्रयोग गर्ने र ठीक हिज्जे मिलाई लेख्ने क्षमताको विकासका लागि सहयोग पुग्छ ।

प्राथमिक कक्षामा अनुच्छेद लेख्न सिकाउन प्रारम्भमा जुनसुकै वस्तु, घटना, चित्र, दृश्य आदि दिन सकिन्छ । यसबाहेक वस्तु, चित्र, वातावरणवर्णन, घटनावर्णन, अनुभवलेखन र श्रुतिरचना-क्रियाकलापमा बताइएका तरिकाहरू प्रयोग गरेर पनि प्राथमिक तहका विद्यार्थीहरूलाई अनुच्छेद लेख्न सिकाउन सकिन्छ । यसरी अनुच्छेद लेख्न सिकाउँदा पहिलो चरणमा खाली ठाउँ भर्न लगाएर अनि दोस्रो चरणमा बुँदा दिएर अनि अर्को चरणमा शीर्षक मात्र दिएर अभ्यास गराउनु बेस हुन्छ । उदाहरणका लागि 'बाटोको महत्त्व' शीर्षकमा यसरी अनुच्छेद लेख्न सिकाउन सकिन्छ–

**(अ) खाली ठाउँ भर्न लगाएर**

**बाटोको महत्त्व**

हाम्रो देश................बाटोको..............राम्रो...........एक ठाउँबाट..............सजिलै..............गर्न सकिन्छ । घुमफिर..............आफैँले..............र..............बोक्न पर्दैन । उकालो..............को..............पनि आइपर्दैन । सबैले...........र तराईका रमाइला...........हेरेर आनन्द..............पाउँछन् । जहाँसुकै पनि..............मालसामान चीजबीज...........गर्न पाइन्छ । देशभर जताततै...........व्यापार र...........धन्दाको...........हुन्छ ।

**(आ) बुँदाहरू दिएर**

**बाटोको महत्त्व**

(क) नेपालमा बाटोको सुविधा भएमा एक ठाउँबाट अर्को ठाउँमा जान-आउन सजिलो ।

(ख) हिँड्न, बोक्न नसक्नेले पनि घुमफिर गर्न पाउने ।

(ग) उकालो-ओरालो हिँड्नुपर्ने कष्ट हराउने ।

(घ) मालसामान, चीजबीज पुऱ्याउन र उपभोग गर्न सजिलो ।

(ङ) व्यापार, उद्योगधन्दामा विकास ।

(इ) शीर्षक मात्र दिएर स्वतन्त्र रूपमा

शीर्षक– बाटोको महत्त्व

**नमुना अनुच्छेद**

हाम्रो देश नेपालमा बाटोको सुविधा राम्रो भएमा एक ठाउँबाट अर्को ठाउँमा सजिलै आवत-जावत गर्न सकिन्छ । घुमफिर गर्दा आफैंले हिंड्न र भारी बोक्न पर्दैन । उकालो-ओरालोको कष्ट पनि आइपर्दैन । सबैले हिमात, पहाड र तराईका रमाइला दृश्यहरू हेरेर आनन्द लिन पाउँछन् । जहाँसुकै पनि जुनसुकै मालसामान, चीजबीज उपभोग गर्न पाइन्छ । देशभर जताततै शिक्षा, व्यापार र उद्योगधन्दाको विकास हुन्छ ।

**सारांश**

प्राथमिक कक्षामा लेखाइमा अभ्यास गराउनको लागि श्रुतिरचना, सारांश-लेखन र अनुच्छेद-लेखन ज्यादै उपयोगी क्रियाकलाप हुन् । यीमध्ये श्रुतिरचनामा सुनेका कुराहरू सम्झेका आधारमा सिलासिला मिलाएर लेख्न लगाइन्छ भने सारांश-लेखनमा सुने-पढेका मुख्य कुरा ठम्याई लेख्न सिकाइन्छ र अनुच्छेद-लेखनमा एउटै अनुच्छेदमा विचार पोख्ने अभ्यास गराइन्छ ।

**आत्ममूल्याङ्कन**

(१) श्रुतिरचना कस्तो किसिमको क्रियाकलाप हो ?
(२) उक्त क्रियाकलापबाट लेखाइका कस्ता क्षमता विकास गर्न सकिन्छ ?
(३) प्राथमिक कक्षामा श्रुतिरचना कसरी तयार गर्न सिकाइन्छ ?
(४) सारांश-लेखन कस्तो क्रियाकलाप हो ?
(५) सारांश-लेखनबाट लेखाइमा हुने फाइदाहरू के के हुन् ?
(६) सारांश-लेखन कसरी सिकाउन सकिन्छ ?
(७) प्राथमिक कक्षामा सारांश सिकाउन एउटा नमुना प्रस्तुत गर्नुहोस् ।
(८) अनुच्छेद-लेखन कुन किसिमको क्रियाकलाप हो ?
(९) अनुच्छेद-लेखनबाट विद्यार्थीमा कुनकुन क्षमता विकास गर्न सकिन्छ ?
(१०) प्राथमिक तहका कक्षाहरूमा अनुच्छेद-लेखन मुख्यतः कति तरिकाले लेख्न सिकाइन्छ ?
(११) कक्षा ५ का विद्यार्थीहरूका लागि अनुच्छेद सिकाउन एउटा नमुना तयार गर्नुहोस् ।

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत श्रुतिरचना-खण्डको पहिलो अनुच्छेद पढ्नुहोस् ।
प्र. नं. २ को उत्तरका लागि उक्त खण्डको दोस्रो अनुच्छेद पढ्नुहोस्।
प्र. नं. ३ को उत्तरको प्रयोजनका निम्ति उक्त खण्डको अन्तिम अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ४ को उत्तरका लागि विषयवस्तुअन्तर्गत सारांश-लेखन-खण्डको पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि उक्त खण्डको दोस्रो अनुच्छेद पढ्नुहोस् ।
प्र. नं. ६ को उत्तरका निम्ति उक्त खण्डको बाँकी अनुच्छेद र उदाहरण हेर्नुहोस् ।
प्र. नं. ७ को उत्तरका लागि उक्त खण्डको नमुना सारांश हेर्नुहोस् ।
प्र. नं. ८ को उत्तरका निम्ति अनुच्छेद-लेखन-खण्डको पहिलो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ९ को उत्तरका लागि उक्त खण्डको दोस्रो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. १० को उत्तरका लागि उक्त खण्डको तेस्रो अनुच्छेद र उदाहरण हेर्नुहोस् ।
प्र. नं. ११ को लागि अनुच्छेद-लेखन-खण्डको नमुना हेर्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेमा पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

# लेखाइ-शिक्षणका कार्यकलाप (घ)

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं प्राथमिक तहको लेखाइ-शिक्षणमा संवाद-लेखन र प्रश्नोत्तर-लेखन-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

प्राथमिक तहका कक्षाहरूमा लेखाइ-शिक्षणका सन्दर्भमा उपयोग गरिने क्रियाकलापमध्ये संवाद-लेखन र प्रश्नोत्तर-लेखन-क्रियाकलाप यस प्रकार छन्:–

**(क) संवाद-लेखन**

सम्बन्धित विद्यार्थीहरूलाई खास प्रसङ्ग दिई दुई वा सोभन्दा बढी व्यक्तिहरूको बीच हुने कुराकानीलाई लिखित रूप दिनु संवाद-लेखन हो । संवाद मौखिक भाषाका दृष्टिले स्वाभाविक हुनुपर्छ ।

यसले विद्यार्थीहरूमा खास प्रसङ्गअनुसार वक्ता र श्रोताद्वारा प्रयोग गरिने स्वाभाविक भाषा लेख्ने क्षमता विकास गर्न सहयोग पुऱ्याउँछ । संवादमा प्रयुक्त हुने भाषा मौखिक र व्यावहारिक क्षेत्रको भाषाको नजिक भएकाले यसबाट अभिनयमा प्रयोग हुने वार्तालाप-लेखनको लागि पनि मद्दत मिल्नु स्वाभाविकै हो ।

प्राथमिक तहका विद्यार्थीहरूलाई संवाद-लेखन सिकाउन कालोपाटीमा संवाद लेखिदिएर वा फलाटिनपाटीमा संवादको नमुना देखाएर त्यस किसिमको संवाद-लेखनमा अभ्यास गराइन्छ । संवाद-लेखनको अभ्यास अनुच्छेद-लेखनमा झैं आवश्यकता हेरी निर्देशित (खाली ठाउँ भर्ने र बुँदा दिने) र स्वतन्त्र दुवै रूपमा गराउन सकिन्छ । एउटा छोटो संवाद-नमुना यस प्रकार छ–

**शीर्षक– शैक्षिक भ्रमण**

राम– हाम्रो कक्षाका विद्यार्थी साथीहरू पर्सि शैक्षिक भ्रमण जाने रे ! तिमीलाई थाहा छ ?
हरि– अहँ ! मलाई थाहा थिएन, कुन ठाउँमा जाने नि ?
राम– पोखरा जाने भएका छौं । अब पोखराको रमाइला ठाउँहरू आफ्नै आँखाले हेर्न पाउने भयौं ।
हरि– अहा, मलाई पनि खूब खुशी लाग्यो ।

**(ख) प्रश्नोत्तर-लेखन**

सुनेका, पढेका विषयका आधारमा प्रश्न दिई उत्तर लेख्न लगाउनु प्रश्नोत्तर-लेखन हो । यस्तो अभ्यास पाठ्यपुस्तकमा रहेका विभिन्न विधा र अन्य बालसाहित्य तथा बालपत्रिकाका पाठका आधारमा पनि गराउन सकिन्छ । प्रश्नोत्तर-लेखन-क्रियाकलापबाट चित्र, वस्तु, घटना, अनुभव आदिको वर्णन जस्ता लेखाइ-शिक्षणका क्रियाकलापमा पनि मद्दत पुग्ने भएकाले यो अत्यन्त महत्त्वपूर्ण क्रियाकलाप हो । यो खास गरी लिखित भाषाको नजिक हुन्छ ।

प्रश्नोत्तर-लेखनबाट विद्यार्थीहरूमा लेखाइ-सीपको विकासमा मात्र सहयोग पुग्दैन, यसबाट सोधिएका कुराको ठीकठीक उत्तर लेख्न सक्ने क्षमताविकासमा पनि ठूलो सहयोग पुऱ्याउँछ । प्राथमिक तहका विद्यार्थीहरूलाई कुनै कुन

सिकाउन उनीहरूलाई प्रश्नोत्तर-लेखनबाट नै सजिलो पर्छ । उदाहरणका लागि अनुच्छेद-लेखनमा पनि प्रश्नोत्तर गराएर त्यसको उत्तरलाई सिलसिलाबद्ध रूपमा प्रस्तुत गराई अभ्यास गराउन सकिन्छ । प्रश्नोत्तरबाट भाषाका विविध सीप सिकाउन सजिलो पर्ने भएकाले पाठ्यपुस्तकका हरेक पाठमा प्रश्नहरू दिइएका पाइन्छन् ।

प्राथमिक तहका विद्यार्थीहरूलाई प्रश्नोत्तर-लेखन सिकाउन सम्बन्धित पाठ्यपुस्तक वा बाहिरका कुनै पाठ पढ्न दिई त्यसमा सोधिएका प्रश्नको उत्तर मौखिक रूपमा शिक्षकले बताएर विद्यार्थीहरूलाई लेख्न लगाउन सकिन्छ । मेरो नेपाली किताब कक्षा ५ को "यी अमर सन्ततिहरू" भन्ने पाठबाट निकालिएका प्रश्नोत्तर-लेखनमा उपयोग गर्न सकिने प्रश्नका नमुनाहरू यस प्रकार छन्:-

(क) नेपाललाई किन विश्वको छानो मानिएको हो ?

(ख) सगरमाथाको चुचुरोमा पाइला टेक्ने पहिलो नेपाली महिला को हुन् ?

(ग) पासाङलाई वीराङ्गना किन मानिन्छ ?

(घ) नारायणगोपाल को हुन् ?

(ङ) नारायणगोपाललाई किन स्वरसम्राट् मानिएको हो ?

(च) नारायणगोपालका गीतले मुटु छुनाका कारणहरू के के हुन् ?

यसै गरी हरेक पाठबाट प्रश्नोत्तर गराउन सकिन्छ ।

## सारांश

प्राथमिक कक्षाहरूमा लेखाइ-शिक्षण गर्न संवाद-लेखन र प्रश्नोत्तर-लेखन अत्यन्त महत्त्वपूर्ण क्रियाकलाप हुन् । यीमध्ये दुई वा सोभन्दा बढी व्यक्तिहरूका बीच हुने कुराकानीको लिखित स्वरूप संवाद-लेखन हो भने कुनै प्रश्न दिई त्यसको उत्तर लेख्न लगाउनु प्रश्नोत्तर-लेखन हो । संवाद-लेखन मौखिक भाषाको नजिक हुन्छ भने प्रश्नोत्तर-लेखन लिखित भाषाको नजिक हुन्छ ।

## आत्ममूल्याङ्कन

(१) संवाद-लेखन कस्तो किसिमको क्रियाकलाप हो ?

(२) संवाद-लेखनबाट कस्तो क्षमता विकास गर्न सकिन्छ ?

(३) प्राथमिक कक्षाहरूमा संवाद-लेखन कसरी सिकाउन सकिन्छ ?

(४) कक्षा चारको लागि संवाद-शिक्षण गर्न उपयोगी हुने संवादको नमुना तयार गर्नुहोस् ।

(५) प्रश्नोत्तर-लेखन कस्तो क्रियाकलाप हो ?

(६) प्रश्नोत्तर-लेखनबाट के कस्तो क्षमता विकास गर्न मद्दत मिल्छ ?

(७) प्राथमिक तहका कक्षामा प्रश्नोत्तर-लेखन कसरी गराउन सकिन्छ ?

(८) प्रश्नोत्तर-लेखनलाई किन महत्वपूर्ण क्रियाकलाप मानिन्छ ?

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत संवाद-लेखन-खण्डको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि उक्त खण्डको दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि उक्त खण्डको तेस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरको सम्बन्धमा उक्त खण्डमा दिइएको नमुना हेर्नुहोस् ।
प्र. नं. ५ को उत्तरका लागि प्रश्नोत्तर-लेखन-खण्डको पहिलो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ६ को उत्तरको लागि प्रश्नोत्तर-लेखन-खण्डको दोस्रो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ७ को उत्तरका लागि प्रश्नोत्तर-लेखन-खण्डको तेस्रो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ८ को उत्तरका सम्बन्धमा प्रश्नोत्तर-लेखन-खण्डको पहिलो र दोस्रो अनुच्छेद हेर्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए यो पाठ दोहोऱ्याएर अध्ययन गर्नुहोस् ।

पाठ ४७ :

# लेखाइ-शिक्षणका कार्यकलाप (ङ)

## उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं प्राथमिक तहमा निर्धारित दैनिक व्यवहारका कागजातको लेखन-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

## विषयवस्तु

यस क्रियाकलापअन्तर्गत प्राथमिक तहका विद्यार्थीहरूलाई दैनिक व्यवहारमा आउने लिखत वा कागजातको लेखन र उपयोगमा समर्थ बनाइन्छ । यसैले दैनिक व्यवहारका कागजातको लेखनअन्तर्गत चिठी, निवेदन, बैंक-चेकलेखन, फारामभराइ जस्ता कागजातहरूको लेखाइ र भराइ पर्दछन् ।

यसबाट विद्यार्थीहरूमा दैनिक व्यवहारमा आइपर्ने चिठी, निवेदन आदि लेख्ने र बैंकचेक, भर्ना फाराम, खाता खोल्ने फाराम, ऋण मागपत्र जस्ता फाराम भर्ने क्षमता विकास हुन्छ ।

प्राथमिक तहका कक्षाहरूमा यस्ता चिठी, निवेदन र बैंकचेक, भर्ना फाराम आदिको नमुना देखाई विद्यार्थीहरूलाई यस्ता कागजात लेख्न र भर्न लगाउन सकिन्छ ।

यिनमा चिठी र निवेदन-लेखनको अभ्यास गराउँदा कुन उद्देश्यका लागि लेख्ने हो, सोहीअनुसारका व्यहोरामा पहिले शिक्षकले नमुना दिई त्यसमा ठेगाना, मिति, सम्बोधन, अभिवादनजस्ता शीर्षभाग, मूल ब्यहोराजस्ता मध्यभाग र निर्देशन, हस्ताक्षरजस्ता अन्तिम भागसँग परिचित गराएर त्यस्तै चिठीलेखनमा अभ्यास गराउनुपर्छ । यसैगरी चिठीको खामको नमुना र सो खाममा कुन भागमा कुन ब्यहोरा लेख्नुपर्छ भन्ने कुरा मेरो नेपाली किताब, कक्षा ४ र ५ मा पढाइएका नमुनाका आधारमा बताई त्यसमा पनि प्रशस्त अभ्यास गराउनुपर्छ, यसै सन्दर्भमा घरायसी चिठीमा आमा, वा, दिदीबहिनी, साथीहरूलाई र कार्यालयीय औपचारिक चिठी वा निवेदनमा सम्बन्धित व्यक्तिलाई कस्ता किसिमका शब्द प्रयोग गरी सम्बोधन, अभिवादन आदि गर्नुपर्छ भन्ने कुरामा पनि नमुना कालोपाटी वा फलाटिनपाटी आदिमा प्रस्तुत गरेर सिकाउनुपर्छ । यसपछि शिक्षकले विद्यार्थीहरूलाई खास विषय वा परिस्थिति दिई त्यस विषयमा कक्षामा चिठी लेख्न लगाएर त्यस्ता चिठीहरू हेरी टिप्पणी गरिदिएर नमिलेमा पुनः लेख्न लगाई अभ्यास गराउनुपर्छ ।

यसै गरी बैंकचेक-लेखन, फाराम भराइ आदिको अभ्यास गराउँदा उक्त कागजातको नमुना प्रस्तुत गर्ने र त्यस्ता चेकका नमुना तथा भर्ना फाराम आदि फारामको नमुना उपलब्ध गराई तिनलाई लेख्न र भर्न लगाउनुपर्छ । यसरी भर्दा विद्यार्थीहरूलाई कठिन हुने ठाउँमा शिक्षकले विशेष ध्यान दिनुपर्दछ र विद्यार्थीले भर्न गल्ती गरेमा सो ठाउँ देखाई उनीहरूलाई विशेष अभ्यास गराउनुपर्छ ।

## सारांश

दैनिक व्यवहारका कागजातको लेखन-क्रियाकलापअन्तर्गत विद्यार्थीहरूलाई चिठी, निवेदन, बैंकचेक, भर्ना फारामजस्ता विभिन्न फारामहरूको लेखाइ र भराइमा सक्षम पार्न कक्षामा त्यस्ता कागजातहरूको नमुना प्रस्तुत गर्नुपर्छ । त्यसपछि सोही किसिमको कागजात लेख्ने र भर्ने काम गर्न लगाई विद्यार्थीहरूलाई गल्तीबाट बचाउन प्रशस्त अभ्यास गराउनुपर्छ ।

### आत्ममूल्याङ्कन

(१) दैनिक व्यवहारका कागजातको लेखन कस्तो किसिमको क्रियाकलाप हो ?

(२) उक्त क्रियाकलापबाट विद्यार्थीहरूमा कस्तो क्षमताको विकास हुन्छ ?

(३) प्राथमिक तहका विद्यार्थीहरूलाई चिठी, निवेदनजस्ता कागजात लेख्न कसरी सिकाउनुपर्छ ?

(४) प्राथमिक तहका सम्बन्धित कक्षाका विद्यार्थीहरूलाई बैंकचेक तथा फाराममहरूको लेखाइ र भराइ कसरी सिकाउन सकिन्छ ?

### पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गतको पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि तेस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि चौथो अनुच्छेद हेर्नुहोस् ।

पाठ ४८ :

# लेखाइको शुद्धीकरण

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं लेखाइ-शिक्षणका सन्दर्भमा लेखाइको शुद्धीकरण-क्रियाकलापको उपयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

विद्यार्थीहरूलाई लेखाइरूपमा सिपालु बनाउन लेखाइका विविध पक्षमा अभ्यास गराउनु ज्यादै आवश्यक छ । लेखाइ-शिक्षणका सन्दर्भमा शिक्षकले नमुना देखाई चित्र, घटना तथा वातावरणवर्णन, अनुभवलेखन, श्रुतिरचना, संवादलेखन, प्रश्नोत्तरलेखन, अनुच्छेदलेखन दैनिक व्यवहारका कागजातलेखनजस्ता विविध लेखनको परिचय र अभ्यास गराए पनि त्यसको शुद्धीकरण नगरेमा प्रशस्त त्रुटि रहिरहने सम्भावना भइरहन्छ । यसैले लेखाइका विविध पक्षमा विद्यार्थीहरूलाई कक्षा-कार्य र गृहकार्य दिएर लेख्न लगाई गल्ती भए गल्ती-निर्देश, अशुद्ध भए शुद्धीकरण र व्यहोरा नमिल्ने भए पुन:लेखन वा पुनरावृत्तिजस्ता कार्य गर्न लगाई लेखनको शुद्धीकरण गरिदिनुपर्छ ।

यस्ता क्रियाकलापबाट विद्यार्थीमा रहेको अभ्यासकमी हट्नाका साथै वाक्यगठन, हिज्जेलेखन, शब्दको प्रयोग, लेखाइको सङ्गठन आदिमा परिमार्जन आउँछ । यसै गरी शुद्धीकरणले लेखनमा बेवास्ता गर्ने, अल्छी गर्ने, कक्षाको शिक्षणमा ध्यान नदिने प्रवृत्ति पनि हटाउन मद्दत गर्छ । यसबाहेक विभिन्न विरामचिह्नको प्रयोग, वाक्य-निर्माण, ठाउँछोडाइ आदिमा पनि यस क्रियाकलापको प्रयोगले सावधान बनाउँछ । यसका अतिरिक्त विद्यार्थीहरूलाई उनीहरूले लेखेको ठीक छ-छैन भनेर थाहा पाउनु पनि जरूरी छ । यसरी थाहा भयो भने मात्र लेखाइलाई अझ सबलीकरण गर्न सकिन्छ ।

प्राथमिक तहका कक्षामा लेखनको शुद्धीकरण गर्दा शिक्षकले सामान्यतया तलका तरिकाहरू अपनाउनु आवश्यक हुन्छ:–

(क) विद्यार्थीले लेखेका रचनालाई जाँची व्यक्तिगत सुझावहरू दिने र शुद्ध रूपलाई दोहोऱ्याई-तेहऱ्याई लेख्न लगाउने ।

(ख) विद्यार्थीहरूले लेखेका रचनाहरूलाई हेरी तीमध्ये उत्तम, मध्यम र निम्न खालका रचना छानी कक्षामा प्रस्तुत गर्न लगाउने र शिक्षकले आवश्यक टिप्पणी गर्नाका साथै तुलनात्मक आधारमा विद्यार्थीहरूबीच छलफल गराउने ।

(ग) कुनै रचना लिई त्यसमा देखिएका त्रुटिहरूलाई कालोपाटीमा लेखी प्रश्नोत्तर तथा छलफलका आधारमा सच्याउने ।

**सारांश**

कक्षामा विद्यार्थीहरूलाई लेखन-शिक्षण मात्र पर्याप्त हुँदैन । उनीहरूले लेखेको ठीक छ-छैन भनेर थाहा पाउनु पनि आवश्यक छ । त्यसैले विद्यार्थीमा रहेको लेखाइसम्बन्धी कमीकमजोरी हटाउन तथा लेखाइमा सबलीकरण प्रदान गर्न लेखनको शुद्धीकरण निकै उपयोगी क्रियाकलाप हो । यसमा शिक्षकले विद्यार्थीहरूको रचना हेरी त्यसमा देखिएका त्रुटिहरूलाई औंल्याई शुद्धीकरण गरिदिनुका साथै आवश्यकतानुसार पुनर्लेखन गर्न लगाउनुपर्छ ।

**आत्ममूल्याङ्कन**

(१) लेखनको शुद्धीकरण कस्तो किसिमको क्रियाकलाप हो ?

(२) यस क्रियाकलापबाट हुने फाइदाहरू के के हुन् ?

(३) प्राथमिक तहका कक्षामा यो क्रियाकलाप कसरी गर्न सकिन्छ ?

(४) लेखनको शुद्धीकरण गर्दा शिक्षकले अपनाउनुपर्ने तरिकाहरू के के हुन् ?

(५) लेखाइलाई कसरी सबलीकरण गर्न सकिन्छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. २ को उत्तरका सम्बन्धमा उक्त खण्डको दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि उक्त खण्डको तेस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि अन्तिम अनुच्छेदमा दिइएका तरिकाहरू हेर्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि दोस्रो अनुच्छेदको अन्तिम भाग हेर्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए यो पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

एकाइ आठ :

# वर्णविन्यास तथा लेख्य चिह्न-शिक्षण

पाठ ४९ :

## वर्णविन्यास र लेख्य चिह्न-शिक्षणको आवश्यकता र क्षेत्र

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं निम्नलिखित कुरामा सक्षम हुनुहुनेछ :

(१) वर्णविन्यास (हिज्जे) र लेख्यचिह्नहरूको आवश्यकता बताउन,

(२) वर्णविन्यास र लेख्यचिह्नका त्रुटि-क्षेत्रहरू पहिल्याउन ।

**विषयवस्तु**

वर्णविन्यास (हिज्जे) ले लेख्य भाषामा प्रयोग हुने वर्ण (लिपिचिह्नहरू) को विन्यास वा रखाइलाई जनाउँछ । अथवा लेख्य भाषाका शब्दहरूमा लिपिचिह्नहरूको रखाइक्रमलाई वर्णविन्यास भनिएको हो । यसलाई हिज्जे पनि भन्ने गरिन्छ ।

भाषाका दुई रूप हुन्छन् (१) मौखिक (उच्चार्य) र (२) लिखित (लेख्य) । मौखिक भाषा जे-जस्तो बोलिन्छ, लिखित रूपमा त्यस्तै लेखिँदैन (हेर्नू : मौखिक र लिखित भाषा) । लेखनसम्बन्धी आफ्नै प्रचलन तथा नियमहरू हुन्छन् । तिनको अनुसरण गरेर मात्र लिखित भाषा लेखिनुपर्ने हुन्छ । जस्तै; नेपाली, भोलि, बाली, साली सबै शब्द इकारान्त छन्, यिनको उच्चारण एउटै किसिमको हुन्छ तर लेखाइको प्रचलनलाई अनुसरण गर्दा कालवाचक अव्यय शब्दको इकार मात्र ह्रस्व लेखिन्छ । यस्तै शान्ति, साग, शेष शब्दहरूमा मौखिक भाषामा एउटै 'स' उच्चारण हुन्छ तर लेखाइमा भने तीन किसिमले (श, ष, स) लेख्ने प्रचलन छ । कन्या, सत्य जस्ता शब्दहरू कन्न्या, सत्त्यका रूपमा उच्चरित हुन्छन् तर उच्चारणमा डब्लिने न्, त् लिखित भाषामा लेख्ने गरिएको पाइँदैन । नेपाली भाषामा कतिपय वर्णहरू यस्ता छन् जुन बोलिएअनुसार लेखिँदैनन् । य, श, ष, क्ष, ज्ञ आदि यस्तै वर्ण हुन् (हेर्नू : अक्षर-शिक्षण) । यस्तै अजन्त-हलन्तले पनि कठिनाइ उत्पन्न गर्न सक्दछन् । वर्णविन्यासअन्तर्गत पदयोग र पदवियोगको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । यी सबै कुराको उपयुक्त र शुद्ध प्रयोग नै शिष्ट नेपालीको विशेषता हो । भाषिक अशुद्धि शिक्षित व्यक्तिका लागि शोभनीय कुरा ठानिँदैन । फेरि त्रुटिपूर्ण वर्णविन्यास भएमा कतिपय अवस्थामा अर्थसमेत फरक पर्ने हुँदा विचार ठीकठीक ढङ्गले अभिव्यक्त हुन पाउँदैन । यसरी लेखाइलाई शुद्ध र स्तरीय बनाउन तथा त्यसमा एकरूपता कायम गर्न प्रारम्भिक कक्षादेखि नै वर्णविन्यास-शिक्षण आवश्यक देखिन्छ ।

यस्तै लेखाइमा लेख्य चिह्नहरूको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । मौखिक भाषामा वाक्यभित्र र वाक्य-वाक्यका बीचमा हुने विश्राम, अनुतान (सुर) वा भाव-सङ्केतहरूलाई लेख्य भाषामा चिह्नहरू (पूर्णविराम, अल्पविराम, प्रश्नचिह्न, उद्गार, उद्धरण आदि) ले बुझाउँछन् । विरामचिह्न तथा अन्य लेख्य चिह्नहरूको उपयुक्त प्रयोग नगरिएमा पनि अर्थमा असर पर्दछ र कहिलेकाहीँ अर्कै अर्थ लाग्ने र कहिलेकाहीँ अर्थै नलाग्ने स्थिति पनि सिर्जना हुन सक्दछ । अतः लेखाइलाई शुद्ध र बोधगम्य तुल्याउन लेख्य चिह्नहरूको प्रयोगको पर्याप्त अभ्यास आवश्यक हुने हुँदा लेख्य चिह्न-शिक्षण पनि आवश्यक हुन्छ ।

वर्णविन्यास-शिक्षणका क्रममा शिक्षकले सर्वप्रथम बालकहरूको लेखाइमा पाइने गल्तीहरू ठम्याउनुपर्छ। उनीहरूले गल्ती गर्ने खास क्षेत्रहरू हुन्छन्। तिनमध्ये मुख्य गरेर तीनओटा गल्तीक्षेत्र विशेष उल्लेख्य छन् :

(क) विशुद्ध वर्णविन्याससम्बन्धी गल्तीक्षेत्र

यस्ता क्षेत्रमा पर्ने वर्णविन्याससम्बन्धी गल्तीहरू उच्चारणबाट प्रभावित देखिँदैनन्। यिनले अर्थतालाई पनि सामान्यतः फरक पार्न सक्दैनन् तर लिपिचिह्नहरूमध्ये एउटाको छनोट गर्नुपर्नेमा अर्कोको छनोट भएमा सामान्य गल्तीहरू भएको मानिन्छ। यस्ता गल्तीक्षेत्रहरू निम्नलिखित छन् (हेर्नू : पाठ १८) :

(१) ह्रस्व र दीर्घ : धनी=धनि, माथि=माथी

(२) श, ष, स : शान्ति=सान्ति, साथी=शाथी

(३) व, ब : विचार=बिचार, बिहे=विहे

(४) ऋ, रि : ऋतु=रितु

(५) ज्ञ, ग्यँ : ज्ञानी=ग्याँनी

(६) अजन्त, हलन्त : महान्=महान

(७) शिरबिन्दु र पञ्चम वर्ण : पङ्खा=पंखा, सञ्चै=संचै

(ख) उच्चारणबाट प्रभावित हुन सक्ने गल्तीक्षेत्र

तलका गल्तीहरूलाई उच्चारणले समेत प्रभावित पार्न सक्छन् :

(१) य/ए : खाएको छ=खायको छ

(२) क्ष/छे : क्षति=छेति

(३) द्य/ध्य : विद्या=विध्या

(४) द्द/द्ध : भद्दा=भद्धा

(ग) वर्णविन्यासको भिन्नताले उच्चारण र अर्थमा प्रभाव पार्ने गल्तीक्षेत्र

(१) वर्णको भिन्नता : बाँडा/भाडा, लुगा/रुगा, छानो/चानो, कल्ली/गल्ती, तुनो/दुनो, टालो/डालो, पानी/वानी, ताल/थाल, दुलो/धुलो, बाटो/बाठो, सात/साथ, काग/काख, पात/पाट, मऱ्यो/मार्‍यो, तर/तार, चना/चाना।

(२) अजन्त र हलन्त उच्चारण र लेखन

बसिन/बसिन्, देखिन/देखिन्।

(३) चन्द्रबिन्दु : भाँडा/भाडा, जान्छौ/जान्छौँ।

(४) रकारको प्रयोग : सर्प=सॅप, खर्पन-खपर्न, गऱ्यो=गर्यो, कृषक=किर्षक।

(हेर्नू : पाठ २१)

(घ) विराम तथा अन्य लेख्य चिह्नहरू भने मौखिक भाषाका कतिपय विशेषताहरूलाई लिखित रूपमा प्रतिनिधित्व गर्न सहयोगी हुन्छन्। तसर्थ यस्ता लेख्य चिह्नहरूको आवश्यकताअनुसार वाक्यमा प्रयोग गर्न बालकहरूलाई सिकाउँदै लैजानुपर्छ। प्रारम्भमा उनीहरू यस्ता चिह्नहरूप्रति परिचित हुँदैनन् तर पाठ्यपुस्तकका विभिन्न पाठहरूमा प्रयोग भएका निम्नानुसारका चिह्नहरूको प्रयोगक्षेत्र पहिचान गर्न लगाई तिनको अभ्यास गराउनु आवश्यक छ :

(क) पूर्णविराम। राम घर जान्छ।

(ख) अल्पविराम , रमेश, श्याम, हरि र विमल खेल्दैछन्।

(ग) अर्द्धविराम ; चन्द्रबिन्दुको उच्चारण अर्को वर्णसँग छुट्याएर हुँदैन। जस्तै; आँप, गाँस।

(घ) प्रश्नचिह्न ? : हजुरले किताब ल्याएको छ ?

(ङ) उद्गार ! : ए, ऊ असफल भएछ !

(च) उद्धरण " " : उहाँले भन्नुभयो "म रामलाई पढाइदिन्छु।"

नेपालीमा प्रत्येक शब्दका अक्षरहरूलाई एउटा ढिक्कामित्र लेखिन्छ। कतिपय स्थितिमा शब्दभन्दा बाहिर रहन सक्ने अंशलाई पनि एउटै ढिक्कामित्र ल्याइन्छ। यस्तो स्थितिलाई 'पदयोग' भनिन्छ। जस्तै; विभक्ति : राम+ले=रामले, संयुक्त क्रिया : गरी+दिन्छु=गरिदिन्छु, नामयोगी : घर+बाहिर=घरबाहिर, समास : दिदीबहिनी, भान्साघर, द्वित्व : घरघर, तनतन। अर्कोतिर दुई भन्दा बढी शब्दहरू मिलेर बनेका समस्त शब्दहरू, विभक्तिपछि आएका नामयोगीहरू, निपातहरू आदि पदवियोग गरेर भिन्न ढिक्कामा लेखिने हुँदा लेखाइ-शिक्षण गर्दा यी क्षेत्रमा पनि ध्यान दिनुपर्छ।

## सारांश

लिखित भाषामा लिपिचिह्नहरूको लेखाइक्रमलाई वर्णविन्यास भनिन्छ। लिखित भाषामा लेखाइका आफ्नै प्रचलन तथा नियमहरू हुन्छन्। शुद्ध र स्तरीय रूपमा लिखित भाषामा बालकहरूलाई प्रवृत्त गराउन वर्णविन्यासमा अभ्यास गराउनु आवश्यक हुन्छ। वर्णविन्यास-लेखनमा बालकहरूबाट विभिन्न किसिमबाट गल्तीहरू हुन्छन्। तीमध्ये धेरैजसो गल्ती उपयुक्त लिपिचिह्नको छनोट गर्न नसकेका स्थितिमा हुने गर्छन्। ह्रस्वदीर्घ, श, ष, स सम्बन्धी गल्ती यस्तै प्रकृतिका हुन्। यस्तै केही गल्तीहरू बालकहरूका मौखिक भाषाको उच्चारणबाट प्रभावित हुन्छन् र केहीचाहिँ अर्थलाई समेत प्रभाव पार्ने खालका हुन्छन्।

लिखित भाषालाई शुद्ध र स्तरीय रूपमा सिकाउन विरामचिह्नहरूको उपयुक्त ठाउँमा प्रयोग गर्ने अभ्याससमेत गराउनु आवश्यक छ।

## आत्ममूल्याङ्कन

(१) वर्णविन्यास भनेको के हो ?

(२) अर्थमा प्रभाव नपर्ने वर्णविन्याससम्बन्धी गल्तीहरू कुन-कुन हुन् ?

(३) विरामचिह्नको काम के हो ?

(४) पदयोग र पदवियोग भनेको के हो ? लेखाइमा यसको के महत्त्व छ ?

(५) कुन शब्द हिज्जेका दृष्टिले ठीक छ ?

(क) उद्धार (ख) उद्दार (ग) उध्दार (घ) उधार।

(६) लेखाइका दृष्टिले ठीक मानिए पनि उच्चारणका दृष्टिले कुन बेठीक छ ?

(क) रसिलो (ख) मान्य (ग) खसी (घ) चिह्न।

(७) उच्चारण र लेखाइमा फरक पर्ने शब्द कुन हो ?

(क) सस्तो (ख) कच्चा (ग) नाता (घ) कान।

(८) पदवियोगको नियम केमा लाग्छ ?

(क) नामयोगीमा (ख) द्वित्वमा (ग) निपातमा (घ) संयुक्त क्रियामा।

## पृष्ठपोषण

प्रश्न १ का लागि हेर्नु : पहिलो अनुच्छेद।

**प्रश्न २ का लागि हेर्नू : 'क' र 'ख' बुँदा ।**

**प्रश्न ३ का लागि हेर्नू : 'घ' बुँदा र तेस्रो अनुच्छेद ।**

**प्रश्न ४ का लागि हेर्नू : अन्तिम अनुच्छेद ।**

**प्रश्न ५ को उत्तर– ग**

**प्रश्न ६ को उत्तर– ख**

**प्रश्न ७ को उत्तर– घ**

**प्रश्न ८ को उत्तर– ग**

पाठ ५०

# वर्णविन्यास र लेख्य चिह्न-शिक्षणका कार्यकलापहरू

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं वर्णविन्यास र लेख्य चिह्न-शिक्षणका लागि उपयुक्त हुने क्रियाकलापहरूको वर्णन गर्न सक्षम हुनुहुनेछ ।

**विषयवस्तु**

वर्णविन्यास र लेख्य चिह्न-शिक्षणका क्रममा शिक्षकले निम्नलिखित कार्यकलाप गराउनु आवश्यक हुन्छ :

(क) वर्णविन्यास र लेख्य चिह्न-शिक्षणका लागि शिक्षकले यसका नियमहरूको ज्ञान दिनतिर लाग्नु हुँदैन । किनभने बालकहरू त्यस्ता अमूर्त नियमहरू बुझ्न सक्ने स्थितिमा भइसकेका हुँदैनन् । यसका सट्टा शिक्षकले बालकले आफ्नो लेखाइमा गर्न सक्ने गल्तीका क्षेत्रहरू पहिल्याउनेतर्फ लाग्नुपर्छ । यसरी गल्तीहरू पहिल्याउँदा प्राथमिक कक्षाका बालकहरूले लेखेका कापी वा अभ्यास पुस्तिकाहरू जाँची तिनमा पाइने विभिन्न प्रकृतिका गल्तीहरूको सूची तयार गर्नुपर्छ । साथै उक्त गल्तीहरूका निराकरणका लागि आवश्यक हुने अभ्यास-सामग्रीहरू र शब्दहरूको सूची, शब्दपत्तीहरू, वाक्यपत्तीहरू, श्रुतिलेखका लागि उपयुक्त हुने शब्दहरू, वाक्यहरू वा अनुच्छेदहरू तथा अन्य अभ्यासहरू आदि तयार गरी बालकहरूलाई अभ्यास गराउनुपर्छ ।

(ख) **अनुलेखन गराउने–** प्रारम्भिक कक्षाहरूमा शुद्ध वर्णविन्यास र लेख्य चिह्नहरूको प्रयोगका लागि पाठ्यपुस्तकका पाठका विभिन्न अंशको शुद्ध प्रयोगसँग परिचित हुन अनुलेखन-कार्यकलाप गराउनु उपयुक्त हुन्छ । यस क्रममा निम्नानुसार गराउने–

- पठित पाठका अंशहरू तोकी सार्न लगाउने ।
- श्यामपाटीमा विभिन्न शब्दहरू लेखी सार्न लगाउने ।
- गल्ती र शुद्ध शब्दहरू छ्यासमिस गरी श्यामपाटीमा लेखी शुद्ध शब्दहरू छानी सार्न लगाउने ।
- विभिन्न चिह्न प्रयोग भएका वाक्यहरू खोजी सार्न लगाउने ।
- चिह्न प्रयोगका दृष्टिले शुद्ध र अशुद्ध वाक्यहरू छ्यासमिस गरी तयार गरिएका वाक्यपत्तीहरू देखाई वा त्यस्ता वाक्य श्यामपाटीमा लेखी शुद्ध वाक्यहरू सार्न लगाउने र अशुद्ध वाक्यहरूमा भएका अशुद्धिका बारेमा छलफल गराई शुद्ध रूप पहिल्याई सार्न लगाउने ।

(ग) **श्रुतिलेखन गराउने–** श्रुतिलेखन गराएर पनि बालकहरूको वर्णविन्याससम्बन्धी कमजोरीमा सुधार गर्न सकिन्छ तथा तत्सम्बन्धी अभ्यास गराउन सकिन्छ । श्रुतिलेखबाट बालकहरूलाई उपयुक्त गति तथा प्रवाहले लेख्ने पनि बानी बसाल्न सकिन्छ । वर्णविन्यास तथा चिह्नप्रयोगको अभ्यासका लागि श्रुतिलेखन गराउँदा शिक्षकले पठित पाठबाट उपयुक्त अंश छानी पढिदिने र सुनेका भरमा बालकहरूलाई लेख्न लगाउने । त्यस्तै गरी शिक्षकले विभिन्न प्रकारका चिह्नहरू प्रयोग भएका लिखित सामग्री (संवाद, अन्य अनुच्छेद आदि) को श्रुतिलेखन गराउने । (हेर्नू : पाठ २६ र ४३)

(घ) **हिज्जे प्रतियोगिता गराउने–** यो कार्यकलाप गराउँदा बालकहरूले पढेका-सुनेका र हिज्जेका दृष्टिले जटिल मानिएका शब्दहरूको सर्वप्रथम सूची बनाउने । त्यसपछि कक्षाका बालकहरूलाई विभिन्न समूहमा बाँडी प्रत्येक

समूहलाई सूचीभित्रका शब्दहरू शिक्षकले पालैपालो भनिदिने र बालकहरूलाई लेखेर देखाउन लगाउने । उक्त प्रत्येक समूहले दिएको ठीक उत्तरलाई अङ्क दिई बढी अङ्क पाउने समूहलाई विजयी घोषित गर्ने ।

(ङ) शुद्ध शब्द खोज्न शब्दसूची तथा शब्दकोश प्रयोग गर्न प्रोत्साहित गर्ने ।

(च) लेखनमा धेरै गल्ती हुने शब्दहरू छानी तिनको उच्चारणगतका साथसाथै लेखनको अभ्यास पनि गराउने ।

(छ) अशुद्ध र शुद्ध शब्दहरू छयासमिस रूपमा दिई तिनबाट शुद्ध शब्द छान्न लगाउने ।

(ज) खाली ठाउँ दिई विभिन्न लेख्य चिह्नहरू भर्ने अभ्यास गराउने ।

(झ) स-साना संवाद लेख्न लगाई उपयुक्त चिह्नहरूको प्रयोग गर्ने अभ्यास गराउने ।

अन्त्यमा प्रत्येक पाठमा प्रयुक्त शब्दहरूको हिज्जेसम्बन्धी अभ्यास अन्य अभ्यासका साथसाथै गराउँदै लैजानुपर्छ । अर्को पाठमा पहिलो पाठको हिज्जेसम्बन्धी अभ्यासलाई कमै दोहोऱ्याए हुने स्थिति बनाउनु आवश्यक छ । सबै पाठको हिज्जेको अभ्यास एकैचोटि गराउन खोज्नु व्यावहारिक हुँदैन । वास्तवमा बालकहरूलाई शब्दको हिज्जेप्रति सचेतताको विकास गराउनु नै वर्णविन्यास-शिक्षण हो ।

## सारांश

वर्णविन्यास र लेख्य चिह्नहरूको शिक्षण गर्दा शिक्षकले बालकहरूलाई यिनका नियमहरू बताउन नलागी तत्सम्बन्धी गल्तीहरू पहिल्याएर अभ्यास गराउनमा जोड दिनुपर्छ । यस क्रममा अभ्यासहरू शब्द, वाक्य, अनुच्छेद आदि विभिन्न चरणमा गराइनु उपयुक्त हुन्छ । प्रारम्भमा वर्णविन्याससम्बन्धी अभ्यास शब्द, वाक्य आदिको अनुलेखनबाट सुरु गरिनुपर्छ । साथै श्रुतिलेखन, हिज्जे-प्रतियोगिता आदि कार्यकलापका माध्यमबाट यसलाई विस्तार गर्दै जानुपर्छ ।

## आत्ममूल्याङ्कन

(१) बालकहरूलाई वर्णविन्यासका नियम किन सिकाउनु हुँदैन ?

(२) शुद्ध वर्णविन्यास-लेखनमा बालकहरूलाई सक्षम बनाउन के-कस्ता तरिका अपनाउनु आवश्यक छ ?

(३) वर्णविन्यास सिकाउँदा के-कस्ता शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ ?

(४) शुद्ध वर्णविन्यासप्रति बालकहरूको सचेतता बढाउन के उपाय गर्नुपर्छ ?

(५) वर्णविन्याससम्बन्धी गल्ती कसरी पत्ता लगाउन सकिन्छ ?

(६) हिज्जे-प्रतियोगिता कसरी गराउनुपर्छ ?

(७) अनुलेखन भनेको के हो ?

(क) सच्याउने (ख) सार्ने (ग) भर्ने (घ) सुनेर लेख्ने ।

(८) लेख्य चिह्नको अभ्यास कस्तामा बढी उपयुक्त हुन्छ ?

(क) शब्दमा (ख) पदावलीमा

(ग) वाक्यमा (घ) संवादमा ।

(९) हिज्जेको अभ्यास केमा गराउनुपर्छ ?

(क) प्रत्येक पाठमा (ख) एउटा पाठ बिराएर

(ग) अन्तिममा एकैचोटि (घ) आरम्भका पाठहरू ।

**पृष्ठपोषण**

प्र. १ का लागि हेर्नू : पहिलो अनुच्छेदका १–२ वाक्यहरू ।

प्र. २ का लागि हेर्नू : 'ख' देखि 'फ' सम्मका बुँदाहरू ।

प्र. ३ का लागि हेर्नू : 'ख' मा उल्लिखित बुँदाहरू ।

प्र. ४ का लागि हेर्नू : अन्तिम अनुच्छेद र 'ङ' बुँदा ।

प्र. ५ का लागि हेर्नू : पहिलो अनुच्छेदका ३–५ वाक्यहरू ।

प्र. ६ का लागि हेर्नू : 'घ' बुँदा ।

प्र. ७ को उत्तर– ख

प्र. ८ को उत्तर– घ

प्र. ९ को उत्तर– क

एकाइ नौ :

# कविता-शिक्षण

पाठ ५१ :

## कविता-शिक्षणको प्रयोजन

**उद्देश्य**

यस पाठको अध्ययन गरेपछि तपाईं कविता-विधाको परिचय दिई कविता-शिक्षणको प्रयोजन बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

कविता लयबद्ध र भावमय विधा हो । यसभित्र बालगीत र लयबद्ध सामाजिक, नैतिक र प्राकृतिक कविता अनि गद्य कविताजस्ता कविताका अनेक किसिम पर्छन् तापनि प्राथमिक तहका पाठ्यपुस्तकहरूमा बालगीत र लयबद्ध कविता नै प्रमुख छन् । यस्ता कवितालाई लयवद्ध तरिकाले सामूहिक र व्यक्तिगत रूपमा पढ्न वा गाउन सकिन्छ । त्यसो हुनाले यो प्राथमिक कक्षाका विद्यार्थीहरूलाई निकै प्रिय विधा हो । यो विद्यार्थीलाई पढाइतर्फ आकर्षण र अभिरुचि पैदा गर्ने विधा पनि हो । प्राथमिक तहका सुरुका कक्षामा राखिएका बालकविताहरू सम्बन्धित कक्षाका विद्यार्थीहरूले रमाइलो मानी पढ्दा वा गाउँदा उनीहरूको सुनाइ, बोलाइ, पढाइजस्ता भाषिक सीपहरूको विकासमा निकै मद्दत पुग्छ । यसका अतिरिक्त कविताको छुट्टै के विशेषता छ भने यसमा रहेको लयले विद्यार्थीलाई लय मिलाएर वाचन गर्न सिकाउँछ र यसमा निहित भावले बालहृदयलाई आनन्दित पनि पार्दछ ।

माथिको परिचयबाट के स्पष्ट हुन्छ भने प्राथमिक तहका कक्षाहरूमा कविता विशेषतः श्रव्य र पाठ्य विधा हो । यस तहमा कविता-शिक्षणको मुख्य प्रयोजन गति, यति, लय मिलाई सस्वर पठनको अभ्यास गराउनु हो । यसबाहेक यसबाट शुद्ध उच्चारण, वाक्यगठन, हिज्जे (वर्णविन्यास) तथा भाषा-व्याकरणका अन्य केही तत्वहरूको अभ्यास पनि गराउन सकिन्छ । तर प्राथमिक तहको कविता-शिक्षणको प्रयोजनलाई दृष्टि दिंदा के स्पष्ट हुन्छ भने प्राथमिक कक्षाका बालबालिकाहरू लयबद्ध रूपमा सुन्न र पढ्न रुचाउने हुँदा यही नै कविता-शिक्षणको प्रमुख प्रयोजन हो । यसबाट उच्चारण-सुधार, शब्दभण्डार तथा रचना-सामर्थ्यजस्ता महत्त्वपूर्ण सीप र साहित्य पढ्ने अभिरुचि जगाउन पनि मद्दत मिल्छ । साथै कविता-शिक्षणबाट बालबालिकाको कल्पनाशक्ति, सृजनात्मक क्षमता र मिल्दो शब्द-छनोट गर्ने सामर्थ्यको पनि अभिवृद्धि हुन्छ । त्यसैले प्राथमिक तहदेखि नै पाठ्यपुस्तकमा कविता-विधालाई राखिएको हो ।

**सारांश**

कविता लयवद्ध र भावमय विधा हो । प्राथमिक तहमा बालगीत र सामाजिक, नैतिक तथा प्राकृतिक क्षेत्रका लयबद्ध कविता राखी यसलाइं विशेष गरी श्रव्य र पाठ्य विधा बनाइएको छ । कविता-विधाबाट भाषा र व्याकरणसम्बन्धी विभिन्न कुरा सिकाउन सकिन्छ तापनि प्राथमिक कक्षामा कविता-शिक्षणको मुख्य प्रयोजन गति, यति मिलाई लयबद्ध रूपमा सस्वर पठनको अभ्यास गराउनु हो ।

**आत्ममूल्याङ्कन**

माथिको पाठ पढेका आधारमा तलका प्रश्नको उत्तर दिनुहोस्:-

(क) कविता कस्तो विधा हो ?

(ख) प्राथमिक कक्षामा कस्ता कविता राखिएका छन् ?

(ग) प्राथमिक तहमा कविता-शिक्षणको मुख्य प्रयोजन के हो ?

(घ) कविता कुन किसिमको विधा हो ?

(क) भावात्मक (ख) घटनात्मक (ग) विवरणात्मक (घ) संवादात्मक ।

(ङ) प्राथमिक तहमा कुन किसिमका कविता राखिएका छैनन् ?

(क) सामाजिक (ख) नैतिक (ग) ऐतिहासिक (घ) प्राकृतिक ।

(च) प्राथमिक कक्षामा कवितालाई कस्तो विधा मानिएको छ ?

(क) तथ्यात्मक (ख) पाठ्यात्मक (ग) समीक्षात्मक (घ) विवेचनात्मक ।

**पृष्ठपोषण**

(क) प्रश्न नं. (क) को उत्तरका लागि पहिलो अनुच्छेद हेर्नुहोस् ।

(ख) प्रश्न नं. (ख) को उत्तरका लागि पहिलो अनुच्छेदको दोस्रो वाक्य पढ्नुहोस् ।

(ग) प्रश्न नं. (ग) को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस् ।

(घ) प्रश्न नं. (घ) को उत्तर– (क)

(ङ) प्रश्न नं. (ङ) को उत्तर– (ग)

(च) प्रश्न नं. (च) को उत्तर– (ख)

पाठ ५३ :

# लयबोध

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं प्राथमिक तहको कविता-विधामा लयबोध-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

प्राथमिक तहको कविता-विधा विशेषत: श्रव्य र पाठ्य विधा हो । यसैले यस तहका कक्षामा राखिएका कविताहरूलाई शिक्षकले पढेर सुनाई विद्यार्थीहरूलाई गति, यति र लय मिलाई सस्वर पढ्न लगाउनुपर्छ । यसरी लयबोध-क्रियाकलापमा अभ्यास गराउनुभन्दा पहिले सम्बन्धित कवितामा रहेका मुख्य शब्दको उच्चारण र शब्दार्थमा पनि अभ्यास गराउनुपर्छ । उदाहरणका लागि मेरो नेपाली किताब, कक्षा तीनको किताब नामक कविताका तलका हरपलाई लिऔं–

किताब तिम्रो गुणको बखान
के गर्न सक्थें म छु है अजान
सधैं नमानीकन कत्ति झर्को
दिन्छौ बताईकन ज्ञान अर्को

अब यी कवितामा रहेका तलका जस्ता शब्दको उच्चारण गर्न लगाऔं–

शब्दहरू:– गुण, बखान, अजान, सक्थे, कत्ति, झर्को, ज्ञान, अर्को ।

यसपछि केही कठिन शब्दको अर्थ पनि सिकाऔं–

| शब्द | अर्थ | शिक्षण गर्ने तरिका |
|---|---|---|
| गुण | राम्रा कुरा : | शिक्षकले शब्दलाई वाक्यमा प्रयोग गरी विद्यार्थीहरूलाई प्रयोग गर्न लगाएर । |
| अजान | नजान्ने : | अर्थ नजान्ने विद्यार्थीलाई उठाई देखाउँदै शब्दलाई वाक्यमा प्रयोग गरेर । |
| झर्को | दिक्क : | दिक्क लागेको अभिनय गरी वाक्यमा प्रयोग गरेर । |
| ज्ञान | जान्नुपर्ने कुरा : | वाक्यमा प्रयोग गरेर । |

यसरी शब्दार्थ र उच्चारण सिकाउँदा शब्दपत्ती र गोंजी-तालिका वा फलाटिनपाटीको प्रयोग गर्नु आवश्यक छ ।

यस किसिमले लयबोधको अभ्यासभन्दा पहिले गर्नुपर्ने माथि बताएका जस्ता कार्य गराएपछि शिक्षकले कविताका उक्त हरपमा लयबोध-क्रियाकलापको अभ्यास गराउन शुरु गर्नुपर्छ । यस सन्दर्भमा शिक्षकले माथिका कविताका हरपको पहिला पाँच अक्षरमा छोटो र त्यसपछिका [illegible] यानी विश्राम (यति) पर्ने र शब्दको अन्त्यमा हलन्त उच्चारण नहुने गरी गति, यति र लय मिलाएर उक्त कविता एकपल्ट पढेर कक्षामा सुनाउनुपर्छ । अनि कक्षाका विद्यार्थीहरूलाई पाँच-पाँच जनाजतिको समूह बनाउने र [illegible] गर्ने शिक्षकले पढ्दै विद्यार्थीहरूलाई त्यो सुनेर त्यसैअनुसार लय हाली भन्ने अभ्यास गराउनुपर्छ । जस्तै–

शिक्षक:– किताब तिम्रा [illegible] (छोटो विश्राम)

| | | |
|---|---|---|
| **विद्यार्थी-समूहः–** | किताव तिम्रो | (छोटो विश्राम) |
| **शिक्षकः–** | गुणको **वखान** | (लामो विश्राम) |
| **विद्यार्थी-समूहः–** | गुणको **वखान** | (लामो विश्राम) |

यसपछि समूहमा पालैपालो एक समूहले शिक्षकको र अर्को समूहले विद्यार्थीको भूमिका ग्रहण गरी लयबद्ध सस्वर पढ्नको अभ्यास आवश्यकतानुसार गराउनुपर्छ ।

सामूहिक अभ्यासपछि शिक्षकले विद्यार्थीलाई व्यक्तिगत रूपमा लयबोधको अभ्यास गराउनुपर्छ । यसमा प्रथमतः शिक्षकले गति, यति लयसाथ पढी हरेक विद्यार्थीहरूलाई त्यसैअनुसार पढ्ने अभ्यास गराउनुपर्छ । यस्तो अभ्यासमा विद्यार्थीहरूलाई नै शिक्षक र विद्यार्थीको भूमिका खेल्न लगाई क्रियाकलाप गराउन पनि सकिन्छ ।

माथि वताएका तरिकाले लयबोध-क्रियाकलापको अभ्यास पूरा भएपछि फेरि विद्यार्थीहरूलाई कवितामा रहेका केही शब्दहरूको शुद्ध उच्चारण र अर्थप्रयोगमा पनि अभ्यास गराउन सकिन्छ । लयबोध-क्रियाकलाप कविता-विधामा मात्र हुने हुँदा कविताको शिक्षण गर्दा यसमा बढी जोड दिनुपर्छ ।

**सारांश**

लयबोध-क्रियाकलाप गराउँदा सम्बन्धित कविता-शिक्षकले लय मिलाई पढ्ने र विद्यार्थीहरूलाई पनि सोहीअनुरूप पढ्न लगाउने गर्नुपर्छ । यस्तो अभ्यास पहिले समूह वा उपसमूहमा र त्यसपछि व्यक्तिगत रूपमा गराउन सकिन्छ । यसरी कवितामा लयबोधको अभ्यासलाई विशेष जोड दिई त्यसमा सहयोग पुऱ्याउन उक्त अभ्यास गराउनुभन्दा पहिले र पछि आवश्यकतानुसार कठिन शब्दको अर्थ र उच्चारणको पनि अभ्यास गराउनु उपयुक्त हुन्छ ।

**आत्मसमूल्याङ्कन**

(क) कविता-विधामा लयबोधको अभ्यासमा किन जोड दिइन्छ ?

(ख) कवितामा लयबोध-क्रियाकलाप कसरी गराउनुहुन्छ ?

(ग) लयबोधको अभ्यासभन्दा पहिले र पछि के-कस्ता कार्य गराउनु वाञ्छनीय छ ?

(घ) कुन विधामा लयबोधको अभ्यास अत्यन्त आवश्यक हुन्छ ?
(क) कवितामा (ख) रूपकमा (ग) कथामा (घ) प्रबन्धमा ।

**पृष्ठपोषण**

(क) प्र. नं. (क) को उत्तरका लागि पहिलो वाक्य र अन्तिम वाक्य पढ्नुहोस् ।

(ख) प्र. नं. (ख) को उत्तरका लागि लयबोध-क्रियाकलापको नमुना हेर्नुहोस् ।

(ग) प्र. नं. (ग) को उत्तरका लागि पहिलो र अन्तिम अनुच्छेद हेर्नुहोस् ।

(घ) प्रश्न नं. (घ) को उत्तर– (क)

## पाठ ५३ :

# भावबोध, प्रश्नोत्तर र सारांश

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं कविता-शिक्षणमा भावबोध, प्रश्नोत्तर र सारांश-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

कविता-शिक्षणमा लयबोध-क्रियाकलाप प्रयोग गरेपछि कक्षामा तलका क्रियाकलाप गराउनु उपयुक्त हुन्छ–

**(क) भावबोध**

यो प्राथमिक कक्षामा शिक्षकले विद्यार्थीहरूलाई सम्बन्धित कविताको भाव वा आशय छर्लङ्ग्याउन प्रयोग गरिने क्रियाकलाप हो । यसमा लयबोधको अभ्यासपछि कविताको भाव बुझ्न प्रोत्साहित गरिन्छ । भावबोधको क्रियाकलाप गराउँदा शिक्षकले सबै कुरा आफ्नै तर्फबाट मात्र भन्नु र विद्यार्थीहरूको विचारको वास्तै नगर्नु राम्रो हुँदैन । अतः भावबोधको अभ्यासका क्रममा सम्बन्धित कक्षाका विद्यार्थीहरूले निर्धारित कविता पटक-पटक लय मिलाई पढिसकेपछि उक्त कवितामा आधारित छोटा र रमाइला प्रश्नहरू सोध्दै प्रश्नोत्तर पनि गराउनु बेस हुन्छ । त्यसपछि उनीबाट आएका उत्तरका आधारमा शिक्षकले उनीहरूलाई भाव ठम्याउन प्रोत्साहित गर्नुपर्छ । उदाहरणका लागि मेरो नेपाली किताब, कक्षा तीनको किताब शीर्षक कविताको पहिलो चार हरप श्लोकको भाव यस किसिमको हुने कुरा बताई त्यस्तै अन्य श्लोकको भाव कक्षाअनुसार मौखिक वा लिखित रूपमा भन्न लगाउन सकिन्छः–

हे किताब, म अजान भएकाले तिम्रो गुणको बयान गर्न सक्तिनँ । तिमी सधैं कत्ति झर्को नमानी हामीहरूलाई नयाँ-नयाँ ज्ञानका कुरा बताउँछौ ।

यसरी प्रश्नहरू सोध्दै सबै कविताको भाव मौखिक वा लिखित रूपमा भन्न कक्षाका विद्यार्थीलाई लगाउनुपर्छ । यस क्रियाकलापमा प्रयुक्त प्रश्न र भाव फ्लाटिनपाटीमा राखेर प्रयोग गर्नु उपयुक्त हुन्छ ।

**(ख) प्रश्नोत्तर**

सम्बन्धित कविताका आधारमा विद्यार्थीहरूलाई प्रश्नहरू सोधेर तिनको मौखिक वा लिखित उत्तर दिन लगाउनु प्रश्नोत्तर हो । यो कविता-शिक्षणका भावबोधजस्ता विभिन्न क्रियाकलापलाई समेत सहयोग पुऱ्याउने क्रियाकलाप पनि हो । कविता-शिक्षण प्रश्नोत्तर गराई कविताको भाव ठम्याउन विद्यार्थीहरूलाई प्रोत्साहित गर्दा कक्षामा विद्यार्थीहरूको सहभागिता पनि बढ्छ । यसका साथै प्रश्नोत्तरबाट शिक्षकले विद्यार्थीहरूलाई बुझाउन चाहेको कुरा पनि बुझाउन सजिलो हुन्छ । यसैले प्रश्नोत्तर कविता-शिक्षणमा उपयोगी हुने उपयुक्त क्रियाकलाप हो ।

प्रस्तुत प्रश्नोत्तर-क्रियाकलापका लागि उपयुक्त हुने प्रश्नहरूको उदाहरण दिने सन्दर्भमा कक्षा तीनको किताब शीर्षक कवितामा आधारित प्रश्नहरू यस प्रकार छन्:–

(१) केले ज्ञान दिन्छ ?

(२) किताबले कुनकुन विषयको ज्ञान दिन्छ ?

(३) 'दरबार खुला छ' भनेको के हो ?

(४) किताबका गुण के के हुन् ?

(५) हामीमा रहेको अज्ञान हटाउन के गर्नुपर्छ ?

यसरी प्रश्नोत्तर-क्रियाकलापमा प्रश्नहरू सोध्दै तिनको उत्तर दिन लगाएर कविताको आशय बुझी पढ्न र कविताबाट हुने आनन्द लिन विद्यार्थीहरूलाई सहयोग गर्न सकिन्छ । माथिका किसिमका प्रश्नहरूलाई वाक्यपत्तीमा लेखी फलाटिनपाटीमा प्रयोग गरेर देखाउनु बेस हुन्छ । फलाटिनपाटी नभए कालोपाटीको मने पनि उपयोग गर्नुपर्छ ।

(ग) सारांश

सम्बन्धित कविताका मुख्यमुख्य बुँदाहरूलाई भन्न लगाउनु सारांश कथन हो भने सोही किसिमका बुँदाहरूलाई मिलाएर लेख्न लगाउनु सारांश लेखन हो । यस क्रियाकलापबाट पाठका मुख्यमुख्य कुरा ठम्याउने हुनाका साथै बोलाइ तथा लेखाइसीपको अभ्यासमा पनि मद्दत पुग्छ । उदाहरणका लागि मेरो नेपाली किताब, कक्षा तीनको किताब शीर्षक कवितामा आधारित सारांश यस प्रकार छ–

किताबले हामीलाई नयाँनयाँ ज्ञान दिन्छ । यसले ज्ञान-विज्ञानका कुरा छर्लङ्ग पारिदिन्छ र ज्ञान बाँडेर हाम्रो उपकार गर्छ । अनि यसले हाम्रो अज्ञान सखाप पारिदिन्छ ।

विद्यार्थीहरूलाई यस किसिमको सारांश फलाटिनपाटी वा तातिकामा प्रस्तुत गरी देखाएर उनीहरूलाई यस्तै सारांश भन्न वा लेख्न लगाउनुपर्छ ।

**सारांश**

भावबोध प्राथमिक कक्षामा शिक्षकले विद्यार्थीलाई सम्बन्धित कविताको भाव वा आशय छर्लङ्ग पार्न प्रयोग गरिने क्रियाकलाप हो । यसमा विद्यार्थीलाई कुनै एउटा कवितांशको भावार्थको नमुना देखाएर उनीहरूलाई त्यस्तै भावार्थ भन्न लगाइन्छ । विद्यार्थीहरूलाई प्रश्नहरू सोधेर मौखिक वा लिखित उत्तर दिन लगाउनु प्रश्नोत्तर हो । यसबाट विद्यार्थीहरूलाई कविताको भाव ठम्याउन, कक्षामा सक्रियता बढाउन र अभिप्रेरणा प्राप्त गर्न मद्दत मिल्ने भएकाले यो निकै उपयोगी क्रियाकलाप हो । कविता-शिक्षणमा मुख्यमुख्य बुँदाहरूलाई भन्न लगाउनु सारांश कथन हो भने सो लेख्न लगाउनु सारांश लेखन हो । यस क्रियाकलापबाट विद्यार्थीमा पाठका मुख्यमुख्य कुरा ठम्याउन सक्ने क्षमताको विकास हुन्छ ।

**आत्ममूल्याङ्कन**

(१) भावबोध कस्तो किसिमको क्रियाकलाप हो ?

(२) प्राथमिक तहका बालबालिकाहरूलाई भावबोध कसरी गराउन उपयुक्त हुन्छ ।

(३) प्रश्नोत्तर कस्तो किसिमको क्रियाकलाप हो ?

(४) कवितामा प्रश्नोत्तर कसरी गराउनु आवश्यक छ ?

(५) सारांश कथन र सारांश लेखन कस्तो किसिमको क्रियाकलाप हो ?

(६) कविता-शिक्षण गर्दा सारांश कथन कसरी गराइन्छ ?

(७) कविता-शिक्षणमा सारांश लेखन कसरी गराउन सकिन्छ ?

(८) सारांश कथनबाट कस्तो क्षमताको विकास हुन्छ ?

(९) प्राथमिक तहका कक्षामा सारांश लेखन पनि गराउन सकिन्छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को लागि भावबोध-क्रियाकलापको सुरुका परिचयात्मक बयान हेर्नुहोस् ।

प्र. नं. २ को लागि भावबोध-क्रियाकलापको पहिलो अनुच्छेद र उदाहरण हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरको लागि प्रश्नोत्तर-क्रियाकलापअन्तर्गत रहेको परिचयात्मक बयान हेर्नुहोस् ।

प्र. नं. ४ को लागि प्रश्नोत्तर-क्रियाकलापको पहिलो अनुच्छेद र उदाहरण हेर्नुहोस् ।

प्र. नं. ५ को उत्तरको लागि सारांश कथन वा लेखन-क्रियाकलापअन्तर्गत रहेको परिचयात्मक बयान हेर्नुहोस् ।

प्र. नं. ६ को प्रयोजनको निम्ति सारांश कथन वा लेखन-क्रियाकलापको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ७ को उत्तरको लागि (ग) क्रियाकलापअन्तर्गत रहेको विवरण र उदाहरण हेर्नुहोस् ।

प्र. नं. ८ को उत्तरको प्रयोजनका लागि सारांश कथन वा लेखनअन्तर्गत रहेको पहिलो अनुच्छेदको दोस्रो वाक्य पढ्नुहोस् ।

प्र. नं. ९ को उत्तरको प्रयोजनको लागि (ग) क्रियाकलापअन्तर्गत रहेको पहिलो अनुच्छेद पढ्नुहोस् ।

द्रष्टव्य: तपाईंले दिएका सबै उत्तर मिले वा मिलेनन् ? नमिलेका भए पुनः पाठ पढ्नुहोस् ।

एकाइ दश :

# कथा-शिक्षण

पाठ ५४ :

## कथा-शिक्षणको प्रयोजन

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाइं कथा-शिक्षणको प्रयोजन बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

प्राथमिक तहका बालबालिकाहरूका लागि कथा एउटा रोचक विधा हो । उनीहरू धेरै सानो उमेरदेखि नै आफ्ना आमाबुवा, दाजुभाउजू, दिदीहरूबाट कथा सुनेर आनन्द लिन्छन् । यो उनीहरूका लागि मनोरञ्जन गर्ने महत्त्वपूर्ण विधा हो । त्यसैले प्राथमिक तहमा यसका माध्यमबाट भाषाशिक्षण गर्नु सर्वाधिक उपयोगी मानिन्छ ।

कथा-शिक्षणबाट भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइको प्रभावकारी किसिमले अभ्यास गराउन सकिन्छ । शब्दभण्डार र उखान-टुक्काको विकास गर्न, सारांश भन्न र लेख्न, सस्वर र मौन पढाइ तथा बोधजस्ता कुराको अभ्यास गराउन पनि यसको विशेष महत्त्व हुन्छ ।

कथा-शिक्षणले बालबालिकाहरूमा साहित्यप्रति अभिरुचि बढाउन, उनीहरूको चरित्र-निर्माण गर्न पनि मद्दत गर्दछ । यसको शिक्षणबाट व्याकरणका विभिन्न तत्त्व (जस्तै; भूतकाल आदि) शिक्षण गर्न, भाषिक संरचनाको अनुभवक्षमता बढाउन र कल्पनाशक्तिको विकास गर्न पनि मद्दत मिल्दछ । यी विभिन्न कारणले गर्दा प्राथमिक तहमा कथा-शिक्षणलाई महत्त्व दिइएको हो ।

**सारांश**

प्राथमिक तहका बालबालिकाका लागि कथा ज्यादै रमाइलो विधा हो । त्यसैले यस विधाको शिक्षणका माध्यमबाट भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइसीपको अभ्यासका साथै शब्दभण्डार र उखान-टुक्काको विकास गर्न, बोध र अभिव्यक्तिको विकास गर्न, साहित्यप्रति रुचि बढाउन, चरित्र निर्माण गर्न र कल्पनाशक्ति बढाउन मद्दत मिल्दछ ।

**आत्ममूल्याङ्कन**

१. प्राथमिक तहमा कथा-विधाका माध्यमबाट भाषाशिक्षण गर्नु किन उपयोगी मानिन्छ ?
२. कथा-शिक्षणका माध्यमबाट कुनकुन सीपको विकास गर्न सकिन्छ ?
३. कथा-शिक्षणले भाषिक सीपका अरू के के कुराको अभ्यास गराउन सकिन्छ ?
४. कथा-शिक्षणबाट भाषिक सीपबाहेक अरू कुनकुन कुराको विकास गर्न सकिन्छ ?

पाठ ५५ :

# कथा-शिक्षणका कार्यकलाप

**उद्देश्य**

यस पाठको अध्ययनपछि कथा-शिक्षण गर्दा तपाईंहरू समर्थ हुनुहुनेछ–

(क) सारांश-क्रियाकलापको प्रयोग गर्न ,

(ख) बोध-प्रश्नोत्तरको अभ्यास गराउन,

(ग) शब्द तथा उखान-टुक्काको प्रयोग गराउन,

(घ) घटनाक्रम मिलाई कथा भन्न लगाउन ।

**विषयवस्तु**

प्राथमिक तहका कक्षाहरूमा नेपाली भाषाशिक्षणका लागि कथा-विधाको उपयोग गर्दा तलका कार्यकलाप प्रयोग गर्नु उपयुक्त हुन्छ–

**(क) सारांश**

सम्बन्धित विधाको पाठ सुनी वा पढी त्यसमा रहेका मुख्यमुख्य कुराको प्रस्तुतीकरण नै सारांश हो । प्राथमिक तहका विद्यार्थीहरूलाई कथा-विधा शिक्षण गर्दा उनीहरूको पाठ्यपुस्तकमा रहेका सम्बन्धित कथाको मुख्यमुख्य कुरा सर्वप्रथम शिक्षकले मौखिक रूपमा बताइदिनुका साथै उनीहरूलाई उक्त कथामा भएका कठिन शब्दहरू पनि छुट्याउन लगाउनुपर्छ । यस क्रममा कठिन शब्दहरूको शब्दार्थ तथा वाक्य-प्रयोग र उच्चारणसमेत अभ्यास पनि गराउनुपर्छ । यसपछि सम्बन्धित विद्यार्थीहरूलाई उक्त कथा सस्वर वा मौन रूपमा पढ्न लगाई त्यसका मुख्यमुख्य कुराहरू भन्न लगाउने र शिक्षकले कालोपाटीमा टिप्दै जाने अनि तिनै कुराहरूलाई सिलसिला मिलाई पहिले मौखिक रूपमा त्यसपछि लिखित रूपमा व्यक्त गर्न लगाई विद्यार्थीहरूलाई मौखिक र लिखित रूपमा सारांश प्रस्तुत गर्ने अभ्यास गराउनुपर्छ । यसरी कथाबाट सारांश सिकाउँदा कथाको सारांश दिने विभिन्न चित्रहरू प्रदर्शित गरी उक्त चित्र हेर्दै सारांश भन्न वा लेख्न लगाउनु अझ राम्रो हुन्छ ।

**(ख) बोध-प्रश्नोत्तर**

सम्बन्धित विधाका विभिन्न अनुच्छेद पढी त्यसमा रहेका विषयवस्तुको बोध गरी त्यससँग सम्बन्धित प्रश्नहरूको उत्तर दिनु नै बोध-प्रश्नोत्तर हो । यसको मुख्य उद्देश्य विद्यार्थीहरूमा बोध-सामर्थ्यको विकास गर्नु नै हो । अतः विद्यार्थीहरूलाई कथा-शिक्षण गर्दा त्यसको बोधपक्षको पनि अभ्यास गराउनुपर्छ । यस किसिमको बोध-प्रश्नोत्तर-क्रियाकलाप कथाका सम्बन्धित पाठको सस्वर वा मौन पढाइ गराई त्यसको लगत्तै गराउनुपर्छ । कठिन शब्दसम्बन्धी अभ्यास यस्तो बोध-प्रश्नोत्तर गराउनुभन्दा पहिले नै गराइसक्नुपर्छ । बोध-प्रश्नोत्तर गराउँदा पढाइ-शिक्षणअन्तर्गत पठनबोधका क्रियाकलापमा उल्लेख गरिएअनुसार गराउनु आवश्यक छ ।

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्रश्न २ को उत्तरका लागि दोस्रो अनुच्छेदको पहिलो वाक्य पढ्नुहोस् ।

प्रश्न ३ को उत्तरका लागि दोस्रो अनुच्छेदको दोस्रो वाक्य पढ्नुहोस् ।

प्रश्न ४ को उत्तरका लागि तेस्रो अनुच्छेद पढ्नुहोस् ।

**(ग) शब्द तथा उखान-टुक्काको प्रयोग**

विद्यार्थीहरूलाई सम्बन्धित कथाभित्र रहेका कठिन शब्द र विभिन्न उखान-टुक्काको अर्थ र प्रयोगमा अभ्यास गराउनु नै शब्द वा उखान-टुक्काको प्रयोग शिक्षण-क्रियाकलाप हो । प्रस्तुत क्रियाकलाप बोध-प्रश्नोत्तर वा पठनबोधको अभ्यास गराउनुभन्दा पहिले गराउनुपर्छ । त्यसो गरेमा विद्यार्थीहरूलाई पाठको विषयवस्तु बुझ्न सजिलो पर्छ । शब्दार्थसम्बन्धी अभ्यास गराउँदा विद्यार्थीहरूको अनुभवस्तरलाई ध्यानमा राखी शब्दार्थ-शिक्षणका विभिन्न तरिकाहरूको उपयोग गर्नुपर्छ ।

**(घ) घटनाक्रम मिलाउने**

यो सम्बन्धित कथाका मुख्य घटनाहरूलाई छ्यासमिस पारी कक्षामा प्रस्तुत गरेर विद्यार्थीहरूलाई ती घटनाहरू क्रमानुसार भन्न वा लेख्न लगाउने क्रियाकलाप हो । यसमा प्रथमतः सम्बन्धित कथाका मुख्य घटनाहरूलाई छ्यासमिस पारी कालोपाटीमा लेखिन्छ वा त्यसरी तयार गरेका पत्ती वा सूची कक्षामा प्रस्तुत गरिन्छ अनि ती घटनाहरूलाई क्रमानुसार भन्न वा लेख्न विद्यार्थीहरूलाई लगाइन्छ ।

प्राथमिक तहका कक्षामा घटनाक्रम मिलाउने प्रस्तुत क्रियाकलाप यस प्रकार प्रयोग गर्न सकिन्छ–

(अ) सम्बन्धित कक्षाको स्तर विचार गरी कथाका मुख्य घटनाहरू छ्यासमिस पारी कालोपाटीमा लेख्ने वा त्यसरी तयार गरेको पत्ती वा सूची देखाई ती घटनाहरूलाई कथाको क्रमानुसार भन्न लगाउने ।

(आ) सम्बन्धित कथालाई उल्टोपाल्टो पारी सुनाएर उक्त कथालाई क्रमबद्ध रूपमा भन्न लगाउने ।

(इ) कुनै कथाका खास अंशहरू सुनाई त्यस कथालाई पूरा गर्न लगाउने ।

(ई) कुनै कथाका खास अंशहरू सुनाई त्यस कथालाई पूरा गर्न लगाउने ।

(उ) विभिन्न घटनाहरू दिई तिनलाई सिलसिलाबद्ध गर्न लगाई कथा तयार गर्न लगाउने ।

**सारांश**

यस सन्दर्भमा सम्बन्धित कथाविधाको पाठबाट त्यसमा रहेका मुख्यमुख्य कुराको प्रस्तुतीकरण नै सारांश हो र त्यस विधाका विभिन्न अनुच्छेद पढी त्यसमा रहेका विषयवस्तुको बोध गरी त्यससँग सम्बन्धित प्रश्नहरूको उत्तर दिनु नै बोध-प्रश्नोत्तर हो । यसै गरी सम्बन्धित कथा-विधाभित्र रहेका कठिन शब्द र विभिन्न उखान-टुक्काको अर्थ र प्रयोगमा अभ्यास गराउनुलाई शब्द तथा उखान-टुक्काको प्रयोग-शिक्षण भनिन्छ भने सम्बन्धित कथाकै मुख्य घटनालाई क्रमानुसार भन्न वा लेख्न लगाउनुलाई घटनाक्रम मिलाउने क्रियाकलाप भनिन्छ ।

**आत्ममूल्याङ्कन**

१. सारांश कस्तो किसिमको क्रियाकलाप हो ?
२. प्राथमिक कक्षामा यो कसरी गराइन्छ ?
३. बोध-प्रश्नोत्तर कुन किसिमको क्रियाकलाप हो ?
४. प्राथमिक कक्षामा यो क्रियाकलाप कसरी गराउनुपर्छ ?
५. शब्द वा उखान-टुक्काको प्रयोग-शिक्षण भनेको के हो ?
६. शब्द वा उखान-टुक्काको प्रयोग गर्न कसरी सिकाइन्छ ?
७. घटनाक्रम मिलाउने क्रियाकलाप के हो ?
८. प्राथमिक तहका कक्षामा यो क्रियाकलाप कसरी गराइन्छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत खण्ड 'क' को पहिलो वाक्य हेर्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि उक्त खण्ड 'क' हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि खण्ड 'ख' को पहिलो वाक्य हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि उक्त खण्ड 'ख' हेर्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि खण्ड 'ग' को पहिलो वाक्य हेर्नुहोस् ।

प्र. नं. ६ को उत्तरका लागि खण्ड 'ग' हेर्नुहोस् ।

प्र. नं. ७ को उत्तरका लागि खण्ड 'घ' को पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ८ को उत्तरका लागि खण्ड 'घ' को दोस्रो अनुच्छेद हेर्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए यो पाठ पुनः पढ्नुहोस् ।

# एकाइ एघार :
# प्रबन्ध-शिक्षण
## पाठ ५६ :
## प्रबन्ध शिक्षणको प्रयोजन

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाइं प्रबन्धको परिचयका साथै भाषाशिक्षणमा यसको आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

प्रबन्ध प्राथमिक तहमा राखिएका कविता, कथा, रूपक (संवाद र विवाद) चिठी, जीवनीजस्ता विधाहरूमध्ये सङ्गठित रूपमा अभिव्यक्त गर्न सिकाउने विधा हो । यो अन्य विधाभन्दा निकै लचिलो र फराकिलो देखिन्छ । यो विधा साना कक्षादेखि लिएर ठूला कक्षासम्म पनि भाषा सिकाउन उपयोगी हुन सक्ने भएकाले लचिलो छ । अनि यसबाट भाषाशिक्षणका लागि मौखिक र लिखित क्रियाकलाप गराएर विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइजस्ता भाषाका विभिन्न सीप विकास गर्न सकिने हुनाले यो फराकिलो पनि छ । वास्तवमा विद्यार्थीहरूलाई उनीहरूले अनुभव गरेका, सुनेका, देखेका, पढेका कुराहरू सिलसिला मिलाइ मौखिक र लिखित रूपमा व्यक्त गर्न सिकाउन सकिने भएकाले भाषाको शिक्षण-सिकाइमा प्रबन्ध विधा अत्यन्तै सुहाउँदिलो विधा हो ।

प्रबन्ध विधाको मुख्य उद्देश्य सम्बन्धित कक्षाका विद्यार्थीहरूलाई उनीहरूले अनुभव गरेका, सुनेका, देखेका, पढेका विषयवस्तुलाई सिलसिला मिलाई मौखिक र लिखित रूपमा व्यक्त गर्न सिकाउनु हो । विद्यार्थीहरूका विचार, भावना आदिलाई सङ्गठित रूपले प्रस्तुत गर्न पनि यसले सिकाउँछ । प्रबन्धको विषय जुनसुकै क्षेत्रसँग पनि सम्बन्धित हुने हुँदा यसबाट बालबालिकाहरूमा शब्दभण्डारको वृद्धिका साथै अन्य भाषिक अनुभव दिन पनि यो उपयोगी हुन सक्छ ।

प्राथमिक तहमा राखिएका अन्य कविता, जीवनीजस्ता विधामा भन्दा यस विधामा के विशेषता छ भने यसबाट सिर्जनात्मक लेखनमा अभ्यास गराउन सकिन्छ । भन्नुको तात्पर्य कविताबाट भाषाका अन्य सीप विकास गराइन्छ, कविता नै रचना गर्न सिकाइँदैन । तर प्रबन्धबाट भने अन्य सीपका साथै प्रबन्ध नै सिर्जना गर्न लगाउन सकिन्छ । यसरी प्रबन्ध रचना गर्न सिकाउँदा आवश्यकतानुसार केही बुँदा वा खाली ठाउँ भर्ने गरी वाक्यहरू दिने, सङ्केतात्मक र शीर्षक मात्र दिएर रचना गर्न लगाउने स्वतन्त्र लेखनको उपयोग गरिन्छ । यसैले भाषाको सिकाइ-शिक्षणमा प्रबन्धको उपयोग छ र यसको ज्यादै ठूलो आवश्यकता पर्छ ।

**सारांश**

प्रबन्धले विद्यार्थीहरूका विचारहरूलाई सङ्गठित रूपमा व्यक्त गर्न सिकाउने हुनाले यो निकै महत्त्वपूर्ण विधा हो । यसको विषय जुनसुकै क्षेत्रसँग पनि सम्बन्धित हुन सक्ने र यसबाट प्रबन्ध नै लेख्न सिकाउन सकिने भएकाले पनि भाषाशिक्षणमा प्रबन्ध विधा ज्यादै उपयोगी र आवश्यक छ । भाषाका मौखिक र लिखित अभिव्यक्ति सिकाउन यो विधा उपयोग गर्न सकिन्छ ।

**आत्ममूल्याङ्कन**

१. प्रबन्ध कस्तो किसिमको विधा हो ?
२. यो अरू विधामन्दा किन फरक छ ?
३. प्रबन्धलाई किन लचिलो र फराकिलो विधा मानिन्छ ?
४. भाषाशिक्षणमा प्रबन्ध विधाको मुख्य उद्देश्य के हो ?
५. भाषाशिक्षणमा प्रबन्ध विधा किन आवश्यक छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत रहेको पहिलो अनुच्छेद पढ्नुहोस् ।
प्र. नं. २ को उत्तरका लागि तेस्रो अनुच्छेद अध्ययन गर्नुहोस् ।
प्र. नं. ३ को उत्तरका लागि पहिलो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ४ को उत्तरका लागि दोस्रो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ५ को उत्तरको प्रयोजनका लागि तेस्रो अनुच्छेद हेर्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

## पाठ ५७ :

# मौखिक वर्णन र लिखित वर्णन

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं प्रबन्ध विधाबाट मौखिक र लिखित वर्णन-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

प्राथमिक तहका कक्षाहरूमा राखिएका प्रबन्धहरूबाट मौखिक र लिखित वर्णन-क्रियाकलाप यसरी गराउनु उपयुक्त हुन्छ–

**(क) मौखिक वर्णन**

विद्यार्थीहरूलाई खास वस्तुको आकार-प्रकार, कार्य तथा महत्त्व आदिका बारेमा मौखिक रूपमा बयान गर्न लगाउनु मौखिक वर्णन हो । विद्यार्थीहरूलाई उनीहरूकै घरगाउँसँग सम्बन्धित विशेष महत्वको वस्तु वा चित्र कक्षामा देखाई तिनको महत्त्व र कार्यबारे भन्न लगाउँदा यो निकै प्रभावकारी हुन्छ । यस क्रियाकलापअन्तर्गत विभिन्न दृश्य, वस्तु, घटना, काम, कार्यक्रम आदिको पनि वर्णन गर्न लगाउन सकिन्छ ।

प्रस्तुत सन्दर्भमा प्रबन्ध विधाबारे मौखिक वर्णन-क्रियाकलाप गराउनुपर्छ । यसो गर्दा सम्बन्धित प्रबन्धबाटै त्यस प्रबन्धमा भएका विषयवस्तुसम्बन्धी मौखिक वर्णन गर्न लगाउनुपर्छ । उदाहरणार्थ गाईको बारेमा मौखिक वर्णन गराउनुपर्दा पहिले गाईको बारेमा शिक्षकले बताइदिई विद्यार्थीहरूलाई त्यस सम्बन्धमा बताउन लगाउन सकिन्छ । यसरी गाईको बारेमा मौखिक वर्णन गर्न लगाउँदा तलका जस्ता बुँदाहरू कालोपाटीमा लेखिदिई वा फलाटिनपाटीमा राखिदिई विद्यार्थीलाई वर्णन गर्न लगाउन सकिन्छ । जस्तै–

(क) गाई चारखुट्टे जनावर हो ।
(ख) गाईले दूध दिन्छ ।
(ग) दूधबाट दही, मही, नौनी, घिउ आदि बन्छ ।
(घ) गाई हरियो घाँस मन पराउँछ ।
(ङ) गाईले हामीलाई गोबर दिन्छ ।
(च) गाई हाम्रो राष्ट्रिय जनावर हो ।

यसरी कुनै प्रबन्धबाट मौखिक वर्णन-क्रियाकलाप गराउनुअघि शिक्षकले सम्बन्धित प्रबन्धमा रहेका शब्दहरूको अर्थ र प्रयोग सिकाउनु आवश्यक हुन्छ ।

**(ख) लिखित वर्णन**

कुनै विषयमा लिखित रूपमा बयान गर्न लगाउनु लिखित वर्णन हो । यो क्रियाकलाप गराउँदा सम्बन्धित प्रबन्ध सस्वर पढी सुनाएर विद्यार्थीहरूलाई पनि सस्वर पढ्न लगाउनुपर्छ । त्यसपछि पाठमा भएका कठिन शब्दको अर्थ र वाक्यमा प्रयोग गराउनुपर्छ । यी कार्य पूरा भएपछि शिक्षकले प्राथमिक तहका कक्षाहरूमा विद्यार्थीहरूको ज्ञानस्तरअनुसार विषय शीर्षक दिई तलका किसिमबाट लिखित वर्णन गर्न लगाउन सकिन्छ–

अ) खाली ठाउँ भर्न लगाएर-

शिक्षकले तल दिएजस्तै उदाहरण फ्लाटिनपाटी वा कालोपाटीमा प्रस्तुत गरेर विद्यार्थीहरूलाई भर्न लगाई लिखित वर्णन गर्न लगाउने–

गाई चारखुट्टे.......... हो । गाईका........ आँखा हुन्छन् । गाईको एउटा.......... हुन्छ । गाईको.......... कान र सिङ हुन्छन् ।

गाई धेरै काम लाग्ने.......... हो । हामी गाईको.......... बाट दही बनाउँछौं । .......... बाट मही र घिउ बनाउँछौं ।

गाईको.......... बाट मल बन्छ । गाईवस्तुका मलले वातावरण.......... । तिहारमा गाईको.......... गर्छन् । गाई हाम्रो.......... जनावर हो ।

(आ) बुँदाहरू दिएर

शिक्षकले फ्लाटिनपाटीमा वा कालोपाटीमा कुनै शीर्षक दिई त्ससँग सम्बन्धित बुँदाहरू दिएर लिखित वर्णन गराउन सकिन्छ । उदाहरणार्थ कक्षा दुईको **मेरो नेपाली किताबको गाई** प्रबन्धका आधारमा तयार गरिएको केही बुँदा हेरौं –

गाई काम लाग्ने जनावर.......... गाईले दूध दिन्छ.......... दूधबाट दही.......... दहीबाट घिउ.......... घाँस मनपराउँछ.......... पराल र भुसा खान्छ.......... गाईले गोबर दिन्छ.......... गोबरले बाली सप्रन्छ.......... तिहारमा गाईको पूजा.......... राष्ट्रिय जनावर ।

यसका साथै मौखिक वर्णन गरिदिएर विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा लिखित वर्णन गराउन पनि उपयुक्त हुन्छ । यसरी विभिन्न विषयक्षेत्रका विषयमा लिखित वर्णन गर्ने अभ्यास गराउनुपर्छ ।

**सारांश**

विद्यार्थीहरूलाई कुनै वस्तुको आकार-प्रकार, काम, उपयोग, महत्त्व आदिका सम्बन्धमा मुखैले बयान गर्न लगाउनु मौखिक वर्णन हो र लिखित रूप दिनु लिखित वर्णन हो । शिक्षकले वर्णन गरी वा बुँदा प्रस्तुत गरी पहिलोमा विद्यार्थीलाई मौखिक वर्णन गर्न लगाइन्छ र दोस्रोमा लिखित रूपमा वर्णन गर्न लगाइन्छ ।

**अभ्यास प्रश्न**

१. मौखिक वर्णन कस्तो क्रियाकलाप हो ?
२. प्राथमिक तहका विद्यार्थीहरूलाई प्रबन्ध विधामा कसरी मौखिक वर्णन गर्न लगाइन्छ ?
३. कक्षा दुईका विद्यार्थीहरूलाई मौखिक वर्णन गराउन एउटा नमुना तयार गर्नुहोस् ।
४. लिखित वर्णन कस्तो किसिमको क्रियाकलाप हो ?
५. प्राथमिक तहका विद्यार्थीहरूलाई कसरी लिखित वर्णन गर्न लगाउन सकिन्छ ?
६. मौखिक र लिखित वर्णनमा के फरक छ ?
७. बुँदा दिएर लिखित वर्णन गराउन एउटा नमुना तयार गर्नुहोस् ।

**पृष्ठपोषण**

प्र. नं. १ का लागि मौखिक वर्णन-क्रियाकलापको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. २ का लागि मौखिक वर्णन-क्रियाकलापको परिचयात्मक अनुच्छेदका साथै उदाहरण हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि मौखिक वर्णनको उदाहरण हेर्नुहोस् ।

प्र. ४ का लागि लिखित वर्णन-क्रियाकलापको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. ५ को उत्तरका लागि लिखित वर्णन-क्रियाकलापको परिचयात्मक अनुच्छेदका साथै उदाहरण हेर्नुहोस् ।

प्र. नं. ६ को प्रयोजनका निम्ति मौखिक वर्णन र लिखित वर्णनको परिचयात्मक अनुच्छेद हेरी तुलना गर्नुहोस् ।

प्र. नं. ७ को प्रयोजनका निम्ति लिखित वर्णनको उदाहरण हेर्नुहोस् ।

अन्त्यमा तपाईंले दिएका सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

पाठ ५८ :

# प्रश्नोत्तर, अनुच्छेदलेखन र सरल प्रबन्धलेखन

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं प्रबन्ध-विधाबाट प्रश्नोत्तर, अनुच्छेदलेखन र सरल प्रबन्धलेखन-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

प्रबन्ध-विधाबाट प्राथमिक तहका कक्षामा तलका क्रियाकलाप गराउनु उपयुक्त हुन्छ–

**(क) प्रश्नोत्तर**

सम्बन्धित प्रबन्धका आधारमा विद्यार्थीहरूलाई प्रश्नहरू सोधेर तिनको मौखिक वा लिखित उत्तर दिन लगाउनु प्रश्नोत्तर हो । यो प्रबन्ध-शिक्षणका मौखिक र लिखित वर्णनजस्ता विभिन्न क्रियाकलापलाई समेत सहयोग पुऱ्याउने क्रियाकलाप हो । प्रबन्ध-शिक्षणमा प्रश्नोत्तर गराई प्रबन्धको आशय ठम्याउन विद्यार्थीलाई प्रोत्साहित गर्दा कक्षामा विद्यार्थीको सहभागिता पनि बढ्छ । यस सन्दर्भमा विभिन्न चित्र तथा दृश्यचित्र उपयोग गरियो भने त्यसबाट विद्यार्थीहरू निकै अभिप्रेरित हुन जान्छन् । यसका साथै प्रश्नोत्तरबाट शिक्षकले विद्यार्थीहरूलाई आफूले बुझाउन चाहेको कुरा पनि बुझाउन सकिलो हुन्छ । यति मात्र होइन, अनुच्छेदलेखन सिकाउँदा पनि प्रश्न गरेर त्यसमा प्राप्त उत्तरलाई सिलसिला मिलाई लेखेर अनुच्छेद तयार गर्न सिकाउन सकिन्छ । यसैले प्रश्नोत्तर प्रबन्ध-शिक्षणमा उपयोगी हुने उपयुक्त क्रियाकलाप हो ।

प्रस्तुत प्रश्नोत्तर-क्रियाकलापका लागि उपयुक्त हुने प्रश्नहरू उदाहरण दिने सन्दर्भमा कक्षा तीनको "म को हुँ" प्रबन्धमा आधारित प्रश्नहरू यसप्रकार छन्–

(१) पानीको जन्म कहाँबाट हुन्छ र आखिरमा कहाँ पुग्छ ?
(२) भिन्नाभिन्न अवस्थामा पानीको के के नाम हुन्छ ?
(३) तिमी कुन-कुन कामका लागि पानीको उपयोग गर्छौ ?
(४) पानी भएन भने तिमी के गर्छौ ?
(५) समुद्रको पानी हाम्रो धारासम्म कसरी आइपुग्छ ?

यसै गरी प्रश्नोत्तरको सन्दर्भमा कुनै अनुच्छेद पढ्न दिई त्यसका आधारमा प्रश्नोत्तर गराउन तलका उदाहरणमा दिएजस्तै बोध-प्रश्नहरूको उपयोग गर्न सकिन्छ । जस्तै–

अनुच्छेद– मैले वर्षाको रूप लिएपछि पृथ्वी सुक्खा हुन पाउँदैन । नदीनाला, इनार, पोखरी सबैमा म भरिन्छु । म तिम्रो धाराबाट पनि आउँछु, सबैले मलाई पाउँछन् । म समुद्रमा पनि बसन्छु । नदी बनेर म समुद्रमै मिल्न जान्छु । समुद्रबाटै म निस्कन्छु र फेरि समुद्रमै मिलेपछि मेरो यात्रा सकिन्छ । अब त तिमीले चिन्यौ होला, म पानी हुँ ।

प्रश्नहरू

(१) यी सबै कुरा कसले बताउँदैछ ?

(२) पृथ्वी सुक्खा नहुन पानीले केको रूप लिनुपर्छ ?

(३) समुद्रको पानी धारामा कसरी आइपुग्छ ?

(४) पानीले आफ्नो यात्रा कहाँबाट सुरु गर्छ ?

(५) पानीको यात्रा कहाँ पुगेर सकिन्छ ?

(ख) अनुच्छेदलेखन

कुनै प्राणी, वस्तु, घटना, दृश्य वा अनुभवसँग सम्बन्धित विषय शीर्षकमा एक अनुच्छेद लेख्न लगाउनु अनुच्छेदलेखन हो । प्राथमिक तहका कक्षाहरूमा विद्यार्थीहरूको ज्ञानस्तरअनुसार विषय शीर्षक दिई मुख्यतः तलका किसिमबाट अनुच्छेदलेखन गराउन सकिन्छ–

(अ) खाली ठाउँ भर्न लगाएर–

शिक्षकले तलको भैँ उदाहरण फलाटिनपाटी वा कालोपाटीमा प्रस्तुत गरेर विद्यार्थीहरूको अनुभवक्षेत्रमा अनुच्छेदलेखनको अभ्यास गराउन सकिन्छ–

शीर्षक : कुकुर

कुकुर घर पालुवा............ हो । यसको............ खुट्टा र............ आँखा हुन्छन् । यसको एउटा घुँगुरिएको......... हुन्छ । यसका............ कान हुन्छन् । यसका बच्चाबच्चीलाई............ भन्छन् । कुकुरतिहारमा यसको............ गरिन्छ ।

(आ) बुँदा वा सङ्केत दिएर

शिक्षकले फलाटिनपाटी वा कालोपाटीमा कुनै शीर्षक दिई त्यससँग सम्बन्धित बुँदा वा सङ्केतहरू दिएर उदाहरण प्रस्तुत गरेर अनुच्छेद तयार पार्न लगाउन सकिन्छ । जस्तै–

शीर्षक : कुकुर

कुकुर चारखुट्टे जनावर.............. दुईओटा आँखा र........... घुम्रिएको पुच्छर........... सानो आवाजले भुँक्नु........... मासु खान मन पराउने........... घरपालुवा जनावर ।

(इ) स्वतन्त्र रूपमा शीर्षक दिएर

विद्यार्थीहरूको परिचय-क्षेत्रका जनावर, वस्तु आदिको चित्र देखाएर तिनको छोटो वर्णन गर्दै अनुच्छेद तयार पार्न लगाउन सकिन्छ । जस्तै–

शीर्षकहरू– गाई, बिरालो, किताब, विद्यालय ।

(ग) सरल प्रबन्धलेखन

प्राथमिक तहमा सरल प्रबन्ध भन्नाले कुनै प्राणी, वस्तु, दृश्य वा अनुभवसँग सम्बन्धित विषयशीर्षकमा सिलसिला मिलाएर चार-पाँच अनुच्छेदसम्मका बयान गर्नु हो । शिक्षकले प्राथमिक तहका माथिल्ला कक्षामा उनीहरूको अनुभव-क्षेत्रका प्राणी, वस्तु, दृश्य आदि विषयमाथि अनुच्छेदलेखनमा उदाहरण दिएजस्तै गरी खाली ठाउँ भर्न लगाएर,

बुँदा वा सङ्केत दिएर र निकै अभ्यासपछि स्वतन्त्र रूपमा विषय शीर्षक दिएर उक्त किसिमको प्रबन्ध-लेखनमा अभ्यास गराउन सकिन्छ, यस सन्दर्भमा शिक्षकले प्रबन्धको नमुना तयार गरी फ्लानेटिनपाटी आदिमा राखेर देखाउनुपर्छ र विद्यार्थीहरूलाई प्रशस्त अभ्यास गराउनुपर्छ । जस्तै–

**शीर्षक– हाम्रो देश**

हाम्रो देशको नाम नेपाल हो । यो एसिया महादेशमा रहेको छ । यसको उत्तरमा चीन देश छ । यसको पूर्व, दक्षिण र पश्चिममा भारत देश पर्दछ । भारत र चीन नेपालका छिमेकी देश हुन् ।

हावापानीको हिसाबले नेपाललाई तीन भागमा बाँडिएको छ । उत्तरी भेगलाई हिमाली भेग भनिन्छ । यहाँ जाडो बढी हुन्छ । दक्षिणी भेगलाई मधेस भन्दछन् । यहाँ गर्मी बढी हुन्छ । बीचको भागलाई पहाडी भेग भन्दछन् । यो भेगमा धेरै गर्मी र धेरै जाडो हुँदैन ।

नेपालमा तीनओटा ठूला नदी छन् । पूर्वी भागमा कोशी नदी छ । बीचको भागमा गण्डकी नदी छ । पश्चिमी भागमा कर्णाली नदी छ । नेपालमा सानासाना धेरै नदी छन् ।

नेपाल हिमाल-पहाड मिली बनेको देश हो । नेपाल राम्रो र रमाइलो देश हो । नेपाल हामी सबैको प्यारो देश हो ।

**सारांश**

सम्बन्धित प्रबन्धका आधारमा प्रश्नहरू दिई उत्तर दिन लगाउनु प्रश्नोत्तर हो । यसमा विद्यार्थीलाई सिङ्गो प्रबन्ध वा त्यसको कुनै अनुच्छेद आधार बनाई प्रश्नोत्तर गराइन्छ । प्रबन्धको सन्दर्भमा कुनै विषय-क्षेत्रमाथि अनुच्छेद लेख्न लगाउनु अनुच्छेदलेखन हो र छोटा प्रबन्ध लेख्न लगाउनु सरल प्रबन्धलेखन-क्रियाकलाप हो । पहिलोमा खाली ठाउँ भर्न लगाएर बुँदा दिएर तथा स्वतन्त्र रूपमा एक अनुच्छेद लेख्न सिकाइन्छ भने दोस्रोमा सिलसिला मिलाई धेरै अनुच्छेदमा प्रबन्ध लेख्ने अभ्यास गराइन्छ ।

**आत्ममूल्याङ्कन**

(१) प्रश्नोत्तर कस्तो किसिमको क्रियाकलाप हो ?
(२) प्राथमिक तहका विद्यार्थीहरूलाई प्रबन्ध-विधामा प्रश्नोत्तर कसरी गराउन सकिन्छ ?
(३) कक्षा तीनका विद्यार्थीहरूलाई बोध-प्रश्नमा अभ्यास गराउन एउटा नमुना तयार गर्नुहोस् ।
(४) अनुच्छेद-लेखन कस्तो किसिमको क्रियाकलाप हो ?
(५) प्रबन्ध-विधाबाट अनुच्छेदलेखन कसरी गराउन सकिन्छ ?
(६) खाली ठाउँ भर्न दिएर अनुच्छेदलेखन गराउन एउटा नमुना तयार गर्नुहोस् ।
(७) सरल प्रबन्धलेखन कस्तो किसिमको क्रियाकलाप हो ?
(८) प्राथमिक तहका कस्ता कक्षामा यसको अभ्यास गराउन सजिलो हुन्छ ?
(९) मुख्यतः कति तरिकाले सरल प्रबन्धलेखनमा अभ्यास गराउन सकिन्छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि प्रश्नोत्तर-क्रियाकलापको पहिलो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. २ को उत्तरका लागि प्रश्नोत्तर-क्रियाकलापको पहिलो अनुच्छेदका साथै उदाहरण हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरको प्रयोजनका लागि प्रश्नोत्तरको उदाहरण खण्ड हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि अनुच्छेदलेखन-क्रियाकलापको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि अनुच्छेदलेखनको उदाहरण खण्ड हेर्नुहोस् ।

प्र. नं. ६ को लागि अनुच्छेदलेखनको उदाहरण खण्डअन्तर्गत पहिलो तरिका हेर्नुहोस् ।

प्र. नं. ७ को उत्तरका लागि सरल प्रबन्धलेखन क्रियाकलापको पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ८ को उत्तरका लागि सोही क्रियाकलापको पहिलो अनुच्छेदको दोस्रो वाक्य पढ्नुहोस् ।

प्र. नं. ९ को लागि उक्त क्रियाकलापको परिचयका साथै उदाहरण पनि हेर्नुहोस् ।

**द्रष्टव्यः** तपाईंले दिएका सबै उत्तर मिले कि मिलेनन् जाँच्नुहोस् । नमिलेका भए यो पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

~~एकाइ बाह्र :~~

# जीवनी-शिक्षण

## पाठ ५९ :

# जीवनी-शिक्षणको प्रयोजन

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं जीवनी विधाको परिचयका साथै भाषाशिक्षणमा यसको आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

कुनै व्यक्तिको जीवनसँग सम्बन्धित वृत्तान्तलाई जीवनी विधा मानिन्छ । प्राथमिक तहमा राखिएका कविता, कथा, प्रबन्ध, रूपक जस्ता विधाहरूमध्ये महान् व्यक्तित्वहरूको ठूलठूला कार्यले बालबालिकालगायत सबैलाई प्रेरणा र हौसला दिने विधा जीवनी हो । यसैले भाषाशिक्षणका सन्दर्भमा यो अरू विधाभन्दा विशेष रोचक र अभिप्रेरक विधा रहेको छ । यसैले प्राथमिक तहका बालबालिकालाई भाषाका सुनाइ, बोलाइ, पढाइ, लेखाइसँग सम्बन्धित भाषिक सीपहरूको विकासमा यो विधा निकै उपयुक्त मानिन्छ । यिनै विशेषताले गर्दा भाषाशिक्षणमा जीवनी विधाको आवश्यकता छ ।

जीवनी विधाको मुख्य उद्देश्य कथा, प्रबन्ध आदिले झैं कल्पित पृष्ठभूमिमा नभई महापुरुषको वास्तविक जीवनवृत्तान्तको पृष्ठभूमिमा भाषाका विभिन्न सीप सिकाउनु हो । यस विधाको यही वास्तविक, रोचक र उत्साहप्रद पृष्ठभूमिले गर्दा विद्यार्थीहरू भाषाका विभिन्न सीप सिक्ने कुरामा स्वतः अभिप्रेरित हुन्छन् । यसैले भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइका विभिन्न सीपहरूमा विद्यार्थीहरूलाई विशेष रूपमा सक्रिय पार्ने यसले विशेष बल दिने हुनाले भाषिक सीपहरूको अभ्यासमा यो विधा अरूभन्दा निकै लोकप्रिय छ ।

यस विधाबाट भाषाका विभिन्न सीप सिकाउन सकिन्छ । सामान्यतया यसबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइअन्तर्गत श्रुतिवर्णन, सस्वरपठन, प्रश्नोत्तर, सारांश कथन वा लेखन, मुख्य घटनाको टिपोट, श्रुतिलेखन, उच्चारण, शब्दार्थ, पठनबोध, लिखित रचना, व्याकरणका अभ्यास आदि गराउन सकिन्छ । तर विशेष रूपमा प्रश्नोत्तर, सारांश कथन वा लेखन, मुख्य घटनाहरूको टिपोट, लिखित अभिव्यक्तिको अभ्यासहरूमा यस विधाको प्रयोग वाञ्छनीय छ ।

**सारांश**

कुनै व्यक्तिको जीवनवृत्तलाई जीवनी भनिन्छ । महान् व्यक्तिहरूको प्रेरणाप्रद कार्यले विद्यार्थीहरूलाई उत्साहित पार्ने हुनाले यो रोचक विधा हो । यसलाई भाषाशिक्षणमा विभिन्न भाषिक सीप सिकाउन र खास गरी प्रश्नोत्तर, सारांश कथन वा लेखन, मुख्य घटनाको टिपोटमा अभ्यास गराउन प्रयोग गरिन्छ ।

## आत्मनूल्याङ्कन

१. जीवनी कस्तो किसिमको विधा हो ?
२. यो अरू विधाबाट किन फरक छ ?
३. भाषाशिक्षणमा प्रबन्ध-विधा किन आवश्यक छ ?
४. सामान्यतया यस विधाबाट भाषाका कस्ता सीप सिकाउन सकिन्छ ?
५. विशेष रूपमा यो विधा भाषाका कुन-कुन सीप विकास गर्न प्रयोग गर्न सकिन्छ ?

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरको लागि विषयवस्तुअन्तर्गतको पहिलो अनुच्छेद पढ्नुहोस् ।
प्र. नं. २ को लागि तेस्रो वाक्यमा विशेष ध्यान दिएर उक्त पहिलो अनुच्छेद पढ्नुहोस् ।
प्र. नं. ३ को प्रयोजनका लागि पहिलो र दोस्रो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ४ को उत्तरका लागि तेस्रो अनुच्छेद हेर्नुहोस् ।
प्र. नं. ५ को उत्तरका लागि उक्त तेस्रो अनुच्छेद पढ्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

पाठ ६० :

# प्रश्नोत्तर, सारांश र मुख्य घटनाको टिपोट

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं जीवनी-शिक्षणमा प्रश्नोत्तर, सारांशद्वारा मुख्य घटनाको टिपोट-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

जीवनी-विधाबाट प्राथमिक तहका कक्षामा तलका क्रियाकलाप गराउनु उपयुक्त हुन्छ–

**(क) प्रश्नोत्तर**

सम्बन्धित जीवनीका आधारमा विद्यार्थीहरूलाई प्रश्नहरू सोधेर तिनको मौखिक वा लिखित उत्तर दिन लगाउनु प्रश्नोत्तर हो । यो जीवनी-शिक्षणमा उपयोग गरिने मुख्य घटनाको टिपोट, सारांशजस्ता विभिन्न क्रियाकलापलाई समेत सहयोग पुऱ्याउने क्रियाकलाप हो । जीवनी-शिक्षणमा प्रश्नोत्तर गराई जीवनीका मुख्य घटना वा संक्षिप्त वृत्तान्त टिपोटजस्ता कार्यमा विद्यार्थीलाई प्रोत्साहित गर्दा कक्षामा विद्यार्थीहरूको सहभागिता पनि बढ्छ । यसै सन्दर्भमा सम्बन्धित व्यक्ति र उनको जीवनका घटनाहरूसँग सम्बन्धित चित्रहरूको उपयोग हुन सक्यो भने त्यसबाट विद्यार्थीहरू निकै अभिप्रेरित हुन जान्छन् । यसका साथै प्रश्नोत्तरबाट शिक्षकले विद्यार्थीलाई आफूले बुझाउन चाहेको कुरा पनि बुझाउन सजिलो हुन्छ । यति मात्र होइन, लिखित अभिव्यक्ति सिकाउँदा पनि प्रश्न गरेर त्यसमा प्राप्त उत्तरलाई सिलसिला मिलाई अनुच्छेद तयार गर्न सिकाउन सकिन्छ । यसैले प्रश्नोत्तर-शिक्षणमा उपयोगी हुने उपयुक्त क्रियाकलाप प्रस्तुत प्रश्नोत्तर-क्रियाकलापका लागि हुने प्रश्नहरूको उदाहरण दिने सन्दर्भमा कक्षा ५ को "यी अमर सन्ततिहरू" नामक जीवनीमा आधारित प्रश्नहरू यस प्रकार छन्–

(१) नेपाललाई किन विश्वको छानो भनिएको हो ?
(२) सगरमाथाको चुचुरोमा पाइला टेक्ने पहिलो नेपाली महिला को हुन् ?
(३) पासाङलाई वीराङ्गना किन भनिन्छ ?
(४) नारायणगोपाल को हुन् ?
(५) नारायणगोपाललाई किन स्वरसम्राट् भनिएको हो ?
(६) नारायणगोपालका गीतले मुटु छुनाका कारणहरू के के हुन् ?

यसै गरी प्रश्नोत्तरको सन्दर्भमा कुनै अनुच्छेद पढ्न दिई त्यसका आधारमा प्रश्नोत्तर गराउन तलका उदाहरणमा दिएजस्तै बोध-प्रश्नहरूको पनि उपयोग गर्न सकिन्छ–

**अनुच्छेद**

सगरमाथा-विजयको झन्डा फहराएर फर्कंदा प्रतिकूल मौसमसँग लड्दालड्दै वीराङ्गना पासाङले सधैंका लागि हामीलाई छाडेर गइन् । यो क्षण नेपाली जनताका लागि हाँसो र आँसुको क्षण बन्न पुग्यो । पासाङ मरेर पनि अमर बनिन् । नेपालको पर्वतारोहणको इतिहासमा उनको नाम स्वर्णअक्षरले लेखिएको छ ।

प्रश्नहरू

(१) सगरमाथामा विजयको झन्डा फहराएर फर्कने को हो ?

(२) पासाङले सधैंका लागि किन छाडेर गइन् ?

(३) कस्तो क्षण नेपालीहरूको लागि हाँसो र आँसुको क्षण बन्यो ?

(४) पासाङ किन अमर बनिन् ?

(५) 'पर्वतारोहण' भनेको के हो ?

(६) कसको नाउँ पर्वतारोहणको इतिहासमा सुनौला अक्षरले लेखिएको छ ?

(ख) सारांशकथन तथा लेखन

सम्बन्धित जीवनीका आधारमा सम्बन्धित व्यक्तिको मुख्यमुख्य घटनाहरूलाई भन्न लगाउनु सारांशकथन हो भने सोही किसिमका घटनालाई मिलाएर संक्षिप्त वृत्तान्त लेख्न लगाउनु सारांशलेखन हो । यस क्रियाकलापबाट जीवनीका मुख्यमुख्य कुरा ठम्याउने हुनाका साथै बोलाइ तथा लेखाइ-सीपको अभ्यासमा पनि मद्दत पुग्छ । उदाहरणका लागि मेरो नेपाली किताब, कक्षा ५ को यी अमर सन्ततिहरू नामक जीवनी-विधामा आधारित पासाङ ल्हामु सेर्पाको जीवनीको सारांश यस प्रकार छ–

सगरमाथाको चुचुरामा पाइला टेक्ने पहिलो नेपाली महिलाको नाम पासाङ ल्हामु सेर्पा हो । वि. सं. २०१७ सालमा जन्मेकी यिनी निकै साहसिली र आँटिली महिला थिइन् । सानैदेखि यिनमा पर्वतारोहणको सोख थियो । यिनले यसमा तालिम पनि लिइन् । नेपाली महिला पनि पुरुषजस्तै समर्थ छन् भन्ने देखाउन यिनले सगरमाथा चढिछाड्ने प्रतिज्ञा गरिन् । यिनले धेरैपटक कोसिस गरेपछि वि. सं. २०५० साल वैशाखमा सगरमाथा-शिखरमा पाइलो टेकिन् । यसरी सगरमाथामा विजयको झन्डा फहराएर फर्कंदा खराब मौसमको कारण यिनको मृत्यु भए पनि पर्वतारोहणको इतिहासमा अमर बनेकी छिन् ।

विद्यार्थीहरूलाई यस किसिमको सारांश फलाटिनपाटी तालिकामा प्रस्तुत गरी देखाएर उनीहरूलाई त्यसरी नै भन्न वा लेख्न लगाउन सकिन्छ । यसरी सारांशकथन, लेखन सिकाउँदा उनीहरूलाई मुख्यमुख्य बुँदाको मुन्तिर धर्को तान्न लगाउनु वा बुँदा टिप्न लगाउनु बेस हुन्छ ।

(ग) मुख्यमुख्य घटनाको टिपोट

सम्बन्धित पाठमा उल्लिखित व्यक्तिका जीवनीमा घटेका मुख्यमुख्य घटनाहरू उक्त पाठका आधारमा विद्यार्थीहरूलाई टिप्न लगाउन सकिन्छ । यस सन्दर्भमा शिक्षक आफूले शिक्षक-सामग्रीको रूपमा पनि जीवनीका घटनाहरू टिपी कालोपाटी वा फलाटिनपाटीमा राखी विद्यार्थीहरूलाई देखाउन र त्यस सम्बन्धमा छलफल गरी निष्कर्ष निकाल्न सकिन्छ । यसै गरी विद्यार्थीहरूले कक्षामा टिपेका मुख्य घटनाहरूलाई टिपोट गरी परस्परमा तुलना गर्दै आवश्यक थपघट पनि गर्न लगाउन सकिन्छ ।

उदाहरणार्थ, मेरो नेपाली किताब कक्षा ५ मा रहेको 'यी अमर सन्ततिहरू' नामक जीवनी-विधाबाट 'पासाङ ल्हामु सेर्पा' को जीवनीका मुख्यमुख्य घटनाको टिपोट यसरी गर्न सकिन्छ–

(१) पासाङ ल्हामु सेर्पा सगरमाथाको चुचुरोमा पुग्ने पहिलो नेपाली महिला ।

(२) यिनी २०१७ सालमा सोलुखुम्बुमा जन्मेकी ।

(३) यिनी निकै साहसी र आँटिली ।

(४) सानैदेखि यिनमा पर्वतारोहणको सोख ।

(५) पर्वतारोहणमा तालिम पनि लिएकी ।

(६) यिनी विवाहित र यिनका दुई छोरी र एक छोरा ।
(७) नेपाली पुरुषजस्तै महिलाहरू पनि समर्थ छन् भन्ने विश्वास ।
(८) चौथो पटकको आरोहणमा चुचुरोमा पुग्न सफल ।
(९) चुचुरोमा पुगेर फर्कंदा प्रतिकूल मौसम ।
(१०) खराब मौसमको कारणले उनको मृत्यु ।
(११) नेपालीहरू दुःखित ।
(१२) इतिहासमा यिनको अमर नाम ।
(१३) मृत्युपछि धेरै पुरस्कारले सम्मानित ।

यसै गरी नारायणगोपालको जीवनीबाट पनि मुख्यमुख्य घटनाको टिपोट गर्न लगाउन सकिन्छ ।

**सारांश**

सम्बन्धित जीवनीका आधारमा विद्यार्थीहरूलाई प्रश्नहरू सोधेर मौखिक वा लिखित उत्तर दिन लगाउनु प्रश्नोत्तर हो । यसबाट मुख्य घटनाको टिपोट, सारांशजस्ता विभिन्न क्रियाकलापमा पनि मद्दत मिल्छ । यसै गरी सम्बन्धित जीवनीका आधारमा सम्बन्धित व्यक्तिको मुख्यमुख्य घटनाहरूलाई मिलाई सारांश गराउन सकिन्छ भने सोही किसिमका घटनाहरूलाई टिपोट गरेर मुख्य घटनाको टिपोट गर्न लगाउन सकिन्छ ।

**आत्ममूल्याङ्कन**

१. प्रश्नोत्तर कस्तो किसिमको क्रियाकलाप हो ?
२. प्राथमिक तहका विद्यार्थीहरूलाई जीवनी-विधामा प्रश्नोत्तर कसरी गराउन सकिन्छ ?
३. कक्षा तीनका लागि बोधरूपमा अभ्यास गराउन एउटा नमुना तयार गर्नुहोस् ।
४. सारांशकथन वा लेखन कस्तो किसिमको क्रियाकलाप हो ?
५. जीवनी-शिक्षण गर्दा सारांशकथन कसरी गराइन्छ ?
६. जीवनी-विधाका माध्यमबाट सारांशलेखन कसरी गराउन सकिन्छ ?
७. सारांशकथनबाट कस्तो क्षमताको विकास हुन्छ ?
८. प्राथमिक तहका कक्षामा सारांशलेखन कसरी गराउन सकिन्छ ?
९. मुख्य घटनाको टिपोट कस्तो किसिमको क्रियाकलाप हो ?
१०. मुख्य घटनाको टिपोट-क्रियाकलाप कसरी गराइन्छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरको लागि विषयवस्तुअन्तर्गत प्रश्नोत्तरको परिचयात्मक पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. २ को उत्तरको लागि उक्त पहिलो अनुच्छेद र उदाहरण हेर्नुहोस् ।

प्र. नं. ३ को उत्तरको लागि यसमा दिइएको नमुना हेर्नुहोस् र त्यस्तै अनुच्छेदबाट अभ्यासका निम्ति बोध-प्रश्नहरू दिनुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि जीवनी-विधाको सारांशकथन वा लेखन-क्रियाकलापको पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि सारांशको उदाहरण र त्यसपछि रहेको अन्तिम अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ६ को उत्तरका लागि सारांशकथन वा लेखनको पहिलो अनुच्छेदको दोस्रो वाक्यमा विशेष ध्यान दिएर पढ्नुहोस् ।

प्र. नं. ७ को उत्तरको लागि सारांशको उदाहरण र अन्तिम अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ८ का लागि खण्ड 'ख' को नमुना हेर्नुहोस् ।

प्र. नं. ९ का लागि मुख्य घटनाको टिपोट-क्रियाकलापको पहितो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. १० का लागि उक्त क्रियाकलापको पहितो अनुच्छेद र नमुना हेर्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए पाठ पुनः पढ्नुहोस् ।

एकाइ तेह्र :

# रूपक-शिक्षण

पाठ ६१ :

## रूपक-शिक्षणको प्रयोजन

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं रूपक-विधाको परिचयका साथै भाषाशिक्षणमा यसको आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

कसैको बानी-व्यवहार, हाउभाउ, रूपाकृति, स्वभाव, चारित्रिक विशेषताहरूको अभिनयात्मक प्रस्तुति वा नाटकीकरणलाई रूपक भनिन्छ । यो कथ्य भाषासँग सम्बन्धित विधा भएकाले मौखिक अभिव्यक्तिका माध्यमले व्यक्तिका भावना, संवेग तथा विचारको प्रभावपूर्ण प्रदर्शन यसमा गर्न सकिन्छ । भाषाशिक्षणका सन्दर्भमा सम्बन्धित पात्र वा वक्ताको प्रकृतिअनुसार हाउभाउपूर्ण अभिव्यक्तिको अभ्यास गराउन यो विधाको प्रयोग हुन्छ । प्राथमिक तहमा रूपकका विभिन्न भेदमध्ये संवाद र वादविवादलाई राखिएको छ ।

यिनमा संवाद रूपकबाट सामान्य कुराकानीजस्तो वातावरणमा हार्दिक, सहज, हाउभाउपूर्ण सरल अभिव्यक्तिको अभिनय गर्ने सीप-विकासमा मद्दत मिल्छ भने वादविवाद रूपकबाट चाहिँ औपचारिक वातावरणमा आफ्नो पक्षमा तर्कपूर्ण अभिव्यक्ति गर्ने सीप-विकासमा सहयोग मिल्छ । समग्रमा रूपक-विधाले मौखिक भाषाका विशेषताहरूमा अभ्यस्त बनाइ वक्ताको अनुकरण वा नक्कल र प्रसङ्गअनुसार कुनै परिस्थितिलाई ठीकठीक ढङ्गले प्रस्तुत गर्न सिकाउँछ । यिनै विशेषताले गर्दा रूपक-विधा र प्राथमिक तहका पाठ्यक्रम र पाठ्यपुस्तकमा रहेका अन्य विधामा फरक छ र यसै प्रयोजनका लागि यो विधा बेग्लै आवश्यकता पनि ठहरिन्छ ।

रूपक-विधाको मुख्य उद्देश्य मौखिक भाषाको विशेषता र सजीवता कायम राखी अरूको अनुकरण तथा प्रसङ्गअनुसार समुचित किसिमको अभिव्यक्ति गर्ने क्षमताको विकास गर्नु हो । प्राथमिक तहका विद्यार्थीहरूलाई सुहाउँदो भाषा-प्रयोगमा सक्षम पार्न यसले विशेष बल दिने हुनाले यो विधा अरूभन्दा निकै लोकप्रिय छ ।

**सारांश**

कसैको बानी-व्यवहार, हाउभाउ र चारित्रिक विशेषताहरूको अभिनयात्मक अभिव्यक्ति रूपक हो । यसका प्राथमिक तहमा रहेका संवाद र वादविवादका क्रमशः सहज र तार्किक अभिव्यक्तिजस्ता विशेषता रहे तापनि रूपक-विधाले मौखिक भाषाका विशेषताहरूमा अभ्यस्त बनाई कुनै पात्र वा वक्ताको अनुकरणात्मक अभिव्यक्तिमा सिपालु बनाउने भएकाले यो विधाको छुट्टै महत्त्व र आवश्यकता छ ।

## आत्ममूल्याङ्कन

माथिको पाठ पढेका आधारमा यी प्रश्नहरूको उत्तर दिनुहोस्–

१. रूपक कस्तो किसिमको विधा हो ?

२. प्राथमिक तहमा रूपकमा कुनकुन भेद राखिएका छन् ?

३. यो अरू विधाबाट किन फरक छ ?

४. भाषाशिक्षणमा रूपक-विधा किन आवश्यक छ ?

५. संवाद रूपक र वादविवाद रूपकमा के फरक छ ?

६. रूपक-विधाको मुख्य उद्देश्य के हो ?

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरको लागि विषयवस्तुअन्तर्गतको पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि उक्त पहिलो अनुच्छेदको चारौं र पांचौं वाक्य पढ्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि पहिलो अनुच्छेदको अन्तिम भाग हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि उक्त पहिलो अनुच्छेदको आखिरी भाग हेर्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ६ को प्रयोजनका लागि तेस्रो अनुच्छेद पढ्नुहोस् ।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

पाठ ६२ :

# नाटकीकरण र प्रश्नोत्तर

**उद्देश्य**

यस पाठको अन्त्यमा तपाईं रूपक-शिक्षणमा नाटकीकरण प्रश्नोत्तर-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

रूपक-विधाअन्तर्गत प्राथमिक तहका कक्षामा राखिएका संवाद र वादविवादका पाठबाट नाटकीकरण र प्रश्नोत्तर-क्रियाकलाप यसरी गराउन सकिन्छ–

**(क) नाटकीकरण**

रूपक-विधाका सन्दर्भमा कुनै व्यक्तिको बानीव्यवहार, हाउभाउ तथा चारित्रिक विशेषता झल्कने किसिमले गरिने ससाना अभिनय वा भूमिकाको प्रदर्शनलाई नाटकीकरण भनिएको हो । प्राथमिक तहमा नाटक नै अभिनय गर्न अप्ठ्यारो भए तापनि सम्बन्धित विद्यार्थीहरूले पढेका वा सुनेका रूपक-विधाका कथावस्तुमा आधारित पात्रसँग सम्बन्धित चरित्रको अभिनय गराएर यो क्रियाकलापको प्रयोग गर्न सकिन्छ ।

यस क्रियाकलापको प्रमुख उद्देश्य मौखिक भाषाको विशेषता र सजीवता कायम राखी सम्बन्धित पात्रको अनुकरण तथा प्रसङ्गअनुसार समुचित किसिमको भाषा प्रयोग गर्ने क्षमताको विकास गर्नु हो । यसका लागि रूपक-विधासँग सम्बन्धित संवाद, वादविवाद, एकाङ्की, नाटकजस्ता जुनसुकै पाठयवस्तु प्रयोग गर्न सकिन्छ । तर प्राथमिक कक्षामा भने संवाद र वादविवादसँग संबद्ध **मेरो नेपाली किताब**का पाठयपुस्तक उपयोग गर्नु बेस हुन्छ ।

**(ख) प्रश्नोत्तर**

सम्बन्धित रूपक-विधाका विभिन्न प्रकारका पाठयपुस्तकका आधारमा विद्यार्थीहरूलाई प्रश्नहरू सोधेर तिनको मौखिक वा लिखित उत्तर दिन लगाउनु प्रश्नोत्तर हो । यो रूपक-शिक्षणमा प्रयोग गरिने कुराकानीजस्ता क्रियाकलापमा समेत सहयोग पुऱ्याउने क्रियाकलाप हो । रूपक-शिक्षणमा प्रश्नोत्तर गराई कुराकानीमा विद्यार्थीहरूलाई प्रोत्साहित गर्दा कक्षामा विद्यार्थीको सहभागिता पनि बढ्छ । यसै सन्दर्भमा सम्बन्धित व्यक्ति र उसका चारित्रिक विशेषताहरूसँग सम्बन्धित चित्रहरूको पनि उपयोग हुन सक्यो भने त्यसबाट विद्यार्थीहरू निकै अभिप्रेरित हुन्छन् । यसैले प्रश्नोत्तर रूपक-शिक्षणमा उपयोगी हुने उपयुक्त क्रियाकलाप हो ।

प्रस्तुत प्रश्नोत्तर-क्रियाकलापका लागि उपयुक्त हुने उदाहरणको लागि कक्षा दुईको रूपक-विधाअन्तर्गत 'मामा र माइजू' नामक पाठमा आधारित प्रश्नहरू यस प्रकार छन्–

(१) मुना र राम के कुरा गर्दै थिए ?
(२) मुना र रामका बाआमा कहाँ गएका थिए ?
(३) उनीहरूका दाजु-भाउजू कहाँ गएका थिए ?
(४) उनीहरूका घरमा को-को आए ?
(५) उनीहरूका मामामाइजूसँग कसकसको भेट भयो ?

## सारांश

प्राथमिक तहका सन्दर्भमा रूपक-विधामा आधारित कुनै व्यक्तिको वार्नाव्यवहार, हाउभाउ तथा चारित्रिक विशेषता भल्कने किसिमले गरिने ससाना अभिनय वा भूमिकाको प्रदर्शन नै नाटकीकरण हो । यसबाट मौखिक भाषाको विशेषता र सजीवता कायम राखी पात्रको भूमिकाअनुसार अनुकरण गर्ने तथा प्रसङ्गअनुसार समुचित भाषाको प्रयोग गर्ने क्षमताको विकास हुन्छ । यसै गरी सम्बन्धित पाठ्यवस्तुका आधारमा प्रश्नहरू सोधेर विद्यार्थीहरूलाई उत्तर दिन लगाउनु प्रश्नोत्तर हो ।

## आत्ममूल्याङ्कन

(१) नाटकीकरण कस्तो किसिमको क्रियकलाप हो ?

(२) प्राथमिक तहमा यो क्रियाकलाप कसरी प्रयोग गर्न सकिन्छ ?

(३) नाटकीकरण-क्रियाकलापको मुख्य उद्देश्य के हो ?

(४) प्रश्नोत्तर कस्तो किसिमको क्रियाकलाप हो ?

(५) प्राथमिक तहका विद्यार्थीहरूलाई रूपक-विधामा प्रश्नोत्तर कसरी गराउन सकिन्छ ?

(६) कक्षा दुईको रूपक-विधाबाट प्रश्नोत्तरको अभ्यास गराउन एउटा नमुना तयार गर्नुहोस् ।

## पृष्ठपोषण

प्र. नं. १ को उत्तरका लागि नाटकीकरण-क्रियाकलापको पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि उक्त क्रियाकलापको दोस्रो वाक्यमा विशेष ध्यान दिएर हेर्नुहोस् ।

प्र. नं. ३ का लागि उक्त क्रियाकलापको दोस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ४ का लागि प्रश्नोत्तर-क्रियाकलापको परिचयात्मक पहिलो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ५ का लागि उक्त क्रियाकलापको परिचयात्मक पहिलो अनुच्छेदका साथै उदाहरण खण्ड हेर्नुहोस् ।

प्र. नं. ६ को उत्तरको प्रयोजनका लागि उदाहरणार्थ प्रस्तुत प्रश्नको नमुना हेर्नुहोस् ।

अन्त्यमा सबै प्रश्नको उत्तर मिले-मिलेनन् ? नमिलेका भए यो पाठ दोहोऱ्याएर पढ्नुहोस् ।

पाठ ६३ :

# संवाद

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं भाषाशिक्षण गर्दा संवादको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

रूपक-विधाका सन्दर्भमा संवाद भन्नाले सम्बन्धित पात्रको भूमिकाको ख्याल गरी अभिनयात्मक किसिमले गरिने वार्तालाप हो । संवाद-शिक्षण गर्दा प्राथमिक तहका कक्षाहरूमा मुख्यतः कुराकानी-क्रियाकलापमा केन्द्रित हुनुपर्दछ । त्यसभन्दा अगाडि सम्बन्धित रूपकअन्तर्गतको संवादको पठन तथा शब्दार्थ र वाक्यमा प्रयोग सिकाउनु उपयुक्त हुन्छ । यस क्रममा शिक्षकले पाठ्यपुस्तकमा दिइएका संवाद लिई त्यसमा भएका पात्रहरूको भूमिकाको ख्याल गरी विद्यार्थीहरूको भूमिका तोकिदिनुपर्छ । त्यसपछि विद्यार्थीहरूलाई आफ्ना-आफ्ना भूमिकाअनुसार हाउभाउ मिलाएर उक्त संवादको सस्वर पठन गराउनुपर्छ । त्यसरी संवाद पठन गराउँदा पाठमा भएका कठिन शब्दहरूको अर्थ र उच्चारणको अभ्यास पहिले नै गराइसक्नुपर्छ । यस किसिमले संवाद पठनपछि उनीहरूलाई स्वतन्त्ररूपमा कुराकानी गर्न अभिप्रेरित गर्नुपर्छ । यसो गर्दा पात्रको भूमिकामा अदलबदल गरी अभ्यास गराउनुपर्छ ।

यस किसिमको कुराकानी वा संवाद पाठ्यपुस्तकमा दिइएको संवाद रूपकबाहेक संवादका लागि उपयुक्त शीर्षक र विषयवस्तु दिई गराउन सकिन्छ ।

यसरी कुराकानी वा संवादको मौखिक अभ्यासपछि उनीहरूलाई कालोपाटीमा संवाद लेखिदिएर उदाहरण दिई वा संवादको उदाहरणलाई फलाटिनपाटीमा राखी देखाएर त्यस किसिमको संवाद-लेखनमा अभ्यास पनि गराउनुपर्छ । संवाद-लेखनको अभ्यास आवश्यकता हेरी निर्देशित र स्वतन्त्र दुवै रूपमा गराउन सकिन्छ ।

यसरी रूपकअन्तर्गत संवाद-शिक्षण गर्दा निम्नलिखित क्रम अपनाउनु उपयुक्त हुन्छ–

१) कठिन शब्दको अर्थ, उच्चारण र प्रयोगबारे छलफल ।
२) शिक्षकद्वारा आदर्श पाठ ।
३) पात्रहरूको भूमिकाका आधारमा समूह-विभाजन ।
४) पात्रहरूको भूमिकाअनुसार समूहद्वारा सस्वर पठन ।
५) समूहको अदलबदल गरी अभ्यास ।
६) शिक्षकबाट संवाद वा कुराकानीबारे सामूहिक र व्यक्तिगत टिप्पणी ।
७) पठनसम्बन्धी अभ्यास ।
८) अन्य संवाद-पाठको अभिनय ।

**सारांश**

रूपक-विधाअन्तर्गत संवाद भन्नाले कुनै पात्रको भूमिकाको ख्याल गरी गरिने कुरा हो । भाषाशिक्षणका सन्दर्भमा संवादको अभ्यास गराउँदा आवश्यकता हेरी निर्देशित र स्वतन्त्र दुवै किसिमका तरिकाको उपयोग गर्न सकिन्छ ।

## आत्ममूल्याङ्कन

(१) रूपकअन्तर्गत संवादको शिक्षणमा मुख्यत: कुन कियाकलाप गर्नुपर्छ ?

(२) कुराकानी-कियाकलापको आरम्भमा के के गराउनु आवश्यक छ ?

(३) कुराकानी-कियाकलापको अभ्यास कसरी गराउनुपर्छ ?

(४) संवाद-लेखन कसरी गराउनु उपयुक्त हुन्छ ?

(५) संवाद-रूपक शिक्षण गर्दा अपनाउनुपर्ने उपयुक्त कम के हो ?

## पृष्ठपोषण

**प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत पहिलो अनुच्छेद हेर्नुहोस् ।**

**प्र. नं. २ को उत्तरका लागि उक्त विषयवस्तुअन्तर्गत पहिलो अनुच्छेदको दोस्रो र तेस्रो वाक्य हेर्नुहोस् ।**

**प्र. नं. ३ को उत्तरका लागि पनि पहिलो नै अनुच्छेद हेर्नुहोस् ।**

**प्र. नं. ४ को उत्तरका सम्बन्धमा उक्त खण्डको तेस्रो अनुच्छेद हेर्नुहोस् ।**

**प्र. नं. ५ को उत्तरका सम्बन्धमा उक्त विषयवस्तुअन्तर्गत चौथो अनुच्छेद हेर्नुहोस् ।**

**अन्त्यमा सबै उत्तर मिले कि मिलेनन् ? नमिलेका भए यो पाठ दोहोऱ्याएर पढ्नुहोस् ।**

पाठ ६८

# विवाद

**उद्देश्य**

- यस पाठको अध्ययनपछि तपाईं भाषाशिक्षण गर्दा वादविवादको प्रयोग गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

रूपक-विधाअन्तर्गतको वादविवाद पनि संवादजस्तै पारस्परिक मौखिक अभिव्यक्तिसँग सम्बन्धित विधा हो । यो संवादका अपेक्षा बढी तार्किक तथा बौद्धिक खालको हुन्छ । यसमा पक्ष-विपक्ष भई तर्कहरू पेश गरिने भएकाले त्यसो हुनु स्वाभाविकै हो । वादविवादमा परस्परका विचारमा असहमति जनाउने, आफ्ना विपक्षी विचारको खण्डन गरिने वा दोष देखाइने प्रयास हुनुका साथै आफ्ना विचारसँग मिल्ने कुराहरूलाई समर्थन गरिन्छ । प्राथमिक तहका माथिल्लो कक्षामा वादविवाद राख्नु भाषाका यिनै विशेषताहरूमा समुचित उपलब्धि हासिल गराउनु हो ।

वादविवाद-शिक्षणमा मुख्यत: वादविवाद नै क्रियाकलाप गराइन्छ । तर त्यसरी वादविवादकै आयोजना गर्नुभन्दा पहिले उनीहरूलाई वादविवाद पाठको सस्वर पठन गराउनुपर्छ । यसो गर्दा सामान्यत: कसरी सम्बोधन गर्ने, विषयको पक्ष-विपक्षको तर्कअनुसार कहाँ विशेष जोड दिएर बोल्ने आदि कुरामा पनि अभ्यास गराउनुपर्छ । यस सन्दर्भमा पाठ्यपुस्तकमा भएको वादविवादको पाठमा रहेका शब्दहरूको अर्थ र प्रयोग तथा उच्चारणमा पनि अभ्यास गराउनुपर्छ । यसपछि वादविवादमा पालन गर्नुपर्ने नियम निश्चित गरी तदनुरूप वादविवाद-प्रतियोगिता गराउनु र अन्य शीर्षकहरू छानी तिनमा पनि वादविवादको अभ्यास गराउनु उपयुक्त हुन्छ ।

यसरी वादविवादको मौखिक अभ्यासपछि विद्यार्थीहरूलाई "खुकुरीभन्दा कलम बलियो हुन्छ", "विदेशी सामानभन्दा स्वदेशी सामान नै उपयोगी हुन्छ", "सहरिया जीवनभन्दा गाउँले जीवन नै रमाइलो हुन्छ", "धनभन्दा स्वास्थ्य नै ठूलो हो" जस्ता शीर्षक दिई त्यसमा शिक्षकबाट नमुना प्रस्तुत गरी त्यसै किसिमको वादविवाद-लेखनमा अभ्यास गराउनुपर्छ । यसलाई सिकाउँदा सुरुमा केही बुँदाहरू दिई वा खाली ठाउँमा भर्ने अभ्यास गराई निर्देशित किसिमको र पछि शीर्षक मात्र दिएर उनीहरूलाई स्वतन्त्र रूपमा वादविवाद लेख्न लगाउन सकिन्छ ।

यसरी रूपकअन्तर्गत वादविवाद-शिक्षण गर्दा निम्नलिखित क्रम अपनाउनु उपयुक्त हुन्छ ।

(१) कठिन शब्दको अर्थ, उच्चारण र प्रयोगबारे छलफल ।
(२) शिक्षकद्वारा आदर्श पाठ ।
(३) पक्ष-विपक्षको भूमिकाका आधारमा समूह विभाजन ।
(४) भूमिकाअनुसार आफ्ना-आफ्ना समूहको पाठ ।
(५) समूहको अदल-बदल गरी अभ्यास ।
(६) शिक्षकबाट पठनबारे सामूहिक र व्यक्तिगत टिप्पणी ।
(७) पठनसम्बन्धी अभ्यास ।
(८) कक्षामा वादविवाद आयोजना ।
(९) अन्य शीर्षक छनोट गरी अभ्यास ।

**सारांश**

रूपक-विधाअन्तर्गत वादविवादमा परस्पर पक्ष-विपक्षको भूमिका निर्वाह गरी आफ्ना पक्षमा तर्क पेश गरिन्छ। यसको शिक्षण गर्दा वादविवाद पाठको पठन अभ्यासपछि पक्ष-विपक्षमा समूह विभाजन गरी हरेकलाई आफ्नो तर्फबाट तर्क पेश गर्न लगाई वादविवादको आयोजना गरिन्छ।

**आत्ममूल्याङ्कन**

(१) वादविवाद कस्तो किसिमको क्रियाकलाप हो ?

(२) संवादबाट वादविवाद किन फरक छ ?

(३) रूपकअन्तर्गत वादविवादको शिक्षणमा मुख्यतः कुन क्रियाकलाप गर्नुपर्छ ?

(४) वादविवाद-क्रियाकलापको आरम्भमा के के गराउनु आवश्यक छ ?

(५) वादविवाद-लेखन कसरी गराउनु उपयुक्त हुन्छ ?

(६) वादविवाद रूपक-शिक्षण गर्दा अपनाउनुपर्ने उपयुक्त क्रम के हो ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत पहिलो अनुच्छेद हेर्नुहोस्।

प्र. नं. २ को उत्तरका लागि दोस्रो-तेस्रो वाक्यमा विशेष ध्यान दिई पहिलो अनुच्छेद पढ्नुहोस्।

प्र. नं. ३ को उत्तरका लागि दोस्रो अनुच्छेद पढ्नुहोस्।

प्र. नं. ४ को उत्तरका लागि दोस्रो अनुच्छेदमा रहेको दोस्रो, तेस्रो र चौथो वाक्यमा विशेष ध्यान दिनुहोस्।

प्र. नं. ५ को उत्तरका लागि तेस्रो अनुच्छेद पढ्नुहोस्।

प्र. नं. ६ को उत्तरका लागि अन्तिम अनुच्छेद पढ्नुहोस्।

अन्त्यमा सबै उत्तर मिले-मिलेनन् ? नमिलेका भए यो पाठ दोहोऱ्याएर पढ्नुहोस्।

एकाइ चौध :

# चिठी-शिक्षण

पाठ ६५ :

## चिठी-शिक्षणको प्रयोजन

**उद्देश्य**

यस पाठको अध्ययनपछि तपाइं चिठी-विधाको परिचय दिनाका साथै भाषाशिक्षणमा यसको आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

टाढा बसेका आफन्त, इष्टमित्र वा विभिन्न संस्था, विद्यालय तथा कार्यालयका बीचमा खास ढाँचामा गरिने विचार आदान-प्रदानको माध्यम चिठी हो । यो मूलतः लेख्य विधा हो र भाषा पाठ्यपुस्तकमा चिठीहरू राखिनु पनि चिठी-लेखन-सीपकै विकासका लागि हो । व्यावहारिक जीवनमा चिठीको ठूलो महत्त्व छ । त्यसैले बालबालिकाका लागि चिठी लेख्न जान्नु आवश्यक छ । चिठी-लेखन पनि खास ढाँचामा हुने हुनाले यस विधाको माध्यमबाट नै चिठी-लेखन सिकाउन सजिलो हुन्छ । यसबाहेक चिठी-लेखनमा विद्यार्थीहरूलाई सक्षम बनाउन अरू विधाबाट हुन नसक्ने भएकाले भाषा पाठ्यपुस्तकमा यस विधाको महत्त्व हुनु स्वाभाविकै हो ।

चिठीका पनि विभिन्न प्रकार हुन्छन् । तीमध्ये घरायसी, कार्यालयीय र व्यापारिक प्रमुख मानिन्छन् । यिनै प्रकारअन्तर्गत प्राथमिक तहको भाषा पाठ्यपुस्तकमा घरायसी र विद्यालयसँग सम्बन्धित चिठी राखिएका छन् र यिनको ढाँचा र उपयोग पनि फरक-फरक देखिन्छ ।

चिठी-विधाबाट पनि अरू विधाबाट जस्तै श्रुतिबोध, श्रुतिलेखन, प्रश्नोत्तर, सारांश, उच्चारणजस्ता क्रियाकलाप गराई भाषिक सीप सिकाउन उपयोग गर्न सकिन्छ । तर पनि चिठी-लेखनजस्ता विशेष प्रयोजनका लागि यस विधाको प्रयोग नितान्त आवश्यक हुन्छ । यसैले भाषाशिक्षणका सन्दर्भमा यस विधाको ठूलो महत्त्व र आवश्यकता छ ।

**सारांश**

आफन्त, इष्टमित्र वा विभिन्न संस्था, विद्यालय तथा कार्यालयका बीचमा गरिने खास ढाँचामा गरिने विचार आदान-प्रदानको माध्यम चिठी हो । यो मुख्यतः लेख्य विधा हो । यसका भेद प्राथमिक तहमा घरायसी र विद्यालयीय चिठी राखिएका छन् । चिठी-लेखन व्यावहारिक जीवनमा ज्यादै उपयोगी छ । अरू विधाबाट यो सिकाउन सम्भव नभएकाले यो निकै महत्त्वपूर्ण र अत्यावश्यक विधा हो ।

**अभ्यास प्रश्नहरू**

(१) चिठी कस्तो किसिमको विधा हो ?

(२) यो अरू विधामन्दा किन फरक छ ?

(३) भाषाशिक्षणमा यो विधा किन आवश्यक छ ?

(४) यस विधाका प्रमुख प्रकारहरू के के हुन् ?

(५) विशेष रूपमा यो विधा केका लागि प्रयोग गरिन्छ ?

**पृष्ठपोषण**

प्र. नं. १ को उत्तरका लागि विषयवस्तुअन्तर्गत पहिलो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. २ को उत्तरका लागि उक्त पहिलो अनुच्छेदको अन्तिम भाग र तेस्रो अनुच्छेद पढ्नुहोस् ।

प्र. नं. ३ को उत्तरका लागि तेस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ४ को उत्तरका लागि दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र. नं. ५ को उत्तरका लागि तेस्रो अनुच्छेद हेर्नुहोस् ।

# सस्वर पठन, प्रश्नोत्तर र चिठी-लेखन

**उद्देश्य**

**यस पाठको अध्ययनपछि तपाईं चिठी-शिक्षणमा सस्वर पठन, प्रश्नोत्तर र चिठी-लेखन-क्रियाकलापको प्रयोग गर्न सक्नुहुनेछ ।**

**विषयवस्तु**

प्राथमिक तहका कक्षामा चिठी-विधाबाट निर्धारित भाषिक सीप-विकासका सन्दर्भमा निम्नलिखित क्रियाकलाप गराउनु उपयुक्त हुन्छ–

**(क) सस्वर पठन**

लिखित सामग्रीलाई आवाज निकाली पढ्नु सस्वर पठन हो । यस किसिमको पठनले उच्चारणमा सुधार ल्याउने, गति-यति मिलाई पढ्ने, नअनकनाई पढ्ने, चिह्नहरू विचार गर्ने, भावानुसार पढ्नेजस्ता सीप विद्यार्थीहरूमा विकास गर्ने हुनाले चिठी-विधामा पनि यस किसिमको क्रियाकलाप जरुरी छ । चिठीजस्ता विधामा यो क्रियाकलाप अपनाउँदा निम्नलिखित क्रम उपयुक्त हुन्छ–

(क) शिक्षकले पढिदिने ।

(ख) केही विद्यार्थीलाई पढ्न लगाउने ।

(ग) दोहोर्‍याएर पढिदिने ।

(घ) विद्यार्थीहरूलाई समूहमा पढ्न अभ्यास गराउने ।

(ङ) व्यक्तिगत अभ्यास गर्ने ।

**(ख) प्रश्नोत्तर**

सुनेका-पढेका विषयका आधारमा प्रश्न दिई उत्तर दिन लगाउनु प्रश्नोत्तर हो । चिठी-विधामा पनि सम्बन्धित चिठीका विषयमा विद्यार्थीहरूलाई प्रश्नहरू सोधेर तिनको मौखिक वा लिखित रूपमा उत्तर दिन लगाउन सकिन्छ । यस सन्दर्भमा चिठीमा प्रयुक्त शब्द तथा शब्दावलीहरू र चिठीको ढङ्ग-ढाँचाका बारेमा विद्यार्थीहरूलाई प्रश्नोत्तर गराई शिक्षकले निष्कर्ष दिन सक्छन् । त्यसै गरी विभिन्न किसिमका चिठीहरू देखाई तिनका बारेमा प्रश्नोत्तर गराउन सकिन्छ । यसबाहेक प्रश्नोत्तरबाट शिक्षकले विद्यार्थीहरूलाई आफूले बुझाउन चाहेको र त्यस विषयमा भएको भित्री आशय पनि खुलस्त पार्न सजिलो हुन्छ ।

चिठीका सन्दर्भमा प्रस्तुत प्रश्नोत्तर-क्रियाकलापका लागि उपयुक्त हुने प्रश्नहरूको उदाहरण दिने सन्दर्भमा कक्षा ८ को "बिरामी बिदा स्वीकृतिको निवेदन" नामक शीर्षकमा आधारित प्रश्नहरू यस प्रकार छन्:–

(१) यो निवेदन कसले लेखेको हो ?

(२) यो निवेदनमा कसलाई सम्बोधन गरिएको छ ?

(३) निवेदन कुन मितिमा लेखिएको हो ?

(४) यो निवेदनको विषय के हो ?

(५) आराम गर्ने सल्लाह कसले कसलाई दिएको हो ?

**(ग) चिठी-लेखन**

चिठीको किसिम र व्यहोराअनुसार घरायसी चिठी, कार्यालयीय निवेदन आदिको निर्धारित ढाँचामा तयार पार्नु चिठी-लेखन हो । आधुनिक जगत्मा घरायसी, व्यापारिक, कार्यालयीय आदि विभिन्न चिठीका माध्यमबाट व्यवहार हुने हुँदा चिठी-लेखन अत्यन्त महत्त्वपूर्ण विषय बन्न पुगेको छ । यसैले प्रार्यमिक तहमा पनि चिठी-विधा राखिएको हो र विद्यार्थीहरूलाई निर्धारित क्षेत्रअनुसार निश्चित ढाँचामा खास-खास व्यहोरा राखी चिठी-लेखन सिकाउनु नितान्त आवश्यक पनि छ । व्यावहारिक जगत्मा चिठीपत्रको भूमिका निकै विशिष्ट हुने र यसको आदान-प्रदानमा सम्बन्धित व्यक्ति, सङ्घ संस्था वा कार्यालयको सक्रियता, दक्षता र कार्यशीलता स्पष्ट हुने हुँदा यसको लेखनमा निकै ध्यान दिनुपर्ने हुन आउँछ ।

चिठी-लेखन-शिक्षण गर्दा शिक्षकले घरायसी चिठी र निवेदन आदिको नमुना देखाई त्यसमा, ठेगाना, मिति, सम्बोधन-अभिवादनजस्ता शीर्षभाग, मूल व्यहोराजस्ता मध्यभाग र सम्बन्ध निर्देशन, हस्ताक्षरजस्ता अन्तिम भागसँग परिचित गराएर त्यस्तै चिठी-लेखनमा अभ्यास गराउनुपर्छ । यसै गरी चिठीको खामको नमूना र खाममा कुन भागमा कुन व्यहोरा लेख्नुपर्छ भन्ने कुरा मेरो नेपाली किताब, कक्षा ४ र ५ मा दिइएका नमूनाका आधारमा बताई त्यसमा पनि प्रशस्त अभ्यास गराउनुपर्छ । यसै सन्दर्भमा घरायसी चिठीमा आमा, बा, दिदी, बहिनी, साथीहरूलाई र कार्यालयीय औपचारिक चिठीका निवेदनमा सम्बन्धित व्यक्तिलाई कस्ता किसिमका शब्द प्रयोग गरी सम्बोधन, अभिवादन आदि गर्नुपर्छ भन्ने कुरामा पनि नमूना कालोपाटी वा फलाटिनपाटीमा प्रस्तुत गरेर सिकाउनुपर्छ । यसपछि शिक्षकले विद्यार्थीहरूलाई खास विषय वा परिस्थिति दिई त्यस विषयमा कक्षामा चिठी लेख्न लगाएर त्यस्ता चिठीहरू हेरी टिप्पणी गरिदिने र नमिलेमा पुनः लेख्न लगाई अभ्यास गराउनुपर्छ ।

**सारांश**

चिठी-शिक्षणमा खास गरी सस्वर पठन, प्रश्नोत्तर र चिठी-लेखन-क्रियाकलाप प्रयोग गर्न सकिन्छ । यिनमा सस्वर पठनले उच्चारण गति, यति, लय मिलाई पढ्ने, भावानुसार पढ्नेजस्ता सीप विकास गर्न र प्रश्नोत्तरले शब्दार्थ र तिनको प्रयोग, चिठी-पत्रको ढङ्गढाँचा आदि सिकाउन तथा चिठी-लेखनले निर्धारित चिठी-पत्रहरू सुहाउँदो तरिकाले लेख्न सिकाउन र तिनको अभ्यास गर्न मद्दत गर्छ ।

**आत्ममूल्याङ्कन**

(१) चिठीका सन्दर्भमा सस्वर पठन कस्तो क्रियाकलाप हो ?

(२) प्राथमिक तहका विद्यार्थीहरूलाई चिठी-विधामा कसरी सस्वर पठन गराउन सकिन्छ ?

(३) चिठी-विधामा प्रश्नोत्तर कस्तो किसिमको क्रियाकलाप हो ?

(४) प्राथमिक तहका विद्यार्थीहरूलाई यस विधाका सन्दर्भमा कस्ता प्रश्नहरू सोध्न सकिन्छ ?

(५) चिठी-लेखन कस्तो किसिमको क्रियाकलाप हो ?

(६) प्राथमिक तहका विद्यार्थीहरूलाई चिठी-लेखन-शिक्षण कसरी गराउन सकिन्छ ?

**पृष्ठपोषण**

प्र.नं. (१) को उत्तरका लागि विषयवस्तुको खण्ड (क) हेर्नुहोस् ।

प्र.नं. (२) को उत्तरका लागि विषयवस्तुको खण्ड (क) अन्तर्गत दिइएको क्रम हेर्नुहोस् ।

प्र.नं. (३) को उत्तरको लागि विषयवस्तुको खण्ड (ख) हेर्नुहोस् ।

प्र.नं. (४) को उत्तरका लागि उक्त खण्ड (ख) अन्तर्गतको दोस्रो अनुच्छेद हेर्नुहोस् ।

प्र.नं. (५) को उत्तरका लागि विषयवस्तुअन्तर्गत खण्ड (ग) हेर्नुहोस् ।

प्र.नं. (६) को उत्तरका लागि उक्त खण्ड (ग) अन्तर्गत दोस्रो अनुच्छेद हेर्नुहोस् ।

अन्त्यमा माथिका सबै उत्तर मिले-मिलेनन् ?

एकाइ पन्ध्र :

# व्याकरण-शिक्षण

पाठ : ६७

## व्याकरण-शिक्षणको आवश्यकता

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं प्राथमिक तहमा व्याकरण-शिक्षणको आवश्यकताबारे छलफल गर्न सक्नुहुनेछ ।

**विषयवस्तु**

प्रत्येक भाषाभित्र खास किसिमको व्यवस्था हुन्छ । त्यसलाई भाषाका वक्ताहरूले असचेत रूपमै आत्मसात् गर्ने हुन्छन् र उनीहरूले भाषालाई सोहीअनुसार दैनिक रूपमा प्रयोग गरिरहेका हुन्छन् । व्यवस्थाभित्र रहेर कुराकानी गरिने हुँदा नै एक-अर्काले प्रयोग गरेको भाषा परस्परमा बुझिने हुन्छ । दुई जनाले बोलेको भाषाको व्यवस्था फरक हुन गएमा एक-अर्काको कुरा बुझ्न सकिँदैन । त्यस बेला तिनीहरूको भाषामा फरक-फरक व्यवस्थाले काम गरेको स्पष्ट हुन्छ । जस्तै; नेपाली भाषा प्रयोग गर्ने व्यक्ति त्यही भाषा प्रयोग गर्ने अर्को व्यक्तिले बोलेको बुझ्छ । किनभने उनीहरू परस्परमा एउटै भाषाको व्यवस्थाभित्र रहेर बोलिरहेका हुन्छन् तर कुनै व्यक्तिले भाषाकै माध्यमले केही कुरा भनिरहेको छ तर सामुन्नेको अर्कोले बुझ्दैन भने ती दुईले प्रयोग गरेको भाषाको व्यवस्थामा भिन्नता र त्यसमा वक्ताहरूको अनुभवको ठूलो हात हुन्छ । भाषामा निहित हुने यही व्यवस्था व्याकरणसँग सम्बन्धित हुन्छ । अर्को शब्दमा भाषामा निहित व्यवस्थाको वर्णनलाई व्याकरण भनिन्छ ।

व्याकरण भाषाभित्र हुने हुँदा यसलाई भाषाको प्रयोगभन्दा अलग ठानिनु हुँदैन । बालकहरूको भाषाप्रयोगलाई परिष्कार गर्न यसको मद्दत लिनु आवश्यक हुन सक्छ तर भाषाशिक्षणका लागि व्याकरणमा अधिक निर्भर हुनु उचित देखिँदैन । व्याकरणका नियमहरू अमूर्त हुन्छन् । बालकहरूलाई यस्ता नियमहरू बुझ्न कठिन पनि हुन्छ । नियमहरू घोक्न लगाएर भाषामा सुधार ल्याउने कुरा असम्भव छ । त्यसको सट्टा प्रयोगमा जोड दिनुपर्ने हुँदा प्राथमिक तहमा व्याकरणको शिक्षण प्रयोगमुखी भएमा मात्र लाभदायक हुन सक्छ ।

उल्लिखित आधारमा प्राथमिक तहमा व्याकरणको शिक्षणको आवश्यकता विवादास्पद देखा पर्छ । शिक्षकले यसको औपचारिक शिक्षणलाई भरसक निरुत्साहित नै गर्नु उपयुक्त हुन्छ । अझ कक्षा एकदेखि तीनसम्म त व्याकरणका नियमहरूको शिक्षण बिलकुलै अप्रासङ्गिक ठहर्छ । कक्षा चार र पाँचमा भाषाको प्रयोगका साथसाथै वचन, लिङ्ग, पुरुष, कालजस्ता केही व्याकरणात्मक धारणालाई अंशत: उपयोग गर्न सकिन्छ ।

**सारांश**

प्रत्येक भाषामा खास किसिमको व्यवस्था निहित हुन्छ । त्यसले गर्दा नै एउटै भाषाका वक्ताहरूबीच परस्पर सम्प्रेषण सम्भव हुन्छ । व्याकरण भनेको भाषामा निहित व्यवस्था तथा नियमको वर्णन भएकाले यसको जानकारी

भाषाका प्रयोगका लागि आवश्यक हुन सक्छ तर प्रारम्भिक कक्षाहरूमा बालकहरूको बौद्धिक विकास भइसकेको हुँदैन र व्याकरणका नियमहरू पनि अमूर्त हुने हुँदा उनीहरूले बुझेर फाइदा लिन सक्दैनन् । तसर्थ व्याकरणले भाषाको प्रयोगलाई शुद्ध र स्तरीय बनाउन मद्दत गर्ने ठानिए पनि प्रारम्भिक कक्षामा यसको उपयोगिता निकै सीमित देखापर्छ । व्याकरणलाई औपचारिक शिक्षणका रूपमा नभई प्रयोगमुखी ढङ्गले कक्षा ४ र ५ मा केही रूपमा उपयोग गर्न सकिने देखिन्छ ।

## आत्ममूल्याङ्कन

(१) व्याकरण भनेको के हो ?

(२) व्याकरणलाई किन भाषाको व्यवस्था भनिएको हो ?

(३) प्राथमिक तहमा व्याकरण-शिक्षणको आवश्यकता किन सीमित छ ?

(४) प्राथमिक तहको व्याकरण-शिक्षण कस्तो हुनुपर्छ ?

## पृष्ठपोषण

प्रश्न १ को लागि हेर्नू : पहिलो अनुच्छेदका अन्तिम वाक्यहरू ।

प्रश्न २ को लागि हेर्नू : अनुच्छेदका सुरुका वाक्यहरू ।

प्रश्न ३ को लागि हेर्नू : दोस्रो र तेस्रो अनुच्छेद ।

प्रश्न ४ को लागि हेर्नू : तेस्रो अनुच्छेद ।

# व्याकरण-शिक्षणका प्रमुख तरिका

**उद्देश्य**

यस पाठको अध्ययन गरिसकेपछि तपाईं व्याकरण-शिक्षणका प्रमुख तरिकाहरूको वर्णन गर्न सक्षम हुनुहुनेछ ।

**विषयवस्तु**

**(क) सूत्र वा नियमद्वारा व्याकरण सिकाउने**

यस तरिकाले पहिले नियमको परिभाषा दिइन्छ र त्यसलाई उदाहरण दिई पुष्टि गरिन्छ । जस्तै; विशेषण सिकाउनु छ भने पहिले विशेषणको परिभाषा दिइन्छ । उदाहरणार्थ; परिभाषा--नामको विशेषता जनाउने शब्दलाई विशेषण भनिन्छ । उदाहरण– सेतो, ठूलो, असल–जुत्ता सेतो छ । घर ठूलो छ । राम असल छ ।

सूत्र वा नियमद्वारा व्याकरण सिकाउने तरिकालाई निगमन विधि पनि भनिन्छ । यो तरिका खास गरी तल्ला कक्षाहरूमा प्रभावकारी मानिँदैन । यो व्याकरण-शिक्षणको पुरानो र परम्परागत विधि हो । यो विधि बालमनोवैज्ञानिक सिद्धान्तअनुकूल छैन । यसमा बालकहरूको बौद्धिक विकासको क्रमलाई ख्याल नगरी एकैचोटि उनीहरूले नबुझ्ने खालका परिभाषा, सूत्र वा नियमहरू प्रस्तुत गरिन्छन् । यस्ता परिभाषा वा नियमहरू बुझ्न नसक्ता तिनलाई स्पष्ट गर्न दिइएका उदाहरण र प्रयोगहरू पनि बुझ्न कठिन हुन्छ । यसकारण साना बालकहरू यस किसिमको तरिकाबाट चाहिँदो फाइदा लिन सक्दैनन् ।

**(ख) उदाहरणद्वारा व्याकरण सिकाउने**

यस विधिमा व्याकरणको जुन नियम सिकाउनु छ, त्यससँग सम्बन्धित विभिन्न उदाहरणहरू दिइन्छन् । तिनै उदाहरणका आधारमा विद्यार्थीहरूलाई नियम खोज्न, पहिल्याउन वा बनाउन प्रोत्साहित गरिन्छ । यस किसिमको तरिकालाई आगमन विधि भनिन्छ । जस्तै; एकवचन र बहुवचनको भिन्नता सिकाउनु छ भने तलका जस्ता उदाहरण दिई सिकाउन सकिन्छ :

| | |
|---|---|
| मानिस | मानिसहरू |
| कलम | कलमहरू |
| विद्यार्थी | विद्यार्थीहरू |
| मानिस जान्छ । | मानिसहरू जान्छन् । |
| कलम राम्रो छ । | कलमहरू राम्रा छन् । |
| विद्यार्थी पढ्छ । | विद्यार्थीहरू पढ्छन् । |

माथिका उदाहरणका आधारमा एकवचनबाट बहुवचनमा परिवर्तन हुँदा 'हरू' लाग्ने र क्रियापद र ओकारान्त विशेषणमा पनि सोहीअनुसार परिवर्तन गर्नुपर्ने कुरा स्पष्ट्याउन सकिन्छ । शिक्षणलाई ज्ञातबाट अज्ञाततिर लैजाने प्रवृत्ति रहने हुँदा यसबाट बालकहरू छिटै बुझ्न सक्छन् । प्रयोगसँग परिचित भई नियम खोज्न प्रवृत्त गराइने भएकाले यो तरिका बालविकासको सिद्धान्तअनुकूल मानिन्छ । यस विधिद्वारा सिकाउन शिक्षकले उदाहरणहरूको तयारीमा विशेष ध्यान दिनुपर्छ ।

**(ग) भाषाको शुद्ध प्रयोग सिकाउने**

यसमा औपचारिक रूपमा व्याकरणका नियमहरू सिकाइँदैनन् । शुद्ध र स्तरीय भाषाको संसर्ग गर्ने वातावरण उपलब्ध भएमा विद्यार्थी आफैं त्यस्तो भाषाको अनुसरण गर्दछ र आफ्नो भाषालाई त्रुटिरहित बनाउन सक्दछ भन्ने दृष्टिकोण यस विधिको रहेको देखिन्छ । यो विधि प्रारम्भिक कक्षाहरूमा उपयोगी देखिन्छ । प्राथमिक तहका विद्यार्थीहरूलाई व्याकरणका नियमहरू सिकाउनुभन्दा शुद्ध प्रयोग गराएर नै उनीहरूको भाषा सुधार्न सकिन्छ । कक्षा १, २, ३ का विद्यार्थीहरूलाई वचन र लिङ्ग, कारक र विभक्ति जस्ता कुराको परिभाषा दिएर कुनै फाइदा हुँदैन । बरु उनीहरूलाई नियमका कुरै नगरी सम्बन्धित भाषाको प्रयोगमा अभ्यास गराउनु उपयुक्त हुन्छ । ले, लाई, बाट विभक्तिको प्रयोग सिकाउनु छ भने यसका प्रयोगहरूमा अभ्यास गराउनुपर्दछ । जस्तै;

> राम र श्याम मीठा मिल्ने साथी हुन् । रामले श्यामलाई र श्यामले रामलाई अहिले पनि सहायता गर्दछन् । उनीहरू घरबाट पाठशाला र पाठशालाबाट घर सँगै फर्किन्छन् । उनीहरू सँगै मिलेर पढ्छन् । पढ्दा पनि रामले नजानेको कुरा श्यामले सिकाउँछ र श्यामले नजानेको कुरा रामले सिकाउँछ । यसरी मिलेर बस्दा दुवैलाई फाइदा भएको छ ।

**(घ) भाषाका पाठ्यपुस्तकबाट व्याकरण सिकाउने**

यस विधिमा व्याकरणका नियम तथा धारणाहरूको अभ्यास पाठ्यपुस्तकमा दिइएका पाठहरूको माध्यमबाट गराइन्छ । व्याकरणको छुट्टै पाठ्यपुस्तकको आवश्यकता ठानिँदैन । यसमा व्याकरणका खास नियमसँग सम्बन्धित पाठहरू तयार गरी तिनकै माध्यमले त्यस्ता नियम पहिल्याउने र प्रयोगको अवलोकन गर्ने अवसर प्रदान गरिन्छ । जस्तै; विशेषण सिकाउनु छ भने शिक्षकले विभिन्न प्रसङ्गमा विशेषणको प्रयोग देखाई त्यसको चिनारी गराइने छ र पछि पुरुष सिकाउने दृष्टिले पाठ्यपुस्तकमा राखिएको सम्बन्धित पाठका अनुच्छेदमा विशेषणको प्रयोग हेर्न र थप अभ्यास गर्न प्रोत्साहित गरिन्छ ।

**सारांश**

व्याकरण विभिन्न तरिकाले सिकाउन सकिन्छ तर स-साना बालकहरूलाई व्याकरण सिकाउँदा विशेष सचेतता बर्तनुपर्छ । सामान्यतः व्याकरण-शिक्षणका चारवटा विधि उल्लेख्य छन् : (१) सूत्र वा नियमद्वारा व्याकरण सिकाउने (निगमन विधि) (२) उदाहरणद्वारा व्याकरण सिकाउने (आगमन विधि) (३) भाषाको शुद्ध प्रयोग सिकाउने (प्रत्यक्ष विधि) र (४) भाषाका पाठ्यपुस्तकद्वारा व्याकरण सिकाउने (भाषा पाठ्यपुस्तक विधि) । यीमध्ये पहिलो विधि परम्परागत र बालमनोविज्ञानको सिद्धान्त-प्रतिकूल खालको देखापर्छ । यसमा सरलता वा ज्ञातबाट अज्ञात (जटिलता) तिर शिक्षणलाई डोऱ्याउने प्रवृत्ति पाइँदैन । त्यसैले बालकका लागि कठिन र रूखो हुन्छ । दोस्रो विधि बालकको भाषाप्रयोगको अनुभवलाई उपयोग गरेर सिकाइने हुँदा उपयुक्त मानिन्छ । यसलाई सफल बनाउन शिक्षकको पूर्व तयारीको विशेष महत्त्व रहन्छ । तेस्रो तरिकाले व्याकरणको औपचारिक शिक्षणलाई महत्त्व दिँदैन । यसले शुद्ध र स्तरीय भाषाप्रयोगमा अभ्यस्त गराउन सके व्याकरणको छुट्टै शिक्षण अनावश्यक छ भन्ने सन्देश दिन्छ । चौथो विधिचाहिँ विशेषतः दोस्रो र तेस्रो विधिको सम्मिश्रण हो । यसले भाषाको पाठ्यपुस्तकद्वारा नै व्याकरणका कतिपय धारणा दिन र बालकहरूलाई तिनको प्रयोग-सन्दर्भ पहिल्याउन प्रवृत्त गराउन सकिने सल्लाह दिन्छ ।

**आत्ममूल्याङ्कन**

१) सूत्र वा परिभाषाद्वारा व्याकरण कसरी सिकाइन्छ ?

२) उदाहरणद्वारा व्याकरण सिकाउने भनेको के हो ?

३) कुन विधिले व्याकरणलाई अलग्गै सिकाउनु आवश्यक ठान्दैन, किन ?

४) भाषा पाठ्यपुस्तकबाट व्याकरण कसरी सिकाइन्छ ?

५) प्राथमिक कक्षामा तपाईं व्याकरण-शिक्षणका लागि कुन विधि उपयुक्त ठान्नुहुन्छ ? किन ?

**पृष्ठपोषण**

प्रश्न १ को लागि हेर्नू : पहिलो र दोस्रो अनुच्छेद ।

प्रश्न २ को लागि हेर्नू : तेस्रो र चौथो अनुच्छेद ।

प्रश्न ३ को लागि हेर्नू : पाँचौं अनुच्छेद ।

प्रश्न ४ को लागि हेर्नू : अन्तिम अनुच्छेद ।

प्रश्न ५ को लागि हेर्नू : पूरै पाठ ।

एकाइ सोह्र :

# अध्यापन-योजना

पाठ ६९ :

## अध्यापन-योजनाको परिचय र आवश्यकता

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं अध्यापन-योजनाको परिचय र आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

शिक्षणका लागि गरिने विभिन्न योजनाहरूलाई अध्यापन-योजना भनिन्छ । जुनसुकै निश्चित गन्तव्यसम्म पुग्न पूर्वयोजनाको आवश्यकता हुन्छ । योजनाबिना गरिएको कार्यले कहिल्यै पनि लक्ष्यसम्म पुऱ्याउँदैन । त्यसरी लक्ष्य हासिल नहुने कार्यलाई सफल पनि मान्न सकिँदैन । शिक्षणमा पनि यही कुरा लागू हुन्छ । बिनायोजनाको अध्यापन व्यवस्थित हुँदैन र अव्यवस्थित अध्यापनबाट उद्देश्य हासिल गर्न सकिँदैन । त्यसैले अध्यापन-योजनाको शिक्षणमा ठूलो भूमिका हुन्छ ।

अध्यापन-योजनाले शिक्षणलाई प्रभावकारी रूप दिन सक्छ । यसबाट ठोस परिणामको अपेक्षा गर्न सकिन्छ । फेरि पूर्वतयारीका साथै शिक्षणमा कुन समयसम्म के-कति प्रगति भइसक्नुपर्छ भन्ने कुराका लागि पनि अध्यापन-योजना आवश्यक हुन्छ । एकातिर यसले शिक्षकलाई मार्गदर्शन गरिराखेको हुन्छ भने अर्कोतिर शिक्षणलाई अन्यौलबाट जोगाउन र शिक्षणलाई उद्देश्यपरक बनाउन पनि यसले त्यत्तिकै भूमिका खेलिराखेको हुन्छ । फेरि पाठ्यवस्तुहरू सिकाउने प्रक्रियाको खोजीमा यसले मद्दत पुऱ्याइराख्ने हुँदा यसबाट अध्यापनलाई व्यवस्थित रूप दिनसमेत सहयोग मिल्दछ ।

**सारांश**

जुनसुकै काम गर्दा पनि बिनायोजना गरियो भने त्यो काम सफल हुँदैन । शिक्षणमा पनि यो कुरा लागू हुन्छ । शिक्षणका लागि गरिने योजनालाई नै अध्यापन-योजना भनिन्छ । उद्देश्य हासिल गर्नका लागि अध्यापन-योजनाको आवश्यकता पर्दछ ।

अध्यापन-योजनाबाट शिक्षणलाई उद्देश्यमूलक, प्रभावकारी, प्रतिफलयुक्त र व्यवस्थित बनाउन सकिन्छ । यसबाट पूर्वतयारी हुनाका साथै शिक्षणको प्रगति पनि पत्ता लगाउन सकिन्छ । यसका अतिरिक्त यसले शिक्षकको मार्गदर्शकका रूपमा कार्य गर्ने, शिक्षणलाई अन्यौलबाट जोगाउने, शिक्षण-प्रक्रियाको खोजीमा मद्दत गर्नेजस्ता मद्दत गरिराखेको हुन्छ ।

**आत्ममूल्याङ्कन**

यो पाठ पढेका आधारमा तलका प्रश्नको उत्तर दिनुहोस्–

१. अध्यापन-योजना भनेको के हो ?

२. योजना र कार्यका बीच के सम्बन्ध हुन्छ ?
३. अध्यापन-योजना किन आवश्यक कुरा हो ?
४. अध्यापन-योजना गर्नाले के के फाइदा हुन्छ ?
५. अध्यापन-योजनाबिनाको शिक्षण कस्तो हुन्छ ?

**पृष्ठपोषण**

प्र. १ का लागि विषयवस्तुको पहिलो अनुच्छेदको सुरुको वाक्य ।

प्र. २ का लागि विषयवस्तुको पहिलो अनुच्छेदको दोस्रो, तेस्रो र चौथो वाक्य ।

प्र. ३ का लागि विषयवस्तुको पहिलो अनुच्छेदको अन्तिम वाक्य ।

प्र. ४ का लागि विषयवस्तुको दोस्रो अनुच्छेद ।

प्र. ५ का लागि विषयवस्तुको पहिलो अनुच्छेदको अन्तिमभन्दा अघिको वाक्य र दोस्रो अनुच्छेदको सम्बन्धित अंश ।

पाठ ७०

# कार्ययोजना

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क) कार्ययोजनाको परिचय र आवश्यकता बताउन,

ख) कार्ययोजना बनाई शिक्षणमा लागू गर्न ।

**विषयवस्तु**

कार्ययोजना विशेष गरी प्रवन्धपक्षको सरोकारको पनि विषय हो । विद्यालयका सम्पूर्ण कार्यक्रममा खास अवधिभित्र के के प्रगति भइसक्नुपर्दछ भन्ने कुरा कार्ययोजनाबाट छर्लङ्ग हुन्छ । शिक्षकलाई पनि यो योजनाले आफूले कुन समयभित्रमा कुन-कुन पाठयांश पूरा गरिसक्नुपर्दछ भन्ने थाहा हुन्छ । प्रबन्धपक्षलाई चाहिँ ती कार्य यथासमयमा पूरा भइराखेका छन् वा छैनन् भन्ने थाहा पाउन यस योजनाबाट मद्दत भइराखेको हुन्छ ।

कार्ययोजना कुनै सत्रअन्तर्गत कुनै विषयको शिक्षणसम्बन्धी गतिविधिको रूपरेखा हो । यसलाई सामान्यतः अध्ययन-सत्रभरिका लागि बनाइन्छ तापनि अर्धवार्षिक र त्रैमासिक अवधिका लागि पनि बनाउन सकिन्छ । कार्ययोजनामा पाठ्यवस्तुको मात्रा र प्रदत्त समयका बीच सामञ्जस्य कायम गर्ने प्रयास गरिएको हुन्छ । समय विभाजन गर्दा पाठ्यवस्तुको गहिराइ र जटिलतालाई ख्याल गर्नुपर्दछ । यसमा उद्देश्य, पाठ्यपुस्तक, शिक्षण-सामग्रीको सुलभता र विद्यालयको शैक्षिक वातावरणलाई पनि ख्याल राख्नुपर्दछ । त्यसका साथै सम्बन्धित विषयले पाउने साप्ताहिक समयभारका अनुसार पाठ्यवस्तुलाई वितरण गर्नुपर्दछ । बिदा, विद्यालयका उत्सव, सामयिक तथा सत्रान्त परीक्षा निर्देश गरी कार्यका दिनका आधारमा मात्र त्यसमा पाठ्यवस्तुको मिलान गरिनुपर्दछ । यदि विद्यालयले औपचारिक कार्यपात्रो बनाएको भए त्यसको पनि उपयोग गर्नुपर्दछ । कार्ययोजनामा अतिरिक्त कार्यकलापहरूको दिन छुट्याउनुपर्ने भए सो कुराको पनि ख्याल राख्नुपर्दछ । यी कुराका अतिरिक्त यस योजनामा मूल्याङ्कन-खण्डको पनि उल्लेख गर्नुपर्दछ ।

**कार्ययोजनाको ढाँचा**

विद्यालय.................... शिक्षक....................

विषय........................ कक्षा........................

समयअवधि..................

**क) पाठ्यविषय खण्ड**

| मिति / गते | पाठ्य एकाइ | घण्टी-सङ्ख्या | शिक्षण तथा सन्दर्भ सामग्री | शिक्षण-तरिका |
|---|---|---|---|---|
| ०५३।३।२–७ | १. किताब | ६ | चित्र र पत्रपत्रिका | छलफल, प्रश्नोत्तर |
| ०५३।३।१०–१५ | २......... | ......... | ...... | ...... |
| ०५३।३।१७।२३ | ३......... | ........... | ......... | |

ख) मूल्याङ्कन-खण्ड

| मिति / गते | मूल्याङ्कनको नाम | प्रश्नको किसिम | अङ्कभार % |
|---|---|---|---|
| ३।३।२३-२५ | प्रथम त्रैमासिक | विषयगत+वस्तुगत | २०% |
| .............. | ........त्रैमासिक | ........... | ...... |
| .............. | ........त्रैमासिक | ........... | ...... |
| .............. | ........वार्षिक परीक्षा | ........... | ........... |

ग) अतिरिक्त कार्यकलाप-खण्ड

| मिति / गते | कार्यकलापहरू | सङ्ख्या |
|---|---|---|
| ५।३।१।२ | कविता-प्रतियोगिता र हिज्जे-प्रतियोगिता | २ |
| ................ | ................... | ............... |
| ................ | ................... | ............... |
| ................ | ................... | ............... |

**सारांश**

कार्ययोजनामा शिक्षकले आफूले पढाउने विषयको सम्पूर्ण कार्यक्रमको योजना गरेको हुन्छ। कार्ययोजना विभिन्न खण्डमा विभाजित गरी तयार गरिनुपर्दछ। कुनै पाठ वा एकाइ शिक्षण कुन मितिमा के-कस्ता शैक्षिक सामग्री प्रयोग गरेर र कुन तरिकाले गर्ने भन्ने विवरण कार्ययोजनामा उल्लेख गरिनुपर्दछ। कार्ययोजना वार्षिक, अर्धवार्षिक वा त्रैमासिक पनि हुन सक्छ।

**आत्ममूल्याङ्कन**

१. कार्ययोजनाले प्रबन्धपक्ष र शिक्षकलाई कसरी समेटिराखेको हुन्छ ?
२. कार्ययोजना भनेको के हो ?
३. कार्ययोजना कुन-कुन अवधिका लागि बनाइन्छ ?
४. कार्ययोजनामा समय निर्धारण गर्न कुन-कुन कुरालाई ख्याल राख्नुपर्दछ ?
५. कार्ययोजना कुन-कुन कुरालाई ध्यानमा राखी बनाउनुपर्दछ ?
६. कार्ययोजना पाठ्यवस्तुका दिन निर्धारण गर्दा कुन-कुन कुरालाई कटाउनुपर्दछ ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तुको पहिलो अनुच्छेद।
प्रश्न २ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेदको पहिलो वाक्य।
प्रश्न ३ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेदको दोस्रो वाक्य।
प्रश्न ४ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेदको तेस्रो र चौथो वाक्य।
प्रश्न ५ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेदको चौथो वाक्यहरूपछिका वाक्यहरू।
प्रश्न ६ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेदको सातौं वाक्य।

पाठ ३१

# एकाइयोजना

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क) एकाइयोजनाको परिचय र आवश्यकता बताउन,

ख) एकाइयोजना बनाई शिक्षणमा लागू गर्न ।

**विषयवस्तु**

कुनै एकाइको शिक्षण-प्रक्रियासँग सम्बन्धित कार्यक्रम वा पूर्व-तयारी नै एकाइयोजना हो । यसमा कुनै खास एकाइको अध्यापनबाट अपेक्षित ज्ञान, सीप र अभिवृत्तिगत उद्देश्य, अपेक्षित परिवर्तन, कार्यकलाप, मूल्याङ्कन-प्रक्रिया आदि सुभाइएको हुन्छ । नेपाली भाषाशिक्षणमा दुई किसिमले एकाइ विभाजन गर्न सकिन्छ– (क) खास विधाका आधारमा (जस्तै: कविता जति एउटा एकाइ) (ख) खास पाठका आधारमा (जस्तै; कविता प्रत्येक शीर्षक छुट्टाछुट्टै एकाइ ।)

एकाइ भनेको एकभन्दा बढी पाठ्यपुस्तक भएको, अनेक पाठयोजना बनाउन सकिने र सिकाइका लागि एकभन्दा बढी घण्टी छुट्याउनुपर्ने पाठहरूको समूह हो । एकाइयोजनामा निम्नलिखित कुराहरू समावेश गरिनुपर्दछ :

- पाठ्यवस्तुहरूको विस्तृति
- उद्देश्य
- उद्देश्य प्राप्ति लागि सुभाइएका कार्यकलाप
- आवश्यक शिक्षण-सामग्री
- मूल्याङ्कन-प्रक्रिया

**एकाइयोजनाको ढाँचा**

विद्यालय............ शिक्षक...............

विषय.................. कक्षा..................

एकाइ शीर्षक...............

| उद्देश्य | पाठ्यवस्तु | कार्यकलाप | शिक्षण-सामग्री | मूल्याङ्कन-प्रक्रिया |
|---|---|---|---|---|
| | | | | |

**एकाइयोजनाको नमुना**

माथि प्रस्तुत ढाँचामा छलफल गरी उपयुक्त किसिमको नमुना तयार गर्ने, जस्तै;

**विषय :** नेपाली

**कक्षा :** एक

**एकाइ शीर्षक :** तिर्खाएको काग (कथा)

### उद्देश्य

प्रस्तुत एकाइ पढिसकेपछि विद्यार्थीहरू निम्नलिखित कार्य गर्न समर्थ हुनेछन् :

(क) तिर्खाएको काग एकाइमा प्रयुक्त कठिन शब्दको अर्थ भन्न, उच्चारण गर्न, वाक्यमा प्रयोग गर्न ।

(ख) उक्त एकाइको पाठको सस्वर वाचन गर्न ।

(ग) उक्त एकाइमा व्यक्त विषयवस्तुका बारेमा सोधिएका बोधसम्बन्धी प्रश्नहरूको उत्तर दिन ।

(घ) उक्त एकाइमा प्रयोग भएका खास-खास क्रियापदको प्रयोग गरी वाक्य-रचना गर्न ।

(ङ) उक्त एकाइमा प्रयुक्त कठिन शब्दहरूको हिज्जे शुद्धसँग प्रयोग गर्न ।

### पाठ्यवस्तु

कठिन शब्दको अर्थ र प्रयोग

- उच्चारण
- पठनबोध
- कठिन शब्दहरूको हिज्जे
- वाक्य-रचना

### शैक्षिक सामग्री

तिर्खाएको काग कथा दर्शाउने विभिन्न चित्रहरू, शब्दपत्ती, वाक्यपत्ती, गोजी-तालिका, बोध-प्रश्नको सूची आदि ।

### शैक्षिक कार्यकलाप

(क) तिर्खा, घैंटो, अतिकति, विचार, ढुङ्गो जस्ता शब्दको प्रश्नोत्तर गराउने । प्रश्नोत्तर गराएपछि उपर्युक्त शब्दहरूका साथै विद्यार्थीहरूलाई उच्चारण गर्न अप्ठ्यारो लाग्ने अन्य शब्दहरूको समेत उच्चारण गर्न अभ्यास गराउने । अर्थ र उच्चारणको अभ्यास भइसकेपछि ती शब्दहरूलाई मौखिक रूपमा प्रयोग गर्न अभ्यास गराउने ।

(ख) शब्दार्थसम्बन्धी अभ्यासपछि सस्वर वाचन र पठनबोध वा पढेर बुझ्ने अभ्यास गराउने । त्यसो गर्दा निम्नलिखित क्रम अपनाइने छ :

- शिक्षकले सस्वर वाचन गरेर सुनाउने ।
- विद्यार्थीलाई सामूहिक रूपमा पढ्न लगाउने ।
- सामूहिक रूपमा पढ्ने अभ्यास भएपछि व्यक्तिगत रूपमा पढ्न लगाउने ।

(ग) राम्ररी पढ्न सिकेपछि पठनबोध वा पढेर बुझ्ने अभ्यास गराउन ततका जस्ता प्रश्नहरू सोध्ने :

(अ) १. कसलाई तिर्खा लागेको थियो ?

२. काग किन उड्यो ?

३. कागले के देख्यो ?

४. पानी केमा थियो ?

५. कागले किन पानी खान सकेन ?

६. त्यसले के विचार गऱ्यो ?

७. त्यसले किन ढुङ्गा ल्यायो ?

८. ढुङ्गा ल्याएर त्यसले के गऱ्यो ?

९. त्यसले कहिलेसम्म ढुङ्गा ल्यायो ?

१०. त्यसले घैंटाको पानी कसरी माथि ल्यायो ?

११. कागले कति पानी खायो ?

(आ) १. कागले उड्दा-उड्दा के देख्यो ?

(क) घैंटो (ख) पानी (ग) खोलो

२. कागले मनमनै के विचार गऱ्यो ?

(क) पानी खाने (ख) ढुङ्गो ल्याउने (ग) अफ उड्ने

(इ) तलको कुन ठीक हो, कुन बेठीक छुट्याऊ :

१. घैंटामा ढुङ्गो थियो ।

२. काग तिर्खाएको थियो ।

३. घैंटामा अलिकति पानी थियो ।

४. कागले थोरै पानी खायो ।

(घ) पठनबोधको अभ्यास गराउँदा प्रश्नहरू दिई निर्दिष्ट पाठ पढ्न लगाई उत्तर खोज्न पनि लगाउने ।

(ङ) वाक्य-रचनाको अभ्यास गराउँदा पाठमा दिइएका उड्यो, देख्यो, खायो, खसाल्यो, गऱ्यो, सकेन, ल्यायो जस्ता क्रियापदहरू दिई पहिले मौखिक र पछि लिखित रूपमा वाक्य बनाउन लगाउने । त्यसरी बनाएका वाक्यहरू श्यामपाटीमा शुद्धसँग लेखी छलफल पनि गराउने ।

(च) शब्दको हिज्जेको अभ्यास गराउन निम्नलिखित कार्यकलापहरू गराउने :

**१. पाठ सार्ने**

पाठका प्रत्येक अनुच्छेदहरू जस्तो लेखिएका छन् त्यस्तै गरी आफ्ना कापीमा सार्न लगाउने । सारिसकेपछि पाठसँग मिडाई हेर्न लगाउने र पछि शिक्षक आफैँले हेरिदिने ।

**२. सुनेर लेख्ने**

तल लेखिएजस्ता शब्दहरू पाठबाट टिपी शिक्षकले उच्चारण गरिदिने र सोहीअनुसार विद्यार्थीहरूलाई लेख्न लगाउने : तिर्खा, उड्यो, खोज्न, उड्दा, घैंटो, विचार, त्यसले, ढुङ्गो, खसाल्यो, विचार आदि ।

शिक्षकले श्यामपाटीमा उक्त शब्दहरू शुद्धसँग लेखी विद्यार्थीलाई सोअनुसार सच्याउन लगाई पछि आफूले पनि हेरिदिने । गल्ती गर्ने विद्यार्थीहरूलाई शुद्धसँग १०/१० पटक दोहोऱ्याई लेख्न लगाउने ।

**३. शुद्ध गर्ने**

पाठका शब्दहरू अशुद्ध बनाएर श्यामपाटीमा लेखिदिने र ती अशुद्ध शब्दहरू शुद्ध गरी लेख्न लगाउने, जस्तै : खशालो, मन मनै, उरदा, उद्डा, घैंतो, पेटभरी, गरयो, धेरैचोती आदि ।

**मूल्याङ्कन**

१. कागलाई के भएको थियो ?

(क) घाउ भएको (ख) तिर्खा लागेको (ग) अल्छी लागेको

२. तलका शब्दको उच्चारण गर :

उड्यो, गऱ्यो, ढुङ्गो, घैंटो, खसाल्यो ।

३. अर्थ भन :

ढुङ्गा, घैंटो, तिर्खा, विचार, पेटभरि ।

४. तलका शब्द राखी दुई-दुई वाक्य बनाऊ :

उड्यो, गऱ्यो, देख्यो, ढुङ्गा, घैंटो ।

५. हिजो तिमीले के के गऱ्यौ पाँच हरपमा लेख ।

६. शुद्धसँग सार :

(क) एउटा काग थियो । कागलाई तिर्खा लाग्यो । काग पानी खोज्न उड्यो ।

(ख) अर्को, ढुङ्गो, देख्यो, घैंटो, ल्यायो, धेरैचोटि, मनमनै पेटभरि, पानि, पानी ।

७. खाली ठाउँ भर :

एउटा काग ......... ।

कागले कतै पनि ......... देखेन ।

८. पढ र उत्तर देऊ

यसो गर्दागर्दै घैंटाको पानी माथिसम्म आयो । कागले पेटभरी पानी खायो ।

१. घैंटामा के थियो ?

२. घैंटाको पानी कसरी माथिसम्म आयो ?

३. कागले पानी के गऱ्यो ?

४. त्यसले कति पानी खायो ?

(ङ) शुद्ध गरी सार

अलीकटी, पेट भरी, धेरै चोती, पनी, पानि, उद्दा, ढुंगो, बीचार ।

## आत्ममूल्याङ्कन

यो पाठ पढेका आधारमा तलका प्रश्नको उत्तर दिनुहोस् ।

१. एकाइयोजना भनेको के हो ?

२. एकाइयोजनामा कुन-कुन कुरा सुझाइएको हुन्छ ?

३. एकाइ विभाजन गर्ने आधार के के हुन् ?

४. एकाइलाई कसरी चिनाउनु उपयुक्त हुन्छ ?

५. एकाइयोजनामा कुन-कुन कुरा समावेश गर्नुपर्दछ ?

## पृष्ठपोषण

प्रश्न १ को उत्तरका लागि विषयवस्तुको पहिलो अनुच्छेदको सुरुको वाक्य ।

प्रश्न २ को उत्तरका लागि विषयवस्तुको दोस्रो वाक्य ।

प्रश्न ३ को उत्तरका लागि विषयवस्तुको उक्त अनुच्छेदको अन्तिम वाक्य ।

प्रश्न ४ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेदको पहिलो वाक्य ।

प्रश्न ५ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेदको दोस्रो वाक्यसँग सम्बन्धित बुँदाहरू ।

# पाठयोजना

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क) पाठयोजनाको परिचय दिन,

ख) पाठयोजनाका प्रमुख स्तम्भ बताउन,

ग) कक्षाशिक्षणका लागि पाठयोजना बनाई प्रयोग गर्न ।

**विषयवस्तु**

पाठयोजना शिक्षण-तयारीको प्रमुख अङ्ग हो । कक्षाशिक्षणमा जानुअघि यस्तो योजना अनिवार्य मानिन्छ । धेरैजसो शिक्षकले पाठयोजनालाई औपचारिकता र अतिरिक्त कार्यबोझ मान्ने गरेको पनि पाइन्छ । उनीहरूका लागि कार्यबोझको आधिक्यले गर्दा पाठयोजना सम्भव नै नहुने कुरा लागेको पनि सुनिन्छ । तर यस्तो धारणा विद्यार्थी र आफ्नो पेशालाई ढाँट्नुसरह हो । वास्तवमा पाठयोजना शिक्षणको पूर्वतयारी, पूर्वयोजनाबाहेक केही होइन । पूर्वतयारी नगरी कक्षाशिक्षणमा जाँदा शिक्षक आफैलाई पनि असन्तुष्टि र अन्योलको सामना गर्नुपर्ने हुन्छ । त्यसैले पाठयोजनालाई औपचारिकता र अतिरिक्त कार्यबोझ ठान्नु मनासिब देखिँदैन ।

पाठयोजना दैनिक शिक्षणका लागि कक्षागत आधारमा गरिने योजना हो । यसमा एउटा घण्टीमा जे-जे शिक्षण गर्न सकिन्छ त्यति कुराको मात्र योजना गरिन्छ । यसले शिक्षणलाई स्पष्ट, उद्देश्यमुखी र प्रभावकारी बनाउँदछ । भाषाको पाठयोजनामा भाषिक सीपमा नै जोड दिनुपर्दछ । पाठयोजनामा निम्नलिखित स्तम्भहरू हुनुपर्दछ :

- उद्देश्य
- शैक्षिक सामग्री
- शिक्षण-कार्यकलाप
- मूल्याङ्कन
- गृहकार्य (आवश्यकताअनुसार)

**उद्देश्य**

पाठयोजनामा निर्धारण गरिने उद्देश्य विशिष्ट खालको हुनुपर्दछ । पाठका अन्तमा पूरा हुने र विद्यार्थीका व्यवहारमा परिवर्तन ल्याउने खालका उद्देश्य मात्र पाठयोजनामा निर्धारण गर्नुपर्दछ । ती दोहोरो अर्थ नलाग्ने र पाठका अन्तमा मापन गर्न सकिने खालका हुनुपर्दछ । छोटकरीमा भन्ने हो भने तिनमा सम्पादनात्मकता, विशिष्टता र मापनीयताजस्ता विशेषताहरू हुनुपर्दछ ।

उद्देश्य-खण्डमा प्रयोग गरिने क्रियापद पनि विशिष्ट खालका नै हुनुपर्दछ । यसमा बुझ्नु, रुचि लिनु, रमाइलो मान्नु, ग्रहण गर्नु, धारणा बसाल्नु, अभिरुचि जगाउनुजस्ता क्रियापदको साटो भन्नु, बताउनु, पत्ता लगाउनु, चिन्नु, वर्णन गर्नु, ठम्याउनु, पहिल्याउनु, मूल्याङ्कन गर्नु, विश्लेषण गर्नु, समीक्षा गर्नु, परिभाषा दिनु, व्याख्या गर्नु, तुलना गर्नु,

छुट्याउनु, देखाउनु, प्रदर्शन गर्नु, उदाहरण दिनु, लेख्नु, प्रयोग गर्नु, परिवर्तन गर्नु, वर्गीकरण गर्नुजस्ता क्रियापद प्रयोग गर्नुपर्दछ ।

**शैक्षिक सामग्री**

शैक्षिक सामग्री पाठलाई स्पष्ट पार्न सघाउ पुर्‍याउने खाले हुनुपर्दछ । प्रासङ्गिक र सान्दर्भिक शिक्षण-सामग्रीलाई मात्र उपयोग गर्नुपर्दछ । आवश्यकताभन्दा बढी शिक्षण-सामग्री प्रयोग गर्नु हुँदैन ।

**शैक्षिक कार्यकलाप**

शैक्षिक कार्यकलाप विद्यार्थीलाई दृष्टिगत गरी निर्धारण गर्नुपर्दछ । ती शिक्षककेन्द्रितभन्दा विद्यार्थीकेन्द्रित हुनु आवश्यक छ । कार्यकलाप निर्धारण गर्दा विद्यार्थी-सहभागितालाई प्रमुखता दिइनुपर्दछ । शिक्षक सक्रिय हुने र विद्यार्थी निष्क्रिय हुने कार्यकलापलाई कहिल्यै स्थान दिनु हुँदैन ।

**मूल्याङ्कन**

निर्धारित उद्देश्य पूरा भए-नभएको ठम्याउन पाठका अन्तमा मूल्याङ्कन गर्नुपर्दछ । खास गरी विभिन्न प्रश्न सोधेर नै मूल्याङ्कन गर्ने गरिन्छ । तर मूल्याङ्कन गर्दा उद्देश्य र पाठ्यवस्तुको प्रकृतिलाई सधैं ध्यान दिनुपर्दछ । मूल्याङ्कन धेरैजसो विद्यार्थीले पाठ बुझेका रहेनछन् भने शिक्षकले अन्य तरिका अपनाई अर्को दिन पुन: त्यही पाठ शिक्षण गर्नुपर्ने हुन्छ ।

**गृहकार्य**

पाठको अभ्यासलाई बढी मौका दिन र विद्यार्थीलाई अध्ययनमा लगनशील तुल्याउन गृहकार्य दिइन्छ । गृहकार्य आवश्यकता हेरेर मात्र दिनुपर्दछ । सबै पाठमा गृहकार्य आवश्यक नहुन पनि सक्छ । गृहकार्य दिइएको छ भने भोलिपल्ट त्यसबारे जाँचबुझ, शुद्धाशुद्धि आदि गरिदिनुपर्दछ ।

**पाठयोजनाको नमुना**

विषय : नेपाली — कक्षा : एक
शीर्षक : तिर्खाएको काग — घण्टी : पहिलो
पाठ्यवस्तु : शब्दार्थ — मिति : ............

**विशिष्ट उद्देश्य**

यस पाठका अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कुरामा समर्थ हुनेछन् :

क) तलका शब्दको अर्थ भन्न :
दुङ्गो, घैंटो, विचार, पेट, तिर्खा

ख) उक्त शब्दलाई वाक्यमा प्रयोग गर्न ।

**शिक्षण-सामग्री**

शब्दपत्ती, चित्र, ढुङ्गाको नमुना आदि ।

**सिकाइ-शिक्षण-कार्यकलाप**

१. शिक्षकले तिर्खाएको काग पाठबाट कठिन शब्दहरू छान्न लगाउने ।
२. विद्यार्थीहरूले भनेका शब्द श्यामपाटीमा लेख्दै जाने ।

३. त्यसपछि हरेक शब्दको अर्थ र प्रयोग विद्यार्थीहरूलाई भन्न प्रेरित गर्दै ती शब्दहरूको अर्थ भनिदिने र प्रयोगसमेत गराउने ।
४. विद्यार्थीहरूलाई अन्य प्रयोग गर्न पनि प्रोत्साहित गर्ने ।

**मूल्याङ्कन**

**अर्थ भन :**

ढुङ्गो, विचार, तिखो, पेट ।

**वाक्यमा प्रयोग गर :**

पेट, तिखो, घैंटो, ढुङ्गो ।

## सारांश

पाठयोजना कुनै औपन्यासिक कार्य र अतिरिक्त बोझ नभई यो शिक्षक आफूलाई नै उपयोगी हुने कक्षाको पूर्वतयारी मात्र हो । आफूले पढाउने विषयको तयारी र योजना नगरी जाँदा आफैँलाई असन्तोष हुने, आफ्नो कर्तव्य पूरा नगरेको महसुस हुनु स्वाभाविकै हो । फेरि पेशागत लगनशीलता पनि त्यसबाट झल्किँदैन । त्यसैले पाठयोजनाप्रति शिक्षकले कुनै नकारात्मक धारणा राख्नु उचित हुँदैन ।

पाठयोजना दैनिक शिक्षणका लागि कक्षागत आधारमा गरिने योजना हो । यसमा एउटा घण्टीमा जे-जे शिक्षण गर्न सकिन्छ त्यसको योजना गरिन्छ । पाठयोजनाको उद्देश्य शिक्षणलाई स्पष्ट, उद्देश्यमुखी र प्रभावकारी बनाउनु हो । भाषाको पाठयोजनामा भाषिक सीपमा नै जोड दिनुपर्दछ । पाठयोजनामा उद्देश्य, शैक्षिक सामग्री, शिक्षण-कार्यकलाप, मूल्याङ्कन, गृहकार्य स्तम्भहरू समावेश गरिनुपर्दछ । गृहकार्य आवश्यकताअनुसार दिने वा नदिने पनि गर्न सकिन्छ ।

## आत्ममूल्याङ्कन

१. 'पाठयोजना अनिवार्य कुरा हो' भन्नेबारेमा आफ्नो तर्क दिनुहोस् ।
२. पाठयोजना कस्तो योजना हो ?
३. पाठयोजना शिक्षणका लागि किन आवश्यक छ ?
४. पाठयोजनाका प्रमुख स्तम्भहरू के के हुन् ?
५. उद्देश्य खण्डमा कस्ता क्रियापद प्रयोग गर्नुपर्दछ ? कुनै चार उदारहण दिनुहोस् ।
६. शैक्षिक सामग्री कस्ता हुनुपर्दछ ?
७. शैक्षिक कार्यकलाप केमा केन्द्रित गरिनुपर्दछ ?
८. मूल्याङ्कन खण्डमा केको मूल्याङ्कन गर्नुपर्दछ ?
९. गृहकार्य कुन अवस्थामा आवश्यकता ठान्नुहुन्छ ?
१०. गृहकार्य दिइएको छ भने के गर्नुपर्दछ ?

## पृष्ठपोषण

प्रश्न १ को उत्तरका लागि विषयवस्तुको पहिलो अनुच्छेद ।

प्रश्न २ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेदको पहिलो वाक्य ।

प्रश्न ३ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेदको दोस्रो र तेस्रो वाक्य ।

प्रश्न ४ को उत्तरका लागि दोस्रो अनुच्छेदका अन्तिम वाक्यका बुँदाहरू ।

प्रश्न ५ को उत्तरका लागि उद्देश्य शीर्षकको दोस्रो अनुच्छेदको दोस्रो वाक्य ।

प्रश्न ६ को उत्तरका लागि शैक्षिक सामग्री उपशीर्षक ।

प्रश्न ७ को उत्तरका लागि शैक्षिक कार्यकलाप उपशीर्षक ।

प्रश्न ८ को उत्तरका लागि मूल्याङ्कन उपशीर्षक ।

प्रश्न ९ को उत्तरका लागि गृहकार्य उपशीर्षकका सुरुका तीन वाक्य ।

प्रश्न १० को उत्तरका लागि गृहकार्य उपशीर्षकको अन्तिम वाक्य ।

पाठ ७३ :

# भाषाशिक्षणमा शिक्षण-सामग्रीको आवश्यकता

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं भाषाशिक्षणमा शिक्षण-सामग्रीको आवश्यकता बताउन सक्नुहुनेछ ।

**विषयवस्तु**

**(क) परिचय–**

भाषाशिक्षणका क्रममा पाठ्यपुस्तकमा दिइएका पाठका अतिरिक्त ती पाठहरूलाई स्पष्ट गर्न, त्यसरी स्पष्ट गर्दा चाहिने उपयुक्त वातावरण बनाउन र सिकाइलाई स्थायी रूप दिन उपयोग हुने सामग्री नै शिक्षण-सामग्री हुन् । पाठ्यवस्तुको प्रकृतिअनुसार त्यस्ता सामग्रीहरू विभिन्न किसिमका हुन सक्छन् । जस्तै; श्यामपाटी, फलाटिनपाटी, गोजी-तालिका, चित्र आदि ।

**(ख) आवश्यकता**

भाषाशिक्षणका पाठ्यवस्तु सरल, जटिल दुवै हुन सक्छ । यसमा विभिन्न सीपको अभ्यास गराउनुपर्दछ । शिक्षण-सामग्रीको उपयोगबाट मौखिक रूपमा बुझाउन नसकिएको कतिपय कुराहरू सजिलैसँग बुझाउन सकिन्छ । शिक्षण-सामग्रीको उपयोग गरेर गरिएको पाठ्यवस्तु पछिसम्म सम्झना भइराख्दछ । यस्ता सामग्रीले पाठलाई बोधगम्य र रुचिकर बनाउँछन् र बालबालिकामा सिकाइप्रति उत्प्रेरणा जगाउँदछन् । नयाँ कुरा देखेर सोच्न थाल्ने केटाकेटीहरूको स्वभावै हुने हुँदा शिक्षण-सामग्रीको उपयोगबाट उनीहरूमा कल्पनाशक्तिको विकास हुन्छ । यी सामग्री शिक्षणलाई गतिशीलता र विविधता दिन पनि मद्दत पुऱ्याउँछन् । त्यसबाहेक यिनले मौखिक र लिखित कुनै किसिमका भाषिक सीपका साथै भाषातत्त्वहरूलाई विविध प्रसङ्गमा अभ्यास गराउन पनि मद्दत गर्दछन् । यी सबै कारणले नेपाली भाषाशिक्षणका लागि पनि शिक्षण-सामग्री अत्यावश्यक देखिन्छन् ।

**(ग) शिक्षण–सामग्रीमा हुनुपर्ने विशेषताहरू**

१. त्यस्ता सामग्री विद्यार्थीको स्तरसुहाउँदो हुनुपर्दछ ।
२. सामग्रीको आकार-प्रकार निर्धारण गर्दा विद्यार्थी-सङ्ख्यालाई ख्याल गर्नुपर्दछ । सबै विद्यार्थीले स्पष्टसँग नदेख्ने गरी राखिएका सामग्रीको कुनै उपयोगिता हुँदैन ।
३. शिक्षण-सामग्रीमा प्रयोग गरिने भाषा शुद्ध र सामग्रीचाहिँ सान्दर्भिक हुनुपर्दछ ।
४. शिक्षण-सामग्री रोचक, आकर्षक र अद्यावधिक हुनुपर्दछ । वर्षौंदेखिका थोत्रा सामग्री प्रयोग गर्दा विद्यार्थीको उत्सुकता मर्दछ ।
५. सामग्रीहरू सजिलै बोक्न सकिने, सस्ता र सजिलैसँग पाइने खालका हुनुपर्दछ ।
६. आवश्यकताभन्दा बढी सङ्ख्यामा सामग्री उपयोग गर्नु हुँदैन । त्यसो गर्दा विद्यार्थी मूल कुरा ठम्याउन अलमलिन्छन् ।
७. शिक्षण-सामग्री कोठाको उज्यालोले भ्याउने गरी बनाउनु वा सङ्कलन गर्नुपर्दछ ।
८. स्थानीय वातावरणमा उपलब्ध सामग्रीलाई जोड दिनु राम्रो हुन्छ ।

**सारांश**

पाठ्यवस्तुलाई अभ्र राम्ररी बुझाउन र विभिन्न प्रसङ्गमा अभ्यास गराउन उपयोग गरिने सामग्री नै शिक्षण-सामग्री हुन् ।

शिक्षण-सामग्रीको उपयोग गरेर भाषाशिक्षण गर्दा पाठ सरलतासाथ बुझाउन सकिने, कक्षा रोचक हुने, विद्यार्थीको कल्पनाशक्ति बढ्ने, सिकाइप्रति उत्प्रेरणा जाग्ने आदि फाइदा हुन्छन् । यस्ता सामग्रीको उपयोगबाट कक्षा गतिशील र विविधतायुक्त हुन जान्छ । फलतः मौखिक तथा लिखित दुवै किसिमका सीपको अभ्यास गराउन र भाषातत्वहरूलाई पनि विविध प्रसङ्गमा अभ्यास गराउन मद्दत मिल्दछ । त्यसैले शिक्षण-सामग्रीको उपयोग अत्यावश्यक देखिन्छ ।

शिक्षण-सामग्री स्तरसुहाउँदा, सबै विद्यार्थीले स्पष्ट चिन्न र देख्न सक्ने, सान्दर्भिक, रोचक, अद्यावधिक र पाएसम्म स्थानीय वातावरणमा उपलब्ध हुने खाले हुनुपर्दछ ।

**आत्ममूल्याङ्कन**

१. शिक्षण-सामग्री भनेको के हो ?
२. शिक्षण-सामग्रीका कुनै चार उदाहरण दिनुहोस् ।
३. शिक्षण-सामग्रीबाट हुने प्रमुख फाइदा के के हुन् ?
४. शिक्षण-सामग्रीको उपयोगले केटाकेटीको कल्पनाशक्तिलाई कसरी बढाउँछ ?
५. शिक्षण-सामग्री किन आवश्यक मान्न सकिन्छ ?
६. शिक्षण-सामग्रीका प्रमुख गुणहरू के के हुन् ?

**पृष्ठपोषण**

प्रश्न १ का लागि 'क' को पहिलो वाक्य ।
प्रश्न २ का लागि 'क' को अन्तिम वाक्य ।
प्रश्न ३ का लागि 'ख' का प्रमुख बुँदाहरू ।
प्रश्न ४ का लागि 'ख' को छैटौं वाक्य ।
प्रश्न ५ का लागि 'ख' का सम्पूर्ण वाक्य ।
प्रश्न ६ का लागि 'ग' का प्रमुख बुँदाहरू ।

पाठ ७४

# शिक्षण-सामग्रीका प्रकार

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं विभिन्न किसिमका शिक्षण-सामग्रीको नाम बताउन सक्नुहुनेछ।

**विषयवस्तु**

शिक्षण-सामग्री मुख्य रूपमा तीन किसिमका हुन्छन् ती हुन्– मौखिक, पाठ्य र दृश्य-श्रव्य। मौखिक सामग्रीअन्तर्गत उदाहरण र प्रश्नोत्तरलाई लिन सकिन्छ। त्यसै गरी पाठ्यसामग्रीअन्तर्गत पाठ्यपुस्तक, अभ्यास पुस्तिका, बालोपयोगी सन्दर्भ-सामग्री आदि पर्दछन्। दृश्य-श्रव्यअन्तर्गत पनि तीन किसिमका सामग्री पर्दछन्– विद्यार्थी र शिक्षकहरूद्वारा निर्मित वा सङ्कलित सामग्री र वातावरणमा रहेका कक्षाभित्र र कक्षाबाहिर उपलब्ध सामग्रीहरूलाई दृश्य, रेडियो, टेप, ग्रामोफोन आदि सामग्रीलाई श्रव्य, भिडियो टेप, फिल्म, टेलिभिजन आदिलाई दृश्य-श्रव्य सामग्रीका रूपमा लिन सकिन्छ। श्रव्य र दृश्य-श्रव्य सामग्रीलाई पाठ्यक्रममा आधुनिक उपकरणका रूपमा लिइएको छ।

श्रव्य र दृश्य-श्रव्य सामग्रीहरू महँगा र सर्वसुलभ नहुने हुँदा हाम्रा प्रायः धेरैजसो विद्यालयहरूमा मौखिक, पाठ्य र शिक्षक-विद्यार्थीद्वारा निर्मित तथा सङ्कलित चित्र, वस्तु, प्रतिमूर्ति, तालिका आदिलाई नै बढी प्रयोगमा ल्याउनु उपयुक्त हुन्छ।

**सारांश**

शिक्षण-सामग्रीहरू विभिन्न किसिमका हुन्छन्। यी हुन्– मौखिक, पाठ्य र दृश्य-श्रव्य। मौखिकअन्तर्गत प्रश्नोत्तर र उदाहरण र पाठ्यअन्तर्गत विभिन्न किसिमका पाठ्य र सन्दर्भ-सामग्रीहरू पर्दछन्। पाठ्यपुस्तक, अभ्यास पुस्तिका र अन्य सन्दर्भ-सामग्री यसैप्रकारका सामग्री हुन्। दृश्य-श्रव्य सामग्री तीन किसिमका हुन्छन्– दृश्य (चित्र, वस्तु आदि), श्रव्य (टेप, रेडियो आदि) दृश्य-श्रव्य (भिडियो टेप, फिल्म, टेलिभिजन आदि) सामग्रीहरू।

हाम्रा विद्यालयको आर्थिक स्थिति, संरक्षण-व्यवस्था, प्रयोगविधिको जानकारी आदिलाई दृष्टिगत गर्दा श्रव्य र दृश्य-श्रव्यमन्दा दृश्य सामग्री उपयोगी देखिन्छन्।

**आत्ममूल्याङ्कन**

१. शिक्षण-सामग्री मुख्य रूपमा कति किसिमका हुन्छन्? ती के के हुन्?
२. पाठ्य शिक्षण-सामग्री कस्ता सामग्री हुन्?
३. दृश्य-श्रव्य सामग्रीका प्रमुख प्रकारहरू कुन-कुन हुन्?
४. हाम्रो विद्यालयको स्थिति हेर्दा कस्ता सामग्री बढी उपयोगी हुन्छन्।
५. वातावरणमा रहेका सामग्री भन्नाले के बुझिन्छ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तुका सुरुका दुई वाक्य ।
प्रश्न २ को उत्तरका लागि विषयवस्तुको पहिलो अनुच्छेदको चौथो वाक्य ।
प्रश्न ३ को उत्तरका लागि विषयवस्तुको पहिलो अनुच्छेदको पाँचौँ वाक्य ।
प्रश्न ४ को उत्तरका लागि विषयवस्तुको दोस्रो अनुच्छेद ।
प्रश्न ५ को उत्तरका लागि पहिलो अनुच्छेदको 'वातावरणमा... सामग्रीहरू' भन्ने अंश ।

# विभिन्न किसिमका शिक्षण-सामग्री निर्माण तथा प्रयोगविधि (क)

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :


क) टुक्रे अक्षर र विभिन्न पत्तीहरूको निर्माण तथा प्रयोग-विधि बताउन,

ख) कक्षामा तिनको उपयोग गर्न ।

**विषयवस्तु**

**क) टुक्रे अक्षर**

टुक्रे अक्षर खास गरी अक्षर चिनाउन र अक्षर लेख्न लगाउन पनि उपयोगी हुन्छ । अक्षरलाई टुक्रा-टुक्रा गरी सिकाउनाले विद्यार्थीहरू अक्षर कसरी बन्दारहेछन् भन्ने कुरा थाहा पाउन सक्दछन् । यसरी उनीहरू अक्षर-अक्षरका बीच हुने भिन्नता ठम्याउन सक्दछन् र अक्षर चिन्दा वा लेख्दा सो अनुभव उपयोग गर्न सक्दछन् । टुक्रे अक्षर शिक्षक आफैंले जोडेर देखाएर र विद्यार्थीहरूलाई जोड्न लगाएर अक्षर सिकाउन सकिन्छ । जस्तै;



टुक्रे अक्षर बनाउँदा बाक्लो खालको सादा कागजलाई माथि उदाहरणमा देखाइएजस्तै गरी अक्षरका विभिन्न टुक्रामा काट्नुपर्छ । ती टुक्रालाई जोडिदियो भने आफूले सिकाउन चाहेको अक्षर बनोस् भन्ने दृष्टिकोण राख्नुपर्दछ ।

**ख) विभिन्न किसिमका पत्तीहरू**

पत्तीहरू खास गरी तीन किसिमका हुन्छन्– वर्णपत्ती, शब्दपत्ती र वाक्यपत्ती ।

वर्णपत्ती भनेको कागजका बेग्लाबेग्लै टुक्रामा लेखिएका वर्ण वा अक्षर भएका पत्ती हुन् । जस्तै;

| क | म | ल |

शब्दपत्ती भनेका कागजका विभिन्न टुक्रामा लेखिएका शब्दहरू भएका पत्ती र वाक्यपत्ती भनेका चाहिँ कागजका विभिन्न टुक्रामा लेखिएका वाक्यहरू भएका पत्ती हुन् । जस्तै;

| | | | |
|---|---|---|---|
| शब्दपत्ती | कमल | खरायो | ज्ञानी |
| वाक्यपत्ती | मेरो घरमा खरायो छ । | | त्यो ज्ञानी छ । |

वर्णपत्ती र शब्दपत्ती बनाउँदा बाक्लो खालको सादा कागज (कार्डबोर्ड) लिई त्यसलाई आकार मिलाएर (४" लम्बाइ ५" चौडाइका) टुक्राहरू काटेर बनाउनुपर्दछ । ती टुक्रामा सुहाउँदो आकारका वर्ण वा शब्द लेख्नुपर्दछ । त्यसरी लेख्दा चौडाइतिर तलपट्टि २" छोड्नुपर्दछ । गोजी-तालिकामा राखिने पत्तीमा पत्तीको दुवैतिर लेख्न पनि सकिन्छ ।

एकातिर शब्द र अर्कातिर चित्र पनि लेख्न सकिन्छ । जस्तो कमल शब्द एकापट्टि राखिएको छ भने अर्कापट्टि त्यसको चित्र दिन सकिन्छ । त्यसै गरी विभिन्न वर्णपत्तीहरूलाई गोजी-तालिकाको काठमा राख्दै गएर वा टुक्रे अक्षरलाई ॐ फलाटिनपाटीमा टाँसेर शब्दहरू बनाएर देखाउन पनि सकिन्छ ।

वर्णपत्तीबाट अक्षर चिनाउन, लेखाउन, उच्चारण सिकाउन सजिलो हुन्छ । शब्दपत्तीबाट शब्दार्थ सिकाउन, उच्चारणको अभ्यास गराउन लेख्न लगाउन सजिलो हुन्छ ।

वाक्यपत्तीलाई फलाटिनपाटी र गोजी-तालिका दुवैमा देखाउन सकिन्छ । तर सामान्यतः यसका लागि फलाटिनपाटीकै उपयोग राम्रो हुन्छ । गोजी-तालिकामा देखाउनुपरमा वाक्यपत्तीलाई एउटा छुट्टै लहर बनाउन पनि सकिन्छ । वाक्यपत्तीको चौडाइ पनि गोजी-तालिकामा देखाउनु छ भने ५" बनाउनुपर्छ र तल्तिर २" छाड्नुपर्छ। पत्तीको लम्बाइचाहिँ गोजी-तालिका वा फलाटिनपाटीमा अट्ने खालको हुनुपर्दछ । फलाटिनपाटीमा देखाइने वाक्यपत्तीको चौडाइ भने ५" भन्दा कम तर सुहाउँदो आकारको भए पनि हुन्छ ।

वाक्यपत्तीबाट शब्दप्रयोग, सस्वर पठन, श्रुतिलेखको शुद्धाशुद्धि, व्याकरणका उदाहरणहरू आदिको अभ्यास गराउन सकिन्छ ।

## सारांश

● कागजका विभिन्न टुक्रामा अक्षरहरूलाई काटी तिनलाई फलाटिनपाटीमा जोडेर सिङ्गो रूपमा देखाउनु टुक्रे अक्षर हो । टुक्रे अक्षरको प्रयोगबाट अक्षर चिनाउन, विभिन्न अक्षरको भिन्नता ठम्याउन लगाउन र अक्षर लेख्न सिकाउन सजिलो हुन्छ । टुक्रे अक्षर बाक्लो कागजका टुक्रामा हुनुपर्दछ ।

● अक्षर वा वर्ण लेखिएको पत्ती वर्णपत्ती हो । बाक्ला कागजका टुक्रा काटी सुहाउँदो आकारमा पत्तीहरू बनाउनुपर्दछ । वर्णपत्तीको उपयोगबाट वर्ण चिनाउन, तिनको उच्चारण सिकाउन र तिनलाई लेख्न सिकाउन सजिलो हुन्छ ।

● शब्दहरू भएका पत्ती शब्दपत्ती हुन् । शब्दपत्तीबाट शब्दार्थ, उच्चारण, शब्दलेखन आदि सिकाउन सकिन्छ । शब्दपत्ती पनि वर्णपत्तीझैँ बाक्लो कागजका सुहाउँदा टुक्राहरू बनाएर तयार गर्न सकिन्छ । शब्दपत्तीमा लेखिने शब्द शुद्ध र बुझिने गरी लेख्नुपर्दछ ।

गोजी-तालिकामा राखिने पत्तीहरू ४" लम्बाइ, ५" चौडाइ र चौडाइपट्टि २" खाली हुनुपर्दछ । फलाटिनपाटीमा राखिने पत्ती भने तीबाहेकका सुहाउँदा आकारमा बनाउन पनि सकिन्छ ।

● वाक्यहरू लेखिएका पत्तीलाई वाक्यपत्ती भनिन्छ । शब्दप्रयोग, सस्वर पठन, शुद्धाशुद्धि, व्याकरणका उदाहरणहरू देखाउन यस्ता पत्ती उपयोगी हुन्छन् । वाक्यपत्ती गोजी-तालिकामा देखाउनु छ भने तिनका लागि बेग्लै खण्ड बनाउनुपर्दछ । नत्र उपयुक्त आकारमा बनाई फलाटिनपाटीमा देखाए पनि हुन्छ ।

## आत्ममूल्याङ्कन

१. टुक्रे अक्षर भनेको के हो ?
२. टुक्रे अक्षरको के उपयोगिता छ ?
३. टुक्रे अक्षर कसरी बनाउनु र प्रयोग गर्नुपर्दछ ?
४. वर्णपत्ती भनेको के हो ?

५. वर्णपत्ती कसरी र केका लागि प्रयोग गर्नुपर्दछ ?
६. शब्दपत्ती भनेको के हो ?
७. शब्दपत्ती कसरी बनाउनुपर्दछ ?
८. शब्दपत्ती कसरी र केका लागि प्रयोग गर्न सकिन्छ ?
९. वाक्यपत्ती भनेको के हो ?
१०. यो कसरी बनाउनुपर्दछ ?
११. यो केका लागि र कसरी प्रयोग गर्नुपर्दछ ?
१२. पत्तीहरू कस्ता आकारका हुनुपर्दछ ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तुको 'क' अन्तर्गतको सुरुको वाक्य ।

प्रश्न २ को उत्तरका लागि सो खण्डको दोस्रो र तेस्रो वाक्य ।

प्रश्न ३ को उत्तरका लागि सो खण्डको अन्तिम वाक्य र दोस्रो अनुच्छेद ।

प्रश्न ४ को उत्तरका लागि 'ख' अन्तर्गतको पहिलो वाक्य ।

प्रश्न ५ को उत्तरका लागि तेस्रो अनुच्छेदको वर्णपत्तीसम्बन्धी अंश तथा चौथो अनुच्छेदको सुरुको वाक्य ।

प्रश्न ६ को उत्तरका लागि 'ख' अन्तर्गतको तेस्रो अनुच्छेद ।

प्रश्न ७ को उत्तरका लागि 'ख' अन्तर्गतको शब्दपत्तीसम्बन्धी अंश ।

प्रश्न ८ को उत्तरका लागि 'ख' अन्तर्गतको तेस्रो अनुच्छेदका चौथो, पाँचौं र छैटौं वाक्य तथा चौथो अनुच्छेदको अन्तिम वाक्य ।

प्रश्न ९ को उत्तरका लागि 'ख' अन्तर्गतको तेस्रो अनुच्छेदको अन्तिम वाक्यांश ।

प्रश्न १० को उत्तरका लागि 'ख' को पाँचौं अनुच्छेद ।

प्रश्न ११ को उत्तरका लागि 'ख' को पाँचौं अनुच्छेदका सुरुका तीन वाक्य तथा छैटौं अनुच्छेद ।

प्रश्न १२ को उत्तरका लागि 'ख' को चौथो अनुच्छेदका पहिलो र तेस्रो वाक्य ।

# विभिन्न शिक्षण–सामग्रीनिर्माण तथा प्रयोगविधि 'ख'

## उद्देश्य

यो पाठ पढिसकेपछि तपाइं निम्न कार्यमा समर्थ हुनुहुनेछ :

क) वस्तुचित्र, रेखाचित्र, प्रतिमूर्ति, स्थानीय वातावरण तालिका पोस्टर, नक्सा आदिको अर्थ बताउन,

ख) तिनको निर्माण गरी शिक्षणमा उपयोग गर्न ।

## विषयवस्तु

वास्तविक वस्तुचित्र, रेखाचित्र, प्रतिमूर्ति, स्थानीय वातावरण, तालिका, पोस्टर, नक्सा आदि सामग्रीको भाषाशिक्षणमा ठूलो भूमिका हुन्छ । यस्ता सामग्री दृश्यसामग्रीअन्तर्गत पर्दछन् । तल यिनका बारेमा चर्चा गरिन्छ ।

१. **चित्र तथा रेखाचित्र–** जुन कुराले कुनै तथ्य वा भावलाई अभिव्यक्त गर्दछ त्यसलाई नै हामी चित्र भन्दछौं । चित्रमा वस्तुको चित्रण भएको हुन्छ । पाठ्यपुस्तकका विभिन्न पाठमा पनि चित्र हुन्छन् । तर ती एक त साना हुने हुँदा स्पष्ट हुँदैनन्, अर्को ती पर्याप्त पनि हुँदैनन् । चित्रहरू मात्र कक्षामा थुपार्नु भने राम्रो हुँदैन । तिनीहरूको प्रयोग उद्देश्यमूलक हुनुपर्दछ । चित्रहरू खास गरी शब्दार्थ बुझाउन, बोधको सारांश बुझाउन, भावार्थको व्याख्या गर्न जस्ता काममा उपयोग गर्न सकिन्छ । मौखिक तथा लिखित रचनाका लागि पनि यिनको उपयोग राम्रो हुन्छ । त्यसका साथै जीवनीशिक्षण, युद्ध, कुनै स्थानविशेषको चित्रण, मेला आदिको अनुभव तथा धारणा दिई विद्यार्थीहरूलाई तिनका बारेमा वर्णन गर्न लगाउन पनि सकिन्छ । त्यसबाहेक कुनै खास प्रसङ्ग झल्किने चित्रहरू दिई तिनका आधारमा सिलसिलाबद्ध अभिव्यक्ति दिन लगाउन पनि सकिन्छ ।

चित्र सबै विद्यार्थीले देख्न सक्ने ठाउँमा राख्नुपर्दछ । यो सम्पूर्ण विद्यार्थीले देखेर बुझ्न सक्ने आकारको हुनुपर्दछ । चित्रहरू विभिन्न पत्रपत्रिकाबाट सङ्कलन गर्न वा अरूद्वारा बनाउन लगाउन पनि सकिन्छ ।

चित्र नपाएका खण्डमा रेखाचित्रको पनि उपयोग गर्न सकिन्छ । केही रेखाहरूको माध्यमबाट भाव झल्किने मूक अभिव्यक्त रेखाचित्र हुन् । जस्तै;



(हेर र भन यी मानिसहरू को कता फर्केका छन् ।)

उपर्युक्त खालका रेखाचित्रहरू श्यामपाटीमा कोरेर पनि विभिन्न भाग, धारणा, शब्दार्थ तथा व्याकरणको स्पष्टीकरण दिन उपयोग गर्न सकिन्छ ।

२. **वस्तु तथा प्रतिमूर्ति–** विभिन्न वस्तुहरूको धारणा बसाल्न वास्तविक वस्तुको उपयोग राम्रो मानिन्छ । त्यस्ता वस्तुहरूको मौखिक तथा लिखित वर्णन गराउन पनि यस्ता वस्तु बढी प्रभावकारी मानिन्छ । तर कक्षामा देखाइने वास्तविक वस्तु स्वाभाविक हुनुपर्दछ । वास्तविक पदार्थ उपयोग गर्न नसकिने विषयका बारेमा धारणा दिन, छलफल गराउन, वर्णन विवरण दिन लगाउन चाहेमा प्रतिमूर्तिको उपयोग उपयुक्त हुन्छ । वास्तविक वस्तुको प्रतिनिधि नै प्रतिमूर्ति हो । जस्तै गाई, हात्ती, भैंसी आदिका बारेमा वर्णन गराउनु छ भने त्यस्ता वस्तुको प्रतिमूर्ति मात्र कक्षामा प्रयोग गर्न सकिन्छ । प्रतिमूर्ति वास्तविक वस्तुको सानो रूप हुने हुँदा वास्तविक वस्तुमा हुने सम्पूर्ण अङ्ग यसमा हुनु बेस हुन्छ ।

३. **स्थानीय वातावरण–** कहिलेकाहीँ स्थानीय वातावरणलाई पनि शिक्षण-सामग्रीका रूपमा उपयोग गर्न सकिन्छ । विद्यार्थीको अनुभवको सेरोफेरोभित्र पर्ने विभिन्न चाडपर्व, खोलानाला, धारा, कुवा, खेतीपाती, बालीनाली, समुदायका विविध कार्यकलाप र कक्षाकोठा तथा विद्यालयको हातासमेत स्थानीय वातावरणभित्र पर्दछ । यस्ता सामग्रीको प्रयोग कक्षाभित्र वा बाहिरसमेत गराउन सकिन्छ । यस्ता सामग्रीको उपयोग गरी शब्दभण्डार, मौखिक तथा लिखित अभिव्यक्तिको अभ्यास गराउन सकिन्छ र साथै व्याकरणका विभिन्न तत्वको पनि ।

४. **तालिका–** यो पनि एउटा सशक्त दृश्य सामग्री हो जसका माध्यमबाट तथ्यहरूलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्न सकिन्छ । प्राथमिक तहमा खास गरी नेपाली वर्णमाला सिकाउँदा, व्याकरणका विभिन्न कुराको वर्गीकरण सिकाउँदा, कुनै पाठको सारांश प्रस्तुत गर्दा तालिका उपयोगी साधन बन्न सक्दछ । त्यसै गरी कथाको र जीवनीको घटनाक्रम बताउँदा पनि यसको उपयोग प्रभावकारी हुन्छ ।

५. **पोस्टर–** एक प्रकारकोविज्ञापन-चित्रलाईपोस्टर मनिन्छ।यसले द्रष्टाको ध्यान तुरुन्त आकर्षण गर्दछ र बढी सन्देशप्रद हुन्छ । भाषाशिक्षणमा यसको उपयोग भाषा-कक्षा सजाउन, बोधको अभ्यास गराउन गर्न सकिन्छ ।

६. **नक्सा–** नक्सा पनि भाषाशिक्षणमा त्यति सारै प्रयोगमा आउने सामग्री होइन । कहिलेकाहीँ भने यसको उपयोग अत्यावश्यक हुन्छ । कुनै ऐतिहासिक तथा भौगोलिक स्थलको वर्णन वा व्याख्या, कुनै स्थलविशेषको वर्णन आदि कुराको शिक्षणमा नक्सा उपयोग गर्दा पाठलाई सरल बनाउन सकिन्छ ।

**सारांश**

चित्र, रेखाचित्र, वस्तु, प्रतिमूर्ति, स्थानीय वातावरण, तालिका, पोस्टर, नक्साजस्ता सामग्रीहरू दृश्य साधन-अन्तर्गत पर्दछन् ।

– जुन कुराले कुनै तथ्य वा भावनाई अभिव्यक्त गर्दछ त्यसलाई नै हामी चित्र भन्दछौँ । त्यही उद्देश्यका लागि चित्रका अभावमा हामी रेखाचित्र पनि उपयोग गर्न सक्दछौँ । चित्र वा रेखाचित्र शिक्षक आफैँले बनाएर प्रस्तुत गरे पनि हुन्छ र सो सम्भव नभए कुनै पत्रपत्रिकाबाट सङ्कलन गरेर वा अरूद्वारा बनाउन लगाएर पनि उपयोग गर्न सकिन्छ । चित्रहरू खास गरी शब्दार्थ, सारांश, व्याख्या आदि कुरा स्पष्ट गर्न प्रयोग गर्न सकिन्छ । त्यसबाहेक मौखिक तथा लिखित रचनाका लागि चित्रहरू उपयोगी हुन्छन् । कक्षामा प्रस्तुत गरिने चित्र तथा रेखाचित्र स्पष्ट, सफा र सबैले देख्ने आकारका हुनुपर्दछ ।

– जुन वस्तुको शिक्षण गर्नुपर्ने हो त्यसलाई कक्षामा लगेर वास्तविक रूपमा देखाउनु वास्तविक वस्तु हो । कुनै-कुनै वस्तुहरू कक्षामा लैजान नमिल्ने हुन्छन् । त्यस्ता अवस्थामा त्यस्ता वस्तुको सानो रूप नमुनाका रूपमा

बनाएर कक्षामा लगिन्छ । त्यही नमुनालाई प्रतिमूर्ति भनिन्छ । वास्तविक वस्तु र प्रतिमूर्तिको उपयोग विषयको धारणा दिन, मौखिक तथा लिखित अभिव्यक्तिको अभ्यास गराउन, शब्दभण्डार बढाउन आदि कुरामा उपयोग गर्न सकिन्छ ।

– स्थानीय वातावरण भन्नाले विद्यार्थीले दैनिक जीवनमा अनुभव गरेका, देखेका विषयवस्तु भन्ने बुझिन्छ । स्थानीय पाखापखेरा, खोलानाला, चाडपर्व, मेला र कक्षाकोठा तथा विद्यालयको हातालाई समेत स्थानीय वातावरणका रूपमा लिन सकिन्छ । यस्ता सामग्रीको उपयोग गरी शब्दभण्डार, मौखिक तथा लिखित अभिव्यक्तिको अभ्यास र व्याकरणका विभिन्न तत्त्वको अभ्याससमेत गराउन सकिन्छ ।

– विभिन्न तथ्यहरूलाई क्रमबद्ध रूपमा सँगालिएको दृश्य सामग्रीलाई तालिका भन्न सकिन्छ । तालिकालाई वर्णमाला-शिक्षणमा, व्याकरणका विभिन्न कुराको वर्गीकरण सिकाउन, कुनै पाठको सारांश प्रस्तुत गर्न, जीवनी वा कथाको घटनाक्रम प्रस्तुत गर्न उपयोग गर्न सकिन्छ ।

– एक प्रकारको विज्ञापन-चित्रलाई पोस्टर भनिन्छ । यो आकर्षक र सन्देशप्रद भए पनि भाषाशिक्षणमा त्यति उपयोगी सामग्री होइन । यसको उपयोग भाषाकक्षा सजाउन र बोधको अभ्यासमा भने गर्न सकिन्छ ।

– कुनै ठाउँविशेषलाई दर्साइने सामग्री नक्सा हो । भौगोलिक तथा ऐतिहासिक स्थलको वा कुनै स्थल-विशेषको वर्णन वा व्याख्या गर्न यसको उपयोग गर्न सकिन्छ ।

## आत्ममूल्याङ्कन

१. प्रमुख दृश्य सामग्रीहरू के के हुन् ?
२. भाषाशिक्षणमा चित्रको प्रयोग के केको शिक्षणमा गर्नुपर्दछ ?
३. रेखाचित्र कुन अवस्थामा प्रयोग गर्नुपर्दछ ?
४. रेखाचित्र कुन-कुन कुराका लागि उपयोग गर्न सकिन्छ ?
५. वास्तविक वस्तुको उपयोग के के कुराका लागि गर्न सकिन्छ ?
६. प्रतिमूर्ति भनेको के हो ?
७. प्रतिमूर्ति केका लागि प्रयोग गर्नुपर्दछ ?
८. स्थानीय वातावरण भन्नाले के बुझिन्छ ?
९. स्थानीय वातावरण कुन-कुन कुराको शिक्षणमा उपयोग गर्न सकिन्छ ?
१०. तालिका कस्ता अवस्थामा प्रयोग गर्नुपर्दछ ?
११. भाषाशिक्षणमा पोस्टरको उपयोगिता के छ ?
१२. नक्सा कुन कुराको शिक्षण गर्न प्रयोग गर्नु राम्रो हुन्छ ?

## पृष्ठपोषण

प्रश्न १ को उत्तरका लागि विषयवस्तुको सुरुका दुई वाक्य ।
प्रश्न २ को उत्तरका लागि बुँदा १ का सातौं वाक्यपछिका वाक्यहरू ।
प्रश्न ३ को उत्तरका लागि बुँदा १ को तेस्रो अनुच्छेद ।
प्रश्न ४ को उत्तरका लागि बुँदा १ को चौथो अनुच्छेद ।
प्रश्न ५ को उत्तरका लागि बुँदा २ को दोस्रो वाक्य ।

प्रश्न ६ को उत्तरका लागि बुँदा २ को चौथो र पाँचौं वाक्य ।

प्रश्न ७ को उत्तरका लागि बुँदा २ को तेस्रो वाक्य ।

प्रश्न ८ को उत्तरका लागि बुँदा ३ का सुरुका दुई वाक्य ।

प्रश्न ९ को उत्तरका लागि बुँदा ३ को अन्तिम वाक्य ।

प्रश्न १० को उत्तरका लागि बुँदा ४ को दोस्रो र तेस्रो वाक्य ।

प्रश्न ११ को उत्तरका लागि बुँदा ५ को सम्पूर्ण अनुच्छेद ।

प्रश्न १२ को उत्तरका लागि बुँदा ६ को सम्पूर्ण अनुच्छेद ।

पाठ ७७ :

# विभिन्न किसिमका शिक्षण-सामग्री निर्माण तथा प्रयोगविधि (ग)

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाइं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क: निम्न कुराको परिचय दिन
श्यामपाटी, फलाटिनपाटी, गोर्जा-तालिका,

ख) तिनको निर्माण र प्रयोगविधि बताउन,

ग) कक्षामा तिनको उपयोग गर्न ।

**विषयवस्तु**

दृश्य सामग्री प्रस्तुत गर्न प्रयोग गरिने सामग्रीहरू हुन्– श्यामपाटी, फलाटिनपाटी र गोर्जा-तालिका।

**क) श्यामपाटी**

**परिचय** : कक्षामा विभिन्न कुराहरू लेखेर देखाउन प्रयोग गरिने पाटीलाई श्यामपाटी भनिन्छ। यो काठ वा स्लेटले बनेको हुन्छ। यसलाई फ्रेममित्र राखेर अड्याइन्छ। यसमा उबडखाबड हुनु हुँदैन र प्राय: चिप्लो हुनुपर्दछ। यसको आकार सामान्य ३' चौडाइ र ४'६" को हुनुपर्दछ। तर कक्षाको आकार हेरी यसलाई केही ठूलो बनाउन पनि सकिन्छ। यो शिक्षकको घनिष्ठ मित्र हो। यो प्राय: सर्वसुलभ हुन्छ र हुनुपर्छ। यसको रङ्ग धेरैजसो कालो नै हुन्छ तर त्यसबाहेक हिजोआज पहेंलो, हरियो र सेतोको पनि चलन छ। साथै त्यस्ता प्रयोगपाटीमा मार्कर कलमले लेख्ने चलन पनि आएको छ।

**प्रयोग** : भाषाशिक्षणमा श्यामपाटीको बढी प्रयोग हुन्छ। यसको प्रयोगले पाठ्यवस्तुलाई स्पष्ट पार्न मद्दत मिल्दछ। खासखास कुरामा विद्यार्थीको ध्यान केन्द्रित गर्न पनि यसले मद्दत गर्दछ। रेखाचित्र कोरेर कुनै कुरा स्पष्ट गर्न, उच्चारण-शिक्षण गर्न, शब्दार्थ-शिक्षण गर्न र वाक्यमा प्रयोग गर्न, व्याकरणको परिभाषा, उदाहरण, रूपान्तरण, प्रयोग आदि बताउन यसको बढी उपयोग हुन्छ। पाठका मुख्यमुख्य बुँदाहरू लेख्न, नमुना प्रश्नहरू लेख्न, उत्तर र अन्य कुरा शुद्ध गरिदिन पनि श्यामपाटीको उपयोग गर्न सकिन्छ।

श्यामपाटीको प्रयोगमा ध्यान दिनुपर्ने कुराहरू :

- स्पष्ट र सफासित लेख्नुपर्दछ।
- सम्पूर्ण कक्षाले देख्न सक्ने अक्षरको आकार हुनुपर्दछ।
- आवश्यक कुरा मात्र लेख्नुपर्दछ, अनावश्यक कुरा हटाइहाल्नुपर्छ।
- शुद्धसँग लेख्नुपर्दछ।
- श्यामपाटी सधैं सफा हुनुपर्दछ।

**ख) फलाटिनपाटी**

**परिचय** : फलाटिनको कपडाले मोरेर उजिन्डोसहित राखिएर बनाएको पाटीलाई फलाटिनपाटी भनिन्छ। शिक्षकले श्यामपाटीमा लेख्दा बढी समय लाग्ने वा लेखेर देखाउन नसक्ने कैयौं चित्र, तालिका, पोस्टर पनि शिक्षण गर्दा

प्रयोग गर्नुपर्ने हुन्छ। ती सामग्रीहरू तुरुन्तै, आकर्षक र नाटकीय पाराले प्रदर्शन गर्न फलाटिनपाटी उपयोगी हुन्छ। व्याख्या गर्न, प्रश्नोत्तर गर्न, कथा सुनाउन, दृश्य साधनको समेत सम्बन्ध गराउनुपर्दा पनि यसको प्रयोग गर्नु राम्रो हुन्छ। फलाटिनपाटीको प्रयोगबाट अक्षर, शब्द, वाक्य, चित्र आदिलाई उपयुक्त समयमा परिवर्तन गर्न भ्याइन्छ। यसले गर्दा सिकाइ प्रभावकारी बन्न जान्छ।

फलाटिनपाटीमा कुन कुरा कति बेला कसरी प्रयोग गर्ने भन्ने कुराको शिक्षकले पहिले नै योजना गर्नुपर्दछ।

**निर्माणविधि** : यो २४"X३०" को चारकुने आकारको हुनुपर्दछ। आवश्यकताअनुसार यसलाई केही ठूलो वा सानो पनि बनाउन सकिन्छ। फलाटिनको कपडाले प्लाइउड वा त्यस्तै हलुका काठको पातालाई मोरेर यसलाई तयार गरिन्छ। राम्ररी अड्याउन पछाडि चारैतिर १" कपडा मोडेर थम्बपिन वा स्टापलरपिन लगाउनुपर्दछ। भुन्ड्याउनका लागि कपडा वा धागोको एउटा उजिन्डो पनि बनाउनुपर्दछ। उजिन्डो फलाटिनपाटीको एकापट्टिको बीच किनारमा अल्झाउनुपर्दछ। फलाटिनपाटीमा राखेर देखाइने सामग्रीका पछाडि दुई-तीनओटा सानासाना खास्सीका टुक्रा टाँस्नुपर्छ। खास्सी नभए स्पन्ज राखे पनि हुन्छ र स्पन्ज पनि नपाए गुँद लगाई मसिनो बालुवा छरे पनि हुन्छ। फलाटिनपाटीको प्रयोगमा ध्यान दिनुपर्ने कुराहरू :

- यसलाई विद्यार्थीले राम्रोसँग देख्न सक्ने ठाउँमा राख्नुपर्दछ।
- शिक्षकले छेक्नु हुँदैन।
- पाटीमा चित्र राख्दा माथिबाट तलतिर क्रम मिलाएर राख्नुपर्दछ।
- एकैचोटि धेरै कुरा देखाउनु हुँदैन।

**ग) गोजीतालिका**

**परिचय** : बाक्लो कागजमा गोजीहरू राखेर बनाइने हुँदा यसलाई गोजीतालिका नाम दिइएको हो। हुन त यो श्यामपाटीजस्तो अनिवार्य सामग्री होइन तर यसको राम्ररी प्रयोग गरेका खण्डमा यसले कक्षालाई रोचक, उद्देश्यमूलक र गतिशील बनाउँदछ।

**निर्माणविधि** : सबभन्दा पहिले गोजीतालिका बनाउन १८"X२४" वा २४"X२४" बाक्लो कागज वा कार्डबोर्ड लिनुपर्दछ। उक्त कागजलाई ठाडो वा तेर्सो पारी तीन-चार लहर हुने गरी ५" चौडा र २" गहिरा गोजीहरू बनाउनुपर्दछ। प्रत्येक गोजीका बीच कम्तीमा पनि १" दूरी हुनुपर्दछ। वाक्यपत्तीका लागि बेग्लै लहर पनि बनाउन सकिन्छ।

**प्रयोग** : गोजी-तालिकाका गोजीमा राख्न ४"X५" का पत्तीहरू तयार गर्नुपर्दछ। ती पत्तीमा तलतिर २" छोडेर जे जे प्रस्तुत गर्नुपर्ने हो त्यो त्यो लेखेर तयार गर्नुपर्दछ। सामान्यतः गोजीतालिका अक्षर चिनारीका लागि, शब्दार्थ-शिक्षण गर्दा, वाक्यप्रयोग सिकाउनुपर्दा, व्याकरणका नियमहरू, उदाहरण र प्रयोग सिकाउनुपर्दा, गल्तीको निराकरण गर्नुपर्दा आदि अवस्थामा प्रयोग गर्न सकिन्छ।

**सारांश**

सामान्यतः ३"X४'६" आकारको काठ वा स्लेटले बनेको र फ्रेमले अड्याइएको पाटी नै श्यामपाटी हो। यो सामान्यतः कालो रङ्को हुने भए पनि हिजोआज पहेंलो, हरियो र सेतोको पनि चलन छ। यसको प्रयोगले पाठ्यवस्तुलाई स्पष्ट पार्न मद्दत मिल्नाका साथै विद्यार्थीको ध्यान खास बुँदामा केन्द्रित गर्न पनि यसको उपयोग गरिन्छ। त्यसबाहेक रेखाचित्र कोरेर कुनै कुरा स्पष्ट गर्न, उच्चारण-शिक्षण गर्न, शब्दार्थ-शिक्षण गर्न, वाक्यमा प्रयोग

गर्न, व्याकरणको परिभाषा, उदाहरण, रूपान्तरण, प्रयोग आदि बताउन यसको बढी उपयोग हुन्छ । त्यसै गरी पाठका मुख्यमुख्य बुँदा लेख्न, नमुना प्रश्न लेख्न, उत्तर र अन्य कुरा शुद्ध गर्न पनि यसको प्रयोग आवश्यक हुन्छ ।

श्यामपाटी प्रयोग गर्दा त्यसमा स्पष्ट र सफासित लेख्नुपर्दछ, अक्षरको आकार सबै विद्यार्थीले देख्न सक्ने हुनुपर्दछ, आवश्यक कुरा मात्र लेख्नुपर्छ र अनावश्यक कुरा हटाइहाल्नुपर्दछ, शुद्धसँग लेख्नुपर्दछ र श्यामपाटी सधैं सफा राख्नुपर्दछ ।

फलाटिनको कपडाले मोरेर उजिन्डोसहित राखेर बनाइएको पाटीलाई फलाटिनपाटी भनिन्छ । यो २४"x३०" को चारकुने आकारको हुनुपर्दछ । फलाटिनको कपडाले प्लाइउड वा त्यस्तै हलुका काठको पातालाई मोरेर यसलाई तयार गर्नुपर्दछ । सो पातालाई राम्ररी अडयाउन चारैतिर १" जति कपडा मोडेर पिन वा स्टिचले सिउनुपर्दछ । धागो वा कपडाको एउटा उजिन्डो माथितिर बीच किनारमा लगाउनुपर्दछ । फलाटिनपाटीमा राखेर देखाइने सामग्रीका पछाडि दुई-तीन टुक्रा खाक्सी, स्पन्ज वा गुँद लगाई त्यसमा मसिनो बालुवा छर्नुपर्दछ । यसरी तयार गरिएको फलाटिनपाटी श्यामपाटीका तुलनामा सामग्रीहरूलाई तुरुन्तै, आकर्षक र नाटकीय पाराले प्रदर्शन गर्न उपयोगी हुन्छ । त्यसै गरी व्याख्या गर्न, प्रश्नोत्तर गर्न, कथा सुनाउन, दृश्य साधनको समेत सम्बन्ध गराउनुपर्दा पनि यो उपयोगी साधन हुन्छ । यसको प्रयोगबाट अक्षर, शब्द, वाक्य, चित्र आदिलाई उपयुक्त समयमा परिवर्तन गर्न भ्याइन्छ । यसले गर्दा सिकाइ प्रभावकारी हुन्छ । तर फलाटिनपाटी कुन बेला कसरी प्रयोग गर्ने भन्ने कुराको शिक्षकले पहिले नै योजना गर्नुपर्दछ ।

फलाटिनपाटीको प्रयोग गर्दा यसलाई विद्यार्थीले राम्रो देख्न सक्ने ठाउँमा र नछेकिने गरी राख्नुपर्दछ । पाटीमा चित्र राख्दा माथिबाट तलतिर क्रम मिलाएर राख्नुपर्दछ र एकैचोटि धेरै कुरा देखाउनु हुँदैन ।

बाक्लो कागजमा गोजीहरू राखेर बनाइने हुँदा यसलाई गोजीतालिका नाम दिइएको हो । यसले कक्षालाई रोचक, उद्देश्यमूलक र गतिशील बनाउँदछ । यो सामान्यत: १८"X२४" वा २४"X२४" बाक्लो कागज वा कार्डबोर्डमा ४" लम्बा, ५" चौडा र २" गहिरा गोजीहरू टाँसेर वा सिएर तयार गरिन्छ । प्रत्येक गोजीका बीच कम्तीमा १" दूरी हुनुपर्दछ । वाक्यपत्तीका लागि छुट्टै लहर बनाउन पनि सकिन्छ । गोजीतालिकाका गोजीमा राख्न ४"X५" का पत्तीहरू तयार गर्नुपर्दछ । ती पत्तीका तलतिर २" छोडेर जे जे प्रदर्शन गर्नु छ ती कुरा सफा, स्पष्ट तथा शुद्धसँग लेख्नुपर्दछ । सामान्यत: गोजीतालिका अक्षर चिनारी गराउन, शब्दार्थ-शिक्षण गर्न, वाक्यप्रयोग गराउन, व्याकरणका नियम, उदाहरण, प्रयोग सिकाउन, गल्तीको निराकरण गर्न आदि उद्देश्यका लागि प्रयोग गर्न सकिन्छ ।

**आत्ममूल्याङ्कन**

१. दृश्य सामग्री प्रदर्शन गर्न प्रयोग गरिने सामग्रीहरू के के हुन् ?
२. श्यमपाटी कसरी बनाइएको हुन्छ ?
३. श्यामपाटी कुन-कुन रङको पाइन्छ ?
४. श्यामपाटीको प्रयोग कुन-कुन कुराको लागि गर्नुपर्दछ ?
५. श्यामपाटीको प्रयोग कसरी गर्नुपर्दछ ?
६. फलाटिनपाटी कसरी बनाउनुपर्दछ ?
७. फलाटिनपाटी कुन-कुन कुराका लागि प्रयोग गर्न सकिन्छ ?
८. फलाटिनपाटीको प्रयोग गर्दा कुन-कुन कुरालाई ध्यान दिनुपर्दछ ?
९. गोजीतालिका कसरी बनाउनुपर्दछ ?

१० गोर्जीनालिकाद्वारा प्रस्तुत गरिने सामग्री कसरी तयार गर्नुपर्दछ ?
११ गोर्जीनालिका कुन-कुन कुराका लागि प्रयोग गर्न सकिन्छ ?

**पृष्ठपोषण**

प्रश्न १ को उत्तरका लागि विषयवस्तुको सुरुको वाक्य ।
प्रश्न २ को उत्तरका लागि 'क' का सुरुका छ वाक्यहरू ।
प्रश्न ३ को उत्तरका लागि 'क' को अन्तिमभन्दा पहिलेको वाक्य ।
प्रश्न ४ को उत्तरका लागि 'क' को दोस्रो अनुच्छेद ।
प्रश्न ५ को उत्तरका लागि 'क' को तेस्रो अनुच्छेदका बुँदाहरू ।
प्रश्न ६ को उत्तरका लागि 'ख' को दोस्रो अनुच्छेद ।
प्रश्न ७ को उत्तरका लागि 'ख' को पहिलो अनुच्छेदको दोस्रो वाक्यदेखिका वाक्य ।
प्रश्न ८ को उत्तरका लागि 'ख' को तेस्रो अनुच्छेदका बुँदाहरू ।
प्रश्न ९ को उत्तरका लागि 'ग' को दोस्रो अनुच्छेद ।
प्रश्न १० को उत्तरका लागि 'ग' को तेस्रो अनुच्छेदका सुरुका दुई वाक्य ।
प्रश्न ११ को उत्तरका लागि 'ग' को तेस्रो अनुच्छेदको अन्तिम वाक्य ।

## एकाइ सत्र :

# भाषिक मूल्याङ्कन

## पाठ ७८ :

# भाषिक मूल्याङ्कनको परिचय

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं भाषिक मूल्याङ्कनको परिचय दिन सक्नुहुनेछ ।

**विषयवस्तु**

मूल्याङ्कन शिक्षणको अभिन्न अङ्ग हो । यसले विद्यार्थीको प्रगतिको जानकारी दिन्छ । भाषा विषयमा गरिने मूल्याङ्कनलाई भाषिक मूल्याङ्कन भनिन्छ । भाषिक मूल्याङ्कन र अरू विषयको मूल्याङ्कनमा फरक हुन्छ । अरू विषयको मूल्याङ्कन गर्दा विषयवस्तुलाई जोड दिइन्छ भने भाषाको मूल्याङ्कनमा भाषिक सीप र भाषातत्त्वलाई जोड दिनुपर्दछ । त्यसैले यसमा औपचारिक र अनौपचारिक दुवै किसिमका मूल्याङ्कन गरिराख्नुपर्दछ । भाषा व्यवहारमा देखिने विषय भएकाले अनौपचारिक मूल्याङ्कनको आवश्यकता पनि त्यति नै पर्दछ जति औपचारिक । कतिपय कुराहरूको मूल्याङ्कन त शिक्षणकै क्रममा पनि गर्न सकिन्छ ।

भाषिक मूल्याङ्कनले भाषिक क्षमताको आँकलन गर्न मद्दत गर्दछ । यसमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ र तीसँग सम्बन्धित शब्दभण्डार, उच्चारण, सस्वर पठन, पठनबोध, शब्दप्रयोग, लिखित रचना, भाषातत्त्वजस्ता कुराको मूल्याङ्कन गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूले के कति प्रगति गरे, उनीहरूको कठिनाइ के छ र त्यो कठिनाइको कारण के हो, उक्त कठिनाइ हटाउन कस्तो अभ्यास तथा कस्तो निराकरणात्मक शिक्षण गर्नुपर्दछ भन्ने पनि जानकारी मिल्दछ । त्यसका साथै कुन-कुन पाठयांश धेरै सरल भए, कुन-कुन उपयुक्त छन् र कुन-कुन धेरै कठिन भए भन्ने कुराको जवाफ पनि मूल्याङ्कनबाटै पाइन्छ । फेरि यसले शिक्षण-कार्यकलाप र शिक्षण-सामग्री उपयुक्त भए-नभएको थाहा दिन्छ जसले गर्दा शिक्षकले आफ्नो शिक्षणलाई सुधार्न सक्दछ । त्यसै गरी विद्यार्थीलाई यसबाट पृष्ठपोषण प्राप्त हुनेहुँदा भाषासिकाइमा उनीहरू सक्रियता बढाउन पाउँदछन् । अझ पाठ्यक्रम र पाठ्यपुस्तक सुधारमा समेत यसले मद्दत पुऱ्याउँदछ ।

**सारांश**

भाषा विषयमा गरिने मूल्याङ्कनलाई भाषिक मूल्याङ्कन भनिन्छ । भाषिक मूल्याङ्कनमा भाषिक सीप र क्षमताको मूल्याङ्कन गरिने हुँदा यसमा औपचारिक र अनौपचारिक दुवै किसिमका उपायहरू अवलम्बन गर्नुपर्दछ ।

भाषिक मूल्याङ्कनले भाषिक क्षमताको आँकलन गर्न मद्दत गर्दछ । यसमा सुनाइ, बोलाइ, पढाइ, लेखाइ र तीसँग सम्बन्धित शब्दभण्डार, उच्चारण, सस्वर पठन, पठनबोध, शब्दप्रयोग, लिखित रचना, भाषातत्त्वजस्ता कुराको मूल्याङ्कन गर्नुपर्दछ । यस्तो मूल्याङ्कनले ती सीपमा विद्यार्थीको प्रगति, उनीहरूको कठिनाइक्षेत्र र त्यसको निराकरणका उपाय, पाठ्यसामग्रीको स्तर आदिको जानकारी दिन्छ । यसको साथै यसबाट शिक्षणलाई सुधार्ने अवसर, विद्यार्थीलाई पृष्ठपोषण, पाठ्यक्रम-पाठ्यपुस्तकको परिमार्जनको दिशाबोध प्रदान गर्दछ ।

## आत्ममूल्याङ्कन

१. माषिक मूल्याङ्कन भनेको के हो ?
२. माषिक मूल्याङ्कन र अरू विषयको मूल्याङ्कनमा के फरक हुन्छ ?
३. भाषामा अनौपचारिक मूल्याङ्कनको आवश्यकता किन पर्दछ ?
४. माषिक मूल्याङ्कनमा कुन-कुन कुराको मूल्याङ्कन गर्नुपर्दछ ?
५. माषिक मूल्याङ्कनबाट हुने फाइदाहरू के के हुन् ?
६. 'मूल्याङ्कन शिक्षणको अभिन्न अङ्ग हो ।' यस मनाइको पुष्टि गर्नुहोस् ।

## पृष्ठपोषण

प्रश्न १ को उत्तरका लागि विषयवस्तुको पहिलो अनुच्छेदको दोस्रो वाक्य ।
प्रश्न २ को उत्तरका लागि विषयवस्तुको उक्त शीर्षकको चौथो वाक्य ।
प्रश्न ३ को उत्तरका लागि उक्त विषयवस्तुको उक्त शीर्षकको पहिलो अनुच्छेदका अन्तिम दुई वाक्य ।
प्रश्न ४ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेदको दोस्रो वाक्य ।
प्रश्न ५ को उत्तरका लागि उक्त शीर्षकको दोस्रो अनुच्छेदको दोस्रो वाक्यपछिका वाक्यहरू ।
प्रश्न ६ को उत्तरका लागि दोस्रो अनुच्छेदको तेस्रो वाक्यदेखिका अंशलाई आधार मान्ने ।

पाठ ३२ :

# भाषिक मूल्याङ्कनका साधनहरू

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क) भाषिक मूल्याङ्कनका साधनहरूको परिचय दिन,

ख) भाषिक मूल्याङ्कन गर्दा उक्त साधनहरूको उपयोग गर्न ।

**विषयवस्तु**

भाषिक मूल्याङ्कनका प्रमुख साधनहरू हुन् मौखिक जाँच, लिखित जाँच र पर्यवेक्षण ।

**क) मौखिक जाँच**

मौखिक रूपमा लिइने जाँच नै मौखिक जाँच हो । भाषिक मूल्याङ्कनमा यसको ठूलो महत्व हुन्छ । मौखिक जाँच लिइएन भने पाठ्यक्रमका कतिपय उद्देश्यहरू पूरा भए-नभएको थाहा पाउन सकिँदैन । सुनाइ, बोलाइजस्ता सीपसँग सम्बन्धित विभिन्न कुराहरूको मूल्याङ्कन मौखिक जाँचबिना सम्भव हुँदैन । जस्तै; श्रुतिबोध, वर्ण, शब्द तथा वाक्यविभेदीकरण, उच्चारण, मौखिक अभिव्यक्ति, रूपकका विभिन्न उपविधाहरू, लयबोध आदिको मूल्याङ्कन मौखिक रूपबाट मात्र गर्न सकिन्छ । अत: मौखिक साधनको उपयोग गरिएन भने त्यस्तो मूल्याङ्कन अपूरो नै रहन्छ ।

**ख) लिखित जाँच**

लिखित रूपमा लिइने जाँचलाई लिखित जाँच भनिन्छ । यस जाँचबाट पठनबोध, भावार्थ, व्याख्या, सारांश, लिखित रचना, भाषातत्त्वजस्ता कुराहरूको मूल्याङ्कन गर्न सकिन्छ । लिखित जाँचका लागि विषयगत र वस्तुगत गरी दुई प्रकारका प्रश्नहरूको प्रयोग गरिन्छ । वर्तमान मूल्याङ्कन-व्यवस्थामा लिखित जाँचले धेरै नै महत्व पाएको छ । तर त्यसले गर्दा फाइदा र बेफाइदा दुवै भएका छन् । फाइदा किनभने लिखित जाँचबाट सिर्जनात्मक स्वतन्त्र अभिव्यक्ति-क्षमता बढ्ने हुँदा विद्यार्थीमा आत्मविश्वास पनि बढ्दै जान्छ । बेफाइदा किनभने मौखिक अभिव्यक्तिसँग सम्बन्धित सीपहरूको मूल्याङ्कन हुन पाउँदैन ।

**ग) पर्यवेक्षण**

पर्यवेक्षण अनौपचारिक किसिमको मूल्याङ्कन-साधन हो । यो मौखिक र लिखित जाँचमन्दा भिन्नै किसिमको हुन्छ । मौखिक र लिखित जाँच औपचारिक किसिमका हुने भएकाले विद्यार्थीहरू डराउने, थक मान्ने आदि गर्दछन् । जसले गर्दा उनीहरूको भाषिक क्षमता सही रूपमा ठम्याउन गाह्रो पनि पर्न सक्छ । त्यसैले उनीहरूका दैनिक कार्यकलापमा साथी-सङ्गातीसँग भाषिक सम्पादन उपयुक्त स्तरमा गर्दछन् वा गर्दैनन् भनेर हेर्ने गरिन्छ । मौखिक भाषाप्रयोगका क्रममा त्यसको प्रसङ्ग, वक्ता-श्रोता र त्यसअनुरूपको अन्तरक्रिया (हाउभाउ, चेष्टा, भावाभिव्यक्ति-प्रणालीको अवलोकनसमेत) को सही जानकारी लिन पर्यवेक्षणको उपयोग गरिन्छ । यसबाट कुराकानी, छलफल, वादविवाद, नाटकीकरण आदि मौखिक कार्यकलापहरूमा विद्यार्थीहरूको क्षमता आँक्न सकिन्छ । फेरि पर्यवेक्षणले मौखिक युक्तिका लागि पूरकको काम गर्दछ । तर यसको उपयोग गर्दा वस्तुगत अभिलेख गर्नुमा जोड दिनुपर्दछ ।

पर्यवेक्षणका लागि अभिलेख राख्न तलका अवलोकन-युक्तिहरू उपयोग गर्नुपर्दछ :

**(१) जाँचसूची**

जाँचसूचीमा पर्यवेक्षण गर्नुपर्ने कुराका मुख्य-मुख्य मुद्दाको सूची बनाइएको हुन्छ । ती बुँदामा विभिन्न किसिमका विकल्प वा उत्तरहरू दिइएका हुन्छन् । आवश्यकताअनुसार कुनै अन्य लेख्नुपर्ने त्यसमा खाली ठाउँसमेत छाडिएको हुन्छ । यस्तै जाँचसूचीमा जुन विकल्प मिल्दो हुन्छ त्यसमा चिनो लगाइन्छ ।

**(२) श्रेणीमापन**

पर्यवेक्षण गर्न खोजिएका खासखास कुरामा विद्यार्थीको सीप, समझ, धारणा तथा सुझको श्रेणी वा स्तर खुल्ने गरी बनाइएको पर्यवेक्षणको साधनलाई श्रेणीमापन भनिन्छ । जस्तै;

उच्चारण-क्षमता : निम्न / मध्यम / उत्तम / अत्युत्तम

सस्वर वाचन : निम्न / मध्यम / उत्तम / अत्युत्तम

यसै गरी अन्य सीपको पनि उल्लेख गर्दै गइन्छ ।

**सारांश**

भाषिक मूल्याङ्कनका प्रमुख साधनहरू हुन्– मौखिक जाँच, लिखित जाँच र पर्यवेक्षण । सुनाइ र बोलाइ तथा केही पढाइसँग सम्बन्धित सीपहरूको समेत मूल्याङ्कन गर्न मौखिक जाँचबिना सम्भव हुँदैन । फेरि ती सीपमा विद्यार्थीको क्षमता आँकलन गर्न सकिएन भने पाठ्यक्रमका उद्देश्य पूरा भए-नभएको पनि थाहा पाउन सकिँदैन । त्यसैले मौखिक जाँचको पनि आफ्नै महत्त्व हुन्छ ।

पढाइ र लेखाइसँग सम्बन्धित विभिन्न सीपहरूको मूल्याङ्कनका लागि लिखित जाँचको उपयोग गरिन्छ । लिखित जाँचलाई आधार मानी भाषिक मूल्याङ्कन गर्ने हाम्रो अहिलेको परिपाटी छ । लिखित जाँच लिँदा विषयगत र वस्तुगत दुई खाले प्रश्नको उपयोग गर्नुपर्दछ । लिखित जाँचलाई मात्र उपयोग गर्दा मौखिक जाँचबाट मूल्याङ्कन गरिने सीपहरू छुट्ने भएकाले लिखित र मौखिक दुवै जाँचका माध्यमबाट मूल्याङ्कन गर्नु सन्तुलित हुन्छ ।

पर्यवेक्षण उपर्युक्त दुई साधनभन्दा भिन्न किसिमको मूल्याङ्कन-साधन हो । यो अनौपचारिक किसिमको हुन्छ र वास्तविक परिस्थितिमा विद्यार्थीको भाषासम्पादनलाई अवलोकन गरेर अभिलेख राखिन्छ र त्यसका आधारमा टुङ्गोमा पुगिन्छ । पर्यवेक्षणले मौखिक साधनको पूरकका रूपमा पनि कार्य गर्दछ । पर्यवेक्षणमा जाँचसूची र श्रेणीमापनका आधारमा अभिलेख राख्ने र तिनकै आधारमा निष्कर्ष निकाल्ने गरिन्छ ।

**आत्ममूल्याङ्कन**

१. भाषिक मूल्याङ्कनका प्रमुख साधनहरू के के हुन् ?
२. मौखिक जाँच भनेको के हो ?
३. मौखिक जाँच किन आवश्यक हुन्छ ?
४. मौखिक जाँचद्वारा कुन-कुन कुराको मूल्याङ्कन गर्न सकिन्छ ?
५. लिखित जाँच भनेको के हो ?
६. लिखित जाँचद्वारा कुन-कुन कुरा मूल्याङ्कन गर्न सकिन्छ ?

७. लिखित जाँचबाट हुने फाइदा र बेफाइदा के के हुन् ?

८. मौखिक र लिखित जाँच हुँदाहुँदै पनि पर्यवेक्षणको के आवश्यकता छ ?

९. पर्यवेक्षणमा कुन-कुन कुराको मूल्याङ्कन गरिन्छ ?

१०. पर्यवेक्षणले कुन साधनको पूरकको काम गर्दछ ?

११. पर्यवेक्षणमा कुन कुरामा जोड दिनुपर्दछ ?

१२. पर्यवेक्षणका लागि अवलोकन गर्ने साधनहरू के के हुन् ?

१३. ती साधन केका लागि उपयोग गर्नुपर्दछ ?

**पृष्ठपोषण**

प्रश्न १ को लागि विषयवस्तुको सुरुको वाक्य ।

प्रश्न २ को लागि विषयवस्तुको 'क' को सुरुको वाक्य ।

प्रश्न ३ को लागि विषयवस्तुको 'क' को दोस्रो र तेस्रो वाक्य ।

प्रश्न ४ को लागि विषयवस्तुको 'क' को चौथो वाक्य ।

प्रश्न ५ को लागि विषयवस्तुको 'ख' को सुरुको वाक्य ।

प्रश्न ६ को लागि विषयवस्तुको 'ख' को दोस्रो वाक्य ।

प्रश्न ७ को लागि विषयवस्तुको 'ख' को अन्तिम दुई वाक्य ।

प्रश्न ८ को लागि विषयवस्तुको 'ग' को तेस्रो र चौथो वाक्य ।

प्रश्न ९ को लागि विषयवस्तुको 'ग' का पाँचौं र छैटौं वाक्य ।

प्रश्न १० को लागि विषयवस्तुको 'ग' को सातौं वाक्य ।

प्रश्न ११ को लागि विषयवस्तुको 'ग' को अन्तिम वाक्य ।

प्रश्न १२ को लागि विषयवस्तुको 'ग' को दोस्रो अनुच्छेदको वाक्य ।

# भाषिक मूल्याङ्कनका लागि प्रश्नहरू

**उद्देश्य**

यो पाठ पढिसकेपछि तपाईं निम्न कुरामा समर्थ हुनुहुनेछ :

क. विभिन्न किसिमका प्रश्नहरूको परिचय दिन

ख. उक्त प्रश्न निर्माण गरी भाषिक मूल्याङ्कन गर्न

**विषयवस्तु**


खास गरी लिखित जाँचका लागि भाषाशिक्षणमा उपयोग गर्न सकिने प्रश्नहरू दुई प्रकारका हुन्छन् : ती हुन् विषयगत र वस्तुगत ।

विषयगत प्रश्नका दुई किसिम हुन्छन्– निबन्धात्मक र संक्षिप्त उत्तरात्मक :

**निबन्धात्मक प्रश्न** : यस्ता प्रश्नहरू धेरै तलका कक्षाका लागि त्यति उपयोगी हुँदैनन् । कक्षा १ र २ मा यस्ता प्रश्न प्रयोग नगर्न पनि सकिन्छ । यस्ता प्रश्नहरूका उत्तर सिलसिलाबद्ध रूपले विभिन्न अनुच्छेदमा व्यक्त गर्नुपर्ने हुनाले उक्त तहका विद्यार्थीका लागि कठिन हुन जाने सम्भावना हुन्छ । यस्ता प्रश्न खास गरी वर्णन, प्रतिवेदन, निबन्ध-लेखन, सारांश-लेखन, व्याख्या आदि पर्दछन् । यस्ता प्रश्न निर्माण गर्दा स्पष्ट, दोहोरो अर्थ नलाग्ने र विशिष्ट प्रकृतिका हुनुपर्दछ । 'गाईका बारेमा जानेजति लेख' 'किसानका बारेमा के थाहा छ ?' जस्ता प्रश्न सोध्नु उचित हुँदैन । अङ्क दिँदा पनि भाषाशुद्धि, विषयवस्तुको ज्ञान, शैली, सफाइ, किनारा छोडाइ आदि विभिन्न कुरालाई आधार मानेर दिनुपर्दछ ।

**निबन्धात्मक प्रश्नका केही उदाहरणहरू**

तलको चित्र हेरी त्यसको बढीमा दुई अनुच्छेदमा वर्णन गर :



(ख) एक अनुच्छेदमा अर्थ लेख–
"मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।"
(ग) 'अनौठो परीक्षा' भन्ने पाठको सारांश लेख ।
(घ) तिहार किन रमाइलो चाड हो ? वर्णन गर ।

**संक्षिप्त उत्तरात्मक प्रश्न–** संक्षिप्त उत्तरात्मक प्रश्नलाई दुई किसिममा बाँड्न सकिन्छ– संक्षिप्त उत्तरात्मक र अति संक्षिप्त उत्तरात्मक । संक्षिप्त उत्तरात्मक प्रश्न २X३ वाक्यमा पनि लेख्नुपर्ने हुन्छ भने अति संक्षिप्त उत्तरात्मकमा चाहिँ एउटै वाक्य-शब्दमा उत्तर दिए पुग्छ । अति संक्षिप्त उत्तरात्मक प्रश्नलाई वस्तुगत प्रश्नकै एक प्रकार मान्ने पनि चलन छ । साना-साना भाषिक रचना, बोध, शब्दार्थ, वाक्य-प्रयोग, व्याकरणका नियम, उदाहरण र प्रयोग, कुनै वाक्यविशेषको अर्थ आदिको परीक्षणका लागि यस्ता प्रश्न प्रयोग गरिन्छन् ।

संक्षिप्त उत्तरात्मक प्रश्नका उदाहरण–

(क) परीक्षामा को को सफल भए ?
(ख) यस कथाबाट पाइने शिक्षा के हो ?
(ग) तिमी देवीसँग के माग्छौ ?
(घ) 'मस्त हुनु' लाई वाक्यमा प्रयोग गर ।

**वस्तुगत प्रश्नहरू**

वस्तुगत प्रश्न चार किसिमका छन् । ती हुन्– बहुवैकल्पिक, खाली ठाउँ भर्ने, जोड़ा मिलाउने र ठीक-बेठीक छुट्याउने ।

**बहुवैकल्पिक प्रश्न–** यस खालका प्रश्न धेरै प्रचलित छन् । बनाउन समय धेरै लाग्ने र गाह्रो हुने भए पनि यस प्रकारका प्रश्न राम्रा मानिन्छन् । यस्ता प्रश्नमा एउटा प्रश्न हुन्छ र त्यसका चार विकल्प वा सम्भावित उत्तरहरू दिइएका हुन्छन् । भाषाशिक्षणमा यस्ता प्रश्न बोधको परीक्षणका लागि वा भाषासम्बन्धी सीपको परीक्षणका लागि मात्र प्रयोग गर्नुपर्दछ, विषयवस्तु जाँच्नका लागि होइन ।

बहुवैकल्पिक प्रश्नका उदाहरण–

मिल्दो उत्तर छानी ठीक (√) चिनो लगाऊ :

(क) अक्षरका लागि उपयोग गर्न सकिने टुक्रा कुन हो ?
क) [illegible] ख) [illegible] ग) [illegible] घ) [illegible]

उच्चारणका दृष्टिले शुद्ध लेखिएको शब्द कुन हो ?
क) दाक्तर ख) दाक्टर ग) डाक्तर घ) डाक्टर

'डकर्मी' शब्दको अर्थ के हो ?
क) ढुङ्गा-माटाको काम गर्ने मानिस । ख) खेती गर्ने मानिस ।
ग) काठको काम गर्ने मानिस । घ) घर बनाउने काम गर्ने मानिस ।

नमिल्ने शब्द कुन हो ?
क) आलु ख) नास्पाती ग) अङ्गुर घ) स्याउ ।

**खाली ठाउँ भर्ने–** यस खालका प्रश्न पनि भाषिक मूल्याङ्कनका लागि उपयोगी हुन्छन् । व्याकरणको परीक्षण, शब्द छनोट गर्ने सीप, बोध आदि कुराको मूल्याङ्कन यस्ता प्रश्नबाट सजिलैसित गर्न सकिन्छ । यस्ता प्रश्न साङ्केतिक र स्वतन्त्र दुवै खालका हुन्छन् । साङ्केतिकमा कोष्ठभित्र विकल्पहरू दिइएका हुन्छन् र परीक्षार्थीले तीमध्ये ठीकचाहिँलाई छानेर खाली गर्नुपर्दछ । स्वतन्त्रमा चाहिँ त्यस्ता कुनै विकल्प दिइएका हुँदैनन् र परीक्षार्थी आफैँले विचार गरेर ठीक शब्द भन्नुपर्दछ ।

**खाली ठाउँ भर्ने प्रश्नका उदाहरण**

तलका खाली ठाउँमा ठीक शब्द लेख :

बिरुवा रोप्ने कामलाई.............. भनिन्छ ।

रूखबिरुवा भएनन् भने पानीको........... सुक्छ । (मुहान, धारो, खोला)

उसले गाईलाई................. ले बाँध्यो (दाम्ला, किला, खम्बा)

गाईको दूधलाई............ मान्दछन् । (अमृत, मह, औषधि)

तिम्रो कुरा सुनेर मलाई............ लाग्यो ।

**ठीक-बेठीक छुट्याउने–** यस्ता प्रश्नमा मिल्दा र नमिल्दा वा सत्य र असत्य कुराहरू छ्यासमिस गरी मिसाइन्छ र विद्यार्थीहरूलाई छुट्याउन लगाइन्छ । यस्ता प्रश्न विशेष गरी बोधको मूल्याङ्कन गर्दा उपयोग गर्नु राम्रो हुन्छ तर यीबाट अन्य भाषिक सीपको पनि परीक्षण गर्न नसकिने भने हुँदैन ।

ठीक-बेठीक छुट्याउने प्रश्नका उदाहरण–

दिइएको कोठाभित्र ठीक उत्तरमा √ र बेठीक उत्तरमा X चिनो लगाऊ :

किताब जयाभावी फाल्नुपर्छ । ☐

किताब भोलामा राख्नुपर्छ । ☐

चकचके केटाहरूलाई सबैले प्रशंसा गर्छन् । ☐

घर फर्केर खाजा खाएपछि गृहकार्य सिद्ध्याइहाल्नुपर्दछ । ☐

दुईओटा खोलाहरू मिसिएको ठाउँलाई त्रिवेणी भन्छन् । ☐

जोडा मिलाउने

यस्ता प्रश्नहरूमा दुई खण्ड हुन्छन्– क र ख ।

'क' मा सोधिने कुराहरूसँग मिल्दाजुल्दा कुरा 'ख' मा छ्यासमिस गरी दिएका हुन्छन् । यस्ता प्रश्न खास गरी घटना, मिति, शब्दार्थ, परिभाषा आदि कुराको परीक्षणका लागि प्रयोग गरिन्छन् ।

जोडा मिलाउने प्रश्नका उदाहरण

खण्ड 'क' र 'ख' मा दिइएका कुराहरूको जोडा मिलाऊ :

| क | ख |
|---|---|
| क) हुरी | क) खानु |
| ख) वन | ख) माछा |
| ग) दन्त | ग) भत्किनु |
| घ) माझी | घ) पूर्णिमा |
| ङ) तिथि | ङ) रूख-बिरुवा |
| च) पाहँरो | च) गोरु |
| | छ) खोर |
| | ज) आँधी |

**अन्य खालका प्रश्नहरू**

**खास गरी प्राथमिक कक्षामा तल दिइएका जस्ता प्रश्नहरू पनि भाषिक मूल्याङ्कन र भाषिक अभ्यासका लागि उपयोगी हुन्छन् :**

**– शुद्ध गर्ने**

– पुनर्लेखन गर्ने
– सार्ने
– शब्दप्रयोग गर्ने
– अर्थ भन्ने /लेख्ने आदि ।

**सारांश**

भाषिक मूल्याङ्कनका क्रममा लिखित साधनअन्तर्गत दुई प्रकारका प्रश्नको उपयोग गरिन्छ । ती विषयगत र वस्तुगत प्रश्न हुन् । विषयगत प्रश्नअन्तर्गत निबन्धात्मक र संक्षिप्त उत्तरात्मक गरी दुई किसिमका प्रश्नहरू पर्दछन् । निबन्धात्मक प्रश्नमा लामो उत्तरको अपेक्षा हुन्छ । यस्ता प्रश्नको उत्तर दुई वा दुईभन्दा बढी अनुच्छेदमा दिनुपर्ने हुन्छ । पाठको सारांश लेख्नु, कुनै विषयको वर्णन गर्नु, निबन्ध लेख्नु आदि कुराहरूको परीक्षण यस्ता प्रश्नबाट गरिन्छ । संक्षिप्त उत्तरात्मक प्रश्नमा छोटा उत्तर आउने विषयलाई मात्र सोधिन्छ । त्यस्ता प्रश्नको उत्तर एक शब्ददेखि लिएर एक वाक्य वा एउटा अनुच्छेदसम्म पनि हुन सक्छ । निबन्धात्मक प्रश्नका तुलनामा संक्षिप्त उत्तरात्मक प्रश्न वस्तुपरक मानिन्छन् । यस्ता प्रश्नबाट व्याकरणको प्रयोग, परिभाषा, वाक्यरचना, शब्दप्रयोग, शब्दार्थ, अर्थ लेख्ने आदि कुराको परीक्षण गर्न सकिन्छ ।

वस्तुगत प्रश्नमा बहुवैकल्पिक, खाली ठाउँ भर्ने, ठीक-बेठीक छुट्याउने र जोडा मिलाउने प्रश्नहरू पर्दछन् ।

बहुवैकल्पिक प्रश्न बोध र भाषिक सीपको परीक्षाका लागि उपयोगमा आउँछन् । यस्ता प्रश्नमा एउटा प्रश्न दिइएको हुन्छ र त्यसका चारओटा विकल्पहरू । ती विकल्पमध्ये सबभन्दा मिल्नेचाहिँ छानेर ठीक (√) चिनो लगाउनुपर्दछ । वस्तुगत प्रश्नमा यस्ता प्रश्न सबभन्दा उत्तम मानिन्छन् ।

खाली ठाउँ भर्ने प्रश्नमा छोडिएको खाली ठाउँमा उपयुक्त शब्द राखेर भर्नुपर्दछ । यस्ता प्रश्न विकल्पसहित र विकल्परहित दुवै खाले हुन्छन् । विकल्प भएकामा कोष्ठभित्र दिइएका विकल्पमध्ये उपयुक्त छानी खाली ठाउँ भर्नुपर्दछ भने विकल्प नभएकामा आफैँले विचार गरी त्यस्तो ठाउँ भर्नुपर्दछ । यस्तो प्रश्नका माध्यमबाट शब्द-प्रयोग, शब्दार्थ, व्याकरण आदिको परीक्षण गर्न सकिन्छ ।

ठीक-बेठीक छुट्याउने प्रश्नमा सत्य र असत्य कुरा छासमिस गरी दिइएको हुन्छ । तीमध्ये छानेर ठीकका लागि (√) चिनो र बेठीकका लागि (X) चिनो लगाउनुपर्दछ । खास गरी बोधको परीक्षणका लागि यस्ता प्रश्न बढी उपयोगी हुने भए तापनि अरू सीपको पनि परीक्षण गर्न सकिन्छ । यस खाले प्रश्नलाई अपेक्षाकृत कमजोर प्रश्न मानिन्छ ।

जोडा मिलाउने अर्को वस्तुगत प्रश्न हो । यसमा खण्ड 'क' मा प्रश्न र खण्ड 'ख' मा उत्तर दिइएका हुन्छन् । 'क' अन्तर्गतको निर्दिष्ट ठाउँमा 'ख' को जुन उत्तर मिल्छ त्यसको उत्तर-सङ्ख्या लेखेर उत्तरको सङ्केत गर्नुपर्दछ । खास गरी शब्दार्थ, घटना, मिति, परिभाषाजस्ता कुराको यस्ता प्रश्नबाट परीक्षण गर्न सकिन्छ ।

उपर्युक्त प्रश्नबाहेक प्राथमिक तहमा अन्य खालका प्रश्न पनि उपयोग गर्न सकिन्छ । यस्ता प्रश्नमा शुद्ध गर्ने, पुनर्लेखन गर्ने, सार्ने, शब्दप्रयोग गर्ने, अर्थ भन्ने वा लेख्ने आदि पर्दछन् ।

**आत्ममूल्याङ्कन**

१. विषयगत प्रश्न कुन-कुन हुन् ?
२. निबन्धात्मक प्रश्न कस्ता खाले प्रश्न हुन् ?

३. निवन्धात्मक प्रश्नले कुन-कुन कुराको परीक्षण गर्दछन् ?

४ निवन्धात्मक प्रश्नलाई विशिष्ट पार्न के गर्नुपर्दछ ?

५. संक्षिप्त उत्तरात्मक प्रश्नबाट कुन-कुन कुराको परीक्षण गर्न सकिन्छ ?

६. संक्षिप्त उत्तरात्मक प्रश्नका दुई प्रकार के के हुन् ?

७ वस्तुगत प्रश्न कुन प्रकारका हुन्छन् ?

८. वहुवैकल्पिक प्रश्नका आधारमा के केको परीक्षण गर्न सकिन्छ ?

९. वहुवैकल्पिक प्रश्नका कुनै दुई उदाहरण दिनुहोस् ।

१० खाली ठाउँ भर्ने प्रश्नबाट कुन-कुन कुराको परीक्षण गर्न सकिन्छ ?

११. खाली ठाउँ भर्ने प्रश्नका दुई प्रकार के के हुन् ?

**पृष्ठपोषण**

प्रश्न १ का लागि विषयवस्तुको दोस्रो वाक्य ।

प्रश्न २ का लागि विषयवस्तुको निवन्धात्मक प्रश्नअन्तर्गतको तेस्रो वाक्य ।

प्रश्न ३ का लागि विषयवस्तुको निबन्धात्मक चौथो वाक्य ।

प्रश्न ४ का लागि निबन्धात्मक पाँचौं, छैटौं वाक्य ।

प्रश्न ५ का लागि विषयवस्तुको संक्षिप्त उत्तरात्मक प्रश्नको अन्तिम वाक्य ।

प्रश्न ६ का लागि विषयवस्तुको संक्षिप्त उत्तरात्मक प्रश्नको दोस्रो वाक्य ।

प्रश्न ७ का लागि वस्तुगत प्रश्नको दोस्रो वाक्य ।

प्रश्न ८ का लागि विषयवस्तुको वहुवैकल्पिक प्रश्नको अन्तिम वाक्य ।

प्रश्न ९ का लागि विषयवस्तुको वहुवैकल्पिक प्रश्नको उदाहरणको आधार बनाउनुहोस् ।

प्रश्न १० का लागि विषयवस्तुको खाली ठाउँ भर्ने प्रश्नको दोस्रो वाक्य ।

प्रश्न ११ का लागि विषयवस्तुको खाली ठाउँ भर्ने प्रश्नको तेस्रो वाक्य ।

491.49507
ADH-N
2058